डा. डिल्लीरमण रेग्मी

हिजो र आज

52
49J

डा. डिल्लीरमण रेग्मी

हिजो र आज

सम्पादक

डा. विष्णुहरि नेपाल

प्रकाशक

प्रस्तावित **डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान**

डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति

ज्ञानोदय आश्रम, लाजिम्पाट, काठमाडौं, नेपाल ।

वि.सं. २०६३ (ई.सं. २००६)

320.92
न ३५१ज

पुस्तक : डा. डिल्लीरमण रेग्मी : हिजो र आज
Dr. Dilli Raman Regmi
The Past & The Present

सम्पादक : डा. विष्णुहरि नेपाल

प्रकाशन व्यवस्थापक : पशुपतिनाथ अधिकारी

कम्प्युटर : बावुराम दाहाल
(टाइप, सेटिङ तथा कभर डिजाइन)

प्रकाशक : प्रस्तावित डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान
डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

संस्करण : प्रथम (वि.सं. २०६३ पौष ३)

छपाइ संख्या : ५०० प्रति

मूल्य : रु. २००/- (व्यक्तिगत)
रु. ३००/- (संस्थागत)

मुद्रण : स्वस्तिक अफसेट प्रेस
धुम्बाराही-४, काठमाडौं, नेपाल, फोन नं. ४४३६२८०

ISBN : ९९९४६-२-१११-४

Acc. No. 134

नेपालको नअस्ताउने तारा

जन्म र मृत्यु मानव जीवनको अभिन्न अंग भैकन पनि डा. डिल्लीरमण रेग्मीको जीवनलाई नजिकबाट नियाल्दा यस्तो अनुभूति हुँदोरहेछ उहाँको पार्थिव शरीर नदेखिए पनि उहाँ यहीँ हामी वरिपरी यतै कतै हुनुहुन्छ जस्तो लाग्छ । उहाँको "शान्ति-वाटिका", पुस्तकालय, उहाँको निजी कोठा, संग्रहालय, अतुलनीय अनुसन्धानात्मक कृतिहरू, सभाकक्ष र सम्पूर्ण "ज्ञानोदय आश्रम" मा रहँदा मैले के अनुभूति गरेँ भने उहाँले हामीलाई सधैं नजिकबाट स्पर्श गरिरहनु भएको छ । नयाँ पिंढीलाई सन्देश दिइरहनुभएको छ- "काममा लाग" । जालझेल र तँछाड-मछाड गरेर तथा जनताहरूलाई झुक्याएर शक्ति हत्याएर कुर्सीमा बस्नु नै सफल राजनैतिक जीवन होइन भन्ने कुराको बलियो प्रमाण डा. रेग्मी हुनुहुन्छ ।

अहिले मलाई के पनि लाग्छ भने प्राज्ञिक श्रृजनाको खेती र राजनैतिक बाटाहरूका अलग-अलग मोडहरू रहेछन् । तर यिनीहरूको अन्तर्निहित सम्बन्ध भने घनिष्ठ रहिरहेको हुन्छ । साधनारत कृषकले त उत्पादन गरिरहेको हुन्छ । प्राणीहरूलाई जीवन दिइरहेको हुन्छ । त्यस्तै यस अर्थमा प्रत्यक्ष भन्नुपर्दा कुन राजनीतिज्ञले उहाँबाट उर्जा पाएन ? कुन राजनीतिज्ञले डा. रेग्मीलाई सम्मान गर्नुपरेन ? बी.पी. ले उहाँलाई लेख्नुभएका पत्रहरूबाट पनि यो कुरा झल्किन्छ । यद्यपि सुरुमा उहाँहरूका बीचमा भनिन्छ नेतृत्वको होडबाजी रह्यो । त्यस्तै नेहरूसँगको उहाँको वार्ता उहाँप्रतिको सम्मानको अर्को बलियो प्रमाण हो । आइन्स्टाइनलाई सन् १९४८ मा यहुदीहरूको राज्य इजरायलको राष्ट्रपति हुन आग्रह गरियो तर उहाँले बहिष्कार गर्नुभयो । लु-सुनलाई चीनको राष्ट्रपति हुनुपरेन । म्याक्सिम गोर्कीलाई रुसको राष्ट्रपति हुनुपरेन । न महात्मा गान्धीलाई भारतको राष्ट्रपति नै हुनुपर्‍यो । अझ नयाँ कुरा हेनरी कि सिंगरलाई राष्ट्रपति हुन नमिले पनि कुनै आधुनिक अमेरिकी राष्ट्रपति भन्दा माथि नै हुनुहोला

नभए पनि तलचाहिँ हुनुहुन्न । डा. डिल्लीरमण रेग्मी कसरी असफल राजनीतिज्ञ हुनुहुन्छ ? नेपालको मै हुँ भन्ने कुन राजनीतिज्ञलाई उहाँले प्रशिक्षण दिनुभएन ? यसरी हेर्दा कार्ल मार्क्सलाई पनि त जर्मनीको राष्ट्रपति हुनुपरेन । तर उहाँ जर्मनीको कुनै नेता भन्दा तल पक्कै हुनुहुन्न ।

यो लेख्दालेख्दै अस्कलमा छोटो समयका लागि मेरा सहपाठी रहनुभएका हालका दुई प्रसिद्ध व्यक्तित्वहरूको प्रसंग सम्झना भयो । केही समय अगाडि जनयुद्ध चलिरहेकै बेला डा. बाबुराम भट्टराईलाई सोधिएको थियो- 'तपाईंको सहपाठी डा. उपेन्द्र देवकोटा एउटा राम्रो डक्टरको रूपमा नेपाल र दक्षिण एशियामा नै चिनिनुहुन्छ, तपाईंलाई युद्धमा लागिरहँदा अलि असजिलो लाग्दैन ?' डा. भट्टराईले जवाफ दिनुभएको थियो- 'उहाँ एउटा क्षेत्रको हेरविचार गरिरहनु भएको छ भने म त सम्पूर्ण राष्ट्रकै रोगको निदानमा लागेको छु ।' हुन त समयक्रमले डा. देवकोटालाई पनि राजाको मन्त्री बनायो । त्यसो भनेर डा. भट्टराईको राजनैतिक देनलाई गौण रूपमा लिन मिल्छ ? त्यसैले संसारमा त्यागी मान्छे थोरै मात्रै पाइने रहेछन् । डा. डिल्लीरमण रेग्मीले आफू डा. तुलसी गिरी, सूर्यबहादुर थापा, नगेन्द्रप्रसाद रिजाल, कीर्तिनिधि विष्ट, लोकेन्द्रबहादुर चन्द हुन चाहनुभएन । आफ्नो शान्ति, अहिंसा र लोकतन्त्रको धारको विश्वासलाई अटल तारा जस्तै चम्काइरहनु भयो । पञ्चायतको प्रधानमन्त्री बहिष्कार गर्ने आधुनिक इतिहासको पहिलो नेपाली हुनुभयो । यहाँ मैले यदाकदा सुन्ने गरेको राजनैतिक रूपले असफल व्यक्ति भन्ने पक्षलाई उजागर गर्न चाहेको हो । अब आफैं विश्लेषण गरौं त्यस्तो पुरुषलाई कसरी असफल भन्न मिल्छ जसले हजारौं/लाखौं नेता कार्यकर्ता र अनगिन्ति पार्टीका नेता, कार्यकर्ता र प्रशंसकहरू जन्माएको छ । कसैले पूर्वाग्रह राख्ने हो भने त जसलाई जे भनिदिए पनि भइहाल्छ । तर यथार्थमा राजनीतिमा पनि डा. रेग्मी एउटा वरिष्ठ नेता एवम् नेपालको नअस्ताउने तारा भएर उभिनुभयो ।

प्राज्ञिक रूपले १७ वटा किताबका धनी हुनुहुन्छ । आफूलाई इतिहासकार नभने पनि 'इतिहास रत्न' हुनुहुन्छ । सो पारित गराउँन हामी सरकारसँग लागिपरेका छौं । डि.लिट्. गर्ने त उहाँ पहिलो नेपाली नै हुनुभयो । मैले

स्कुलको विद्यार्थी हुँदा पढेको एउटा सामान्य श्लोक "विद्वत्वंच नृपत्वंच नैवतुल्यं कदाचन। स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते" उहाँमा लागू भएको पाएँ। उहाँको त्यो अनुसन्धानात्मक प्राज्ञिक बलले उहाँलाई शान्ति, अहिंसा र लोकतन्त्रबाट कहिल्यै अलग्याएन। बरु लोकतन्त्रलाई ढाल बनाएर व्यक्तिगत स्वार्थ पूरा गर्नेहरूसँग कहिल्यै झुक्नुभएन। माओवादी जनयुद्ध मिलाउने धोको थियो भनिन्छ। पहल पनि गरेको कुरा सुनेँ। विधिको विडम्बना पहिलो सरकार-माओवादी वार्ता भएको दिन नै पार्थिव शरीर त्याग्नु परेछ।

डा. रेग्मीको जीवनको अतुलनीय अर्को पाटो- दानवीर डा. डिल्लीरमण रेग्मी हो। राजा वीरेन्द्रले मोटर दिँदा चाहिँदैन भन्न सक्ने डा. रेग्मीले बरु भानुभक्तको "घाँसी" जस्तै दश नङ्ग्रा गरेर आर्जन गरेको आफ्नो सम्पूर्ण प्राज्ञिक एवम् भौतिक सम्पत्ति राज्यलाई सुम्पिएर जानुभयो। अचल सम्पत्ति मात्र होइन बैंकमा रहेको 'नगद' त्यसबेलाको झण्डै पैंतीस लाख रूपैयाँ समेत आफ्ना छोराछोरी र प्रियजनलाई पनि नदिई राज्य र जनताका नाममा समर्पण गर्न सक्ने "दानवीर" यो युगमा कमै पाइएलान्। उहाँको सत्कर्मको फलले पनि हुनुपर्छ उहाँका परिवारका प्रत्येक सदस्यले आज एक से एक सफल जीवन निर्वाह गरिरहेको मैले पाएँ। कसैलाई गुनासो छैन 'बाबा' ले हामीलाई दिनुभएन भन्ने। एकमात्र छोरा मदन रेग्मीसँगको मेरो भेटमा "राजा वीरेन्द्रले बोलाएर सोध्दा मैले सहजै हुन्छ भनिदिएँ र दानपत्रमा सही गरिदिएँ" भन्नुभएको थियो।

यसरी यो महान् मन्दिरको रेखदेख गर्ने जिम्मेवारी फ्याट्टै मेरो काँधमा आएको पनि झण्डै ६ महिना भइसकेछ। यहाँ पस्नेबित्तिकै उद्देश्य अनुसारको नाम नलागेकोले समितिको बोर्डमा राखी छाता संगठन "डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान (Dr. Dilli Raman Regmi Foundation)" नामाकरण गर्ने सोंच भई यस अन्तर्गत साविककै "डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय" एवम् "डा. डिल्लीरमण रेग्मी स्मारक संग्रहालय" र एक उच्चस्तरीय "डा. डिल्लीरमण रेग्मी अनुसन्धान केन्द्र (Dr. Dilli Raman Regmi Research Center)" गराउने व्यवस्थाको टुंगो शिक्षा मन्त्रालयमा अन्तिम चरणमा पुगेको छ।

अर्को उल्लेख्य काममा Medieval Nepal का चारै भोल्यूमहरू र Modern Nepal का दुवै भोल्यूमहरूको पुनः प्रकाशनको व्यवस्था मिलाइएको छ। यसवापत प्रस्तावित प्रतिष्ठानले पहिलो १००० प्रतिका लागि रोयल्टी रु. आठ लाख प्राप्त गरेको छ। तीन वर्षका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ- 'प्रतिष्ठान' र दिल्लीको 'रूपा एण्ड कं.' को सहप्रकाशनमा 'रूपा एण्ड कं.' ले सम्पूर्ण प्रकाशन खर्च व्यहोर्ने गरी। यस अनुसार प्रत्येक थप १००० प्रतिमा प्रतिष्ठानले रु. आठ लाख पाउने छ। तपाईंको हातको यो "डा. डिल्लीरमण रेग्मी : हिजो र आज" पुस्तकको अलावा "An Assessment of Dr. D.R. Regmi as a Historian" नामक पुस्तक पनि तुरुन्तै बाहिर आउँदैछ। त्यसैले ६ महिनाभित्र ६ पुस्तक भएका छन्। उहाँको पसिनाले सिंचित बगैंचामा उहाँको अस्तु पनि त्यहाँ रहेको स्तुपभित्र रहेको छ। यसै बीचमा उहाँको बगैंचालाई केही सुधार गरी "शान्ति-वाटिका" नामाकरण गरिएको छ। बगैंचाको हातामा गणेश, लक्ष्मी र सरस्वतीको प्रतिष्ठापन गरी सानो मन्दिर पनि निर्माण भएको छ।

सभाकक्षको साधारण सुधार भएको छ। यसको माथिल्लो तलामा यसै हिउँदमा अर्को हल बन्नेछ। उहाँको इच्छाअनुसार मण्डेला र गान्धीलाई "डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार"ले यसै वर्ष अभिनन्दन गरिनेछ। मण्डेलाले उक्त पुरस्कार स्वीकार गरिसक्नु भएको छ। यस वर्षदेखि एउटा नयाँ कुराको निर्णय भएको छ। प्रत्येक वर्ष उच्चकोटिको "कर्म र श्रृजना" गर्ने राष्ट्रिय व्यक्तिलाई रु. एक लाखको "डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार" प्रदान गरिनेछ। यसका लागि कोही दाता पाए दाताबाट लिने अन्यथा उहाँको अक्षयकोषको रकमको ब्याजबाट प्रदान गरिने व्यवस्था मिलाइने छ। हाम्रो विश्वास छ, यस कार्यले उहाँलाई अझ अमर बनाउने छ र भावी पिंढी श्रृजनाका पांइलाहरूमा अझ गतिशील रहनेछ।

साथै बोर्डले अर्को एउटा अत्यन्त ठूलो सपना पनि बोकेको छ। विद्यमान संरचनालाई संग्रहालयको रूपमा मात्र परिणत गरी अर्कै उपयुक्त ठाउँमा विश्वस्तरीय "डा. डिल्लीरमण रेग्मी पुस्तकालय" र "डा. डिल्लीरमण रेग्मी

अनुसन्धान केन्द्र (Dr. Dilli Raman Regmi Research Center)" को स्थापना गरिनेछ । यसका लागि झण्डै रु. एक अर्ब लाग्ने अनुमान गरिएको छ र बोर्ड यसको स्रोत र साधन जुटाउन तल्लीन रहेको छ ।

यसैबीचमा जापान, अमेरिका, भारत आदिका विशिष्ठ विद्वान्हरूको पटकपटक भ्रमण र अन्तर्क्रियाहरू भएका छन् । अनुसन्धान कार्यलाई विशेष गति दिइने लक्ष्य राखिएको छ । यसका लागि तुरुन्तै एक उच्चस्तरीय परिषद् बन्नेछ । इतिहासले हामी सबैलाई यस्ता सँधैं उज्यालो दिइरहने पुरुषहरूको उदाहरणलाई अगाडि बढाउँने जिम्मा दिएको छ । मैले सबैको सहयोगको आशा गरेको छु ।

अन्त्यमा, बोर्डका सम्पूर्ण माननीय सदस्यहरू, त्रि.वि.वि. पुस्तकालयका प्रमुख श्री कृष्णमणि भण्डारी- डा. रेग्मीका यहाँ अप्राप्य पुस्तकका प्रतिलिपिका लागि र यो पुस्तकको प्रकाशनमा व्यवस्थापकको भूमिका निभाउने बोर्डका सदस्य-सचिव श्री पशुपतिनाथ अधिकारी, श्री कुमार नेपाल लगायत अन्य स्टाफहरू र कम्प्युटरसम्बन्धी सम्पूर्ण कार्य (पेज लेआउट एवम् कभर डिजाइन) मा उल्लेख्य योगदान पुऱ्याउनुहुने श्री बावुराम दाहाललाई धन्यवाद अर्पण गर्दछु ।

२०६३/०९/०३
शान्ति दिवस : डा. रेग्मीको जन्मदिन
ज्ञानोदय आश्रम, लाजिम्पाट ।

डा. विष्णुहरि नेपाल
अध्यक्ष
प्रस्तावित **डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान**
डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
विकास समिति

अर्को उल्लेख्य काममा Medieval Nepal का चारै भोल्यूमहरू र Modern Nepal का दुवै भोल्यूमहरूको पुनः प्रकाशनको व्यवस्था मिलाइएको छ। यसवापत प्रस्तावित प्रतिष्ठानले पहिलो १००० प्रतिका लागि रोयल्टी रु. आठ लाख प्राप्त गरेको छ। तीन वर्षका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ- 'प्रतिष्ठान' र दिल्लीको 'रूपा एण्ड कं.' को सहप्रकाशनमा 'रूपा एण्ड कं.' ले सम्पूर्ण प्रकाशन खर्च व्यहोर्ने गरी। यस अनुसार प्रत्येक थप १००० प्रतिमा प्रतिष्ठानले रु. आठ लाख पाउने छ। तपाईंको हातको यो "डा. डिल्लीरमण रेग्मी : हिजो र आज" पुस्तकको अलावा "An Assessment of Dr. D.R. Regmi as a Historian" नामक पुस्तक पनि तुरुन्तै बाहिर आउँदैछ। त्यसैले ६ महिनाभित्र ६ पुस्तक भएका छन्। उहाँको पसिनाले सिंचित बगैंचामा उहाँको अस्तु पनि त्यहाँ रहेको स्तुपभित्र रहेको छ। यसै बीचमा उहाँको बगैंचालाई केही सुधार गरी "शान्ति-वाटिका" नामाकरण गरिएको छ। बगैंचाको हातामा गणेश, लक्ष्मी र सरस्वतीको प्रतिष्ठापन गरी सानो मन्दिर पनि निर्माण भएको छ।

सभाकक्षको साधारण सुधार भएको छ। यसको माथिल्लो तलामा यसै हिउँदमा अर्को हल बन्नेछ। उहाँको इच्छाअनुसार मण्डेला र गान्धीलाई "डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार"ले यसै वर्ष अभिनन्दन गरिनेछ। मण्डेलाले उक्त पुरस्कार स्वीकार गरिसक्नु भएको छ। यस वर्षदेखि एउटा नयाँ कुराको निर्णय भएको छ। प्रत्येक वर्ष उच्चकोटिको "कर्म र श्रृजना" गर्ने राष्ट्रिय व्यक्तिलाई रु. एक लाखको "डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार" प्रदान गरिनेछ। यसका लागि कोही दाता पाए दाताबाट लिने अन्यथा उहाँको अक्षयकोषको रकमको ब्याजबाट प्रदान गरिने व्यवस्था मिलाइने छ। हाम्रो विश्वास छ, यस कार्यले उहाँलाई अझ अमर बनाउने छ र भावी पिंढी श्रृजनाका पांइलाहरूमा अझ गतिशील रहनेछ।

साथै बोर्डले अर्को एउटा अत्यन्त ठूलो सपना पनि बोकेको छ। विद्यमान संरचनालाई संग्रहालयको रूपमा मात्र परिणत गरी अर्कै उपयुक्त ठाउँमा विश्वस्तरीय "डा. डिल्लीरमण रेग्मी पुस्तकालय" र "डा. डिल्लीरमण रेग्मी

अनुसन्धान केन्द्र (Dr. Dilli Raman Regmi Research Center)" को स्थापना गरिनेछ । यसका लागि झण्डै रु. एक अर्ब लाग्ने अनुमान गरिएको छ र बोर्ड यसको स्रोत र साधन जुटाउन तल्लीन रहेको छ ।

यसैबीचमा जापान, अमेरिका, भारत आदिका विशिष्ठ विद्वान्हरूको पटकपटक भ्रमण र अन्तर्क्रियाहरू भएका छन् । अनुसन्धान कार्यलाई विशेष गति दिइने लक्ष्य राखिएको छ । यसका लागि तुरुन्तै एक उच्चस्तरीय परिषद् बन्नेछ । इतिहासले हामी सबैलाई यस्ता सँधैं उज्यालो दिइरहने पुरुषहरूको उदाहरणलाई अगाडि बढाउँने जिम्मा दिएको छ । मैले सबैको सहयोगको आशा गरेको छु ।

अन्त्यमा, बोर्डका सम्पूर्ण माननीय सदस्यहरू, त्रि.वि.वि. पुस्तकालयका प्रमुख श्री कृष्णमणि भण्डारी- डा. रेग्मीका यहाँ अप्राप्य पुस्तकका प्रतिलिपिका लागि र यो पुस्तकको प्रकाशनमा व्यवस्थापकको भूमिका निभाउने बोर्डका सदस्य-सचिव श्री पशुपतिनाथ अधिकारी, श्री कुमार नेपाल लगायत अन्य स्टाफहरू र कम्प्युटरसम्बन्धी सम्पूर्ण कार्य (पेज लेआउट एवम् कभर डिजाइन) मा उल्लेख्य योगदान पुऱ्याउनुहुने श्री बावुराम दाहाललाई धन्यवाद अर्पण गर्दछु ।

२०६३/०९/०३
शान्ति दिवस : डा. रेग्मीको जन्मदिन
ज्ञानोदय आश्रम, लाजिम्पाट ।

डा. विष्णुहरि नेपाल
अध्यक्ष
प्रस्तावित **डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान**
डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
विकास समिति

Advisor's Note from U.S.A.

Due to my naturally sun-tanned face and those "Indian features" – hooked nose and other facial features I have often been mistaken from *Ethiopian* to *Indian* to *Latino* to even an *Iranian* when outside of Nepal and invariably as *Indian* within Nepal. The two years at Jawaharlal Nehru University (JNU) in New Delhi was spent listening *ad nauseam* to Indians that I don't look like a Nepali. And then that famous American author Jared Diamond generalized that *Tibetans* and *Nepalis* are ethnically the same. The bottom-line is that *Nepalis* can look like *Indians* who can look like *Nepalis* who can look like *Tibetans*. Confusing isn't it? It all depends on whom you are comparing with whom.

Aside from my "Indian features," these days I have other things going against me. Though I never felt anything but Nepali, the fact is that I was born a *Kumai Bahuni*- the new caste/ethnicity type of identity plate that we might have to soon carry. My *baba* had a copper plate hung outside his library hall with the name of his several ancestors etched on it - generations of Maharastrian Bahuns who migrated to Kumaon via Kanauj to Lamjung.

The vast majority of "Bahun-Chetri-Newar trioka", they are Nepali-Bahuns, Nepali-Chetris, and Nepali-Newars. They are Nepali first and Bahun, Chetri and Newars second. They were born a Nepali and will die a Nepali too. Granted that the vast majority of Bahuns look down upon Chetris who look down upon others below them in the caste/ethnic hierarchy and so on, the solution however, to the "Bahun-Chetri-Newar trioka" supremacy is not pay back time. The solution is to provide other ethnic communities with opportunity, skills and development in such a way that the social churning that must take place occurs peacefully, and not what's being advocated that will surely turn neighbors against one another.

Hardly a single day has gone by since the peace agreement was signed and hate has not been preached: the shadows of a monster ready to engulf and destroy whatever lies on its path. The recent assertion of the Maoist powerhouse, Prachanda, that ethnic-autonomy is the Maoist's agenda may speak volumes about the direction Nepal is moving towards. Moreover, statements like "Because my real name smells Bahun" may not portend well for Nepal.

For the readers let me pose some questions:

1. Is Prachanda playing the ethnic card for political gains – blinded by his grandiose desire to transmute Nepal into a Tito-*ish* state? (Former Yugoslavia had simmering ethnic tensions that were kept at bay by the iron hand of Tito). Is Prachanda raising and creating ethnic divisions to such levels that only he can control and only as a dictator? Are the other gleeful ethnicity dividers not playing with fire to stoke a conflagration that once ignited may never stop burning? Is peaceful co-existence with slow social churning better or knee-jerk demands of pay back time?

2. If we read, write, see, listen and believe blindly without thinking about consequences how long will it take for this tirade to transform into hatred if not already? After all, the "Bahun-Chetri-Newar trioka" does have and did show its supremacy. It didn't take machete-wielding Hutus a long-time to kill a million or so Tutsis and moderate Hutus in Rwanda. What happens tomorrow if a group of Tamangs from one village kill some Bahuns to settle old scores, and the Bahuns retaliate and kill an equal number or more of Tamangs? Will the killing end here or will it spread to other villages like wild fire? What happens if Bahuns and Chettris and Newars decide to have their own vigilante armies? Will such ethnic actions provoke the Hindus from across the border to come to the rescue of their Hindu brethrens here? Will a cross-border conflagration start then?

3. Let's suppose hypothetically that the somehow, and without bloodshed, the social churning occurs rapidly. Madhesi-land,

Tamang-land, Magar-land, Dalit-land and so on suddenly appear and the "Bahun-Chetri-Newar trioka" finds a new home someplace in Nepal. (By the way, Prachanda has already declared Kathmandu Valley as Newar-autonomous region thus Valley Newars may fair better in this new potential equation).

Does carving ethnic territories ensure that the root cause of all problems, i.e. general backwardness of ethnic groups in education, health, employment and other socio-economic sectors automatically disappear in each ethnic land? If this was indeed possible then all bahuns, newars and chetris would be well off, controlling power as they are supposed to be. Is this really true? Is there not something amiss here, that the ethnicity supporters cannot differentiate between "people" and "problems?" Is it not possible that feudal Madhesi, Limbu, Dalit, Tharu and other janajatis can appear and take the place vacated by the feudal "Bahun-Chetri-Newar trioka"?

4. Is the "real" problem not poverty and lack of economic opportunities in the whole country? Is the problem not lack of good, efficient and honest administrators and leaders? Instead of having creative policies and the will plus skills to implement them and leap frog the country ahead we have leaders who raise issues that are sure to bog down the country into ethnic conflicts but like clever politicians have positioned themselves as everyone's savior.

5. This leads one to think: how come the Bahuns and Chetris and Newars have disproportionately occupied all positions of power? No prizes for guessing correctly, it is education and opportunity. And then after occupying these lucrative positions have milked the country dry as is prevalent in all of South Asia. Does this mean that all Bahuns are bad, and all other ethnic groups good?

6. What are the chances that if a Bahun is replaced by a Rai-Limbu or a Madhesi Dalit or a Pahadi-Dalit they will not turn corrupt? What is the problem really? Is it the Bahun or is it

the system? Playing the blame game is easy since we are all frustrated and easily swayed and politicians know that, Prachanda included. Solving a real problem requires first the guts to accept the existence of the real problem which only a true leader can do, and vote bank politicians can never.

7. Is it not time to really come up with reasonable and feasible solutions to the problems of proper representation to all communities? Is the solution, of creating ethnic divisions, even practical? If those "Bahun-Chetri-Newar trioka" were suddenly forced out of running the country there will be chaos all around. Therefore, the solution to this problem is to provide the ethnic communities with the economic foundation to come up and the education to realize their full potential. Will the creation of ethnic enclaves all over Nepal really solve any problem or it will create new ones?

8. Isn't it time to select the best people to run the country irrespective of their ethnic background and those who see the pressing need that all Nepalis are able to get out of the poverty trap and the conflict trap simultaneously? Not just poor ethnic groups but also the poor within the "Bahun-Chetri-Newar trioka", the entire lot of poor Nepalis.

9. Isn't it the job of our educated elite and our politicians to think, read, write and preach responsibly for the bright future for all Nepalis instead of playing ethnic political cards that only creates divisions?

The constituent assembly elections are on the horizon and Prachanda is harping on ethnicity. Is he doing vote bank politics? Lastly to conclude, let me quote that melancholy and sadistic character from one of Dostoyevsky's novel here: "And if he does not find means he will contrive destruction and chaos, will contrive sufferings of all sorts, only to gain his point." Only to gain unfathomable and unimaginable power, may I suggest.

- Avantika Regmi

प्रस्तावित **डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान**

(डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति)का वर्तमान पदाधिकारीहरू

सल्लाहकार
(Advisor)

सुश्री अवन्तिका रेग्मी

Miss Avantika Regmi

अध्यक्ष
(Chairman)

डा. विष्णुहरि नेपाल

Dr. Bishnu Hari Nepal

Former Ambassador

सदस्यहरू
(Members)

प्रा.डा. कृष्णबहादुर थापा

Prof. Dr. Krishna Bahadur Thapa

Head, History Dept., T.U.

जनार्दन नेपाल

Janardan Nepal

Director General, Dept. of Education

शान्तबहादुर श्रेष्ठ

Shanta Bahadur Shrestha

Director General, Inland Revenue- 2, Ministry of Finance

रामेश्वर राज अर्याल

Rameshwar Raj Aryal

Associate Professor, T.U.

विष्णुराज कार्की

Bishnu Raj Karki

Chief Archaeology Officer, Dept. of Archaeology

सदस्य-सचिव
(Member-Secretary)

पशुपतिनाथ अधिकारी

Pashupati Nath Adhikari

कानूनी सल्लाहकार
(Legal Advisor)

देवेन्द्रराज शर्मा

Devendra Raj Sharma

विषय-सूची

क्र.सं.	शीर्षक	लेखक	पेज नं.
१.	इतिहास हेर्न पनि अप्ठारो रहेछ	अच्युतरमण अधिकारी	१
२.	शान्ति अहिंसाका पथप्रदर्शक डा.	कुमार नेपाल	४
३.	शान्ति, अहिंसा, विकास र पुस्तकालय	केश्रव वडाल	१४
४.	डा. डिल्लीरमण रेग्मी एक	प्रा.डा. के.बि. थापा	२१
५.	शान्तिको संस्कृति एक अनुशीलन	प्रा. खड्गमान श्रेष्ठ	२७
६.	प्राज्ञिक व्यक्तित्व डा. डिल्लीरमण...	ज्ञानेन्द्र पौड्याल	३३
७.	नेपाली जर्नल अनलाइनः एक परिचय	चिरञ्जीवी न्यौपाने	३८
८.	डि.आर. रेग्मी : राजनीति र	जगदीशचन्द्र रेग्मी	४३
९.	नव नेपालको निर्माणमा डा.	जुजुभाई डंगोल	५२
१०.	डा. डिल्लीरमण रेग्मी : एक	प्रा. डा. तुलसीराम वैद्य	६५
११.	डा. डिल्लीरमण रेग्मीसँगका रमाइला.....	नवराज अधिकारी	७५
१२.	स्व.डा. डिल्लीरमण रेग्मी	नारायण प्रसाद मिश्र, शान्ति मिश्र	८७
१३.	शान्ति र विकासप्रेमी अमर	डा. प्रभा बस्नेत	९१
१४.	पुस्तकालय प्रेमी डा. डिल्लीरमण...	भोला श्रेष्ठ	९५
१५.	नेपालको पुस्तकालय विकासमा.....	डा. मधुसूदन कार्की	९९
१६.	इतिहासका महान्पात्र.....	डा. मीना ओझ्र	११२
१७.	पुस्तक प्रेमी डा. रेग्मी	प्रा. डा. मोहन लोहनी	११७
१८.	डा. डिल्लीरमण रेग्मी.....	रमेश प्रसाद गौतम	१२२
१९.	हिंसामुक्त नेपाल : डा. रेग्मीको	रामचन्द्र न्यौपाने	१२६
२०.	डा. डिल्लीरमण रेग्मी : एउटा.....	रामहरि जोशी	१२९
२१.	डिल्लीरमण रेग्मी : मेरा	शैलेन्द्रकुमार उपाध्याय	१३८
२२.	33rd CDNL Meeting and 72nd	Dasharath Thapa	१४२
२३.	Library and Information Science...	Nirmala Shrestha	१४९
२४.	Creation of a bibliographic.....	Mrs. Bina Vaidya	१५९
२५.	Importance of weeding policy.....	Yubaraj Pangeni	१६५
२६.	वि.सं. २०४४ सालका वर्ष पुरुष.....	साभार : अन्तर्राष्ट्रिय मञ्च	१७२
२७.	जति गुणगान गाए पनि	साभार : छलफल साप्ताहिक	१८१
२८.	फोटो समाचार		१९१

यस पुस्तकमा प्रकाशित
लेख-रचनामा व्यक्त
विचारहरू लेखकका
निजी हुन् ।

इतिहास हेर्न पनि अप्ठारो रहेछ

✍ अच्युतरमण अधिकारी

डिल्लीरमणजी !

पहिले 'जय नेपाल'को न्यानो अभिवादन यहाँलाई छ ! इतिहासको त्यो लामो संघर्ष इतिहासमै पो रह्यो त गाँठे । इतिहास घटेर गयो कि खटेर गयो यसै त भन्न पनि सकिएन तर इतिहास गम्भीर चेतनाका साथ अघि बढिरहेको देख्तै छु म ! मानिसले मानिसलाई नपत्याउँदा मानिसभित्र देखा परेको विद्रोह कसरी कहाँबाट कहाँ पुग्दोरहेछ म हेरिरहेको छु । मानिसले मानिसलाई नगन्दा, परिआएका बखत मनपरी भन्दा त्यसैभित्रको 'अहम' त विद्रोही बन्दोरहेछ । म त त्यसै पनि हेरेर हाँसिरहँछु क्या ! यो नीलगगनमा यात्रा गर्दै, घुम्दै र फिर्दै कहाँ के-के हेर्दैछु र हेर्न पाइरहँछु । त्यसैबखत पनि हामीले जे जति संघर्ष गऱ्यौं-गऱ्यौं ! नेपाली मानिसकताबाट यतिको विद्रोह बढ्नु र क्रान्ति हुनु सानो कुरा होइन । हामी २००७ सालको क्रान्तिमा जसरी समर्पित भयौं, लाग्यौं र भाग्यौं पहिले त भाग्नु नै थियो त्यहाँ ! भागेर भागेको रोगी इतिहासबाट वञ्चित हुन्छ । यदि त्यो लाग्यो, लाग्यो र लाग्यो भने त्यसले केही गर्छ-गर्छ । संलग्नता जीवनको साह्रै ठूलो सौभाग्य हो ।

वास्तवमा हामी भाग्यौं, लाग्यौं र पहिले त सामान्य स्वार्थ त्याग्यौं । त्यसै त यो यस्तो देख्न पाइन्नथ्यो । सात सालको क्रान्ति भनेको राजामुक्ति क्रान्ति भयो । राजा छुटे, राजनीतिमा नै जुटे तर जनताको वास्तविक महत्व जानेनन् । इतिहास उम्केर गए पनि चम्केर रहे पनि त्यो इतिहासै त हो । चम्क्यो कसैका लागि, बम्क्यो कसैका लागि तर इतिहास परिहासै मात्र भयो क्या ! हामी त्यसबेला डटेर लाग्यौं, खटेर भाग्यौं, हुँदाहुँदै राजालाई पनि भगायौं तर फर्किएर आएपछि तिनैले त राजालाई झनै च्यापे ! हामीहरूसँग निहुँ खोजेर

राजाले छुट्टै अस्तित्वको फूर्ति देखाए। त्यसबेलाका कैयौँ हामीहरू अलग भयौँ। यसरी अलग्गिनु ठीक कदापि होइन तर अलग्गियौँ- के लाग्दोरहेछ त खोइ! राजनीतिमा चित्त नबुझे पनि छुट्टै अस्तित्व बनाई बसेर त्यत्रो पुस्तकालय समेत सञ्चालन गर्ने भएकाले मलाई त बढी भन्दा बढी आस्था छ, प्रेम छ र यो पत्र लेखेको पनि हुँ। नेपालको राजनीतिको वास्तविकता जानेकै हुँदा मैले अरू विशेष कुरा त भन्नु नपर्ला नि! तै पनि मातृका दाइ र टंकप्रसादले झैँ बढी मोहनीको मह नचाट्नु राम्रो होला कि! कसो ठीक छ?

हो, मैले देखेँ कर्मशील जीवन अनि सबैले जाने साधक जीवन! सही मार्गबाट सञ्चालित कर्मशील जीवन साह्रै कमले मात्र पाउँछन्। एउटा जीवनमा जीवन गाँस्ने सौभाग्य कर्मबाट मात्र प्राप्त हुन्छ। इतिहासको कालो द्वार खोल्न जीवन समर्पण गर्दै अति लागेर त्यसमा सफल भएपछि इतिहासकै रेखाहरूको अनुसन्धान गर्दै, लेख्तै एक सफल इतिहासकार बन्नु ठूलो सफलता थियो रेग्मीजी। त्यसमाथि त्यत्रो विशाल पुस्तकालयको व्यवस्था गरेर आजभोलिको सरकारले नै पूर्ण संरक्षण दिने व्यवस्था गर्नु कम महत्वपूर्ण कुरा होइन। इतिहासको जिम्मा इतिहासमै रहन्छ। इतिहासको पीडाबाट पीडित भएको अनुभव गरे र पछि हटे इतिहास त्यसै बिलाएर जान्छ। आजको आकर्षणले आन्द्राभुँडी खोतलेर निकाल्न सक्तैन, भोलिको यथार्थले त्यस्तो खास कुरो पाउँदैन। तर सही कर्मजीवनको सौभाग्यशाली मार्ग हो त्यसबाट पछि हटेर निदाउँनु हुँदैहुन्न। आजको आकर्षणभन्दा भोलिको प्रेम ठूलो कुरा हो। हामीले छाडेको इतिहास भोलिको सच्चा प्रकाश हुनसक्छ। त्यसैले सही र सफल कर्मको प्रयोगबाट अघि बढेको राम्रो देख्छु म।

आज हाँसेर मात्र हुँदैन भोलिलाई गाँसेर उभिनुपर्छ। त्यसमा सही रेखा दिई कर्तव्य निर्वाह गर्नु साह्रै ठूलो सौभाग्य मान्छु म। मलाई आकर्षण छ, प्रेम छ र बढी आस्था गर्छु यस कर्तव्यपथलाई। हो, अगाडिको हेर्न धेरै अप्ठारो छ। देखाएर राखेको, लेखाएर छापेको इतिहास देख्छ मान्छेले। त्यहाँ के भयो भोलि कसरी जान्दछ मान्छेले तर लेखिएको अभिलेख भेट्छ उसले। इतिहास त्यही

हो र त्यत्ति नै हो । इतिहासको रेखामा मानवीय जीवन हुन्छ तर त्यो लाउके, टाउके र फुइँकेहरूको मात्र ज्यादा हुन्छ । हुन त इतिहास भन्दछन् तर न जान्दछन्, न चिन्दछन्, न छान्दछन्- सबै नै चुप रहन्छन्- यस्तै छ इतिहासको यथार्थ क्या ! आफूसँग आफ्नू अस्तित्व नभए इतिहास पनि परिहास हुन्छ । इतिहास छ- छामिन्छ, थामिन्छ अनि अलिक कठोरताको अनुहार देखे कामिन्छ । तब त म भन्दैछु रेग्मीजी, इतिहास हेर्न पनि अप्ठारो रहेछ । ठूलाले हाँसे इतिहास हुन्छ, सानाले हाँसे परिहास हुन्छ- यही होइन मानवीय यथार्थ ! त्यसैले इतिहासभन्दा साहित्य बलियो हुन्छ र भएको पनि छ । मैले साहित्यमा हात बढाएको कारण पनि त्यही हो क्या !

त्यसैले रेग्मीजी, मैले पनि केही गन्थनबाट मन्थन गर्ने प्रयास गरेको हुँ । आजको यथार्थमा आज मात्र हुन्छ । तर यसले सही ठाउँमा पाइला टेकेमा भोलिका लागि प्रमाण बन्छ । प्रमाणको माडले टाँसेर देखाएको सूचना इतिहास हो । इतिहासमा आशा हुन्न तैपनि अगाडि आएर मुस्कुराइदिन्छ । तब त संगति र विसंगतिका मेलामा भेला भएर बाँच्नैपर्छ । बाँच्नेसँग तागत हुन्छ तर साँच्नेसँग केवल लोभ र मोह त हुन्छ नि ! बाँच्नका लागि बाँचेर जानेले इतिहास बनाउँछ, साँचेर राख्ने र केवल खाने त खान्छ हराउँछ । यो जीवनको यथार्थ हो रेग्मीजी ! तत्कालको तिर्सनामा मात्र मोहित हुनेहरू त चर्चामा आएका हुन्नन् यहाँको राष्ट्रिय व्यक्तित्व निकै चर्चायोग्य भएकाले मैले पनि यस पत्रद्वारा आफ्ना विचारहरू राखेको हुँ । आज देखिएर मात्र गएको भए मलाई के मतलव थियो र ! मैले कलम चलाउन योग्य देखें- चलाएँ । अब म फेरि पनि चिट्ठीहरू लेख्ने गरौँला । मलाई पनि सम्झिएमा राम्रै हुनेछ । जे गर्‍यौं एक समयमा गरेथ्यौं । हामी हरूवा भएका भए यो इतिहास परिवर्तन नै हुन्नथ्यो ! आज यहाँ बसेर पनि बडो खुसी लागिरहेछ । लौ त विदा है !

उही तपाईंको हितैषी,
विश्वेश्वरप्रसाद कोइराला !

शान्ति अहिंसाका पथप्रदर्शक
डा. डिल्लीरमण रेग्मी (बाबा)

✍ कुमार नेपाल

सारा विश्वले भोग्नुपरेको प्रथम तथा द्वितीय विश्वयुद्धको भयावह परिस्थिति र हिंसालाई शान्त गरी विश्वभर शान्ति र अहिंसाको पथ प्रदर्शन गर्ने महान् उद्देश्य राखेर श्रद्धेय बाबा डा. डिल्लीरमण रेग्मीले **अन्तर्राष्ट्रिय शान्ति समझदारी प्रवर्धन तथा विकास** विषयको एक संस्था स्थापना गरी त्यसको सभापतित्व ग्रहण गर्नुभएको थियो। उक्त संस्थामार्फत् विश्वका ठूला राष्ट्र अमेरिका, जर्मनी, भारत आदि विभिन्न देशका वरिष्ठ विद्वान् तथा ख्यातिप्राप्त प्रतिनीधिहरू बोलाएर ठूलो सम्मेलन पनि गर्नुभएको थियो।

शान्ति अहिंसाका प्रतिपादक भगवान गौतमबुद्ध, क्राइष्ट, महावीर जैन तथा शान्ति अहिंसालाई निरन्तरता दिने महात्मा गान्धीबाट प्रभावित भएर उहाँ **गान्धी अन्तर्राष्ट्रिय शान्ति केन्द्र तथा गौतमबुद्ध प्रतिष्ठान**को संस्थापन अध्यक्ष हुनुभएको थियो। साथै **विश्व शान्ति समिति** र **नेपाल अफ्रो जनएकता समिति**को समेत अध्यक्षता ग्रहण गर्नुभई **शान्ति अहिंसाको सन्देश** विश्वभर फैलाउनुभएको थियो।

उहाँ शान्ति अहिंसा भातृत्व र आपसी समझदारीमा विश्वास राख्नुहुन्थ्यो। उहाँ भन्ने गर्नुहुन्थ्यो "शान्ति र अहिंसाको मूल मन्त्र प्रत्येक व्यक्तिले व्यावहारिक जीवनमा उतारेर त्यसको अनुसरण गर्नुपर्छ। आजको भयावह स्थितिको विश्वमा समाज, राष्ट्र र विश्वलाई शान्ति, अहिंसा, आपसी समझदारी र मेलमिलापको नितान्त आवश्यकता मात्र नभई अनिवार्य भइसकेको छ। राजनैतिक तथा व्यक्तिगत विचारले सबै व्यक्ति, सबै क्षेत्रमा सर्वगुण सम्पन्न

हुन सक्तैन । एक न एक दोष सबैमा हुन्छ तर सबैले सबैको मूल्यांकन उसको बहुआयामिक प्रतिष्ठा र व्यक्तित्वबाट गरेर शान्ति अहिंसा र नैतिकताको आदर्शलाई अँगाल्नुपर्दछ ।"

श्रद्धेय डा. रेग्मी (बाबा) सँधै भन्ने गर्नुहुन्थ्यो- "सेवा नै धर्म हो धर्म नै सेवा हो" धर्मको ४ पाउ हुन्छ- (१) दया (२) अहिंसा (३) सत्य र (४) शान्ति । उहाँ साध्यलाई भन्दा साधनलाई महत्व दिने र इश्वरको अस्तित्वको कुनै प्रमाण छैन । इश्वर भन्नुमात्र श्रद्धा हो, मूर्ति पूजाले मात्र इश्वर प्राप्त हुँदैन । ईश्वर प्राप्त गर्न मानव शरीरलाई चिन्न र बुझ्न सक्नुपर्छ, मानव शरीर नै इश्वरको प्रतिर्मूर्ति हो भन्नुहुन्थ्यो । उहाँ सँधै महाकवी लक्ष्मीप्रसाद देवकोटाको "कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो, कुन सामग्री पूजा गर्ने साथ कसोरी लाने हो..." भन्ने इत्यादि कविता स्मरण गराउने गर्नुहुन्थ्यो । उहाँ ईश्वरमा भन्दा अहिंसा, करुणा, क्षमा र दयामा बढी आस्था र विश्वास राख्नुहुन्थ्यो ।

महर्षि वेदव्यासले १८ पुराण र अरू उपपुराणहरू लेखे तर सबैको सार तत्वमा "परोपकार पुण्याय पापाय परपीडनं" भन्ने शब्दमा लगेर टुंग्याएका थिए । त्यो शब्द बाबाको मूलमन्त्र भएको थियो । यो नै अहिंसा परमो धर्म पनि हो ।

बाबाले मलाई भन्ने गर्नुहुन्थ्यो- "बाबु कुमार, तिमी अहिले बच्चै छौ, सबै कुरा बुझ्दैनौ तर यति कुरा बुझिराख, तिमीहामीले जे काम गर्छौं र गरिरहेका छौं त्यो काम आफ्नो लागि होइन अरूको लागि गरिरहेका छौं भन्ने सम्झनुपर्छ । सत्संग गर्नुपर्छ सत्संगले मानिसलाई ठूलो बनाउँछ, 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने महाकवि देवकोटाको वाक्य सँधै सम्झिराख ।" उहाँलाई 'वैष्णव जनतो तेने कहिए पोर पराई जाने रे पर दुःखे उपकारको पर अभिमान न आनेदे' भन्ने गीत असाध्यै मन पर्दथ्यो । त्यसैले गर्दा उहाँलाई परोपकार गर्ने प्रवल इच्छा झनझन् जागेर आयो । उहाँको मनमा दुःखमा परेकाहरूको उपकार र उद्धार गर्नुपर्दोरहेछ भन्ने भावना र दया जाग्रित भएर आएछ । उक्त

भावना जाग्रित भएकै बखत वि.सं. १९९० साल माघ २ गते नेपालमा ठूलो महाभूकम्प गएछ । महाभूकम्पबाट धेरै ठूलो धनजन, मठमन्दिर, पाटीपौवा र घरहरू नाश भएको देखेर तिनीहरूको उद्धार गर्न एक स्वयंसेवक संगठन बनाएर पीडित व्यक्तिहरूको उद्धार गर्नुभएको रहेछ । त्यसबखत भारतमा महात्मा गान्धीको नेतृत्वमा भारतलाई शान्तिपूर्वक ब्रिटिस उपनिवेशबाट मुक्त गरी स्वतन्त्रता प्राप्त गराउन शान्ति आन्दोलन सुरु हुन लागेको रहेछ । त्यो खबर पाएर डा. रेग्मी (बाबा)ले नेपालमा पनि जहानियाँ राणा शासनको अन्त गरी प्रजातन्त्र स्थापना गर्ने उद्देश्य लिएर महात्मा गान्धीकै सिद्धान्त लिएर भारतको स्वतन्त्रता प्राप्तिका लागि सहयोग गरी राजनैतिक क्षेत्रमा प्रवेश गरेर शान्ति आन्दोलन सुरु गर्नुभएको रहेछ ।

उहाँले जहानियाँ राणाशासन विरोधी आन्दोलनलाई सहयोग पुऱ्याउन A Century of Family Autocracy in Nepal नामक पुस्तक प्रकाशित गरेर सम्पूर्ण प्रजातन्त्रप्रेमी जनसमुदायलाई चेतना जाग्रित गराउनुभएछ । यसरी राजनीति सुरु गर्दा सन् १९४१ मा भारतमा पक्राउ परी ५ वर्षसम्म भारतकै वनारस र लखनउमा जेलजीवन बिताउनुपरेछ । भारतमा जेलजीवन बिताइरहँदा विभिन्न राजनैतिक अभियोगमा प्राणदण्डसम्म हुनसक्ने खालको मुद्दा लगाई नेपाल फिर्ता गर्न लागेको छ भन्ने पीरले जेलभित्रै बाबा बिरामी पर्नुभएको छ भन्ने खबर पाएर उहाँकी अत्यन्त प्राणप्रिय धर्मपत्नी, १ छोरा र ३ छोरीकी आमा कल्याणी रेग्मीको हृदयगति बन्द भई स्वर्गारोहण भएछ । त्यस घटनाले उहाँलाई कति पीर पऱ्योहोला हामी अनुमान नै गर्न सक्तैनौं । तर यस दुःखद् घडीमा सान्त्वना दिन सुश्री कल्याणी पाण्डे तयार भई डा. रेग्मी (बाबा) र ४ छोराछोरीहरूको हेरविचार गरी बाबालाई पुःन आफ्नो कार्यक्षेत्रमा उत्रन प्रोत्साहन प्रदान गरी धैर्यधारण गराएर ठूलो त्याग देखाउनुभएको रहेछ । यो उहाँको महानता हो । त्यसपछि उहाँ भारतमा बसेर त्यहाँ वि.सं. १९९५ मा अखिल भारत विद्यार्थी संघका संस्थापक सदस्य पनि हुनुभएको रहेछ । त्यसबखत महात्मा गान्धीको शान्ति आन्दोलनलाई साथ दिनुभएको रहेछ ।

भारत स्वतन्त्र भएपश्चात् सन् १९४६ मा डा. रेग्मी (बाबा)लाई पनि जेलमुक्त गरिएछ । पूर्ण स्वतन्त्र भई जेलमुक्त भएपछि नेपालमा राणशासनको अन्त र प्रजातन्त्रको स्थापना गर्न गुप्तरूपमा संगठन बनाई पुनः शान्ति आन्दोलन सुरु गर्नुभएको रहेछ । उक्त संगठनलाई संस्थागत गर्न वि.सं. २००३ सालमा भारतमै नेपाली राष्ट्रिय काँग्रेसको स्थापना गरेर जेलभित्र रहेका टंकप्रसाद आचार्यलाई सभापति र वि.पि. कोइरालालाई कार्यबाहक सभापति गराइएको रहेछ । वि.सं. २००४ सालमा वनारसमा नेपाली राष्ट्रिय काँग्रेसको अधिवेशन सम्पन्न भएछ । उक्त अधिवेशनले डा. रेग्मी (बाबा)लाई सभापति चुनेछ । पछि वि.पि. जेलबाट छुटेपछि सभापतिको लागि दाबी गरेछन् तर डा. रेग्मीले अधिवेशनले चुनेको सभापति पद छाड्न नमानेका कारण वि.पि. ग्रुपले छुट्टै नेपाली काँग्रेसको स्थापना गरी सभापति भएको र डा. रेग्मी नेपाली राष्ट्रिय काँग्रेसको सभापतिमा कायमै रहनुभएको रहेछ । त्यसमा पुष्पलाल प्रधान कार्यालय सचिव भएका रहेछन् । नेपाली काँग्रेस ग्रुप विशेष गरी डा. के.आइ. सिंहले वि.सं. २००६ सालमा डा. रेग्मीसँग भेटी कुरा गरेर नेपालमा प्रजातन्त्र प्राप्तिका लागि महात्मा गान्धीको शान्ति अहिंसाको सिद्धान्तले काम गर्दैन यहाँ त शसस्त्र क्रान्ति चाहिन्छ किनभने ब्रिटिसहरू संसदीय प्रजातन्त्र चाहने हुँदा शान्ति अहिंसाबाट प्रजातन्त्र प्राप्त भयो । तर नेपालमा जहानियाँ राणाशासनले त्यो हुन दिँदैन त्यसैले सशस्त्र क्रान्ति चाहिन्छ भन्दा चित्त नबुझी डा. रेग्मी महात्मा गान्धीकै शान्ति अहिंसाको सिद्धान्तमा अडिग हुनुभएकोले राय नमिली नेपाली काँग्रेस ग्रुप सशस्त्र क्रान्तितर्फ र डा. रेग्मी ग्रुप शान्ति अहिंसाको क्रान्तितर्फ लागेका रहेछन् ।

डा. रेग्मीको उक्त सिद्धान्तलाई धेरै नेपाली र विदेशीले समेत समर्थन गरेको र विशेष गरी नेपाल कम्युनिष्ट पार्टीका वरिष्ठ नेता पुष्पलाल प्रधान, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, डा. केशरजंग रायमाझी आदिले साथ दिएर छलफल गर्न आउने गरेका रहेछन् । डा. रेग्मी कार्लमार्क्सप्रति पनि आस्था राख्ने हुँदा सन् १९४९ मा कम्युनिष्ट पार्टी स्थापना गर्न पनि सहयोग गर्नुभएको रहेछ । डा. रेग्मीको शान्तिप्रतिको तपस्या तथा सम्पूर्ण नेपाली जनताको

त्याग, तपस्या र सहिदहरूको बलिदानबाट २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र प्राप्त भयो र सम्पूर्ण नेपालीले १०४ वर्षको जहानियाँ राणशासनबाट स्वतन्त्रता प्राप्त गरे ।

डा. रेग्मीले वि.सं. २०१४ सालमा नेपाली राष्ट्रिय काँग्रेस, नेपाली काँग्रेस र नेपाल प्रजापरिषदको संयुक्त मोर्चा खडा गरी आमचुनावको माग गरेर शान्तिपूर्वक सत्याग्रह गर्नुभएको थियो । त्यसैको फलस्वरूप २०१५ सालमा आमचुनाव सम्पन्न भई नेपाली काँग्रेसको तर्फबाट वि.पि. कोइरालाको प्रधानमन्त्रीत्वमा मन्त्रीमण्डल गठन भई देश सेवाको कार्य गर्दैथियो । तर २०१७ साल पौष १ गतेको भयावह घटनाले जन निर्वाचित मन्त्रीमण्डल तथा संसदीय व्यवस्थाको समेत विघटन भई संसदीय दललाई प्रतिबन्ध लगाएर प्रजातन्त्रको निर्मम हत्या गरी निर्दलीय पञ्चायती व्यवस्थाको शुत्रपात भएको थियो । डा. रेग्मीले उक्त घटनाको घोर निन्दा र विरोध गर्नुभयो । राजा महेन्द्रले प्रधानमन्त्री पद दिँदा नलिई पुःन प्रजातन्त्र स्थापनाका लागि अनवरत लागिरहनु भयो । २०१७ सालदेखि २०४६ सालसम्म सशस्त्र जनआन्दोलनलाई शान्ति र अहिंसाको मार्ग देखाई २०४४ सालमा घरमै नजरबन्द भएर प्रजातन्त्र पुनःस्थापनाको लागि अनसन बस्नुभई सबै दललाई शान्तिपूर्वक सहयोग र प्रेरणा प्रदान गर्नुभएको थियो । सबैको सहयोगको फलस्वरूप २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भयो तर तत्कालीन शासकवर्ग तथा सरकारको नातावाद, कृपावाद, दलगत स्वार्थीपन, कुशासन, भ्रष्टाचार, अनैतिक आचरण र व्यवहारले वि.सं. २०५२ फागुन १ गते ४० सुत्रीय माग राखी माओवादीको जन्म भएको हो भन्ने कुरा बाबाको मनमा परेको थियो । उहाँ भन्नुहुन्थ्यो- "हतियार र सैनिक बलले शान्ति आउँदैन प्रजातान्त्रिक राज्यमा राष्ट्रप्रमुख र सरकारको मुख्य काम र कर्तव्य सम्पूर्ण नागरिकको जन, धन र आत्मरक्षाको जिम्मा लिई देशमा शान्ति र अमनचयनको स्थापना गर्न सक्नु हो । महात्मा गान्धी र नेल्सन मण्डेलाजस्ता शान्तिप्रिय नेताको सिद्धान्त अँगाल्न सक्नु त्यो गर्न नसक्नेले सत्ता र सरकार त्याग्नुपर्छ ।" तर २०४६ सालपछिको सरकारले त्यो

गर्न नसक्नु नै २०५२ सालमा माओवादी आतंक फैलनुमा महत्वपूर्ण भूमिका छ भन्ने लागेर डा. रेग्मीले आफू हृदयरोगले ग्रसित भई ९ दशक लामो बृद्ध जीवनमा पनि माओवादी समस्या र आतंकलाई शान्त गर्ने विषयमा बोल्न र अपील गर्न छाड्नुभएन । डाक्टरले उहाँलाई धेरै बोल्नहुँदैन भनी प्रतिबन्ध लगाएको थियो तर उहाँ भन्नुहुन्थ्यो- "एकदिन त जानैपर्छ, गएपछि के बोल्नु निभ्नलागेको बत्तीको के ठेगान, जुनसुकै बेला निभ्न सक्छ बाँचुञ्जेल बोल्छु ।" । देशमा देखा परेको माओवादी समस्या कुनै समस्या नै होइन । वार्ता, समझदारी र मेलमिलापबाट सबै समस्या समाधान हुन सक्छ । उनीहरू पनि हाम्रै दाजुभाइ हुन् "म उहाँहरूसँग कुरा गर्छु । वार्ता, समझदारी र मेलमिलापबाट शान्ति अहिंसाको बाटोमा ल्याउछु, मलाई उहाँहरूसँग भेट गराई देऊ" तर उहाँको जीवनकालमा त्यो इच्छा पूरा हुन सकेन तर पनि संयोगवश उहाँको स्वर्गारोहण भएकै दिन २०५८ साल भाद्र १४ गते प्रथमपटक माओवादीसँग तत्कालीन श्री ५ को सरकारको वार्ता भएको थियो तर सफल हुन सकेन । डा. रेग्मी (बाबा)को धारणा हामी सबैले घोडा र डुंगाको प्रतिमूर्ति धृतराष्ट्रजस्तो अन्धो भएर होइन माछा र कमिलाजस्तो भएर स्वयम्भूको आँखाले हेर्नुपर्छ, गिद्धकोजस्तो बन्दुक र बारुदजस्तो भएर होइन परेवाको जस्तो शान्तिको फूल भएर फुल्न सक्नुपर्छ, विश्वव्यापी मानवअधिकार पत्र १९४८ तथा मानवअधिकार सम्बन्धी कानून र सिद्धान्तलाई अनुसरण गर्दै जानुपर्छ तबमात्र शान्ति र अहिंसाको ज्योति फैलाउन सकिन्छ भन्ने थियो । यस्ता महामानव डा. रेग्मी (बाबा) को धारणा र इच्छा कुनै न कुनै दिन अवश्य साकार भएरै छाड्दोरहेछ भन्ने कुरा २०६२ साल मंसिर ७ गते सात दल र माओवादीबीच दिल्लीमा सम्पन्न १२ बुँदे समझदारी, २०६३ साल ज्येष्ठ १२ गतेको २५ बुँदे युद्धविराम आचारसंहिता, २०६३ साल आषाढ २ गते नेपाल सरकारको वार्ताटोलीको आयोजनामा माओवादी नेताको तर्फबाट सात दल र नेकपा माओवादीबीच भएको ८ बुँदे सहमति नेपाल सरकार र माओवादीको तर्फबाट संयुक्त राष्ट्र संघलाई पठाएका पत्रहरूलाई समेत ध्यानमा राखेर वि.सं. २०६३ साल कार्तिक २१ गते मंगलबारका दिन मध्यरातको १२:३० बजे ३३० सदस्यीय अन्तरिम संसद ४२५ सदस्यीय संविधान सभा बनाउने गरी ११ बुँदे सहमतिका साथ

सम्पन्न भएको विश्वकै पहिलो ७ दल र माओवादीबीचको ऐतिहासिक शान्तिसम्झौता तथा समझदारी, २०६३ साल कार्तिक २२ गतेको शिखरवार्ताको निर्णय र २०६३ साल मंसिर ५ गते मंगलबार बेलुका ८:२९ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वर काठमाडौंमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा माओवादी अध्यक्ष क.पुष्पकलम दाहाल (प्रचण्ड)ले हस्ताक्षर गर्नुभएको १० बुँदे ऐतिहासिक शान्ति सम्झौतालाई लिन सकिन्छ । यो नेपालको लागि मात्र नभई विश्वकै लागि पहिलो भएको छ । किनभने यसभन्दा अघि भारत, पेरु, मलेसिया, इण्डोनिसिया, थाइल्याण्ड आदि देशहरूमा भएका माओवादी युद्धहरू यहाँको जस्तो शान्तिपूर्ण ढंगले समाधान भएको पाइएको छैन । तर नेपालमा १० वर्ष ९ महिना लामो संकटपूर्ण माओवादी जनयुद्धको अन्त्य शान्ति सम्झौता र समझदारीबाट हुनु डा. डिल्लीरमण रेग्मीको शान्ति अहिंसासम्बन्धी पथप्रदर्शनले पनि धेरै नै सहयोग गरेको छ भन्नमा अत्युक्ति नहोला । किनभने सो कार्यमा डा. रेग्मी (बाबा)बाटै प्रेरणा प्राप्त गर्नुभएका वर्तमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, नेकपा एमालेका महासचिव माधवकुमार नेपाल, भू.पू.प्रधानमन्त्री सूर्यबहादुर थापा, शेरबहादुर देउवा तथा अन्य ७ दलका वरिष्ठ नेताहरूले सक्रिय भूमिका खेल्नुभएको छ । यो हाम्रो लागि गौरवको विषय र अहोभाग्य पनि भएको छ ।

डा. डिल्लीरमण रेग्मी (बाबा)को पार्थिव शरीर यस धरतीमा छैन तर उहाँले स्थापना गर्नुभएको सन् १९८० मा १० करोड मूल्यांकन भएको डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय र उहाँको अस्तु (आत्मा) पुस्तकालय परिसरभित्र जीवित भएर घुमिरहेको छ । जसले हामीलाई शान्ति र अहिंसाको सन्देश दिइरहेको छ ।

उक्त सम्पूर्ण सम्पत्ति नगद तथा जिन्सी सबै सर्वसाधारणको प्रयोगका लागि शिक्षा मन्त्रालयलाई शेषपछिको बकसपत्र गरी दान दिनुभएको थियो । उक्त पुस्तकालय आफ्नो जीवनकालमा उहाँकै संरक्षकत्वमा स्थापित डा. डिल्लीरमण रेग्मी ट्रस्टबाट सञ्चालन गरियो । उहाँको स्वर्गारोहणपछि उहाँकी छोरी समानकी

नातिनी सुश्री अवन्तिका रेग्मीले करीब २५ लाख खर्च गरेर पुस्तकालयको मर्मत-सम्भार गरी सर्भिलेन्स क्यामरा, फायरिङ मेशिनको व्यवस्था गर्नुका साथै पुस्तकको क्लासिफिकेसन आदिको सुरुवात गरेर शिक्षा मन्त्रालयले वि.सं. २०६० साल आषाढ १२ गते गठन गरेको डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन आदेशका ७ सदस्यीय समितिलाई जिम्मा लगाइदिनुभयो । उक्त समितिमा प्रथमपटक पूर्वउपकुलपति डा. त्रैलोक्यनाथ उप्रेती अध्यक्ष हुनुभयो । उहाँको छोटो कार्यकालमा अझ आधुनिकीकरण गर्ने प्रयास भयो । उक्त समितिको स्थापनाकालमा शिक्षा तथा खेलकुद मन्त्रालयबाट आई वि.सं. २०६० साल श्रावणदेखि हालसम्म पुस्तकालय प्रमुख तथा समितिको सदस्य-सचिवको रूपमा श्री पशुपतिनाथ अधिकारी सक्रिय रूपमा कामकाज गर्दै हुनुहुन्छ । उहाँ अर्थशास्त्रमा स्नातकोत्तर, जनप्रशासनमा स्नातक हुनुका साथै पुस्तकालय विज्ञानमा स्नातक भई उक्त विषयमा तालिमप्राप्त हुनुका साथै केशर पुस्तकालय तथा राष्ट्रिय पुस्तमालयमा ३० वर्षभन्दा बढी सेवा गरी पुस्तकालय विज्ञान र पुस्तकालय विकासको सम्बन्धमा गहिरो अध्ययन तथा अनुसन्धान गर्नुभएको हुँदा र डा. डिल्लीरमण रेग्मीज्यूको जीवनकालमा उहाँसँगै बसेर यस पुस्तकालयमा रही कामकाज समेत गर्नुभएको हुँदा उहाँलाई यस पुस्तकालयप्रति अगाध आस्था, माया र ममता हुनु स्वभाविकै हो । त्यसैले उहाँले यस पुस्तकालयको विकास र विस्तारको लागि विभिन्न संघसंस्था तथा स्वयंबाट समेत धेरै पुस्तक, जर्नल तथा पत्रपत्रिकाहरू उपहारस्वरूप प्राप्त गर्न गराउन सफल हुनुभएको छ । साथै पुस्तकालयलाई आधुनिकीकरण गर्दै लैजान पुस्तकालयमा भएका पुस्तकहरूको क्लाशिफिकेसन कार्य, पुस्तकालयको वेवसाइटको व्यवस्था, बालशाखाको व्यवस्था आदि कार्य गर्नुभएको छ । जुन ज्यादै नै प्रशंसनीय छ । साथै समितिको स्थापना कालदेखि नै यस पुस्तकालयप्रति अगाध माया र ममता देखाउँदै आउनुभएका पुस्तकालय विज्ञानमा तालिम प्राप्त यस पुस्तकालयका कम्प्युटर अपरेटर एवम् लेखापाल श्री बाबुराम दाहालले यस पुस्तकालयमा भएका पुस्तक तथा जर्नलहरूलाई आधुनिक तरिकाको कम्प्युटर सफ्टवेयरमा अंग्रेजी र नेपाली भाषामा राखेर पुस्तकहरूको अध्ययन अध्यापनमा पाठकहरूलाई सरल तरिकाले सुविधा प्रदान गर्ने कार्य, कम्प्युटरसम्बन्धी

सम्पूर्ण कार्य तथा पुस्तकालयको लेखा हेर्ने गर्नुभएको छ । उहाँले पुस्तकालयप्रति गर्नुभएको सेवाको कदर गरी प्रशंसा गर्नु हाम्रो कर्तव्य पनि हो भन्ने ठानेको छु । दोस्रो अध्यक्ष पूर्वउपकुलपति प्रा. महेशकुमार उपाध्याय हुनुभयो । उहाँले पनि आफ्नो कार्यकालमा पुस्तकालयको विकास र विस्तारमा महत्वपूर्ण भूमिका निभाउनुभयो, जस्तोः पुस्तकालयको वेवसाइट निर्माण, रुम टु रिडको सहयोगमा बालशाखाको व्यवस्था आदि । हाल पूर्वराजदूत तथा राजनीति शास्त्रमा पि.एच्.डि. गर्नुभएका, विभिन्न विषयमा १ दर्जनभन्दा बढी तालिम लिनुभएका साथै विभिन्न विषयका ७ वटा किताब लेखिसक्नुभएका, गीत, कविता र साहित्य लेखनमा पनि निपूर्ण नेपालको राष्ट्रिय गान समेत लेख्नुभएका र ३ वटा स्वर्णपदक प्राप्त गर्नुभएका वरिष्ठ विद्वान डा. विष्णुहरि नेपालले उक्त समितिको अध्यक्षको कार्यभार सम्हाल्नुभएको छ । उहाँ अत्यन्त दूरदर्शी डा. डिल्लीरमण रेग्मी (बाबा) प्रति अगाढ श्रद्धा र माया गर्ने हुनुहुँदोरहेछ । त्यसैले उहाँ भन्नुहुन्छ- 'मलाई डा. रेग्मी (बाबा)को आत्माले नै यहाँ बोलाएर म यहाँको अध्यक्ष भएर आउनु परेको हो । त्यसैले म जति समयसम्म बस्छु त्यति समयमा म यसलाई बढी से बढी विकास गर्न प्रयास गर्नेछु ।' उहाँले पनि बाबाले जस्तै आफ्नो ७० प्रतिशत अचल सम्पत्ति आफ्नो जिल्लाको हस्पिटललाई दान गर्नुभएको रहेछ । उहाँ पनि बाबाजस्तै दानवीर भएकोले बाबा डा. रेग्मीको दूरदर्शी इच्छालाई बुझेर पुस्तकालयलाई पुस्तकालयमा मात्र सीमित नगरी "डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान" नामाकरण गरेर प्रतिष्ठानको छातामुनी- डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय, संग्रहालय, अनुसन्धान केन्द्रको व्यवस्था गर्दै हुनुहुन्छ । साथै उहाँले करीब ४० करोडको व्यवस्था गरेर डा. डिल्लीरमण रेग्मीको नाममा छुट्टै राष्ट्रिय पुस्तकालयको पनि स्थापना गर्ने कल्पना गरी सो कल्पना पूरा गर्ने प्रयास गर्दैहुनुहुन्छ । यसमा डा. डिल्लीरमण रेग्मी (बाबा)को परिवार, शुभचिन्तक र बाबाप्रति श्रद्धा राख्ने नेपाल सरकार तथा विदेशी संघसंस्था सबैले सक्दो सहयोग गर्नु नितान्त आवश्यक छ ।

शान्ति अहिंसाका पथप्रदर्शक डा. रेग्मीले आफ्नो जीवनकालमै शान्ति अहिंसाको पुरस्कार दिन रु. ३० लाखको अक्षयकोष स्थापना गर्नुभएको थियो । उहाँको

इच्छा मरणोपरान्त महात्मा गान्धी र दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति श्री नेल्सन मण्डेलालाई प्रदान गर्ने थियो । तर उहाँको जीवनकालमा सो इच्छा पूरा नभए पनि हाल नेल्सन मण्डेलालाई उक्त शान्ति अहिंसाको पुरस्कार दिन शान्तिको प्रतिक तैलचित्रसहित सम्पूर्ण तयारी भइसकेको छ । सो पुरस्कार प्रदान गर्न वर्तमान अध्यक्ष डा. विष्णुहरि नेपाल जाँदैहुनुहुन्छ । साथै उहाँकै विचारबाट प्रत्येक वर्ष डा. रेग्मीबाट भएका शान्ति अहिंसाबारेको सोधकार्य गर्नेलाई पुरस्कार दिने र यो वर्ष शान्ति अहिंसाका पूजारी स्व.डा. डिल्लीरमण रेग्मीज्यूबाट भारतमा रहँदा त्यहाँको स्वतन्त्रता आन्दोलन लगायतमा गरिएका योगदानको सोधकार्य गराइने भएको छ । जंसले गर्दा डा. डिल्लीरमण रेग्मीले ब्रिटिस साम्राज्यबाट भारतलाई स्वतन्त्रता प्रदान गर्न महात्मा गान्धीलाई साथ दिएर शान्ति अहिंसाको आन्दोलन गर्नुभएको थियो भन्ने कुरा प्रष्ट हुन आउनेछ ।

अर्को ज्यादै नै महत्वपूर्ण कुरा यो भएको छ कि अध्यक्ष डा. विष्णुहरि नेपालको सफल नेतृत्व र सक्रिय योगदानले गर्दा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति (प्रस्तावित डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान) का सदस्य महानुभावहरूले डा. डिल्लीरमण रेग्मीद्वारा लिखित विश्वप्रसिद्ध पुस्तक Medieval Nepal (Four Volumes) र Modern Nepal (Two volumes) Rupa and Co, New Delhi, India लाई पुनः प्रकाशन गर्न दिई प्रत्येक वर्ष एक हजार प्रति छापेवापत डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानलाई भा.रु. ५ लाख दिने गरी ३ वर्षका लागि व्यवस्था गर्न सक्नुलाई डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानको लागि अत्यन्त हर्षपूर्ण उपलब्धि हुन गएको छ । यसले डा. डिल्लीरमण रेग्मी (बाबा) को नाम, मान, प्रतिष्ठा र शान्ति अहिंसाको पथप्रदर्शन विश्वभर फैलाउन अझ ठूलो महत्वपूर्ण योगदान गर्नेछ भन्नमा अत्युक्ति नहोला ।

सन्दर्भ सामग्री :

१) *डा. डिल्लीरमण रेग्मी स्मृति ग्रन्थ, २०६० ।*

२) *विभिन्न पत्रपत्रिकाहरू ।*

शान्ति, अहिंसा, विकास र पुस्तकालय

✍ केशव वडाल

पुस्तकालय ज्ञानको भण्डार मात्र होइन ज्ञानको आमा पनि हो । सबै दुःख, पीडा र समस्याको कारण अज्ञानता, अशिक्षा, अयोग्यता, अमानवियता र असहिष्णुता हो । यी सबै कुराको अन्धकारलाई छिचोल्न सक्ने शिक्षा नै हो । महान् चिन्तक प्लेटोको पुस्तक "द रिपब्लीकन" लाई रुसोले व्यापक प्रशंसा गर्दै शिक्षामा लेखिएको सर्वश्रेष्ठ ग्रन्थ भनेका छन् ! यो पुस्तकमा प्लेटोले भनेका छन्- "न्यायपूर्ण समाजको स्थापनामा शिक्षा सबैभन्दा महत्वको विषय हो । शिक्षाले नै मानिस न्यायिक, पल्लवित, पुस्पित र सुरक्षित हुन्छ । आत्मसंयमित र सम्पूर्ण मष्तिस्कको विकास शिक्षाले नै गर्न सक्तछ ।"

ब्राजिलका चर्चित शिक्षाविद् पाउलो फ्रेअरोले आफ्नो देश ब्राजिलमा १९६३-१९६४ मा राष्ट्रव्यापी शैक्षिक अभियान सञ्चालन गरेका थिए । त्यसबेला हरेक शिक्षितले राष्ट्रव्यापी शिक्षा अभियानमा भोलेन्टोपाली अभियान चलाएका थिए । पाउलो फ्रेअरोको उद्देश्य दुईवटा थियो । एउटा- सिङ्गै राष्ट्रका जनता शिक्षित हुने अभियानमा साक्षर होउन् । अर्को थियो- शिक्षालाई बसी खानेहरूबाट गरिखानेमा हस्तान्तरण होस् । यो अभियान सञ्चालक अभीयन्ता पाउलो फ्रेअरोको शैक्षिक जागरणसँगै जनचेतना गाउँगाउँमा पुग्यो । चेतनाले अधिकार माग्न थाल्यो । अधिकार माग्न थालेपछि सामन्त र अत्याचारी शोषकहरूलाई नोक्सान हुन थाल्यो । यो स्थितिमा सामन्तहरूकै योजनामा ब्राजिलमा सैनिक कुगरियो र पाउलो फ्रेअरोलाई जेल हालियो । उनले जेलमा "एजुकेशन ए प्राक्टीस अफ फ्रिडम" नामको पुस्तक लेखे । त्यो पुस्तकले शिक्षा नै त्यस्तो माध्यम हो जसले स्थायी रूपमा स्वतन्त्रता दिन्छ । वास्तवमा शिक्षा र स्वतन्त्रता अभिन्न छ । नेपालमा पनि त्रि-चन्द्र कलेजको सिलान्यास गरेपछि चन्द्रशमशेरले

आँशु झार्दै भनेका थिएरे "यही कलेजले दिने चेतनाले हाम्रो गद्दी विस्थापित हुनेछ ।" वास्तवमा शिक्षाको महत्व चन्द्रशमशेरले बुझेका रहेछन् । भयो पनि त्यस्तै । शिक्षाको मूल केन्द्र घर, परिवार, विद्यालय र पुस्तकालय हो । यो पुस्तकालयले पनि शिक्षाबारे खोज अनुसन्धान गरेर काम गर्नुपर्छ । पुस्तकालय पुस्तक भण्डार मात्र होइन बाटो देखाउने केन्द्र पनि बन्न सक्नुपर्छ । मलाई लाग्छ, आदरणीय डा. डिल्लीरमण रेग्मीजीको पुस्तकालयप्रतिको योगदान हो । पुस्तकालयले सम्भवतः सबै विधाको अध्ययन केन्द्रको रूपमा विकास गर्नुपर्छ तर कुनै खास विषयमा खोज अनुसन्धान कार्यमा पनि हात हाल्नु राम्रो हुन्छ भन्ने मलाइ लाग्दछ । त्यसमध्ये शान्ति र विकासबीचको अन्तरसम्बन्धका विषयमा यो पुस्तकालयले आफ्नो विषय छनौट गरोस् भन्ने मेरो सुझाव रहेको छ । यसबारे यो वर्ष संयुक्त राष्ट्रसंघका महासचिव कोफि अन्नानले जुलाई १, २००६ मा नेपाललाई दिनुभएको सन्देशको अंश उल्लेख गर्नु मैले उपयुक्त ठानेको छु-

हरेक वर्षको जुलाई महिनाको पहिलो शनिबारलाई अन्तर्राष्ट्रिय सहकारी महासंघले अन्तर्राष्ट्रिय सहकारी दिवसको रूपमा मनाउने गर्छ । १९९४ को डिसेम्बर २३ मा संयुक्त राष्ट्रसंघको महासभाले संसारका सबै सदस्य देशलाई हरेक वर्षको जुलाई महिनाको पहिलो शनिबारका दिन विश्व सहकारी दिवसका रूपमा मनाउन र त्यही सहकारी भावनाअनुरूप काम गर्न निर्देशन जारी गरेको थियो । त्यही निर्देशन बमोजिम १९९५ देखि हरेक वर्षको जुलाई महिनाको पहिलो शनिबारका दिन विश्वसहकारी दिवस मनाउँदै आएको छ । यो वर्ष १ जुलाई २००६ का दिन संयुक्त राष्ट्रसंघका महासचिव कोफि अन्नानले पठाउनुभएको सन्देशमा Peace building through cooperative भन्ने मूल सन्देश व्यक्त गरिएको छ ।

उहाँले भन्नुभएको छ- *संसारका सहकारी संघ-संस्था र अन्तर्राष्ट्रिय सहकारी महासंघ सँधैं शान्तिको पक्षमा उभिएको छ । प्रथम विश्वयुद्धताका पनि सैन्यीकरण विरुद्ध, युद्धविरुद्ध सहकारी उभियो । दोस्रो विश्वयुद्ध र त्यसपछि पनि युद्ध,*

हिंसा र सैन्यकरण विरुद्ध शसक्त ढंगले आफूलाई उतारेको थियो । अहिले पनि विश्वभरिका सहकारीहरूले शान्तिका लागि आफूलाई समर्पित गर्नुपर्छ भन्ने कोफि अन्नानको भनाइ रहेको छ ।

कोफि अन्नानले लेख्नुभएको छ, सहकारीमार्फत् निम्न काम गर्न सकिन्छ-

- सहकारीबाट शान्तिका लागि योगदान गर्न सकिन्छ,
- स्थानीय आर्थिक तथा सामाजिक विकासमा समुदाय परिचालन गर्न सकिन्छ,
- आर्थिक सेवाहरू सरल र सुलभ ढंगले पुऱ्याउन सकिन्छ,
- आर्थिक मोडल आत्मनिर्भर र समुदाय आधारित हुन्छ,
- हरेकको व्यक्तित्व विकासमा योगदान गर्दछ,
- आधारभूत तहमा लोकतन्त्र स्थापित हुन सक्छ,
- क्षमतावान क्षेत्रले कमजोर क्षेत्रमा योगदान गर्छ,
- पछाडि परेका समुदाय र क्षेत्रमा योगदान गर्छ,
- दीगो र स्वच्छ विकासमा योगदान गर्छ ।

समग्रमा सहकारीले शान्ति, समुन्नति र विकासमा योगदान गर्ने हुनाले संसारका सबै नागरिक सरकारले सहकारीलाई प्रोत्साहन गरेर शान्ति स्थापनामा योगदान गरौं भन्ने कोफि अन्नानको सन्देश छ । मैले यहाँ यो सन्देशलाई महत्व दिन आवश्यक ठानें । शान्ति र अहिंसालाई स्थापित गर्न, समुदायलाई जगाउन, सहकार्यमा उतार्न र उनीहरूको जीवन उकास्ने माध्यम पत्ता लगाउन जरुरी छ । द्वन्द्व र हिंसाका कारण छन् । अशान्ति, अन्याय अस्तव्यस्तताका कारण छन् । त्यसको निदान, सम्भव निदान नखोजीकन शान्ति शान्ति भनेर शान्ति आउँदैन । विकास विकास भनेर विकास हुँदैन । शान्ति सहिष्णुता र समुन्नति समुदायमा आत्मविश्वास जगाएर, उत्साह र जाँगर जागृत गराएर वा गर्न सक्ने वातावरण निर्माण गरेर मात्र प्राप्त हुने विषय हो । भोको पेट, नाङ्गो आङ, अपमान, अपहेलना, अन्याय र शोषण आधारित समाज जस्ताको तस्तै राखेर शान्तिको परिकल्पना गर्न सकिँदैन । चेतनाको स्तरसँगै मानिसले हक

खोज्न थाल्छ। अचेत अवस्थामा सहज ढंगले स्वीकारेको व्यवहार सचेत अवस्थामा पुगेपछि स्वीकार्दैन र असहमति, विरोध र विद्रोह गर्न पुग्छ। हाम्रै देशको २०६२/६३ को जनविद्रोह पनि चेतना र अधिकारको सन्तुलन नभएपछि उत्रिएको हो।

शान्तिको खोजीमा मान्छे

शान्ति र सम्मृद्धिको खोजीमा मान्छेले के मात्रै गरेन यावत प्रयास गऱ्यो। सूर्य, चन्द्र, तारा, ग्रह, पर्वत, नदी, ताल, तलैया, रुख, बिरुवा, झारपात, ढुंगा, माटो जतातत्तै पूजा गऱ्यो। पाठ गऱ्यो। भजन गऱ्यो। किर्तन गऱ्यो। भाकल गऱ्यो तर पनि शान्ति प्राप्त गरेन। मन्दिर बनायो, मठ बनायो, गुम्बा बनायो, मस्जिद बनायो, गिर्जाघर बनायो, गुरुद्वार बनायो, देवीदेवतालाई खुसी पार्न अस्वमेध, नरमेध अनेक प्राणीको बली चढायो तर पनि शान्ति पाएन। टाढा जानुपर्दैन यही काठमाडौं उपत्यकामा मात्रै सबै सानाठूला जोड्दा ५ हजार मन्दिर बनाएका छन्। हजारौं मूर्ति बनाएका छन्। पशुपति क्षेत्रमा मात्रै ४०० वटा मन्दिर बनाएका छन्। अरूले बनाएको मन्दिर र मूर्तिमा पूजा गरेर पुगेन नाम र शान राख्न जेजस्तो भए पनि अलग्गै बनायो, संरक्षण कसले कसरी गर्छ त्यो पनि मतलब गरेन। फेरि पनि न शान्ति आयो न सम्मृद्धि न अहिंसा भयो न प्रगति न एकता भयो न सदभावको विकास नै भयो। कोतपर्व भएकै छ, भण्डारखाल पर्व भएकै छ, दरबार हत्याकाण्ड भएकै छ। जति पूजापाठ गरे पनि देवीदेवता भाके पनि, सिन्दुर अबीर दले पनि त्यसले कसैको हीत भएन। न हत्यारालाई शान्ति भयो न त्यसमा पीडाबोध गर्नेलाई हक प्राप्तिका लागि भनेर युद्ध गरे। हजारौं मानिस मारिए। हजारौं विद्यालय, स्वास्थ्य चौकी, गाविस भवन, सामुदायिक भवन, सानाकिसान बैंकहरू, झोलुङ्गे पुलहरू ध्वस्त भए। दुई अरबले पुग्ने रक्षा बजेट २० अरब नाघ्यो। कृषि उद्योग, व्यापार पर्यटन, सेवा सबै व्यवसाय अस्तव्यस्त भयो। लाखौं युवा देशबाट पलायन भए, हजारौं युवा डिप्रेसनको सिकार भए। यो वा त्यो दुवैतर्फ असंख्य विषयमा अथाह क्षति भयो तर केका लागि ? के प्राप्ति

भयो त ? आखिरमा अहिंसात्मक र शान्तिपूर्ण यात्राबाहेक अरू यात्राबाट कहिँ पुगिदो रहेनछ भन्ने कुरा फेरि सावित भयो । यद्यपि त्यो हिंसा हिंसाविरुद्धको हिंसा थियो । सूक्ष्म हिंसाका विरुद्ध सुरु भएको स्थूल हिंसाले सूक्ष्महिंसा पनि बढायो, स्थूलहिंसा पनि बढायो । हिंसाले शान्ति ल्याउन मद्दत गर्छ भन्ने गलत दर्शन तथा मान्यतालाई अँगाल्दा निक्कै ठूलो क्षति भयो । हिंसाले जन्म दिएको प्रतिहिंसाको प्रतिसोधले कहिलेसम्म कस्तो पीडा दिने हो । स्थूल घाउ निको भएकाहरूको सूक्ष्म घाउ कहिलेसम्म चहराइरहने हो एक्किन गर्न सकिन्न । जे जे भए पनि एउटा कुरा सावित भएको छ, कुनै पनि समस्याको समाधान हिंसा होइन शान्तिपूर्ण जुझारु सशक्त र व्यापक जनसमुदायको शक्तिभन्दा ठूलो कुनै अस्त्रशस्त्र वा अस्त्रशस्त्रधारी हुन सक्तैन । राष्ट्र अलग अलग इकाइमा असम्पर्कित असम्बन्धित भएको कुनै जमानामा एउटा पक्षले अर्को पक्षलाई पूरै समाप्त गरे पनि निर्धक्क रहन सक्ने, कुनै दुनियाँको न्यायिक कठघरामा बस्नै नपर्ने बेलामा स्थूलहिंसाले पनि जितेको थियो होला । अब त्यस्तो स्थिति कहिँकतै छैन । अब यो १४७१८१ वर्गकिलोमिटर क्षेत्रफलको मात्रै होइन १३१७३००००० वर्गकिलोमिटर भएको सिंगै पृथ्वीको कुनै कुनामा बसेर गर्ने अपराधले पनि उन्मुक्ति पाउँन सक्तैन । यो स्थितिमा अहिंसात्मक र शान्तिपूर्ण प्रयासको विकल्प छैन ।

संसारमा भिन्नाभिन्नै तरिकाले सामाजिक विकास र परिवर्तन भएको पाइन्छ । चिनीयाँ क्रान्ति र त्यहाँको विकास, कोरियन युद्ध, युद्धपछिको उत्तर कोरिया र दक्षिण कोरिया दुई भिन्न राज्य व्यवस्था सिद्धान्त दर्शन र मान्यताबाट अघि बढेका छन् । भियतनाममा भएको अमेरिकी हस्तक्षेप, त्यसका विरुद्ध भएको संघर्ष र भियतनामी स्वतन्त्रता र हालको भियतनामी विकास स्तर, बेलायती उपनिवेशको रूपमा रहेको भारत र त्यसका विरुद्धको गान्धीवादी अहिंसात्मक प्रकृतिको आन्दोलन र ब्रिटिश उपनिवेशबाट मुक्ति र हालको भारतको विकास स्तर, नर्वे, स्वीडेन, फिनल्याण्ड, डेनमार्कमा भएको परिवर्तन विकास वर्तमान अवस्था र सामाजिक आर्थिक संरचना र व्यवस्था सबैतिरलाई साखालामा मूल्यांकन र विश्लेषण गर्दा कहाँ कुन प्रक्रियाबाट क्रान्ति र परिवर्तन गरेर

कस्तो विकासको मोडल सबैभन्दा वैज्ञानिक सावित भयो भन्ने कुराको एकीकृत स्वरूप सर्वस्वीकार्य मात्रै होइन बहुस्वीकार्य भइसकेको छैन ।

सिंगै विश्वको एक तिहाई हिस्सा र दुवै गोलार्धमा कब्जा जमाएर संसारको प्रभु भएर बसेको बेलायती साम्राज्यलाई परास्त गर्न कम्मर कसेका भारतीय जनताको नेतृत्व गर्दै अहिंसात्मक आन्दोलन एकमात्र बाटो भनेर मोहनदास करमचंद गान्धी लागे । आन्दोलनका क्रममा केही जोशिला युवाहरूबाट प्रहरी चौकी तोडफोड र प्रहरीमाथि हमला गरेको घटनाबाट क्रुद्ध गान्धीले केही समयका लागि आन्दोलन नै स्थगित गरेका थिए । उनको दृढ विश्वास थियो, अहिंसा, सत्याग्रह र प्रेमबाट जस्तोसुकै क्रुर साम्राज्यवादी शासकलाई पनि परास्त गर्न, जित्न सकिन्छ । हिंसाले प्रतिहिंसा जन्माउँछ । शान्तिपूर्ण आन्दोलन, सत्याग्रह र प्रेमले जस्तोसुकै जटिल र कठीन समस्या पनि हल गर्न सकिन्छ भन्ने मोहनदाशको आदर्श संघर्षकै कारण उनी मोहनदाशबाट महात्मा गान्धी भए । गान्धी चिन्तनको जन्म ब्रिटिश साम्राज्यवादकै विरुद्ध गरिएको संघर्षका क्रममा भएको हो । बेलायती सामग्रीको बहिस्कार शान्तिपूर्ण जुलुश र धर्ना, उनीहरूका हरचिजको अस्वीकार हुँदाहुँदा जलियावाला बागमा भएको सैयौं सत्याग्रहीको हत्या पछि पनि प्रतिहिंसामा जानबाट आफ्ना अनुयायीलाई रोक्न सफल गान्धीको अहिंसात्मक दृढ इच्छाशक्तिको ताकत बम, बन्दुक र टेङ्कभन्दा पनि शक्तिशाली सावीत भयो । हिन्दु मुस्लिम एकतामा जोड, छुवाछुतविरुद्धको अभियान, स्वरोजगारका लागि चर्खा आन्दोलन, महिलामुक्तिको आन्दोलन, जनशिक्षाको राष्ट्रिय प्रणालीको अभियान, सादाजीवन, श्रम र श्रमिकप्रतिको सम्मान, गान्धीका यिनै अहिंसात्मक आग्रह वा सत्याग्रहले भारतले स्वतन्त्रता हासिल गर्न सफल भयो ।

जस्तोसुकै द्वन्द्व र राजनीतिक समस्या पनि अहिंसात्मक संघर्षबाट, अहिंसात्मक प्रयत्नबाट, शान्तिपूर्ण जनबलबाट हल गर्न सकिन्छ भन्ने सन्देश डा. डिल्लीरमण रेग्मीले दिन खोज्नुभयो । वास्तवमा सोझै नभने पनि डा. रेग्मीको विचार र मान्यतामा जतिसुकै भिन्नता भए पनि शान्तिपूर्ण संघर्ष र सम्वादबाट नै

समाधान गर्न सकिन्छ भन्ने मान्यता राख्नुहुन्थ्यो । वि.सं. १९९० सालको भूकम्पबाट क्षतविक्षत र विभत्स काठमाडौंमा स्वयंसेवाबाट समाजसेवाको मार्गमा अघि बढ्नुभएका रेग्मी, भारतमा अध्ययनका क्रममा ब्रिटिश साम्राज्यवादविरुद्धको आन्दोलनमा समेत सामेल भएर राजनीतिमा प्रवेश गर्नुभयो । भारतको आन्दोलन, बेलायती उपनिवेशवाद विरुद्ध थियो । नेपालमा राणाहरूको पारिवारिक तानाशाही शासन थियो । अब नेपालमा पनि केही गर्नुपर्छ भनेर सोचिरहेका रेग्मीले सन् १९४१ मा भारतको बनारस, लखनउ लगायतका जेलमा ५ वर्ष बिताउनुभयो । जेलमा भारतीय स्वतन्त्रता संग्रामका योद्धाहरूसँगको भेट, छलफल र विचार आदानप्रदानले नेपालमा पनि पार्टी निर्माण गरेर स्वतन्त्रताका लागि लोकतन्त्रका लागि आन्दोलन गर्नुपर्ने आवश्यकता बोध हुनु स्वभाविकै हो । यसै क्रममा १९४६ मा नेपाली राष्ट्रिय काँग्रेसको स्थापना र १९४७ मा बनारसमा भएको अधिवेशनले डा. रेग्मीलाई अध्यक्ष बनायो । पार्टीका अध्यक्ष भएका डा. रेग्मी राणाशाहीको अन्त्य गर्ने आन्दोलनका अभयन्ता भए ।

हिंसाको पीडाले पिरोलिएको विश्वमा हिंसाको चपेटामा आफैं परेका नेपालीहरूका लागि अहिंसात्मक आन्दोलनका अगुवा डा. रेग्मी नेपाली समाजका लागि प्रेरणा पुरुष हुनुहुन्छ ।

डा. डिल्लीरमण रेग्मी एक बहुआयामिक व्यक्तित्व

✍ प्रा.डा. के.बि. थापा

डा. डिल्लीरमण रेग्मीको जन्म सन् १९१३ मा काठमाडौंमा भएको हो तापनि उहाँको पूर्ख्यौली थलो भने लमजुङमा रहेको पाइन्छ। उहाँको जन्म उच्च मध्यम वर्गमा भएको देखिन्छ तर वैवाहिक सम्बन्ध भने उच्च खानदान तत्कालीन गुरुज्यू परिवारमा भएको थियो। माध्यमिक तहसम्म उहाँको शिक्षादिक्षा काठमाडौंमा भएको र त्यसपछिको सबै उच्चशिक्षा मुख्यतः भारतको पटनामा भएको थियो। उहाँले उच्च शैक्षिक उपाधी अर्थशास्त्रमा हासिल गर्नुभएको थियो। उहाँले पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर र सोही विषयमा विद्यावारिधी (पि.एच्.डि.) गर्नुभएको थियो।

अर्थशास्त्रमा उच्च शैक्षिक उपाधि प्राप्त गर्नुभएका डा. रेग्मीको योगदान भने विभिन्न विषय र विधामा रह्यो। अर्थशास्त्रमा उच्च उपाधी प्राप्त व्यक्ति सर्वप्रथमतः उहाँ राजनीतितर्फ लाग्नुभयो। उच्च शिक्षा हासिल गरिसकेपछि त्यसबेला प्राप्त हुन सक्ने जागिर र सन्तानलाई त्यागेर राजनीतितर्फ लाग्नु उहाँको पारिवारिक पृष्ठभूमिका हिसावले त्यति सहज देखिँदैन तर उहाँले उक्त पारिवारिक पृष्ठभूमिभन्दा फरक मार्ग अवलम्बन गर्नुभयो। त्यसो गर्नुको मुख्य कारणमा उहाँमा परेको तत्कालीन भारतीय स्वतन्त्रता आन्दोलनको प्रभाव नै मुख्य रहेको स्पष्ट हुन्छ। डा. डिल्लीरमण रेग्मी भारतमा विद्यार्थीजीवन बिताउँदादेखि नै राजनैतिक आन्दोलनकारीका रूपमा परिणत भइसक्नुभएको थियो। त्यसैको फलस्वरूप उहाँले उच्चशिक्षा हासिल गरेपछि पनि राजनीतिक क्षेत्रमा लागिरहनु भयो र एउटा शिर्षस्थ नेताका रूपमा देखा पर्नुभयो। राजनीतिक नेताका रूपमा पनि उहाँको विभिन्न व्यक्तित्व देखा पर्दछ; जस्तैः भारतीय स्वतन्त्रता आन्दोलनको सहभागि, २००३ सालदेखि नेपाली राष्ट्रिय कांग्रेसको सभापति, २००७ सालको क्रान्तिको एक नेता, शिक्षामन्त्री, गृहमन्त्री आदि। २०१७ सालको राजनीतिक परिवर्तनपछि उहाँको राजनीतिक भूमिका

अलि अनौठो रहेको पाइन्छ । त्यसबेला उहाँ राजनीतिक गतिविधिमा संलग्न रहे तापनि ती गतिविधि धेरैहदसम्म अस्पष्ट रहे । त्यसबेला उहाँ कहिले तत्कालीन पञ्चायती व्यवस्था विरोधी देखिने र कुनैबेला तटस्थ रहेको जस्तो देखिने एउटा अस्पष्ट व्यक्तित्वको रूपमा देखा पर्नुभएको पाइन्छ । त्यसप्रकार त्यसबेला उहाँमा राजनीतिक अस्पष्टता र उतारचढाव देखिए तापनि उहाँ त्यसबेला पनि एक महत्वपूर्ण राजनैतिक व्यक्तित्वका रूपमा रहनुभएको थियो । अर्कोतर्फ त्यसबेला उहाँमा एउटा मूर्धन्य लेखकको व्यक्तित्व पनि निर्माण भयो तर त्यसबेला पनि उहाँले आफूलाई प्रस्तुत गर्दा जहिले पनि राजनैतिक व्यक्तिका रूपमा प्रस्तुत गर्दैरहनु भयो । एउटा मूर्धन्य राजनीतिक व्यक्तिका रूपमा रहँदै आउनुभयो । उहाँको राजनैतिक आस्था भने सँधैं नै गान्धीवादी नै रह्यो । त्यतिमात्रै होइन डा. रेग्मीको अन्य व्यक्तित्वसमेत राजनैतिक व्यक्तित्वसँगै एकाकार भएर आएको र रहेको पाइन्छ यद्यपि उहाँको अन्य व्यक्तित्व पनि राजनैतिक व्यक्तित्व भन्दा कम रहेको देखिँदैन । यसबाट एउटा शङ्का भने उठ्न सक्छ, त्यो के भने, अनेक विधामा महत्वपूर्ण योगदान पुऱ्याई बहुआयामिक व्यक्तित्व बन्ने डा. रेग्मीले आफूलाई एकैक्षेत्रमा पूरामात्रामा समर्पण गरेको भए विश्वव्यापी ख्याती आर्जन गर्ने व्यक्तित्व निर्माण हुन्थ्यो कि !

डा. रेग्मीको अर्को प्रखर व्यक्तित्व इतिहासकारका रूपमा रहेको छ । हुनत उहाँले नेपालको इतिहास लेखनमा मात्र ध्यान दिएको पाइन्न तर यस विधामा उहाँको ज्यादै ठूलो र ज्यादै धेरै योगदान रहेको छ । डा. रेग्मीले प्रारम्भमा २००७ सालको आन्दोलनलाई सघाउ पुऱ्याउने उद्देश्यले राणाशासनकालको कुकृत्य भरिएको इतिहास लेख्नुभएको थियो । उक्त कृतिको नाम हो- A Century of Family Autocracy in Nepal । उक्त ऐतिहासिक लेखनले तत्कालीन रणाशासनविरोधी आन्दोलन उठाउन ठूलो भूमिका खेलेको थियो तर इतिहासलेखनकै दृष्टिकोणले त्यो लेखन त्यति गम्भीर प्रकारको थिएन । त्यसपछि भने उहाँको ऐतिहासिक लेखनमा बढी परिमार्जन आउँदै गयो र लेखनमा बढी प्रमाणिकता र व्यापकता आयो । डा. रेग्मीले नेपालको इतिहास लेखनको भाषा माध्यम भने अंग्रेजी बनाउनुभयो जसले गर्दा उहाँलाई अन्तर्राष्ट्रिय क्षेत्रमा इतिहासकारको रूपमा चिनाउन ठूलो मद्दत पुऱ्यायो । अर्कोतिर यसले

उहाँलाई अंग्रेजी भाषामा नेपालको इतिहास लेख्ने अग्रज इतिहासकारको रूपमा पनि स्थापित गरायो । माथि भनेझैं उहाँ इतिहास विषयमा शैक्षिक उपाधी प्राप्त गरेको व्यक्ति होइन, त्यस अर्थमा इतिहास विषयको अध्ययन अनुसन्धान उहाँको चाख र शोखको विषय मात्र थियो तर अर्को अर्थमा उहाँको लागि यो विषय आवश्यकताको विषय पनि थियो किनकि डा. रेग्मी जस्तो एउटा राजनीतिक व्यक्तिका लागि आफ्नो देशको इतिहासमात्र होइन विश्वइतिहासकै ज्ञान हासिल गर्नु आवश्यक थियो तर डा. रेग्मीका लागि इतिहास विषय आवश्यकता, शोख र चाखको दायराभित्र मात्र सीमित थिएन । उहाँले यस विषयमा दिएको योगदानलाई दृष्टिगत गर्ने हो भने यो कुरा स्पष्ट हुन्छ कि यो विषय उहाँको चाख, शोख र आवश्यकताको विषय मात्र थिएन यो उहाँको विशेष झुकाव र गहन अध्ययन अनुसन्धानको विषय थियो । त्यसले गर्दा नै उहाँलाई यस विषयका ठूला अनुसन्धानकर्ता र ठूला लेखकका रूपमा स्थापित गरेको छ ।

शोख, चाख र एउटा राजनीतिज्ञको लागि आवश्यक ऐतिहासिक ज्ञान हासिल गर्नकै लागि यति धेरै र यति गहन अध्ययन उहाँबाट यस विषयमा हुन सम्भव नै थिएन । डा. रेग्मीका इतिहास विषयसँग सम्बन्धी पुस्तकहरू संख्यात्मक र विस्तृतिका दुवै हिसाबले यति धेरै र यति विस्तृत छन् कि एउटा साधारण लेखकले ती कृतिहरू सार्न मात्रै लाग्यो भने पनि उसको जीवनभरलाई पुग्छ । उहाँका कृतिलाई गुणात्मक दृष्टिले हेर्दा एउटा साधारण अनुसन्धानकर्ता र लेखकले यस्तो गर्न सक्ने सम्भावना नै छैन । त्यस अर्थमा उहाँका कृतिहरूको योगदान अद्वितिय र विलक्षण रहेको मान्नुपर्दछ यद्यपि उहाँका कृतिहरूमा सानातिना मानव सुलभ त्रुटी र कमजोरी नभएका भने होइनन् ।

नेपालको इतिहास अध्ययनको क्षेत्रका उहाँको अध्ययन अन्य विविध दृष्टिकोणले पनि आफ्नै महत्व राख्ने खालका छन् । डा. डिल्लीरमण रेग्मीले इतिहास लेखन प्रारम्भ गर्दा नेपाली इतिहासकारहरूले नेपालको इतिहास त्यति लेखेका थिएनन् । थोरैमात्रामा जेजति लेखेका थिए ती पनि सबै नेपाली भाषामा लेखिएको थियो । त्यस्तो अवस्थामा नेपालको इतिहास अंग्रेजी भाषामा लेख्ने

नेपाली इतिहासकारहरू मध्येमा डा. रेग्मी प्रारम्भकर्ता नै हुनुहुन्थ्यो । राणाशासन विरुद्ध जनजागृतिका लागि उहाँद्वारा लेखिएको राणाकालबारेको इतिहास समेत अंग्रेजी भाषामा लेखिएको थियो । त्यसपछि पनि इतिहास लेखनमा उहाँले अंग्रेजी भाषा माध्यमलाई निरन्तरता दिएको पाइन्छ । यसले गर्दा एकातिर उहाँलाई अन्तर्राष्ट्रिय जगतमा इतिहासकारका रूपमा स्थापित हुन सजिलो भयो भने अर्कोतिर कृतिहरूलाई प्रकाशनमा ल्याउन समेत सजिलो भयो । त्यतिमात्र होइन अंग्रेजी माध्यमले गर्दा नेपालको इतिहासलाई विश्वव्यापी गराउन समेत मद्धत पुऱ्यायो । त्यसबेला उहाँका कृतिहरू प्रकाशनमा ल्याउने प्रकाशकहरूमध्ये फर्मा के.एल. मुखोपाध्याय, कलपत्ता, अग्रणी स्थानमा थियो । यी सबै कारणले गर्दा उहाँ अग्रणी इतिहासकारका रूपमा देखा पर्नुभयो ।

डा. रेग्मीद्वारा लेखिएका राणा शासन विरोधी केही सामग्रीबाहेक नेपालको प्राचीन कालदेखि आधुनिक कालसम्मका इतिहास तयार पार्दा उहाँले विभिन्न अभिलेखालय, व्यक्ति वा संस्था आदिमा रहेका मौलिक (Original) सामग्री व्यापक रूपमा प्रयोग गर्नुभएको छ । त्यसप्रकार ऐतिहासिक लेखनमा आधुनिक वैज्ञानिक विधि अगाल्ने व्यक्तिका रूपमा पनि डा. रेग्मी अग्रणी हुनुहुन्थ्यो । यसबाट के पनि स्पष्ट हुन्छ भने उहाँले नै वैज्ञानिक विधिद्वारा नेपालको इतिहास लेख्ने कार्यको थालनी गर्नुभएको थियो, यद्यपि उहाँले पनि पूर्ण वैज्ञानिक विधि अपनाएको पाइँदैन । मौलिक सामग्री संकलनको सन्दर्भमा उहाँले मुख्यतः नेपालको परराष्ट्र मन्त्रालयमा रहेको ऐतिहासिक सामग्रीहरू र भारतीय राष्ट्रिय अभिलेखालयमा रहेका सामग्रीहरू व्यापक रूपमा अध्ययन गर्नुभएको थियो । त्यसबोहक भारत र नेपालका विविध व्यक्ति र संस्थासँग रहेका सामग्री संकलन पनि उहाँले गर्नुभएको थियो । त्यसप्रकार व्यापक रूपमा ऐतिहासिक सामग्री संकलन गरेर इतिहास लेख्ने प्रथम नेपाली इतिहासकार पनि उहाँ नै हुनुहुन्थ्यो । उहाँपछि मात्र अन्य साहित्यकारहरूले त्यसप्रकार व्यापक ऐतिहासिक सामग्रीको अध्ययन गर्न थालेका हुन् । यसप्रकार नेपालका आधुनिक इतिहासकारहरूको पथप्रदर्शकको रूपमा समेत डा. डिल्लीरमण रेग्मी रहेको पाइन्छ ।

त्यसप्रकार डा. रेग्मीले इतिहास लेखनमा वैधानिक र आधुनिक विधि अपनाए तापनि संकलित सामग्री प्रयोगमा भने सही विधि स्पष्टताका साथ प्रयोग गर्न सक्नुभएको छैन । यो कुरामा उहाँले किन ध्यान दिनुभएन स्पष्ट छैन । त्यस्तै उहाँले आफ्नो अध्ययनमा प्रयोग गर्नुभएको सामग्रीको स्रोत पनि स्पष्ट गर्नुभएको छैन र कृतज्ञता ज्ञापन गर्नुपर्नेलाई पनि ठीक प्रकारले कृतज्ञता ज्ञापन गर्ने कार्यमा उहाँको केही कमीकमजोरीहरू देखिन्छन् । यही कमीकमजोरीले गर्दा उहाँलाई केही व्यक्ति वा समूहले ठूलाठूला आरोप पनि लगाएका थिए । तर त्यस्ता आरोप उहाँका सबै कृतिमा लागेको भने छैन । उहाँको एकाध कृतिमा मात्र त्यस्तो आरोप लगाइएको थियो । त्यस्ता आरोप पनि उहाँको योगदानका तुलनामा नगण्य रहेको स्पष्ट नै छ ।

यसप्रकार माथिको छलफलबाट डा. रेग्मीको योगदान नेपालको इतिहास लेखनमा अतुलनीय रहेको स्पष्ट हुन्छ तर अचम्मको कुरा के पाइन्छ भने उहाँले आफूलाई कहिल्यैं पनि एउटा प्रमुख इतिहासकारका रूपमा प्रस्तुत गर्नुभएन बरु यसको तुलनामा उहाँले आफूलाई बढीमात्रामा एउटा राजनीतिज्ञको रूपमा प्रस्तुत गर्नुभयो । वास्तवमा सही कुरा के देखिन्छ भने डा. रेग्मी एउटा इतिहासकारका रूपमा बढी सफल हुनुहुन्थ्यो । यसको तुलनामा उहाँ एउटा राजनीतिज्ञका रूपमा त्यति सफल भएको पाइदैन । उहाँ नेपालको इतिहास लेखनमा एउटा मूर्धन्य व्यक्तित्व हो भने राजनीतिज्ञका रूपमा त्यस्तो छवि उहाँले छोड्न सक्नुभएको छैन यद्यपि उहाँ नेपाली राष्ट्रिय कांग्रेसको सभापति र छोटो समयको निमित्त शिक्षामन्त्री र गृहमन्त्री बन्नुभयो । राजनीतिक आन्दोलनहरू २००७, २०३६ साल र २०४६ सालमा समेत एउटा नेताका रूपमा उहाँको विशेष भूमिका रहेको पाइँदैन तर यसको अर्थ यो होइनकि डा. रेग्मीको राजनैतिक व्यक्तित्व धेरै कम थियो । उहाँको राजनैतिक व्यक्तित्व पनि कम महत्वको थिएन । सँधैंनै समसामयीक राजनीतिक परिस्थितिका बारेमा विविध नेताहरूले उहाँसँग सरसल्लाह र रायसुझाव लिने गर्दथे र त्यस अर्थमा उहाँ धेरै नेताहरूका श्रद्धेय व्यक्तिका रूपमा समेत रहनुभएको थियो ।

जीवनको पहिलो चरणमा डा. रेग्मीको व्यक्तित्व भने केही फरक रह्यो र उहाँको व्यक्तित्वमा नयाँ आयाम पनि थपियो । त्यस चरणमा उहाँले व्यवहारिक राजनीति छोड्नुभयो र गान्धीवाद, अहिंसा र बुद्धधर्मका सम्बन्धमा बढी ध्यान दिनुभयो । वास्तवमा यी तीनै विषय एकअर्कासँग गाँसिएका विषय हुन् र केही फरक पनि हुन् । गान्धीवाद भन्नाले भारतीय स्वतन्त्रता सेनानी महात्मा गान्धीको सम्पूर्ण दर्शनलाई बुझिन्छ भने अहिंसा उनले राजनीतिमा लागू गरेको एउटा पक्ष हो । अर्कोतिर व्यापकरूपमा अहिंसा बुद्धधर्मको एउटा महत्वपूर्ण पक्ष पनि हो । वास्तवमा भन्ने हो भने डा. रेग्मीको राजनैतिक पृष्ठभूमि पनि गान्धीवाद र उनको अहिंसावादबाटै बढी प्रभावित भएको थियो किनकि उहाँको राजनीतिक पृष्ठभूमिको तयारी तत्कालीन भारतीय स्वतन्त्रताको आन्दोलनबाट भएको थियो जुन धेरै हदसम्म गान्धीवादी अहिंसात्मक पद्धतिमा आधारित थियो तर डा. रेग्मीले आफ्नो जीवनको पछिल्लो अनुभवि चरणमा यस सम्बन्धमा बढी प्रचार र बढी वकालत गर्नुभयो । त्यस्तै यही चरणमा उहाँले बुद्धधर्म समेत अँगाल्नुभयो । यी विषयमा भएको आफ्नो गहिरो अनुभूतिलाई प्रकट गर्न उहाँले गान्धी र बुद्धको प्रतिमा आफ्नो घरपरिसरमा राखेको समेत पाइन्छ ।

डा. डिल्लीरमण रेग्मी जीवनको पछिल्लो चरणमा एक आधुनिक दाताका रूपमा समेत देखा पर्नुभएको थियो । उहाँले आफ्नो घर, घरपरिसर, पुस्तकालय, चित्रहरू र मूर्तिकलाको संग्रहालय सबै एउटा गुठीका रूपमा सञ्चालन हुने गरी सरकारलाई सुम्पनुभयो । यसप्रकार एउटा त्यागी र दाताको छवि पनि उहाँले ग्रहण गर्नुभयो ।

यसप्रकार माथिको छोटो छलफलबाट के स्पष्ट हुन्छ भने स्वर्गीय डा. डिल्लीरमण रेग्मी विविध व्यक्तित्वका धनी हुनुहुन्थ्यो । उहाँले प्रदर्शन गरेको सबै व्यक्तित्वमा विशेष योगदानी स्वरूप रहेको पाइन्छ तापनि कुनै विषयसँग सम्बन्धित उहाँको व्यक्तित्व भने अद्वितीय नै रहेको पाइन्छ ।

शान्तिको संस्कृति एक अनुशीलन

✍ प्रा. खड्गमान श्रेष्ठ

आदिकालदेखि नै मानव जातिले शान्तिको अनुसरण गरी उन्नति र विकास गर्दै आएको कुरा प्रष्ट छ। पूर्वीय होस् वा पश्चिमी, विश्वको कुनै पनि भूभागमा मानव मात्रले शान्तिका लागि चिरआकाङ्क्षा राख्दै आएका छन्। वेद, उपनिषद्, पुराण, बौद्ध, जैन, क्रिश्चियन, कन्फ्यूसियस, सिण्टोको कुनै पनि ग्रन्थमा शान्ति र स्वस्तीको कामना नगरिएको पाइँदैन। हाम्रो यहाँ कुनै पनि सभा समारोहमा वैदिक मन्त्रोच्चारण गरी यावत् चराचर जगत, पृथ्वी, वनस्पतिमा शान्ति छाओस् भनी कामना गर्ने गरिन्छ। कुनै पनि काव्य आदि ग्रन्थको आदि र अन्त्यमा मङ्गलाचरण गर्ने शास्त्रीय परम्परा यहाँ विद्यमान छ। वेदव्यासले महाभारतको सुरुमा जल, स्थल र अन्तरिक्षमा शान्ति होस् भनी मङ्गलमय कामना गरेका छन्। देव मन्दिरको घण्टाको ध्वनिसँगै "ॐ भू भूर्वस्वधा तस्मवितुवरेण्यं भर्गोदेवस्यधीमही धियोयोनःप्रचोदयात्" (ऋकः ३/६२/१०) भन्ने पावन मन्त्र गुञ्जायमान भइरहेका छन्। उक्त गायत्री वैदिक मन्त्रलाई सात वैदिक छन्दमध्ये प्रथम छन्दको रूपमा लिइएको छ।[१] उक्त वैदिक मन्त्रमा ॐ (अ-उ-म) ब्रह्मा, विष्णु, महेश्वरलाई अर्चना गरिनुका साथै पृथ्वी र ब्रह्माण्डमा ब्रह्मचेतनाको अभिवृद्धि भई सबैले मोक्ष पाउन्, भर्ग-शिवजीको धी-ज्ञानले सबैलाई प्रेरणा दिउन् भन्ने स्वति वाचन भएको प्रष्ट छ। यस वैदिक मन्त्रको जप गर्नाले सम्पूर्ण पाप नाश हुन्छ भन्ने विश्वास गरिएको छ।[२]

शिवको अर्थ कल्याण, जल हो भने शिवको अर्को नाम शङ्कर हो। शङ्कर संज्ञा (सुखं करोति+कृ+अच) बाट बनेको छ। यसको अर्थ पनि शुभ मङ्गल, आनन्द वा समृद्धि दिने भन्ने पनि बुझिन्छ। शिव देवादिदेव महादेवकी पत्नी

पार्वत, गौरी वा हैमवती हुन् । १८ महापुराणमध्ये शिवपुराणमा शिवजीको महात्म्य पाइन्छ ।[३] शिवजीलाई साम्वसदाशिव नामले पनि पुकारिन्छ । सह-अम्वया साम्वः (शान्ति दिने) देवलाई नै सदाशिवको नामले पुकारिन्छ ।[४]

शिवजीको स्तुतिमा नागेन्द्र वा नागराजाको हार लगाउने, तीन नेत्र भएका भष्म-खरानी लेपन गर्ने, महेश्वर, दिगम्वर, विश्वम्भर, नीलकण्ठ आदि विशेषणहरू जोडिएका छन् । ती सबै प्रतीकात्मक छन् । जटा मुकुट धारण गर्ने शिवजीको शीरमा पवित्र गंगा, शीतलचन्द्र पनि सुशोभित छन् जस्तोसुकै झन्झट आइपरे पनि चन्द्र किरण जस्तो शान्त, गंगाजीको स्वच्छ जलजस्तो मस्तिष्कलाई सदा स्वच्छ, शीतल बनाई योग, ज्ञान र ध्यानमा लीन हुने महेश्वर नै शिव हुन् । शिवजीको तीन आँखामध्ये दुई आँखा चर्मचक्षु हुन् भने तेस्रो आँखा ज्ञानचक्षु वा प्रज्ञाचक्षु हो । यसैले वैदिककालदेखि नै शिवलाई रुद्रको रूपमा उपासना गरिँदै आएको पाइन्छ । नागेन्द्र- नागराजालाई गहनाको रूपमा धारण गरी शिवजीले विषधर सर्पलाई वा क्रोधलाई पनि वशमा पारेका छन् भन्ने संकेत प्राप्त हुन्छ । एक आख्यानमा भनिएको छ- समुद्रमथन गर्दा हलाहल विष निस्क्यो र ब्रह्माण्डमा व्याप्त हुन लाग्दा शिवजीले विश्वब्रह्माण्डको रक्षाका लागि उक्त विषलाई आफ्नो कण्ठ (घाँटी)मा अड्काई सबैको रक्षा गरे र यसैले शिवजीको नाम नीलकण्ठ रह्यो । उक्त हलाहल विष निलेमा दाह हुने र ओकलेमा संसार भष्म हुने भएकाले आफ्नो घाँटीमा अड्याई शिवजीले लोककल्याणकारी कार्य गरे भन्ने उक्त उक्तिबाट शिवजीको लोककल्याणकारी प्रवृत्ति प्रष्ट हुन्छ । पञ्चमहाभूतमध्ये सम्पूर्ण जीवात्माको आधार नै जल हो । बौद्धहरू पञ्चमहाभूतलाई (Cosmic Elements) लाई पञ्चबुद्धको रूपमा पुज्दछन् । जलको रंग सेतो हुन्छ । चैत्यको बीचभागमा रहने बुद्ध वैरोचन हुन् । वैरोचनको वर्ण सेतो हुन्छ । शिवजीको नामको अर्थ जल भएकाले र वैरोचनको वाहन सिंह भएको साथै शिवजीको शक्ति पार्वतीको वाहन सिंह भएकाले वैरोचन र वैरोचनीलाई शिव र शक्तिको रूपमा पनि लिने गरिएको छ । लगनटोलको एउटा चैत्यमा उत्तरतिर विष्णु, दक्षिणतिर शिव र पश्चिमतिर मयूर वाहनमाथि बुद्धको मूर्ति कुँदिनुका साथै उक्त चैत्य जलहरिमाथि राखिएको

छ । यसैगरी बज्राचार्यहरूको इष्टदेवता सम्वरलाई पनि जलकै रूपमा लिइएको छ । जललाई अमृतकै रूपमा लिने गरिएको छ । स्वयम्भू महाचैत्यको उत्तरपूर्वी भागमा वैरोचनलाई र यिनको वाहन सिंहलाई अन्य पञ्चबुद्धको पङ्क्तिमा देखाइएको छ । द्विज ब्राह्मणहरू स्वयम्भूलाई शम्भु मान्दछन् भन्ने कुरा एक मध्यकालीन अभिलेखबाट प्रष्ट हुन्छ । बुँङमतिको एक अभिलेखमा यस्तो अङ्कित गरिएको छ- "द्विजय स्वयम्भू स्वयम्भू शंभू रूपं"[५] ब्राह्मणहरू स्वयम्भूलाई स्वभू अनि शंभू मान्दछन् । शिवजीलाई पनि आफैं उत्पत्ति भएका आदि देव मानिएको छ । स्वयम्भू पुराणमा स्वयम्भूको महिमा वा गरिमाको वर्णन गरिएको छ, भने नेपाल महात्म्यमा शिवजीको महिमा गाइएको छ । यी दुवै पवित्र शक्ति स्थल पवित्रधामको रूपमा रहेका छन् ।

बौद्धग्रन्थमा पद्मपाणी लोकेश्वरलाई सृष्टिकर्ता लोकेश्वर भन्दछन् । पद्मपाणी लोकेश्वरले आफ्नो निधारबाट शिवजीको सृष्टि गरे भनी उल्लेख गरिएको छ । स्वयम्भूको साथसाथै प्रज्ञापारमिता, रैरात्मा गुह्येश्वरी सृजना भएको, स्वयम्भूले पञ्चबुद्ध, पञ्चताराको सृजना गरेको साथै पञ्चबुद्धमध्ये अमिताभ र पाण्डेराबाट लोकेश्वरको सृजना भएको गाथा बौद्धग्रन्थमा उल्लेख छ ।[६] हिन्दूहरू शिव र शक्तिको रूपमा शिव र शिवालाई मान्छन् भने बौद्धहरू प्रज्ञा र उपायलाई स्त्री र पुरुषको रूपमा लिन्छन् । बौद्धहरू स्वयम्भूलाई सर्वोच्च देवता मान्छन् भने हिन्दूहरू शिव र शिवालाई आराध्यदेव र देवीको रूपमा पुज्दछन् । तिनकै शक्तिको विस्तारले नै लोक संसारको सृजना भएको ठान्दछन् । हाम्रो संस्कृतिले यही कुरा इङ्गित गर्दछ । बौद्धचैत्यमा चित्रण गरिएका दुई आँखाले प्रज्ञा र उपाय, शक्ति र शिवको संकेत दिन्छन् । बौद्धचैत्यको हर्भिकामा अंकित विन्दु 'उर्ण' ले सम्पूर्ण बोधी प्राप्त सम्बुद्धलाई इङ्गित गर्दछ ।[७] शिवजीको त्रिशुललाई प्राणीमात्रमा निहित तापक्रमको उन्मूलन गर्ने यन्त्रको रूपमा लिइएको छ । पञ्चमहाभूत (Cosmic Elements) पृथ्वी, अज (जल) तेज, वायु आकाशबाट नै सम्पूर्ण प्राणीको प्रादुर्भाव भएको र ती पञ्चध्यानी बुद्धको रूपमा रहेको वर्णन पाइन्छ । शिवमहापुराण, विशेश्वर संहिता दशमोध्यायमा भनिएको छ "तदिदं पञ्चभूतेषु दृश्यतेमामकैर्जनै"[८] यसरी नै रत्नावली ३.३

मा उल्लेख छ- "पञ्चभिर्निर्मिते देह पञ्चत्वं च पुनर्गते"[९] शिवपुराण रुद्रसंहिता युद्धखण्ड ४९/५-१८ मा शिवजीको १०८ नाम उल्लेख गरिएको छ[१०] विद्वान्हरूले पञ्चध्यानी बुद्धका सम्पूर्ण गुणको अवतारका रूपमा शक्तिका अग्रदूत गौतमबुद्धलाई लिएका छन्। बुद्धका १८ नामहरूमध्ये समत्तभद्र (सबैतिर कल्याण) पनि एक हो[११] बुद्धका अनुयायीहरूले पछिल्लो कालमा आएर समत्तभद्रलाई आदिबुद्धको रूपमा लिएका छन्। यो सिद्धान्तको उदय धेरै पछि भएको देखिन्छ। अरिबुद्ध स्वयम्भूलाई बुद्धका अनुयायीहरू विश्वको अन्तिम वास्तविकता (Ultimate Reality of the World) मान्दछन्। पञ्चध्यानी बुद्धलाई 'जीन' विजयीको रूपमा लिई तिनका सम्पूर्ण गुणलाई गौतमबुद्धमा अवतरण भएको बुद्धअवतारको रूपमा बौद्धहरूले लिएका छन्। यसरी गौतमबुद्ध पञ्चमहाभूतको साकार रूपमा र मानवकल्याणको पथप्रदर्शकको रूपमा रहेका छन्।

शान्ति केवल ज्ञानमा आधारित छ, अविद्यामा होइन भन्ने कुरा शान्तिका अग्रदूत गौतमबुद्धले देखाएका छन्। सम्यक दृष्टि, सम्यक आचरण नै बौद्ध धर्म र दर्शन आधारित भएको प्रष्ट छ। मन, वचन र कर्ममा शुद्धि हुनाले नै शान्ति सम्भव हुन्छ भनी शान्तिका अग्रदूत बुद्धले देखाएका छन्। शाक्य तथा कोलीयहरूका बीचमा, ती दुवै गणराज्यको बीचमा रहेको नदीको पानीको बाँडफाँडसम्बन्धी भएको विवाद शान्तिपूर्वक समाधान गर्नुपर्छ भन्ने मत व्यक्त गर्दा शाक्य संघबाट निस्कासित भएर शान्तिको मार्ग खोज्न गृहत्याग गरी निस्केका बुद्ध, बोधीज्ञान प्राप्त हुनुअगाडि शाक्य तथा कोलीयहरूका बीचको उक्त विवाद शान्तिपूर्वक समाधान भएको खबर पाउँदा पनि निरन्तर सत्यको खोजीमा लागि परी अन्तमा बोधीज्ञान प्राप्त गरी बुद्ध भएको गौरवपूर्ण गाथा हामी सबैमा प्रस्ट छ। यसैगरी सम्पूर्ण पाप वा काञ्चुलीबाट मुक्त भएपछि सदाशिव हुन्छ भन्ने कुरा शिवजीको गाथाबाट देखिन्छ।

शान्तिको अनुसरण मानवमात्रले आफ्नो घरदैलोबाटै सुरु गर्नुपर्छ। तपचर्या भनेकै सदजीविका हो यो आजन्म रहनुपर्छ भन्ने कुरा शिव र गौतमबुद्धको

जीवनगाथाबाट पाइने कुरा पनि प्रस्ट छ । शिवजीको परिवारको विवेचना गर्ने हो भने शिवजी अत्यन्त त्यागी थिए । उनी खरानी मात्र लेपन गरी बस्ने भोलेबाबा थिए । शिवजीको परिवारमा उनका जेठा छोरा कार्तिकेय छमुखे अविवाहित कुमार थिए । कान्छा छोरा गणेश लामो सुँड, घ्याम्पे पेट भएका थिए । शिवजीको वाहन साँढे थियो भने पार्वतीको वाहन सिंह, कुमारको वाहन मयूर र गणेशको वाहन मुसो थियो । एक रसिक कविलाई उद्धरण गरी रामचन्द्र पौडेल लेख्दछन्-

अनुमाञ्छति शाम्भबो गणपतेराखुं क्षुधार्त फणी,
तंच क्रौञ्चरिपोः शिखिगिरिसुता सिंहोउपि शम्भोवृंषम्
इत्यं यत्र परिग्रहस्य घटना सम्भोरपि स्याद गृह
तत्रामुष्य कथं न भाचि जगतो यस्मात्स्व रूपंहि तत् ॥

यसको यसरी अर्थ गरिएको छ- शिवजीको गलामा रहेको भोको सर्पले गणेशको वाहन मुसोलाई खान छोज्छ, त्यस सर्पलाई स्कन्दकुमारको मयूर खान खोज्छ, मयूरलाई पार्वतीको वाहन सिंह खान खोज्छ, शिवजीको वाहन साँढेलाई सिंहले खान खोज्छ । जब भगवानका घरको यस्तो अवस्था छ त अरूको घरमा नहुने कुरै भएन, किनकि यस संसारको स्वरूप नै यस्तै परस्परोपजीवी छ ।[१२]

उपर्युक्त उद्धरणबाट यो प्रस्ट हुन्छ, शिवजीको परिवारमा परस्परोपजीवीहरूका बीचमा पनि पारिवारिक एकता कायम छ । द्वन्द्वात्मक स्थितिमा पनि शान्ति कायम छ । यसबाट यो पनि प्रस्ट हुन्छ- आदिकालदेखि नै परस्पर विरोधी शक्तिको बीचमा पनि सन्तुलन कायम भइआएको देखिन्छ । यो एक कटु सत्य हो । उपर्युक्त गाथा प्रतीकात्मक भए पनि शिक्षाप्रद छ । यो एक आध्यात्मिक आदर्श (Spiritual idealism) को रूपमा पनि प्रस्तुत छ । अमर बाँडा रचित अमरकोषको प्रथम खण्डमा ४ स्वर्ग वर्गमा बुद्धका १८ नाममध्ये 'अद्वयवादी' एक नाम पनि उल्लेख गरेका छन्[१३] उपनिषदले अद्वैत दर्शन प्रतिपादन गरेको छ । नैरात्मा, शून्यतामा विश्वास गर्ने बौद्धदर्शन द्वैत दर्शनमा आधारित छ र सांख्यदर्शनबाट प्रभावित छ भन्ने मत पनि यहाँ प्रवल छ । यद्यपि धार्मिक

आस्थाले गर्दा यसको अद्वैत स्वरूप पनि देखिएको छ। द्वैत र अद्वैतको विषयमा चर्चा गर्नुभन्दा पनि बुद्धलाई शान्तिका अग्रदूतको रूपमा लिनु आवश्यक छ। बुद्धको जन्मस्थल लुम्बिनीलाई सन् १९९८ को प्रथम विश्वबौद्ध सम्मेलनलाई शान्तिको मुहानको रूपमा र सन् २००२ मा भएको दोस्रो विश्वबौद्ध सम्मेलनले शान्ति गिरी (World Peace City) को रूपमा विकास गर्ने अवधारणा स्वीकार गरेको छ।

पादटिप्पणी (Foot Notes)

(१) हरिराम जोशी (सम्पादन), अभिनव संस्कृत, काठमाडौं: जोशी रिसर्च इन्स्टिच्यूटका निमित्त नवीन्द्रराज जोशी, २०५८ साल, पृ. २३१।

(२) वामन शिवराम आप्टे, संस्कृत हिन्दी कोष, दिल्ली: मोतीलाल वनारसी दास, १६६ ई., पृ. ३४३।

(३) प्रतिबोध, 'अठार पुराणको नाम र श्लोक संख्या', माठमाडौं : वंशीधर श्रीकृष्ण मन्दिर सञ्चालक समिति, २०६२ साल पृ. १४, पा.टि.नं. १, पृ. ३६७।

(४) आप्टे, पा.टि.नं. २, पृ. १०९८-१०९९।

(५) धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, 'पाटन चुडामती गाउँ यताटोल मत्स्येन्द्रवहालभित्र अमरपुरकादेवल भित्ताको शिलालेख', कीर्तिपुर, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६ साल, पृ. २०६।

(६) हेमराज शाक्य, श्रीस्वयम्भू महाचैत्य, 'लेखकको आफ्नो विचार', काठमाडौं, स्वयम्भू विकास मण्डल, ने.सं. १०९८, पृ. ६।

(७) मीनबहादुर शाक्य, बौद्धनाथ, जर्मनी: इ.सं. १९९७ पृ. २१।

(८) ऐ., पा.टि.नं. १, पृ. ६९।

(९) ऐ., पा.टि.नं. १, पृ. १७८।

(१०) ऐ., पा.टि.नं. १, पृ. ४०३।

(११) ऐ., पा.टि.नं. १, पृ. ३६५।

(१२) रामचन्द्र पौडेल, 'गार्हस्थ्य जीवनको नालीबेली', पा.टि.नं. ३, पृ. ३४।

(१३) ऐ., पा.टि.नं. १, पृ. ३६५, अमरकोषमा बुद्धको नाम दिइएको छ। उद्धरण यसप्रकार छ– सर्वज्ञ! सुगतो बुद्धो धर्मराजस्तथागता २५ समन्तभद्रो भगवान् मारजिल्लोकजिज्जिनः २६, षडभिणो दशवलोकद्वयवदी विनायक : २७, मुनीन्द्रः श्रीधन शास्ता मुनिः २८।

प्राज्ञिक व्यक्तित्व डा. डिल्लीरमण रेग्मी

✍ ज्ञानेन्द्र पौड्याल

डा. डिल्लीरमण रेग्मी नेपालको राजनीतिक इतिहासमा परिचित नाम हो । त्यसैले यहाँ उनको परिचय दिने तर्फभन्दा उनको जीवनका विभिन्न पक्षहरूमध्ये प्राज्ञिक पक्षको मात्र सामान्य चर्चा गर्ने प्रयास गरिएको छ । डा. रेग्मीको प्राज्ञिक पक्ष महत्वपूर्ण र सफल पक्ष हो । पढेलेखेका मानिसहरूको अभाव नै रहेको तत्कालीन समाजमा डा. रेग्मी विद्वान व्यक्ति थिए । तत्कालीन समाजमा उनको सम्मानित स्थान थियो । यिनको प्राज्ञिक व्यक्तित्वलाई अर्थशास्त्रीको रूपमा र अर्कोतर्फ इतिहासकारको रूपमा अलग अलग राखेर अध्ययन गर्नुपर्ने अनिवार्य हुन्छ । किनभने पढाई र विषयको आधारमा उनी अर्थशास्त्री थिए भने कृति, लेखाइको आधारमा उनी इतिहासकार थिए । डा. रेग्मीका लागि १९४० को दशक शैक्षिक विकासका साथै इतिहास लेखनको प्रेरणा र सुरुआतको दशक, १९५० राजनैतिक व्यक्तित्व निर्माणको दशक र १९६०, ७०, ८० लाई विशेष गरी प्राज्ञिक व्यक्तित्व निर्माणको दशकको रूपमा लिन सकिन्छ । किनभने १९४० को दशकमा उनी आफ्नो पढाइ, लेखाइ र शैक्षिक उन्नतिमा सक्रिय रहनुका साथसाथै इतिहास लेखन कार्यको सुरुआत पनि गरे । यसैगरी १९५० को दशकमा उनी राजनैतिक क्रियाकलापमा सक्रिय रहे भने १९६० देखि ८० सम्म उनी इतिहास लेखन कार्यमा सक्रिय रूपमा संलग्न रहँदै आए । उनका धेरै कृतिहरू यसैबीचमा लेखिएका र प्रकाशन भएका पाइन्छन् । यिनै विभिन्न क्रियाकलापको आधारमा उनको प्राज्ञिक मर्यादा र यथार्थ स्थितिको चित्रण गर्न सजिलो पर्ने हुनाले यहाँ सोहीअनुसार डा. रेग्मीको प्राज्ञिक व्यक्तित्वलाई उजागर गर्न अलग-अलग रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

अर्थशास्त्रीको रूपमा

डा. रेग्मीले भारतको पटना विश्वविद्यालयबाट सन् १९३८ मा अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका थिए। सन् १९४० मा मद्रास विश्वविद्यालयबाट "भारतमा मादक पदार्थ नियन्त्रण र यसको आर्थिक पक्ष" शीर्षकमा शोधपत्र तयार गरी एम.लिट्.को उपाधि प्राप्त गरेका थिए। यसैगरी सन् १९६१ मा पटना विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गर्न सफल भएका थिए। सो अनुसन्धानको शोध शीर्षक "विहार प्रान्तको औद्योगिक विकास" भन्ने थियो। अध्ययन अनुसन्धानमा लागिरहने रेग्मीले सन् १९६५ मा पटना विश्वविद्यालयबाटै डि.लिट्. उत्तीर्ण भएका थिए। यसैले अर्थशास्त्र र विकास विषयमा डा. रेग्मीको राम्रो दखल भएको देखिन्छ। त्यसैले उनलाई नेपालको दक्ष अर्थशास्त्रीको रूपमा लिन सकिन्छ। देशलाई कसरी विकास निर्माणमा लैजाने र गरिबी र पछौटेपनबाट मुक्त कसरी बनाउने भन्ने उनको हरेक क्षण र पलमा पहल हुन्थ्यो। देश विकास र आर्थिक उन्नतिका लागि विभिन्न योजनाहरू डा. रेग्मीले पटकपटक प्रस्तुत गरेको भए पनि लागू गर्न नसकेबाट नेपाल सँधैं गरिबीको रेखामुनी रहन बाध्य भएको विचार डा. रेग्मीले राख्दथे। उनका विभिन्न लेख रचनाहरूमा अर्थ व्यवस्था र विकास निर्माणका योजनाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आइरहन्थ्यो। किन नेपाल गरिब भयो र कसरी देशको विकास निर्माण गर्न सकिन्छ ? भन्ने चिन्तन गरिरहने डा. रेग्मीका विभिन्न पुस्तकहरूमा पनि नेपालको राजनीतिसँगै आर्थिक पक्षलाई बढी जोड दिइएको पाइन्छ।

इतिहासकारको रूपमा

इतिहास सत्य तथ्य घटनामा आधारित विभिन्न विवरणहरूको सँगालो हो। शासकवर्गको प्रसंशा र चाहना अनुरूप वास्तविकतालाई लुकाउने प्रवृत्ति इतिहास लेखनमा त्याग्नुपर्दछ र वास्तविक इतिहास निर्माणलाई विशेष जोड र ध्यान दिनुपर्दछ भन्ने मान्यता राख्ने डा. रेग्मीले शासकको प्रसंशालाई भन्दा जनताको इतिहासमा बढी जोड दिएका पाइन्छन्।

उच्चशिक्षा हासिल गर्ने अर्थशास्त्र विषयमा सक्रिय रूपमा संलग्न रहने राजनैतिक क्षेत्रमा र नेपालको प्राचीन कालदेखि वर्तमान कालसम्म अनुसन्धानमूलक इतिहास लेख्ने व्यक्तित्वको नाम हो डा. डिल्लीरमण रेग्मी । डा. रेग्मी नेपालका असफल राजनीतिज्ञ र एक वरिष्ठ सफल इतिहासकार मानिन्छन् । नेपालको प्राचीनकाल, मध्यकाल, आधुनिककाल र तत्कालीन नेपालका बारेमा अंग्रेजी भाषामा इतिहास लेख्ने प्रथम स्थानीय इतिहासकार यिनै हुन् । यद्यपि यिनले आफूलाई इतिहासकार भन्न कहिल्यै मन पराएनन् । नेपालका विभिन्न स्थानहरूको स्थलगत भ्रमण गरेर सत्य तथ्य घटनालाई पत्ता लगाई यिनले विभिन्न पुस्तकहरू लेखेका छन् । डा. रेग्मीले सन् १९४२ देखि ऐतिहासिक सामग्रीहरूको खोज गरी संकलन र अध्ययन विश्लेषण गर्दै इतिहास लेखनको सुरुआत गरेको पाइन्छ । उनको पहिलो प्रकाशित लेख Sources for a History of Nepal 800 A.D. to 1680 A.D. हो । जुन लेख भारतको विहार उडिसा रिसर्च सोसाइटीमा सन् १९४२ मा प्रकाशित भएको थियो । उनको पहिलो प्रकाशित पुस्तक Ancient and Medieval Nepal हो । यसपछि क्रमशः एक पछि अर्को गर्दै विभिन्न पुस्तक, लेखरचना लेख्दै प्रकाशन गर्दै आएका थिए । तत्कालीन समयमा नेपालमा राणा शासनको विगविगी थियो जसले स्वतन्त्र रूपमा लेख्न, प्रकाशन गर्न तथा अध्ययन अनुसन्धान गर्न पाइँदैनथ्यो । राणाहरूको आँखा छलेर यस्ता उल्लेखनीय कार्यहरू गर्न निकै कठिन पर्दथ्यो । डा. रेग्मीलाई राणाहरूको दरबारभित्र र बाहिरको सम्पूर्ण अवस्थाको जानकारी थियो त्यसैले नेपालमा राणाविरोधी गतिविधि बढिरहेकै बेला A Century of Family Autocracy in Nepal नामक पुस्तक लेखी प्रकाशित गरेर राणाहरूको यथार्थ स्थितिको परिचय दिलाई त्यतिबेलाको राणाविरोधी आन्दोलनलाई अझ प्रभावशाली बनाउन मद्वत पुऱ्याएका थिए । वास्तवमा यो पुस्तकले दोहोरो भूमिका निर्वाह गरेको पाइन्छ । एकातिर यसले राजनैतिक पृष्ठभूमि बोकेको थियो भने अर्कोतिर यो ऐतिहासिक दस्ताबेज पनि थियो । रेग्मीलाई अध्ययन लेखनको सिलसिलामा राणाहरूले धेरै दुःख कष्ठ पनि दिए जसले गर्दा उनलाई विदेशिनु पनि परेको थियो । तर विदेशमै रहेर पनि यिनले आफ्नो लेखन र प्रकाशनलाई निरन्तरता दिंदै आए । रेग्मीका राजनैतिक र ऐतिहासिक आवरण

बोकेका अन्य कृतिहरूमा सन् १९४८ मा प्रकाशित The Nepali Democratic Struggle and Nepal र सन् १९५२ मा प्रकाशित Whither Nepal आदि हुन् । जसले नेपालको इतिहाससँगै राजनैतिक पृष्ठभूमि पनि बोकेर आएका पाइन्छन् । यी कृतिहरूबाट डा. रेग्मीले आफ्नो राजनैतिक धर्म र ऐतिहासिक जिम्मेवारी दुवै पूरा गरेको अनुमान गर्न सकिन्छ ।

नेपालमा २००७ को क्रान्ति र प्रजातन्त्रको स्थापना पछि स्वतन्त्र रूपमा अध्ययन अनुसन्धान र लेखन कार्यका लागि वातावरण बन्दै गयो । यसअनुसार डा. रेग्मीले १९६० को दशकमा Ancient Nepal का १९६० र १९६९ गरी २ वटा Vol. का पुस्तकहरू, Medieval Nepal का १९६५ र १९६६ मा गरी ४ वटा Vol. का पुस्तकहरू लेखी प्रकाशन गर्न सफल भए । यसैगरी १९७० को दशकमा Modern Nepal का २ वटा Vol. प्रकाशित भए भने १९८० को दशकमा Inscription of Ancient Nepal नामका ३ वटा Vol. मा पुस्तकहरू प्रकाशित भए । सन् १९८३ मा प्रकाशित Inscription of Ancient Nepal Vol. III नै उनको अन्तिम प्रकाशित पुस्तक हो । यसैबीच डा. रेग्मीका फुटकर लेख रचनाहरू पनि विभिन्न जर्नल, मुखपत्र, पत्रपत्रिका आदिमा प्रकाशित भएका छन् । यिनै प्रकाशित कृतिहरूकै आधारमा डा. रेग्मीलाई वरिष्ठ इतिहासकार मानिएको हो ।

यसरी सामान्य गणना गर्दा रेग्मीका प्राचीनकालदेखि तत्कालीन समयसम्मका प्रकाशित १७ वटा पुस्तकहरू र करिब ९ वटा फुटकर लेख रचनाहरू पाइएका छन् । यसबाहेक रेग्मीका प्रकाशित र अप्रकाशित कृतिहरू पनि धेरै हुन सक्छन् र अहिलेसम्म प्राप्त भइनसकेकोले खोजीकार्य पनि भइरहेको छ । एउटा पनि पुस्तक, लेख रचना लेखन र प्रकाशन नगरिकन पनि इतिहासकार बन्ने, बनाउने होडबाजी रहेको हाम्रोजस्तो देशमा डा. रेग्मीले लेखेका र प्रकाशित गरेका कृतिहरूबाट उनलाई वरिष्ट इतिहासकारको संज्ञा दिनु उपयुक्त नै मान्न सकिन्छ र अनिवार्य पनि हुन्छ । आफूलाई कहिल्यै पनि अर्थशास्त्री तथा इतिहासकार हुँ भन्ने दाबी नगर्ने डा. रेग्मी अध्ययनको हिसाबले अर्थशास्त्री,

अनुसन्धान र लेखनको हिसाबले इतिहासकार, चिन्तन र सक्रियताको हिसाबले वरिष्ठ राजनीतिज्ञ मानिन्छन् । अध्ययन अनुसन्धान गर्नेहरूले सक्रिय र नेतृत्वको राजनीति नगर्ने र राजनीति गर्ने नेताहरूले अध्ययन विश्लेषण नगर्ने परिपाटी रहेको वर्तमान परिवेशमा नेपालमा पहिलो पुस्ताका राजनीतिज्ञहरूमध्ये प्राज्ञिक व्यक्तित्वको रूपमा परिचित डा. रेग्मीले मेहेनत गरेर, पढेर, लेखेर, अध्ययन अनुसन्धान गरेकै आधारमा वरिष्ठ इतिहासकार बनेका हुन् भनेर ठोकुवा गर्न सकिन्छ ।

सन्दर्भ सामग्री :

१. गौतम, राजेश, इतिहास लेखनको इतिहास, काठमाडौं, रत्न पुस्तक भण्डार, २०५१ ।

२. Adhikari, Krishna Kant, A Brief Survey of Nepali Historiography, Buka, Kathmandu, 1980.

३. Vaidya, T.R. Dr. D.R. Regmi as a Historian: An Assessment, CNAS, 2062.

४. Chhetri, Dil Bahadur, A Brief Analysis of History Writing of Nepal, Pokhara, Private Chhetri, 1996 .

नेपाली जर्नल अनलाइनः *एक परिचय*

✍ चिरञ्जीवी न्यौपाने

परिचय

नेपालमा INASP ले अगष्ट २००३ देखि सञ्चालन गरेको PERI; Programme for Enhancement of Research Information ४ वटा कार्यक्रममध्ये नेपाली जर्नल अनलाइन चौथो कार्यक्रम हो। यो कार्यक्रमले नेपालमा प्रकाशित अनुसन्धानात्मक पत्रिकाहरूमा भएका ज्ञानलाई विश्वबजारमा खुल्ला रूपमा पहुँच दिनका लागि सञ्चालित कार्यक्रम हो। AsiaJOL कार्यक्रमअन्तर्गत नेपालमा पनि यो कार्यक्रम छिट्टै सञ्चालन हुन गइरहेको छ।

उद्देश्य

INASP/PERI ले सञ्चालन गरेको यस कार्यमा विकसित देशहरूमा भएका अनुसन्धानात्मक कार्यबाट प्राप्त नतिजाहरूलाई कम विकसित मुलुकहरूका वैज्ञानिक, अन्वेषक, विद्वानहरूलाई सजिलै उपलब्ध गराउने ध्येय लिएको छ। यी उपलब्ध सेवा प्रयोग गरेवापत नेपालले तिर्नुपर्ने रकम हालसम्म मित्रराष्ट्र डेनमार्कले प्रदान गर्दै आएको छ। यो कार्यक्रम नेपालबाट प्रकाशित हुने अनुसन्धानात्मक पत्रिकाहरूमा प्रकाशित विषयसूची, लेखसार, पूर्णपाठ समावेश गरी स्वदेश तथा विदेशमा सजिलै पहुँच पुऱ्याउने उद्देश्यले सञ्चालन हुन लागेको छ। यो कार्यक्रमले विकसित र कम विकसित देशहरूको बीचमा भैरहेको Digital Divide लाई कम गर्न पनि सघाउ पुग्दछ।

अनुसन्धानकर्तालाई फाइदा

१. स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूलाई सजिलैसंग विषयसूची र लेखसारमा पहुँच हुनेछ।

२. अनुसन्धानकर्ताहरूबीच सम्पर्क र सूचना आदान-प्रदान गर्न सकिनेछ ।
३. यसको प्रयोगले अन्य विभिन्न विषयमा पहुँच हुन सजिलो पर्दछ ।
४. प्रकाशित पत्रिकाको विषयमा समयमै जानकारी उपलब्ध हुनेछ ।
५. अन्तर्राष्ट्रिय जगतमा परिचित, सहयोग र सहभागिता स्थापित गर्न सकिने छ ।
६. कम खर्च र लागतमा यसको प्रयोग गर्न सकिने छ ।

समावेश पत्रिकालाई फाइदा

१. प्रशस्त मात्रामा जानकारी दिन सकिने छ ।
२. गुणस्तरको विकास हुनेछ ।
३. सबै पाठकमा परिचित गराउन सकिने छ ।
४. पत्रिकाको माग बढ्नेछ ।
५. बजारमा प्रतिष्पर्दा हुँदा गुणस्तर सुधार गर्न सकिने छ ।

यससम्बन्धी क्रियाकलाप

यस कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्व तयारीको सिलसिलामा INASP/PERI को विशेषज्ञको उपस्थितिमा नेपालबाट प्रकाशित हुने अनुसन्धानात्मक पत्रिकामा कार्यरत विभिन्न २० संस्थाका सम्पादकहरूलाई समावेश गरी डिसेम्बर ८-११, २००४ मा ४ दिने कार्यशाला गोष्ठी सञ्चालन भएको थियो । उक्त गोष्ठीका सहभागीहरूले नेपालबाट प्रकाशित अनुसन्धानात्मक पत्रिकाहरूमा प्रकाशित लेख रचनाहरूलाई विश्वबजारमा खुल्ला पहुँच दिन सिफारिश गरेको थियो । यो गोष्ठी सञ्चालन भएपछि INASP मा पत्राचार गर्दा यो कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक प्रस्ताव तयार गर्नका लागि सो संस्थाबाट यु.एस.डलर ५०० प्राप्त भएको थियो । उक्त संस्थामा पुस्तकालयको तर्फबाट पेश गरेको प्रस्तावमा उल्लेखित बुँदाहरूको कार्य विभिन्न चरणमा गर्नका लागि करीब यु.एस.डलर १३०५० प्रस्ताव गरी पठाएकोमा उक्त संस्थाबाट रकमको कमीले गर्दा हाललाई पाउण्ड २,००० बराबर ने.रु.२,६८,०००/- उपलब्ध गराएको थियो । उक्त रकमबाट तोकिएको कार्यमा खर्च गर्न त्रि.वि.बाट स्वीकृत लिन कारवाही

चलाउँदा विभिन्न कारणबाट हालसम्म रकम स्वीकृत हुन नसकी कार्य सम्पन्न हुन सकेको छैन । पुस्तकालयबाट पेश गरेको प्रस्तावमा उल्लेखित कार्यहरू हुन नसके तापनि PERI ले पुनः सम्पादकहरूलाई आ-आफना पत्रिकाहरू अनलाइनमा जान आवश्यक पर्ने कुराको जानकारी दिलाउन २ जना विशेषज्ञहरू पठाइ अगष्ट २८ देखि ३०, २००६ सम्म ३ दिने कार्यशाला गोष्ठी सञ्चालन गरेको थियो ।

NepJOL को व्यवस्थापन तथा कार्यान्वयन प्रक्रिया

यस कार्यक्रमको व्यवस्थापन, कार्यान्वयन र समन्वय गर्न त्रि.वि. केन्द्रीय पुस्तकालयलाई जिम्मेवारी दिइएको छ । यस कार्यक्रम सञ्चालन गर्न सजिलो होस् भनी INASP/PERI ले निम्नलिखित दुई समूह गठन गर्न सिफारिश गरेको थियो- Planning Team र Core Team ।

१. Planning Team

यस कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने नीति, नियम, सरसल्लाह र निर्देशन बारम्बार आवश्यक परिरहने हुँदा निम्नलिखित संस्थाबाट अध्यक्ष र सदस्यहरूको प्रतिनीधि रहने प्रावधान गरिएको छ । यस कार्यक्रममा विज्ञानसम्बन्धी लेख रचना बढी समावेश हुने हुँदा विज्ञानसँग सम्बन्धित संस्थाबाट बढी प्रतिनीधिहरू समावेश गरिएका छन् ।

अध्यक्ष

(१) शिक्षाध्यक्ष, त्रि.वि.

प्रतिनीधि सदस्यहरू

(२) विज्ञान तथा प्रविधि मन्त्रालय
(३) नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान
(४) राष्ट्रिय योजना आयोग
(५) त्रि.वि. अर्थशास्त्र केन्द्रीय विभाग
(६) त्रि.वि. सूक्ष्मजीव विज्ञान केन्द्रीय विभाग
(७) वन अनुसन्धान तथा सर्भे विभाग

(८) त्रि.वि. आर्थिक विकास तथा प्रशासनिक अनुसन्धान केन्द्र

(९) त्रि.वि. व्यवस्थापन क्याम्पस, मीनभवन

(१०) त्रि.वि. योजना महाशाखा

(११) त्रि.वि. केन्द्रीय पुस्तकालय, सदस्य सचिव

२. Core Team

Planning Team ले तयार गरेको नीति, नियम र निर्देशन कार्यान्वय गर्न र NepJOL को प्रशासनिक कार्य गर्न र नेपजोलमा समावेश हुने पत्रिकाका सम्पादकहरूसँग समन्वय राखी उनीहरूबाट प्राप्त पत्रिकाहरूको डिजीटाइज फर्मलाई व्यवस्थित गरी Web मा Loading गर्ने कार्यका लागि निम्नलिखित मुख्य ३ जनाको एक समिति हुनेछ ।

क) संयोजकः

प्रमुख, त्रि.वि. केन्द्रीय पुस्तकालय

ख) प्राविधिकः

Healthnet Nepal बाट १ जना

ग) प्रशासनिक कार्य

उप लाइब्रेरियन १, त्रि.वि. केन्द्रीय पुस्तकालय

G. NO 1134

पत्रिकाको गुणस्तर

यसमा समावेश हुने जर्नलहरूको लेख Peer reviewed, Editorial reviewed र नियमित हुनुपर्ने प्रावधान रहेको छ । हाललाई प्रकाशित पत्रिकाहरू स्तरीय अंग्रेजी भाषामा हुनुपर्ने अनिवार्य छ ।

Promotion: प्रकाशित जर्नलको विकासका लागि समय समयमा पत्रिकामा विज्ञापन गराउने, पत्राचारबाट पनि जानकारी दिने र त्यसको गुणस्तर बढाउन आवश्यक पर्ने सूचना पनि दिइने छ ।

Website: NepJOL का लागि एउटा अलग्गै Website को व्यवस्था INASP ले गरिदिने छ । हाललाई यससम्बन्धी प्राविधिक जनशक्ति उपलब्ध

नभएकाले प्राप्त पत्रिकाहरूको डिजिटाइज लेखहरू INASP/PERI ले नै लोडिङ गरिदिने प्रावधान रहेको छ।

Training: पत्रिकाहरूको लेख, लेखसार आदि Web मा आफैले राख्नका लागि पुस्तकालयका केही प्राविधिक कर्मचारीहरू र पत्रिकाका सम्पादकहरूलाई Loading र व्यवस्थापन गर्न आवश्यक जानकारी INASP/PERI ले दिलाउने कार्यक्रम रहेको छ।

Budget: यस कार्यक्रमका लागि आवश्यक पर्ने सम्पूर्ण रकम हाललाई INASP/PERI ले नै उपलब्ध गराउने छ। पत्रिकाहरू आफै सक्षम र क्षमतावान् भएपछि सो कार्य पूर्णतया आफैले सम्हाल्नुपर्ने छ।

INASP Support: यो कार्यक्रम INASP ले नै सुरु गरेको हुँदा समय समयमा आइपर्ने कार्यका लागि चाहिँदो सहयोग INASP बाट प्राप्त हुनेछ।

समावेश हुन मञ्जुरी पत्रः

यस कार्यक्रममा समावेश हुने मुख्य २० वटा पत्रिकाहरूको सम्पादकलाई अगष्ट २८-३०, २००६ सम्म INASP/PERI का २ जना विशेषज्ञहरूबाट ३ दिनको तालीम प्रदान गरी जानकारी दिलाइएको र यस NepJOL कार्यक्रममा समावेश हुन आवश्यक पर्ने पत्रिकाको विषयसूची, लेखसार र Full Text ऐच्छिक उपलब्ध गराउनका लागि पनि सम्पादकहरूबाट मञ्जुरी लिने कार्यसमेत भएको छ।

यो सम्पूर्ण कार्यक्रम ल्याउनमा त्रि.वि. केन्द्रीय पुस्तकालयका प्रमुख श्री कृष्णमणि भण्डारीज्यूको अथक प्रयास रहेको छ। आशा छ यो उपयोगी कार्य छिट्टै सञ्चालन भै स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूलाई सहयोग हुनेछ।

सन्दर्भ सूचीः

Proposal on Implementation of NepJOL (Nepali Journal Online) Programme, Submitted by T.U. Central Library, Kirtipur, Kathmandu, June 2004.

डि.आर. रेग्मी : राजनीति र इतिहास सँगसँगै

✍ जगदीशचन्द्र रेग्मी

आरम्भिक कथन

डिल्लीरमण रेग्मी अत्याधुनिक युगका एक विशिष्ट व्यक्तित्व हुनुहुन्थ्यो जो ५ वर्षअघि (सन् २००१) सम्म जीवित हुनुहुन्थ्यो । उहाँको व्यक्तित्व र नेपाल देशलाई उहाँका देनबारे विचार गर्ने यो संक्षिप्त लेखको उद्देश्य हो यसैले यस लेखमा सुलभ सूचनाहरूको प्रयोग गरिएको छ । खास गरी परिश्रमसाध्य सूचनाहरूको संकलन गरी श्री रेग्मीज्यूको बारेमा लेख्न खोजेमा लेखले विस्तृत जीवनीको रूप लिने हुनाले यो जिम्मेवारी अरू सम्भावित जीवनीकारलाई छोडिएको छ । ज्ञात सूचनाअनुसार २१ वर्षको उमेरमा सन् १९३४ मा भारतमा राजनीतिक गतिविधि गरेको घटनालाई केन्द्रविन्दू मान्ने हो भने त्यस उमेरसम्म उहाँको विद्यार्थी जीवन र त्यसपछिका ६६/६७ वर्ष उहाँको राजनीतिक र लेखकीय गतिविधिको अवधि मान्नुपर्दछ । पछिल्ला घटनाको प्रामाणिक ज्ञान नेपाल र भारतका पत्रपत्रिकाका समाचार तथा सम्बद्ध विषयका ग्रन्थहरूबाट हुन्छ र यस्ता स्रोतहरूको उपयोग गर्ने हो भने रेग्मीज्यूको जीवनी छर्लङ्ग हुने थियो । परिश्रम, श्रम र समयसाध्य त्यो पक्षतिर ध्यान नदिई आफूले अनुभव गरेका र सुने जानेका सूचना र एकमात्र ग्रन्थलाई आधार स्रोत बनाई यो लेख तयार परिएको छ । यस लेखको लेखकले एकपल्ट मात्र रेग्मीज्यूसँग भेट गर्न पाएको र त्यसबेला पनि उहाँसँगबाट खास कुनै विषयमा कुरा गर्ने अवसर नपाएको पनि यहाँ स्पष्टीकरण गरिन्छ ।

राजनीतितिर[1]

लम्जुङ पुर्ख्यौली घर भएका पण्डित रोहिणीरमण रेग्मीले सन् १९२१ मा आफ्नी छोरी खगकुमारीको विवाह नायव बडागुरुज्यू पण्डित हेमराज पाण्डेसँग

गरिदिएर आफ्ना छोरा डिल्लीरमण रेग्मीलाई भावी जीवनको मार्गचित्र पनि कोरिदिएको बुझ्न गाह्रो पर्दैन ।

दिदी खगकुमारीको विवाह हुँदा डिल्लीरमण रेग्मी आठ वर्षका थिए र उनको शिक्षा प्राप्तिको उमेर भइसकेको हुनाले काठमाडौंमै रही प्रारम्भिक शिक्षा लिन थाले । यस कोणमा आइपुगेर डिल्लीरमण रेग्मीको जीवनीको खोतलखातल गरे तथ्य अगाडि आउनु आवश्यक देखिन्छ । तर अनुमान गर्न सकिन्छ कि उनले काठमाडौंमै स्कूलको पढाइ गरेको भए दिदीको घरमा बस्न छोडेर डेरामा अवश्य बस्ने थिएनन् ।

डिल्लीरमण रेग्मीले दिदीको घरमै बसेर पढेको भए उनी उतिबेलाका डबल राणा (श्री ६) राजगुरु हेमराज पाँडेको प्रत्यक्ष निगरानीमा रहेका र बाहिर बसेको भए पनि उनी राजगुरुको प्रभावबाट धेरै बाहिर थिएनन् भन्न अवश्य सकिन्छ । उक्त दुई पर्यायमध्ये जे तथ्य भए पनि त्यस सम्बन्धको दुई किसिमको प्रभाव डिल्लीरमण रेग्मीको भावी जीवनमा परेको बुझ्न सकिन्छ । उक्त दुई प्रभावमध्ये एक सकारात्मक र अर्को नकारात्मक छ । सकारात्मक पक्ष हो, डिल्लीरमणमा विद्या-व्यसन र त्यसको उच्च परिणति विद्वत्ता र इतिहासकारिता । आफ्ना भिनाजुलाई राणा शासनका एक स्तम्भको रूपमा देख्दा रेग्मीलाई उल्टो प्रतिक्रिया भएको र उनी पनि पछि गएर राणाशासनको विरोधमा राजनीतिमा हर्ताकर्ता भएर निस्के । डिल्लीरमण रेग्मीले विद्यार्थी अवस्थामै राजनीति गर्न थालेको र आफैंले नेपाली राष्ट्रिय काँग्रेस पार्टी पनि खोले र नेतृत्व तहमा गतिविधि गर्न थाले ।

राजनीतिक क्षेत्रमा डिल्लीरमणको विशेषता र योगदान के के हुन् यसको सरल र सजिलो जवाफ छैन । राजनीतिक क्षेत्रमा अन्य गतिविधिको अतिरिक्त भारतमा- भारत छोडो आन्दोलन (Quit India Movement) मा भाग लिई जेलयात्रा, नेपालमा धेरै राजनीतिक शिष्यहरू तयार पार्ने जस्ता काम उहाँले गर्नुभएको देखिन्छ । उहाँका राजनीतिक शिष्य वा सहकर्मीमा पूर्णबहादुर 'मानव', केदारमान व्यथित तथा धर्मरत्न यमी तथा कीर्तिनिधि विष्ट आदि

थिए ।[२] यी व्यक्तित्वहरूको आ-आफ्नो किसिमको स्थान छ तर धर्मरत्न यमी यथार्थवादी र बोलक्कड नेताको रूपमा प्रसिद्ध थिए ।[३] माथि उद्धृत सही सन्देश पत्रिकामा प्रकाशित नेपाली राष्ट्रिय कांग्रेसको २४ मार्च सन् १९५७ को दिन तीनधारा पाकशाला अगाडिको मैदानमा भएको आमसभामा उहाँले गरेको भाषणको रिपोर्टिङमा परेको निम्न उद्धृत अंश ज्यादै उल्लेखनीय र सान्दर्भिक छ :- *"पहिले यथा राजा तथा प्रजा थियो । तर अहिले प्रजातान्त्रिक जमानामा यथा प्रजा तथा राजा नत्र भने जाला ।"* ज्यादै क्रान्तिकारी व्यक्तित्वका धनी धर्मरत्न यमी[४]को राजनीतिक उत्तराधिकार हाल उहाँकै छोरी श्री हिसिला यमीमा देख्न पाइएको छ ।

राजनीतिमा सक्रियता देखाएवापत डि.आर. रेग्मी एकपल्ट मन्त्री पनि भए । ७ सालदेखि ६३ सालसम्म च्याँखेदाउमा पर्ने कति मन्त्री भए गन्ती नै छैन र डि.आर. रेग्मीलाई पनि त्यस्तै बेगिन्ति मन्त्रीहरूकै लाममा राखेर मूल्यांकन गर्नु उहाँमाथि वास्तवमै अन्याय हुनेछ । किनभने उहाँको मातृत्वलाई अरूभन्दा ज्यादै फरक देख्ने व्यक्तिहरूको कमी छैन । अर्थात् उहाँको मातृत्वलाई निष्पक्षपाती सर्वोच्च उदाहरण गर्ने चलन पाइन्छ ।[५]

यस कुराका साक्षीहरूको संख्या अब धेरै घटिसकेको छ । आफूले थाहा पाएका दुई उदाहरण यहाँ दिइन्छ :

पहिलो उदाहरण :

पद्मकन्या कलेजमा खाली प्रिन्सिपल पदमा 'श्री अंगुरबाबा जोशीको नाम आएकोमा आफ्नो नाता पर्ने भए पनि उहाँलाई अनुभव नभएको भनेर हटाउनु भएछ र योग्य अनुभवीलाई उक्त पदमा राख्न स्वीकृति दिनुभएछ ।

डि.आर. रेग्मीको राजनीतिक धारणा र लक्ष्य सम्बन्धमा जिज्ञासा राख्दा संयोगले आफ्नो संकलनमा रहन आएको एक सूचनाको उद्धरण दिनु यहाँ पर्याप्त ठानिएको छ ।

यस लेखमा माथि उद्धृत गरिसकिएको सही सन्देश पत्रिकाको पृष्ठ ३ मा प्रकाशित नेपाली राष्ट्रिय कांग्रेसको सार्वजनिक सभाको रिपोर्टिङमा उक्त राजनीतिक पार्टीका अध्यक्षका रूपमा डि.आर. रेग्मीले बोल्नुभएको भनिएको भाषणको एक अंश तल उद्धृत गरिन्छ :-

"जबसम्म देशमा विधान परिषद्को चुनाव हुँदैन तबसम्म प्रजातन्त्र छ भन्न सकिँदैन्न । यो त निश्चय हो जनताले एकतन्त्रीय शासन खतम भयो भन्छ तर यो बाहिरिया मात्र हो, भित्री तवरबाट भएको छैन । सामन्ती प्रथा अरू खतम भएकै छैन । जनता होशियार हुन सकेन भने ठूलो पश्चात्ताप गर्नुपर्ने छ ।"

"हाम्रो देशमा विधान नबनेको हुनाले मात्र आज संसद र विधानको सवाल उठिरहेको हो । चुनाव विधानसभाकै निमित्त हुनुपर्दछ यसको विपक्षमा बोल्नेहरू प्रतिक्रियावादी हुन् ।"

"संसदले केवल एउटा पार्लियामेण्ट बोर्ड खडा गर्छ यसको अलावा अरू कुनै पनि श्रेय छैन र यसको महत्व पनि छैन । संविधानमा संसद्, धारा, सभा, ऐन कानून र राजा र प्रजाको अधिकार स्पष्टसँग उल्लेखित भएको हुन्छ ।"

"रुढीवादी विचारमा राजाको मुख हेरे पाप काटिन्छ भन्ने कुरा आज छैन । आज छ, विधान परिषद्को निर्णय । यदि विधान सभाले राजाको पक्ष या विपक्ष जे ठहर गर्दछ त्यही हुन्छ । यति भएमा मात्र प्रजातन्त्र सफलिभूत हुन्छ । यसो भएको खण्डमा मात्रै वैधानिक राजतन्त्र कायम हुन्छ ।"

माथि उद्धृत कुराबाट डि.आर. रेग्मी सात सालपछिको राजनीतिमा विधान सभाको चुनावको पक्षधर हुनुहुन्थ्यो भन्ने बुझिन्छ ।

यो संक्षिप्त लेख २०६३ को कार्तिक महिनाको अन्तिम हप्तामा लेख्न बस्दा नेपालको राजनीतिक वातावरणमा अन्य अनेकन् कुराका अतिरिक्त संविधान-सभासम्बन्धी प्रस्ताव र त्यसमा तर्क वितर्क चलिरहेको अवस्थामा डि.आर. रेग्मीको ५० वर्षजति अघिको विश्वास तुलनीय छ । आधा शताब्दीभन्दा

अघिदेखि चलेको संविधान-सभासम्बन्धी भावनाले हाल मूर्त रूप लिने अवस्था आइपुगेको छ ।

माथि उद्धृत डि.आर. रेग्मीको भाषणमा संविधान-सभाबाट पारित ऐन कानून नै यथार्थ कानून हुन्छन् भन्ने भनाइबाट ७ सालदेखि हाल २०६३ सम्मको अवधिमा नेपाल ऐन कानूनले हैन मनपर्दो किसिमले प्रशासित भई आएको रहेछ भन्ने पनि बुझिने भएको छ ।

सामाजिक र राजनीतिक रूपमा डि.आर. रेग्मी घोषित नास्तिक हुनुहुन्थ्यो तर आध्यात्मिक भने हुनुहुन्थ्यो किनभने आफ्नो पछिल्लो जीवनकालमा उहाँले महावीर, बुद्ध र महात्मा गान्धीको अध्यात्ममार्गमा तल्लीन भई विश्वशान्तिको कामनामा संलग्न हुनुभएका उदाहरण उहाँको पुस्तकालय भवनको प्राङ्गणमा स्थापित मूर्तिहरूले प्रमाणित गरेका छन् । आफ्नो जीवनकालमा उक्त अध्यात्मसम्बन्धी कतिपय गतिविधि पनि सञ्चालन गरेका घटना यहाँ स्मरणीय छन् ।

इतिहासतिर

अर्थशास्त्रका विद्यार्थी र विद्वान् भएर पनि डि.आर. रेग्मीले नेपालको इतिहास लेखनमा जुन योगदान दिनुभयो त्यो अतुलनीय छ भन्नु अतिशयोक्ति नहोला । तर डि.आर. रेग्मी इतिहासकार हुनमा उहाँको राजनीतितर्फको चाख नै थियो भन्ने अनुमान गर्न गाह्रो पर्दैन । ७ सालको क्रान्तिको परिप्रेक्ष्यमा राणाशासनको यथार्थताबारे एक साधारण किसिमको ग्रन्थ (A Century of Family Autocracy in Nepal) बाट सुरु भएको डि.आर. रेग्मीको इतिहास यात्रा पछि धेरै लामो चल्यो । ७ सालको क्रान्तिलाई उर्जा दिन त्यो किताब लेख्दा उहाँमा इतिहासकार हुनाका लक्षण ज्यादै कम थिए ।

७ सालको क्रान्ति सफल जस्तै भए पनि त्यसबेलाका अरू नेतालाई जस्तै डि.आर. रेग्मीलाई पनि नेपाललाई चिन्न पनि गाह्रो परेकोले होला प्राचीन र मध्यकालीन नेपालको संक्षिप्त इतिहास तयार भयो (Ancient and Medieval Nepal) ।

यत्तिकैमा १७ सालको राजनीतिक दुर्घटनाले सबै नेतालाई कि झ्यालखाना, कि सत्ताको कुर्सी वा घरमै थन्किने अवस्था आउँदा डि.आर. रेग्मीको प्राचीन नेपालसम्बन्धी किताब (Ancient Nepal) कलकत्ताबाट छापिँदै थियो ।

नेपालको राजनीतिले सिद्धान्तवादी नेताहरूको तपस्या, अरू कसरतको अपेक्षा गरिरहेको बेला इतिहासको अव्यक्त आवाजलाई आफ्नो किसिमले मुखरित गर्दै हुम्रुहुन्थ्यो उहाँ मध्यकाल र आधुनिक कालका ६ ठेलीका उपहार लिएर । त्यतिले नपुगेर उहाँले आफ्नो पुरानो अभिरुचिको विषय-प्राचीन नेपाललाई स्मार्ट आकार प्रकारमा उपहार ल्याएर नेपालको पहिचानलाई पूर्ण गरी छोड्नुभयो ।

विदेशीहरूको एकाधिकारमा पुगेको नेपालको इतिहास विषयले डि.आर. रेग्मीबाट सिलसिलेबार पूर्णता प्राप्त गरेको उपक्रमले समकक्षी रूपमा विश्वमानचित्रका कुनाकाप्चासम्म सम्बन्ध विस्तार पनि साथसाथै बढ्न थाल्नु आकस्मिकता मात्रै अवस्य नै नहोला ।

आफ्नो सबै इतिहास ग्रन्थ अंग्रेजीमा तयार पारेकोमा डि.आर. रेग्मीले नेपाल र नेपालीलाई विश्वसँग परिचय एकातिर गराउने श्रेय पाएको देखिन्छ भने अर्कोतिर नेपालका अंग्रेजी ज्ञाता केही बाहेक अरू किसिमकासँग उहाँ आफ्नै देशभित्र पनि अपरिचित झैं रहन पुग्ने हुनुमा उहाँलाई दोष दिन त सकिँदैन ।[६] उहाँको राजनेता पक्षले त्यो अभावको परिपूर्ति गरे पनि त्यो दोष पखाल्न गाह्रै देखिन्छ ।

राजनीतिक क्षेत्रमा छिटोछिटो लक्षण परिवर्तन भइरहने देखेर डि.आर. रेग्मीले स्वाध्याय, मनन र अनुसन्धान पक्षलाई स्थायी अभिरुचि बनाएकैले होला स्वतन्त्र पुस्तकालयको विकास गर्नुभएको बुझिन्छ । एक त इतिहास विषयको राजनीतिसँग घनिष्ठ सम्बन्ध रही आएको पाइन्छ । स्वतन्त्र भारतका पहिला प्रधानमन्त्री पण्डित जवाहर लाल नेहरूले ज्वलन्त उदाहरण प्रस्तुत गर्नुभएकै छ ।

नेपालमा सार्वजनिक शिक्षा ज्यादै अबेर सुरु भएको कारणले गर्दा विषयगत विशेषज्ञताको अवस्था हालसाल मात्र विस्तारै आइपुगेको अनुभव गरिँदै छ। नेपालको इतिहास लेखन सम्बन्धमा कुरा गर्दा पूर्वोक्त अवस्थाले अझै पनि आफ्नो प्रभाव नछोडिसकेकोमा ६० वर्ष जति अघि डि.आर. रेग्मीले नेपालको इतिहास लेख्न थाल्नुहुँदाको स्थितिको अन्दाजी गर्न सकिन्छ। त्यति मात्रै हैन केही सुविधा सम्पन्नहरूले नेपालको इतिहासमा कलम चलाउने प्रयास गर्दा बिलकुलै नयाँ वातावरणको सिर्जना गर्नुपरेको बुझिन्छ। स्वयं डि.आर. रेग्मीले नेपालको इतिहास तयार पार्न आफ्नो सम्पत्तिको ठूलो भाग होम्नुपरेको त स्पष्टै छ। डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको वर्तमान आकार-प्रकार र भव्यताले उक्त कुरो प्रमाणित भएको छ। राष्ट्रपति यो अतुलनीय देनको अहिले ठीक ठीक मूल्यांकन गर्नेबेला भएजस्तो लाग्दैन[७] किनभने त्यसको व्यवस्थापकीय पक्षले विभिन्न योजनाहरूको परिकल्पना गरिरहेको बुझिन आएको छ।

एक इतिहासकारको पुस्तकालयमा इतिहास र खास गरी नेपालको इतिहाससँग सम्बन्धित सामग्रीकै अधिकता हुने अन्दाजी गर्दा (किनभने यस पुस्त्रकालयको अवलोकन गर्ने अवसर अहिलेसम्म पाएको छैन) यो सेवाले डि.आर. रेग्मी अमर हुनुभएको छ। त्यस पुस्तकालयमा सुरक्षित पाण्डुलिपिहरू र पहिले प्रकाशित दुर्लभ किताबहरूले गर्दा नेपालको इतिहास लेखनको एक महत्वपूर्ण केन्द्र हुने छ। अर्थात् डि.आर. रेग्मी आफूले मातृभूमिको सेवाको साथसाथै ज्ञानयज्ञको अजस्र ज्योति बालेर छोड्नुभएको छ।

जहाँसम्म इतिहासकारको रूपमा डि.आर. रेग्मीको स्थानको प्रश्न छ, एउटै इतिहासकारले प्राचीनदेखि आधुनिककालसम्मको विस्तृत इतिहास लेख्ने काम उहाँलेबाहेक अरूले नेपालमा गरेका छैनन्।[८] ज्यादै साधन स्रोत सम्पन्न विदेशीहरूले पनि यस्तो काम गर्न सकेको देखिएको छैन।

इटालीका प्रसिद्ध प्राव्यविद् जिसेप टुचीका एक शिष्य एल.पेटेकले डि.आर. रेग्मीको Ancient and Medieval Nepal को उदाहरणलाई सन् १९५८ मा

प्रकाशित आफ्नो Medieval History of Nepal ग्रन्थको भूमिकामा डि.आर. रेग्मीतर्फ व्यङ्ग गरेका थिए । यस्ता अप्रकाशित ऐतिहासिक सामग्रीहरू भएको देशको ज्यादै सरल इतिहास लेखेको भनेर । तर त्यस्तो भनेको करीब ७-८ वर्षपछि रेग्मीज्यूले पेटेकको पूर्वोक्त किताबभन्दा तेब्बर आकारको त्यही काल विषयमा 'डकुमेन्टेसन' साथै विश्लेषण समेत प्रकाशित मात्रै गर्नुभएन त्यसपछिको मल्लकाल विषयमा समेत विशाल *काप* ग्रन्थ संसारलाई उपहार दिई छाड्नुभयो । उहाँले निकै पछि भए पनि टुचीका अर्का शिष्य नोली (Gnoli) को लिच्छविकालका शिलाखेलसम्बन्धी किताबको जवाफमा त्यही विषयको राम्रो किताबको प्रकाशन गराई छाड्नुभएको विषय इतिहासप्रेमीहरूलाई अवगत नै छ ।

अन्त्यमा,

माथि डि.आर. रेग्मीको व्यक्तित्वका दुई मुख्य गुण- राजनीति र इतिहासकारिता सम्बन्धमा छोटकरी चर्चा गर्न सकिएको छ । विस्तृत जीवनी नै तयार पारेर प्रेरणाका एक वलिष्ठ स्रोतको रूपमा मूल्यांकन गर्नुपर्ने एक विशाल व्यक्तित्वको ठीक-ठीक मूल्यांकन यस लेखमा हुन सकेन होला तर मुख्यतया उहाँप्रतिको श्रद्धाभाव व्यक्त गर्न मात्रै यस्तो लेख लेख्ने हठ गरिएको हो । सुने-सुनाएका केही कुरालाई यहाँ प्रमाण मानिएको छ, त्यसका कतिपयको असहमति हुन सक्दछ ।

डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका वर्तमान प्रशासक डा. विष्णुहरि नेपाल (पूर्व राजदूत-जापान) तथा उक्त संस्थाका सदस्य-सचिव श्री पशुपतिनाथ अधिकारीबाट यो लेख लेख्ने अवसर उपलब्ध गराउनुभएकोमा धन्यवाद दिन चाहन्छु ।

पादटिप्पणी :

१ दिनेशराज पन्त, "मन्तव्य", कमलमणि दीक्षित, खोक्रो कल्ली, जगदम्बा प्रकाशन, ललितपुर, २०५७ पृ.क.

२ सही सन्देश, नेपाली दैनिक, सं. जनकमान श्रेष्ठ, वर्ष १, अंक ५२, २४ मार्च सन् १९५७, पृ. ३ मा प्रकाशित 'सामन्ती प्रथा हटाउनै पर्छ' भन्ने शीर्षकको रिपोर्ट र पृष्ठ २ को सम्पादकीयमा निहित सूचनाको आधारमा ।

३. पञ्चायत कालमै यस लेखका लेखकले एकपल्ट उहाँसँग भेट गर्ने मौका पाएको थियो । दरबार हाइस्कूलका हेडमास्टर श्री गोपाल तण्डुकार (हाल स्वर्गे) सँग घुम्दा कमलादीमा धर्मरत्नजी भेटिनुभयो । गोपालमानजीले परिचय गराएपछि तत्कालीन राजनीतिको चर्चा चल्दा यमीजीले त्यहीँ बाटोमा हात हल्लाई हल्लाई ठूलो स्वरमा 'पञ्चायती प्रजातन्त्र त स्याउले तन्त्र हो !' भन्नुभएको स्मरणीय छ ।

४. धर्मरत्न यमीले ७ साल र त्यसपछिको राजनीतिक घटनाहरूबारे एउटा ज्यादै क्रान्तिकारी किताब लेखी प्रकाशित गर्नुभएको थियो । तत्कालीन सरकारले त्यसलाई आपत्तिजनक मानेर प्रतिबन्ध लगाएको थियो । त्यतिखेर काठमाडौंमा त्यो किताव लुकाएर घर-घरमा ल्याएर ठूलो चाख मानेर पढिएको यस लेखको लेखकलाई केही सम्झना छ ।

५. यस कुराका साक्षीहरूको संख्या अब धेरै घटिसकेको छ । आफूले थाहा पाएका दुई उदाहरण यहाँ दिइन्छ :

पहिलो उदाहरण : पद्मकल्या कलेजमा खाली प्रिन्सिपल पदमा 'श्री अंगुरबावा जोशीको नाम आएकोमा आफ्नो नाता पर्ने भए पनि उहाँलाई अनुभव नभएको भनेर हटाउनु भएछ र योग्य अनुभवीलाई उक्त पदमा राख्न स्वीकृति दिनुभएछ ।

दोस्रो उदाहरण : यस लेखका लेखकका परिवारभित्रका एक सदस्य माहिला बुवा श्री शेषराज रेग्मीसँग सम्बन्धित छ, पहिले बडागुरुज्यूको काममा माहिला बुवा र डि.आर. रेग्मी बम्बई पुग्नुभएको बेलामा एक दिन उहाँहरूबीच भनाभन, गालीगोफ्ता भई हात हाल्ने स्थिति आएर मित्रवत् व्यवहार अवरुद्ध भएको रहेछ । मन्त्री भएको बेलामा १०० रुपियाँ तलबको ज्यादै साधारण पदमा काम गर्न बाध्य माहिला बुबालाई उहाँको शिक्षा सेवाको कदर गर्दै बनारसमा हिन्दू विश्वविद्यालयको नेपाल चेयरमा भा.रु. २५० तलबमा उहाँले पठाउनुभएछ । त्यही बेलामा यो लेखक पनि बनारस जान पाई उक्त विश्वविद्यालयबाट एम.ए. र पि.एच.डि. गर्न पाएकोमा उहाँको घुमाउरो योगदान मान्नैपर्दछ ।

६. देशभित्रै रहेर बौद्धिक रूपले देश सेवा गरे पनि यस लेखकका आदरणीय दाजु श्री महेशचन्द्र रेग्मी (हाल स्वर्गे) ले पनि करीब ४०-४५ वर्ष नेपालको आर्थिक इतिहासबारे अनुसन्धान र प्रकाशन गरे पनि सबै काम अंग्रेजीमा भएकोमा समाजबाट पर रहेजस्तो अनुभव गरेर आफ्नो जीवनको अन्तिम भागतिर नेपाली भाषामा केही ग्रन्थको तयारी गर्दै हुनुहुन्थ्यो तर उहाँको असामयिक स्वर्गवासले उहाँको सो आकाङ्क्षाले मूर्त रूप लिन नसकेको यथार्थता छ ।

७ राणाको अनुदार शासनकालमा जनतालाई पुस्तकालय खोल्न मनाही थियो तर प्रत्येक शासन तहका परिवारमा पुस्तकालय हुन्थ्यो । यस्तै पुस्तकप्रेमीहरूमध्ये केशरशमशेर राणा र पं. हेमराज पाण्डे, राजगुरुले निकै ठूलै पुस्तकालयको विकास गरेका थिए । धनाढ्य रहेका अधिल्लाले घर जग्गासमेत आफ्नो पुस्तकालय सरकारलाई जिम्मा दिए पनि त्यसको अवस्था क्रमशः ह्रासतिर लम्किन थालेको र पछिल्ला (डि.आर. का भिनाजु)ले सन् १९५३ मा काशीवास जाँदा खर्चको निमित्त होला आफ्ना गायत्री शिष्य राजा त्रिभुवनलाई रु. १५ लाखमा बिक्री गरेर जिम्मा लगाइएकोमा त्यो पनि प्रतिदिन अव्यवस्थित हुँदै गएको देखेर डि.आर. रेग्मीले आफ्नो पुस्तकालयलाई केही फरक किसिमले सरकारको जिम्मा लगाउने विचार गरेको हुनुपर्ने देखिन्छ ।

८ बालचन्द्र शर्मा र ढुण्डिराज भण्डारी आदिले अप्राविधिक किसिमले नेपालको संक्षिप्त इतिहास प्रकाशित गरेका हुन् । उनीहरूको प्रयासको कुनै तुलना यहाँ गर्न सकिँदैन ।

नव नेपालको निर्माणमा डा. रेग्मीको सपना र सार्वजनिक पुस्तकालयको भूमिका

✍ जुजुभाई डंगोल

भूमिका

विक्रम सम्वत १९९० दशकमा भएका राजनैतिक घटनाहरू र २००७ सालको क्रान्तिले देशको विकास निर्माण र चेतना अभिवृद्धि गर्न ठूलो भूमिका खेलेको थियो । राजनैतिक क्षेत्रमा आएको परिवर्तनसँगै सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक र धार्मिक क्षेत्रमा व्यापक परिवर्तन र सुधारको सँगसँगै विश्व परिवेशसँग हातेमालो गरी अगाडि बढ्ने आमजनताको आकांक्षा र अभिलाषाले गर्दा २०३६ र २०४६ मा राजैनैतिक आन्दोलन भएको थियो । यी राजनैतिक परिवर्तनसँगै देशमा विकासका पूर्वाधारहरूको निर्माणका साथै शिक्षा, स्वास्थ, संचार, यातायात, आदि क्षेत्रमा उल्लेखनीय प्रगति पनि भएको छ । हालै भएको जन आन्दोलन– २ (२०६२) ले प्रजातन्त्र (लोकतन्त्र) बहाली गर्ने काममा ऐतिहासिक फड्को मारेको छ ।

यी महत्वपूर्ण राजनैतिक घटनाक्रमका पछाडि आमजनताको आंकांक्षा र अभिलाषा मूर्तरूप दिन देशका राजनैतिक दलहरूका दर्शन र राजनेताहरूको प्रेरणादायी नेतृत्वले ठूलो भूमिका खेलेका थिए । प्रजा परिषद्, नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी, आदि राजनैतिक पार्टीहरूको गठन र नेतृत्व प्रदान गर्ने क्रममा सर्वश्री टंकप्रसाद आचार्य, विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल श्रेष्ठ, गणेशमान श्रेष्ठ, मनमोहन अधिकारी, मदन भण्डारी, आदिको विशेष योगदान रहेको छ । २०४६ सालको आन्दोलन र पछि अन्तरिम सरकारको नेतृत्व दिने श्री कृष्णप्रसाद भट्टराई र हालै भएको जन आन्दोलन– २ को नेतृत्व गर्ने श्री गिरीजाप्रसाद कोइरालाको योगदान पनि सह्रानीय छ । राजनैतिक

परिवर्तनका साथै बौद्धिक क्षेत्रको विकास हुनु नितान्त आवश्यक छ र प्रजातन्त्रको स्थायित्वका लागि जनता शिक्षित, सुसूचित र सुसंस्कृत हुनुपर्ने कुरामा जोड दिंदै डा. डिल्लिरमण रेग्मीले राजनैतिक क्षेत्रमा भन्दा अनुसन्धान र अध्ययनको क्षेत्रमा पछिल्लो जीवन व्यतीत गर्नुभएको कुरा यहाँ स्मरण गर्नु उपयुक्त देखिन्छ ।

नब्बे सालताकाको राजनैतिक घटनाक्रमको आधारशिलाको रूपमा पुस्तकालयहरूको गठन र पुस्तकालयमार्फत् ज्ञानको ज्योति बढाउनुका साथै राजनैतिक विचारहरू प्रचारप्रसार गर्ने काम देशका कुना-काप्चासम्म भएको पाइन्छ । त्यसबेला खोलेका धेरै सार्वजनिक र सामुदायिक पुस्तकालयहरू बन्द भैसकेको भए तापनि केही पुस्तकालयहरू जसोतसो गरी सञ्चालन भैरहेका छन् र ऐतिहासिक निधिको रूपमा स्थापिन हुन सफल पनि भएका छन् । सार्वजनिक पुस्तकालयहरूको स्थापनासँगै केही विद्धतवर्गहरूले निजी पुस्तकालयहरू पनि खोल्ने रहर गरेको पाइन्छ । व्यवस्थित रूपमा सञ्चालन भएका निजी पुस्तकालयहरूमा केशर पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, र डा. रेग्मीको पुस्तकालय अग्रस्थानमा रहेका छन् । डा. रेग्मीले पुस्तकालय क्षेत्रमा गरेको अतुलनीय योगदानलाई कदर गर्दै विक्रम सम्वत २०४९ मा नेपाल पुस्तकालय संघले "सरस्वती पुरस्कार"बाट सम्मान गरेको थियो ।

डा. डिल्लिरमण रेग्मीको व्यक्तित्व

काठमाडौंको किलागल टोलमा वि सं १९७० पौष ३ गते बुधवार (सन् १९१३ डिसेम्बर १७) मा जन्मनुभएका डा. डिल्लिरमण रेग्मीको २०५८ भाद्र १४ गते बिहिबार स्वर्गारोहण भएको थियो । अन्तर्राष्ट्रिय शान्ति, समझदारी तथा विकास विषयक संस्था, बुद्ध गान्धी प्रतिष्ठान, नेपाल विश्व शान्ति समिति, नेपाल अफ्रो एसियाली जनएकता समिति, अन्तर्राष्ट्रिय समझदारी प्रबर्द्धन समिति, गान्धी अन्तराष्ट्रिय शान्ति केन्द्र, गौतम बुद्ध प्रतिष्ठान, नेपाल इतिहास संघ, आदि संस्थाका संस्थापक सदस्य र अध्यक्षसमेत हुनुभएका डा. रेग्मी नेपालको पुस्तकालय विकासको इतिहासका एक सुयोग्य एवं प्रेरणादायी व्यक्तित्व हुनुहुन्थ्यो ।

शान्ति र अहिंसाका प्रतिपादक महावीर जैन, गौतम बुद्ध तथा शान्ति र अहिंसालाई निरन्तरता दिने अग्रदूत महात्मा गान्धीबाट प्रभावित र राजनीतिमा स्वच्छता, शान्ति, मानव विकास, धार्मिक समन्वयको आवश्यकतामा सदैव जोड दिनुहुने डा. रेग्मीको जीवनी नै साँच्चै नै राजनीतिका विद्यार्थीहरूलाई एउटा पाठ्यक्रम हो, पाठ्यपुस्तक हो ।

डा. रेग्मीले जीवनपर्यन्त विश्व शान्ति र देशको बिग्रदो स्थिति, युद्ध, हिंसा, माओवादी समस्या र आतंकलाई शान्त गर्ने विषयमा बोल्दै र अपील गर्दै रहनुभयो । उहाँ देशमा बढ्दै गएको कुशासन, भ्रष्टाचार र स्वार्थी राजनीतिप्रति ज्यादै चिन्तित हुनुहुन्थ्यो । साधा जीवन, उच्च अध्ययन, गहिरो चिन्तन, देशप्रेम र त्याग गर्न सक्ने क्षमता भएका डा. रेग्मीले बेलाबखत दिनुभएका केही विचारहरू :

- *सत्य, अहिंसा, भातृत्व र आपसी समझदारीमा मेरो विश्वास छ । नेपाली नेपाली दाइ भाइहरूबीच चलिरहेको हत्या र आतंकले मेरो मुटु चिरिएको छ । माओवादीहरू पश्चाताप मानेर वार्ता गर्न आएमा वार्ता हुनुपर्छ । घृणालाई प्रेम र सद्भावनाले मात्र मेटाउन सकिन्छ । बुद्ध जन्मेको शान्तिको सन्देश दिएको देशमा हिंसा र हत्या हुनु साह्रै दुःखदायी कुरा हो । राजनीति, व्यक्तिगत, पार्टीगत स्वार्थका लागि होइन, राष्ट्रिय हितका लागि हुनुपर्छ ।*

- *आपसमा भ्रातृत्व भाव र समझदारी राख । गौतम बुद्ध र गान्धीले फैलाएको सत्य र अहिंसाका सन्देश मनन गर र यसलाई जीवनमा प्रयोग गर । आजको भयावह परिस्थितिमा समाज, राष्ट्र र विश्वलाई अहिंसा र शान्ति अपरिहार्य छ ।*

- *सेवा नै धर्म हो, धर्म नै सेवा हो, सेवा र धर्म एक आपसमा परिपूरक हुन् ।*

माओवादी समस्या र अशान्तिले उहाँलाई पोलेको थियो र त्यसको निदानको निम्ति उहाँ ओछ्यानबाटै भए पनि मध्यस्तथा गर्न तयार हुनुहुन्थ्यो । "मुलुक बर्बाद भएको म देख्न सक्दिन" भन्ने यी जेष्ठ अग्रज गान्धीवादी राजनेता वास्तवमा अहिंसावादी र शान्तिबाट समस्या समाधान हुने कुरामा विश्वस्त हुनुहुन्थ्यो । राजनीतिक परिवर्तन र सुधारका लागि सदैव अहिंसात्मक आन्दोलन र संघर्षमा विश्वास गर्नुहुने डा. रेग्मीको आदर्श व्यवहार हो, "सादा जीवन उच्च विचार" ।

डा. डिल्लीरमण रेग्मी ट्रष्टको स्थापना (२०५३)

"पुरानो कोट लगाउ नयाँ पुस्तक किन" भन्ने भनाइलाई अनुसरण गरी डा. रेग्मीले २००९ सालमा नै पुस्तकालय बनाउने अभियान सुरु गर्नुभएको हो । २०३७ सालमा डा. डिल्लीरमण रेग्मी कल्याणी रेग्मी पुस्तकालय, संग्रहालय तथा अनुसन्धान केन्द्रको नाम दिएर श्री ५ वीरेन्द्रको बाहुलीबाट पुस्तकालयको उद्घाटन गराउनु भई पुस्तकालयको विस्तार र विकास गर्दै जानुभयो । सर्वसाधारण व्यक्ति, विद्यार्थी बुद्धिजीवी तथा अनुसन्धानकर्ताहरूले उपयोग र प्रयोग गर्न पाउन् भन्ने प्रबल इच्छा राखी २०३८ मा रु. १० करोड मुल्यांकन भएको उक्त पुस्तकालय, संग्रहालय तथा पुस्तकालय परिसरभित्रका मूर्ति लगायत सम्पूर्ण सम्पत्ति श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई दान गरी हस्तान्तरण गर्ने वचन दिनुभएको थियो ।

२०६० श्रावण १२ गते "डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति" को गठन भई यसै समितिअन्तर्गत हाल पुस्तकालय सञ्चालन भै आएको छ । २०६१ पौषमा नै यस पुस्तकालयमा २५ हजारभन्दा बढी पुस्तक, पत्रपत्रिका, पुरातात्विक मूर्ति तथा अन्य ऐतिहासिक सामग्रीहरू रहेका थिए । विकास समितिले दैनिक पुस्तकालय सञ्चालन गर्नुको अलावा डा. रेग्मीको जीवन र दर्शन सम्बन्धमा प्रचार प्रसार गर्ने, डा. रेग्मीको जन्मजयन्ती मनाउने, शान्ति तथा अहिंसा पुरस्कार प्रदान गर्ने, शान्ति, अहिंसा र अन्तर्राष्ट्रिय भाइचाराको क्षेत्रमा डा. रेग्मीको योगदानबारे अध्ययन गर्न बार्षिक १० हजारको

छात्रवृत्ति दिने एवं शान्ति, अहिंसा र मानवीय मूल्यमा आधारित गोष्ठी, सेमिनार, छलफल आदि गर्ने लक्ष लिएको छ ।

सामाजिक रूपान्तरको क्रममा सार्वजनिक पुस्तकालयको भूमिका

नेपालमा पुस्तकालयको इतिहास लामो छैन । प्रथमतः गीर्वाण युद्ध विक्रम शाहले वि सं १८१२ मा लालमोहर जारी गरेर पुस्तकालय स्थापना गरेको पाइन्छ । राणाकालीन समय सन् १८४७ देखि १९५१ को अवधी भने पठनपाठनको हिसावले कालो युग नै भयो । त्यस समयमा सार्वजनिक शिक्षालय, पुस्तकालय जस्ता संस्था स्थापनाबाट वञ्चित नै रह्यो । भीमसम्शेरको शासनकाल वि सं १९८६ मा पुस्तकालय पर्व भयो । राणा प्रधानमन्त्री वीरशमशेरको पालामा घण्टाघर पुस्तकालय खुलेको र पछि वीर पुस्तकालयमा रूपान्तरण हुँदै सन् १९६८ मा यसलाई राष्ट्रिय अभिलेखालयमा समाहित गराइएपछि यसको नाम विलिन भएको देखिन्छ । २००७ सालमा प्रजातन्त्रको प्रार्दुभाव पछि भने समाजसेवीहरूको अगुवाइमा देशभर विद्यालय एवं पुस्तकालयहरू खोल्ने लहर नै चल्यो ।

विभिन्न शैक्षिक संस्था, कार्यालय, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय संस्थाका उद्देश्य र कार्यलाई सहयोग गर्न स्थापित पुस्तकालयबाहेक वि सं २०६० सम्म पनि श्री ५ को सरकारको तर्फबाट समाजका विभिन्न वर्ग, समुदाय, जातजाती, पेशा र उमेरका दृष्टिले विभिन्न तहका जन समुदायलाई आफ्नो व्यवसाय, रुची र शैक्षिक स्तर वृद्धि गर्न आवश्यक पर्ने सूचना उपलव्ध गराउन सार्वजनिक पुस्तकालय सेवा स्थापनासम्बन्धी पहल भएको पाइँदैन । यससम्बन्धी कुनै कानूनको निर्माण भएको छैन । युनेस्कोले हरेक सदस्य राष्ट्रमा सार्वजनिक पुस्तकालय सेवा उपलब्ध गराउन सन् १९९४ मा Public Library Manifesto जारी गरेको छ तर श्री ५ को सरकारले त्यस :Anifesto सम्बन्धमा कुनै कार्य गरेको पाइँदैन ।

स्वतन्त्रता, समुन्नति र विकास गर्न पाउने हरेक मानव र समाजका अविच्छिन्न अधिकार हुन् । सुसूचित नागरिक मात्र प्रजातान्त्रिक अधिकारको प्रयोग गर्दै उल्लेखित अधिकार प्राप्त गर्न सक्षम हुन्छन् । गुणस्तरीय शिक्षा र सूचनामा निःशुल्क र निर्वाध पहुँचले मात्रै सही अर्थमा स्वतन्त्रताको प्रयोग र समून्नतिको ढोका खुल्न सक्छ ।

सार्वजनिक पुस्तकालयले मात्रै जीवनपर्यन्त अध्ययन गर्ने अवसर प्रदान गर्न सक्छ जसले हरेक नागरिकमा स्वतन्त्र निर्णय गर्ने क्षमता र सांस्कृतिक विकास गर्नमा मद्वत पुऱ्याउँदछ । सार्वजनिक पुस्तकालय सूचनाको स्थानीय केन्द्र हो जहाँ नागरिकको रुचीअनुसारका सूचना र ज्ञानका सामाग्री प्राप्त गर्न सकिन्छ । सार्वजनिक पुस्तकालय सेवा समाजका हरेक वर्ग, समुदाय, भाषाभाषी, जातजाती, पेशा, बालक, वृद्ध, धर्म, लिंगमा विना भेदभाव समानताको आधारमा प्रदान गरिन्छ । भाषिक भिन्नता भएकाहरू, अन्धा, अपाङ्ग र कैदीहरूलाई विशेष प्रकारको सेवा प्रदान गर्नु सार्वजनिक पुस्तकालयको विशेष जिम्मेवारी हो । समाजको हरेक तप्काका व्यक्तिले आफ्नो रुचीअनुसारका सामग्री प्राप्त गर्ने थलो भनेकै सार्वजनिक पुस्तकालय हो ।

सार्वजनिक पुस्तकालयको उद्देश्य देश र समाजका हरेक वर्ग र पेशागत समुदायको आत्मोन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारका पठनपाठन सामग्री समान रूपले सुलभ र सरल तरिकाबाट निःशुल्क उपलब्ध गराउने हुन्छ । सार्वजनिक पुस्तकालय हरेक देश, राजधानी वा सहरको गहनाको रूपमा रहनुका साथै बौद्धिक र भौतिक विकासका साथै शिक्षा र संस्कृतिको धरोहरको रूपमा रहेको हुन्छ । विशेष गरी सार्वजनिक पुस्तकालयहरू निम्न उद्देश्यहरूबाट अभिप्रेरित भएका हुन्छन् :

- ठीक र बेठीकको चेतना ल्याई समाजमा अनुशासित बन्दै आफ्नो उत्तरदायित्व पूरा गर्न सक्ने दक्षता मानिसमा ल्याउनु ।
- दक्ष जनताबाट अन्ततोगत्वा देशको नैतिक बल बढाएर यसलाई पूर्ण स्वावलम्बी बनाउनु ।

- देशका साक्षर जमातलाई शिक्षितमा परिणत गर्नु ।
- विकसित विद्युतीय सूचना सरसामाग्री तथा संयन्त्रहरूको व्यापक उपयोग गराएर विश्वव्यापी ज्ञान हासिल गर्न पाठकलाई सघाउनु ।
- समाजमा भएका धार्मिक बन्देज, आर्थिक वेमेल, सांस्कृतिक भिन्नता, जातिपातीको भेदभाव आदि प्रथालाई क्रमशः निर्मूल पार्दै लग्नु ।
- शैक्षिक ज्ञान र उपकरणको जानकारी दिलाई सम्पूर्ण जनतालाई विज्ञानतर्फ आकृष्ट गरी देशमा व्यावहारिक विज्ञानको विकास गराउँदै विकसित समाजको दाँजोमा देशलाई पुऱ्याउनु ।
- देशको चौतर्फी विकासका लागि आवश्यक पर्ने शैक्षिक सामग्री जुटाई समाजमा यसको पूर्ण फैलावट गरी जति सक्यो कम समयमा धेरै शैक्षिक, विद्धता र प्रविधिका उपलब्धी हासिल गर्न सक्ने स्थितिको सिर्जना गर्नु ।

सिद्धान्ततः सरकारबाट जनहितको दृष्टिलाई ध्यानमा राखी जनघनत्वका हिसावले आवश्यक ठानिएका ठाउँमा र देशको आर्थिक क्षमताले भ्याउने गरी सकभर बढी संख्यामा जन पुस्तकालय अथवा सार्वजनिक पुस्तकालयहरू खोलिन्छ । यसका लागि आवश्यक पर्ने अर्थको संकलन कर, दान दातव्य, आयकर, पुस्तकालय शुल्क आदिको रूपमा सर्वसाधारणबाट गरिन्छ । यसले जनताबाट अर्थात सदस्यहरूबाट अलग शुल्क नलिई निःशुल्क सेवा पुऱ्याउने गर्दछ । यसैअनुसार विकसित मुलुकहरूमा सर्वसाधारण जनताले आफ्नो रुची, क्षमता र विधा अनुसारका ज्ञान सामग्री र सही सूचना निर्वाधरूपले प्राप्त गर्न सकुन् भनेर राज्यले गाउँ र शहरहरूमा सार्वजनिक पुस्तकालय सेवा उपलब्ध गराएको हुन्छ ।

तर, हाम्रो देशमा गाउँको त के कुरा, काठमाडौं उपत्यकामा समेत देशले गर्व गर्न सक्ने सार्वजनिक पुस्तकालय स्थापना हुन सकेको छैन । एक तथ्यांकअनुसार नेपालमा सार्वजनिक पुस्तकालयहरू ६०० भन्दा बढी भए तापनि सही अर्थको सार्वजनिक पुस्तकालय पाउन गाह्रो छ । व्यवस्थित एवं प्रभावकारी सार्वजनिक

पुस्तकालय स्थापना गर्न सके शिक्षित र नैतिकवान जनताबाट प्रजातन्त्र सुदृढीकरण हुन सक्छ, प्रतिस्पर्धी एवं जीवनपर्यन्त अध्ययनशील नागरिकको वृद्धि हुन सक्छ, सुशासन प्राप्त गर्न सकिन्छ भन्ने धारणा बन्दै आएको हो ।

एकातिर देशमा द्रुततर गतिमा शिक्षा र साक्षरता, विद्यार्थीहरू र शिक्षण संस्थाहरूको संख्यामा उल्लेखनीय वृद्धि र अर्कोतिर विश्वव्यापीकरणतर्फ अग्रसर भइरहेको आजको विश्वमा प्रत्यक्ष सम्बन्ध स्थापित गरी देशको समग्र विकासमा योगदान पुऱ्याउनुपर्ने अवस्था छ । यसका लागि एउटा अन्तर्राष्ट्रिय र आधुनिक प्रविधिबाट सञ्चालित सार्वजनिक पुस्तकालयको स्थापना अति नै आवश्यक भएको महसुस हुनु स्वाभाविक भयो ।

माथिका अवधारणालाई मनन गरेर वि सं २०६० आषाढमा नेपालका विभिन्न व्यवसायका बौद्धिक समुदायको भेलाले काठमाडौंमा एक अन्तराष्ट्रिय स्तरको सार्वजनिक पुस्तकालय स्थापना गरी सेवा सुरु गर्न डा. नारायण खड्काको अध्यक्षतामा काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाजको स्थापना गरेको हो ।

अन्तराष्ट्रियस्तरको सार्वजनिक पुस्तकालयको रूपमा पूर्णता पाउन धेरै खुड्किलाहरू पार गर्न बाँकी नै भए तापनि जनचाहनाअनुसार तत्काल सीमित सेवाकै भए पनि २०६२ असारदेखि भृकुटी मण्डपभित्र एउटा भवन भाडामा लिई सार्वजनिक पुस्तकालय सेवा सुरु गरिएको छ ।

निष्कर्ष

नेपालमा आधुनिक शिक्षाको औपचारिक रूपले विकास हुन थालेको करिब ६ दशक हुन थालिसकेको छ । सुरुदेखि नै सरकारी लगानी पनि भैरहेको छ । तर, लगानी अनुसारको प्रतिफल अहिलेसम्म प्राप्त हुन सकेको छैन । सरकार र सरकारी विद्यालयहरूले पुस्तकालयको महत्वलाई बुझ्न सकेका छैनन् । जनस्तरमा पनि विभिन्न समयमा नेपालका कुनाकाप्चामा समेत पुस्तकालयहरू

स्थापना गरिएको हो तर पनि स्पष्ट दृष्टिकोण, उचित व्यवस्थापन र जनचेतनाको अभावमा यी पुस्तकालयहरूको अवस्था नाजुक हुँदै गएको छ ।

गाउँको विकासविना शहरको विकासले मात्र राष्ट्रको विकास सम्भव हुदैन । ग्रामीण जनताको शैक्षिक स्तर र चेतनाको स्तरमा वृद्धि नभएसम्म समग्र देशको अवस्थामा सुधार आएको मान्न सकिदैन । शैक्षिक अवस्था र चेतनाको कमीले गर्दा जनजातीहरूले पुर्खौंदेखि हतियार उठाएर आएको भए तापनि अवस्था नाजुक नै रहेको कुरा तलको उदाहरणबाट हेर्न सकिन्छ :

"पृथ्वीनारायाण शाहको पालादेखि नै जनजातीले हतियार उठाउँदै आएका हुन् । नेपाल एकीकरण ताकाको समय होस् वा २००७ सालको जनमुक्ति सेना, जनजातीले हतियार बोकेकै हुन् । विदेशी भूमिमा ब्रिटिश साम्राज्य फैलाउन रगत बगाउँदा होस् वा अहिलेको माओवादी राज्य युद्धमा, जनजातीहरूको हातमा बन्दुक कहिल्यै टुटेको छैन । तर, राज्य सत्तामा उनीहरूकै सहभागिता न्यून छ । शिक्षा र चेतनाविना अरूका लागि "गोलीको बोली" बोलिदिने जनजाती "बोलीको गोली" बोल्न सक्ने अवस्थामा पुग्न अझै पर्खनुपर्ने उनीहरूको शैक्षिक अवस्था, चेतना, जागरुकता हेर्दा थाहा लाग्दछ- जे.बि. पुनमगर, जातीय स्वशासनः मीठो जहर, हिमाल, १६–३०, फागुन २०६०)

सर्वसुलभ तरिकाले गुणस्तरीय शिक्षाको विकास गर्न र शिक्षालाई जीवनोपयोगी बनाउन पुस्तकालयको महत्वपूर्ण भूमिका छ । राम्रा शिक्षक, स्तरीय पाठ्यक्रम, शैक्षिक वातावरण, राम्रो प्रयोगशालासँगै व्यवस्थित पुस्तकालय गुणस्तरीय शिक्षाको अभिन्न अंग हो । पाठ्यक्रमको विविधता र सीमित आर्थिक श्रोतका बीच उच्च शिक्षा हासिल गर्ने र दक्ष बन्नैपर्ने बाध्यता आम नेपालीको भोगाइ हो । तैपनि पुस्तकालयको सुविधा भने छैन । पुस्तकालयलाई समयानुकूल परिष्कृत र दुरुस्त व्यवस्थापनमा राख्ने हो भने यसबाट बहुपक्षीय फाइदा लिन सकिन्छ । सामान्य सूचना प्रदान गर्नेदेखि लिएर नवीनतम सूचना प्रविधिको सर्वसुलभ उपयोगको अवसर पुस्तकालयमा प्राप्त हुन सक्दछ ।

यस सन्दर्भमा, ग्रामीण स्तरमा सार्वजनिक पुस्तकालयहरू स्थापना हुनु नितान्त आवश्यक भएकोले "एउटा गाउँ एउटा पुस्तकालय, एउटा विद्यालय एउटा पुस्तकालय" को अवधारणा नेपाल पुस्तकालय संघले अगाडि सारेको छ। ग्रामीण समुदायमा सूचनाको पहुँच पुऱ्याउने उद्देश्य लिएर स्थापना भएको ग्रामीण शिक्षा तथा विकास (रिड नेपाल) ले नेपालका विभिन्न जिल्लाहरूमा ३९ वटा सामुदायिक पुस्तकालयहरू स्थापना गरी सकेका छन् भने रुम टु रिडले प्रत्येक सरकारी विद्यालयहरूमा पुस्तकालय खोल्ने अभियान स्वरूप १२०० वटा विद्यालयहरूमा पुस्तकालय खोलिसकेका छन्। संविधान प्रदत्त सूचनाबाट सुसूचित हुने नागरिक अधिकारलाई सामुदायिक पुस्तकालय र स्कूल पुस्तकालयको माध्यमद्धारा आमजनताको घर दैलोमा पुऱ्याउनुपरेको छ। समाजलाई सुसूचित गर्नु तथा समाजको सकारात्मक रूपान्तरणमा मार्ग निर्देशनको काम पनि पुस्तकालयले गर्नुपर्दछ। ५२ प्रतिशत साक्षरता भएको र ६० प्रतिशतभन्दा बढी जनता गरिबीको रेखामुनि रहेको अवस्थामा पुस्तकालयको भूमिका झन् महत्वपूर्ण हुन्छ।

नीति निर्माता, योजनाविद्, शिक्षाविद्हरूले समेत पुस्तकालयको भूमिकालाई हलुका ढंगले लिने गरेको र दशौं पञ्चवर्षीय योजनामा आइपुग्दासम्म पनि पुस्तकालय विकासको दरिलो योजना, नीति नहुनु दुःख लाग्दो कुरा हो। सामुदायिक पुस्तकालयहरूको दिगो विकासका लागि सरकार तर्फबाट नै ऐन, नियम, नीति तर्जुमा गरी कार्यान्वयन हुनुपर्दछ। स्थानीय सरकारका आर्थिक श्रोतको केही प्रतिशत पुस्तकालय विकासको लागि अनिवार्य रूपमा खर्च गर्ने व्यवस्था पनि हुनुपर्दछ।

देशभित्रका सार्वजनिक पुस्तकालयहरूको संस्थागत विकास र संरक्षण गर्ने एवम् तिनीहरूको यथार्थ तथ्यांक संकलन गर्नु अति आवश्यक रहेको छ। आजको बदलिंदो परिस्थितिमा सार्वजनिक पुस्तकालयहरूको वर्तमान अवस्था, तिनीहरूमा देखिएका चुनौति र सम्भावनाहरूबारे व्यापक छलफल गरी पुस्तकालय व्यवस्थापन सम्बन्धी स्पष्ट नीति तय गर्नुपर्ने नितान्त आवश्यक देखिएको छ।

यी माथिका कुराहरूका साथै सूचना क्रान्ति तथा अन्तर्राष्ट्रिय सम्पर्कले चेतना समृद्ध बनेका सामान्य नेपालीहरू आ-आफ्नो स्वतन्त्र पहिचानको सम्मान खोज्दैछन् । जनआन्दोलन– २ को दौरानमा आम जनताले नव नेपालको निर्माण क्रममा केही अपेक्षाहरू गरेका थिए ।

- झण्डै पाँच हजार वर्षदेखिको धार्मिक, सामाजिक र जातीय शोषणको इतिहास फेरिएर पुनः नव नेपालको निर्माण हुन खोजेको छ । पुगनपुग दुई सय वर्षदेखि चलिआएको अधिनायकवादको परम्परा तोडी जातीय उत्पीडन, आर्थिक शोषण, लैंगिक विभेद, हटाउने तथा भ्रष्टाचार एवं दुराचार निर्मूल गर्न खोजिएको छ ।

- बहुसंख्यक नेपालीहरूले खोजेको लोकतन्त्र भनेको दलित, जनजाती, महिला, कर्णाली र सुदूरपश्चिमाञ्चलका मानिसहरूलाई राज्यभित्र समावेशी गराउनु र तिनीहरूलाई सशक्त नागरिकको रूपमा उभ्याउनु हो । शिक्षा, स्वास्थ तथा रोजगारी सबैलाई पुऱ्याउनका लागि राज्यमा विद्यमान सम्पत्ति वितरण प्रक्रियालाई फेर्नु हो । छुवाछुत, जातीय, भाषिक, लैंगिक भेदभावजस्ता कुरीतिहरूलाई हटाउनु हो । समाजमा व्याप्त सामन्तवादी उत्पादन पद्धति र प्रवृत्ति समाप्त पार्नु हो । दलितका समग्र विकास तथा उन्नतिका लागि शिक्षा, सम्पत्ति तथा सत्तामा सहज प्रवेश तथा उपस्थिति हुनु हो ।

- विधिको शासन र संवैधानिक सर्वोच्चता हुनु नितान्त आवश्यकता छ । समावेशी लोकतन्त्र स्थापना हुनुपर्दछ । भाषिक, धार्मिक, सांस्कृतिक समानता तथा भूमिमाथिका अधिकार हुनुपर्दछ । सक्षम प्रहरी, प्रतिवद्ध प्रशासन, दक्ष सुरक्षा बल तथा स्वतन्त्र न्यायपालिका सहितको विधिको शासन लागू हुनुपर्दछ । भूमिहीन दलितलाई भूमि वितरण गर्नुपरेको छ । प्रभावकारी नागरिक समाज र स्वतन्त्र, निष्पक्ष एवं गतिशील प्रेसको उपस्थिति हुनुपर्दछ ।

- अधिराज्यबाट राज्यसमेत बन्न नसकेको नेपाललाई सोझै आधुनिक सवल राष्ट्र बनाउने परिकल्पना आम जनताको रहेको छ ।

यस सन्दर्भमा नेपालमा पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा कार्यरत व्यावसायीहरूले पनि विशेष ध्यान दिई निम्न कुरामा सघाउनुपर्ने देखिन्छ :

राष्ट्रिय स्तरमा

- सामुदायिक पुस्तकालयको विकासका लागि नीति, ऐन, नियम, तथा कार्यान्वयनका लागि नेपाल सरकारलाई घचघच्याउने ।
- विकेन्द्रिकरण तथा स्थानीय स्वायत्त ऐनअनुसार प्रत्येक गाविसमा एउटा ग्रामीण सूचना केन्द्रको स्थापनाको प्रावधानलाई कार्यान्वयन गराउनमा विशेष पहल गर्ने ।
- स्थानीय सरकारका आर्थिक श्रोत (स्थानीय करबाट उठेका रकम) को केही प्रतिशत पुस्तकालय विकासका लागि खर्च गराउन आवश्यक वकालत गर्ने ।
- सूचना तथा प्रविधिमा भएको विकास अनुरूप विश्व समाजमा भएका नेपाली जनजीवनका लागि उपयुक्त सूचनाहरू उपलब्ध गराउन सक्ने दक्ष जनशक्ति उत्पादनको निमित्त विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
- पुस्तकालय तथा सूचना सेवाको क्षेत्र पनि राष्ट्र निर्माणको निमित्त एक महत्वपूर्ण विधा भएको हुनाले यसको शैक्षिक तथा प्राविधिक विकासको निमित्त प्राथमिक तहदेखि उच्च शिक्षासम्मको शिक्षण प्रशिक्षणको व्यवस्था गराउन प्रयास गर्ने ।
- बजारमा उपलव्ध शैक्षिक सामग्रीहरूको आधारमा विशेष वर्गको हितलाई ध्यानमा राखी विशेष प्रकारका सूचनाहरू निर्माण गर्ने र सो अनुसार जनमानसमा प्रवाह गर्ने ।

ग्रामीण स्तरमा

- प्रत्येक गाविसहरूमा सार्वजनिक पुस्तकालय, सामुदायिक अध्ययन केन्द्र अथवा ग्रामीण सूचना केन्द्रहरूको स्थापना, क्षमता अभिवृद्धि,

संगठनात्मक सुदृढीकरण तथा स्रोत साधनमा पहुँच पुऱ्याउन विशेष प्रकारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

राजधानी काठमाडौंमा रहेका सरकारी पुस्तकालयमा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयसहित नेपाल राष्ट्रिय पुस्तकालय र केशर पुस्तकालय, निजी पुस्तकालयहरूमा मदन पुरस्कार पुस्तकालय, सार्वजनिक पुस्तकालयहरूमा काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय, नेपाल जापान बालपुस्तकालय, विदेशी नियोगद्धारा सञ्चालित अमेरिक लाईब्रेरी, ब्रिटिस लाईब्रेरी, नेपाल भारत मैत्री पुस्तकालय, र शैक्षिक पुस्तकालयहरूमा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालय ठूला र बढी प्रयोगमा आएका पुस्तकालयहरूमा गनिन्छन् । यी पुस्तकालयहरूको उद्देश्य, पाठ्यसामग्री संकलन र पाठकहरूको प्रकृति भिन्नाभिन्नै रहेको छ । अहिलेको आधुनिक सूचना प्रविधिको युगमा र प्रतिस्पर्धात्मक समाजमा सामान्य प्रकारको सेवा दिनुभन्दा विशिष्टिकरणमा जोड दिंदै सेवा प्रदान गर्नु नितान्त आवश्यक देखिन्छ ।

तसर्थ, नव नेपालको निर्माणमा डा. रेग्मीको सपनालाई साकार पार्न डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयले एउटा "शान्ति पुस्तकालय" को रूपमा काम गरी विशिष्ट योगदान पुऱ्याउने छ भन्ने विश्वास लिइएको छ ।

सन्दर्भ सामग्री :

१) *डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिबाट प्रकाशित स्मारिका २०६१ ।*

२) *पुस्तकालय आवाज, वर्ष २ अंक १ ।*

३) *डा. डिल्लीरमण रेग्मी स्मृतिग्रन्थ, २०६० ।*

४) *काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाजको प्रगति प्रतिवेदन, २०६२ ।*

डा. डिल्लीरमण रेग्मी : एक महान् इतिहासकार

✍ प्रा. डा. तुलसीराम वैद्य

कुनै पनि व्यक्ति आफ्नो प्राज्ञिक, बौद्धिक र शैक्षिक ज्ञान र देनले विश्वविख्यात र अमर भएको छ र हुन्छ । त्यस्ता व्यक्तिको वौद्धिक र प्राज्ञिक कृतिले विश्व मानवजगतमा ठूल्ठूला योगदान दिएको छ । मानव सभ्यताको विकासमा त्यस्ता बौद्धिक क्रियाकलापहरूको ठूलो भूमिका रहेको तथ्य इतिहास साक्षी छ । यस्ता योगदान दिने महान व्यक्तिहरूलाई सबैले सधैं आत्मादेखि आदर गर्दछन् र स्मरण गरी रहन्छन् । आधुनिक नेपालको सन्दर्भमा अविस्मरणीय महान बुद्धिजीवी र विद्वान्हरूमा कहिलै बिर्सन नसकिने नामहरू - आदि कवि भानुभक्त, कवि शिरोमणि लेखनाथ पौडेल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटककार बालकृष्ण सम, चित्तघर हृदय, विजयबहादुर मल्ल, आदि हुन् । त्यस्तै नेपालको इतिहास लेखन विधामा अविस्मरणीय महानुभावहरू हुन् - इतिहास शिरोमणी बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, प्रा. नयराज पन्त, डा. डिल्लीरमण रेग्मी, धनबज्र बज्राचार्य, शंकर मान राजवंशी आदि । यहाँ लेखकले जीवित हस्तीहरूको नाम उल्लेख गरेको छैन । स्वर्गीय महान् योगदान दिनेहरूको मात्र नाम लेखेको छु । हुनत मैले सधैं भन्दै आएको कुरा हो महान् व्यक्तित्वहरूलाई जीवित अवस्थामा नै सम्मान र कदर गर्दा सम्बन्धित व्यक्तिलाई अति नै हौसला बढ्छ र प्रोत्साहन मिल्दछ । जीवित हुन्जेल बेवास्ता गर्ने, मरे पछि स्वर्ण शालिक प्रतिष्ठा गरी गुणगान गर्ने, पूजा गर्ने र भक्तिभाव अर्पण गर्नु भन्दा जिउँदो छँदै बरु एउटा साधारण फूलमाला लगाई श्रद्धा भक्ति अर्पण गर्नु राम्रो लाग्छ मलाई ।

नेपालको इतिहास लेखनका मूर्धन्य महान विद्वान्हरू

जीवित अवस्थामा नै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आदर र सम्मान पाउनु भएका नेपालका एक हस्ति हुनुहुन्छ डा. डिल्लीरमण रेग्मी । नेपालको इतिहास लेखन कार्यमा आधुनिककालमा अविस्मरणीय शोधकार्य गर्नुहुने नेपाली विद्वानहरूमा सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, नयराज पन्त, धनबज्र बज्राचार्य, डा. डिल्लीरमण रेग्मी आदि हुन् । सूर्यविक्रम ज्ञवालीले **द्रव्यशाह** (सन् १९३३) **रामशाह** (सन् १९३३) **पृथ्वीनारायण शाह** (सन् १९३५), **वीर वलभद्र** (सन् १९४०) **अमरसिंह थापा** (सन् १९४३) आदि नेपालका ऐतिहासिक व्यक्तित्वहरूका वारेमा दार्जीलिङबाट प्रकाशन गराउनु भयो । वि.सं.१९७९ मा अम्विकाप्रसाद उपाध्यायले नेपाली भाषामा **नेपालको इतिहास**, भारतबाट प्रकाशन गर्नुभयो । नेपाली भाषामा नेपालको इतिहास प्रकाशित भएको यो पहिलो पुस्तक हो । वि.सं. २००४ मा नयराज पन्त र तोत्रराज पाण्डेको **नेपालको संक्षिप्त इतिहास** नामक पुस्तक प्रकाशनमा आयो । यो पुस्तक स्थानीय नेपाली विद्वानहरूले लेखेको पहिलो नेपालको इतिहास विषयक पुस्तक हो ।

वि.सं. २००७ साल पछि स्थानीय विभिन्न विद्वानहरूले नेपालको इतिहास सम्बन्धी किताबहरू लेख्नुभयो जस्तै बालचन्द्र शर्मा, ढुण्डिराज भण्डारी । नेपालको इतिहाससम्बन्धी प्राथमिक स्रोतहरूको खोज र शोधमूलक कार्यहरूको थालनी पनि हुन थाल्यो । यस्ता कार्यहरू गरेकोमा श्री नयराज पन्त र वहाँका विद्यार्थीहरू र योगी नरहरि नाथलाई श्रेय जान्छ । वहाँहरूकै प्रयासबाट प्रसस्त अप्रकाशित प्राथमिक स्रोतहरू प्रकाशन गर्ने र नेपालको इतिहासमा गलत कुराहरू लेखिएकालाई शुद्ध गर्ने कार्यमा प्रा. नयराज पन्त र योगी नरहरि नाथको नाम स्वार्णिम अक्षरले लेखिन्छ र लेख्नुपर्छ ।

सूर्यविक्रम ज्ञवाली काठमाडौंमा आउनु भएपछि वि.सं. २०१९ सालमा **नेपाल उपत्यकाको मल्लकालीन इतिहास** नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित गर्नुभयो । वहाँको प्राज्ञिक र बौद्धिक देनलाई सराहना गरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य र पछि उपकुलपति पदमा नियुक्त गरियो ।

बाबुराम आचार्यलाई पनि वहाँको नेपालको इतिहाससम्बन्धी खोज र शोधपूर्ण कार्य गर्नु भएवापत **इतिहास शिरोमणि** भन्ने उपाधि श्री ५ त्रिभुवनबाट प्रदान गरियो । अहिलेसम्म यो उपाधि पाउने नेपाली वहाँमात्र हुनुहुन्छ । यो वहाँप्रतिको ठूलो कदर हो । वहाँको त्याग र तपस्याको यो ठूलो फल हो । बाबुराम आचार्य नेपालको साँच्चैको "**इतिहास शिरोमणि**" हुनुहुन्छ ।

नेपालको यो उपाधि प्राप्त गर्ने पहिलो विद्वान हुन् इलाहबाद विश्वविद्यालयका प्रा.डा.ईश्वर प्रसाद । जुद्धशमशेर राणाको आग्रहमा त्यसबेला नेपालमा आएका प्रा.डा. ईश्वर प्रसादलाई उनको अन्तर्राष्ट्रिय ख्यातीको कदरस्वरूप सो उपाधि प्रदान गरिएको थियो । सो आदरलाई आफ्नो जीवनपर्यन्त नेपालले कदर गरेकोमा आभारी भएको कुरा यस लेखका लेखकलाई २०३१ सालसम्म पनि भन्नुहुन्थ्यो । वहाँ नै नेपालका पहिलो **इतिहास शिरोमणि** हुनुहुन्छ । वहाँलाई यो उपाधि प्रदान गरी आफ्नो बारेमा इतिहास लेखाउने विचार थियो जुद्ध शमशेरको । तर सो कार्य जुद्ध शमशेरको मरणोपरान्त मात्र पूर्ण हुन सक्यो । चन्द्र शमशेरले आफ्नो बारेमा पर्सिवल ल्याण्डनलाई किताब लेखाएकोबाट सिको गरी जुद्धशमशेरले प्रा.डा. ईश्वर प्रसादलाई अनुरोध गरेको कुरा भन्नुभएको थियो ।

पं. नयराज पन्तलाई पनि पछि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा "प्राज्ञ" पदमा नियुक्त गरिएको थियो । वहाँलाई सो नियुक्ति दिनु वहाँको जीवन भरको निःस्वार्थ प्राज्ञिक कार्यमा संलग्नता र देनको कदर गरिएको ठान्दछु । यस्तो कदरलाई २०४६ साल पछि पञ्चायतकालीन नियुक्त व्यक्तिलाई पदमुक्त गरी आफ्ना मानिसहरू नियुक्ति गर्न राजिनामा दिन दवाव दिदाँ पनि वहाँले जुन अडान लिनुभयो त्यो वहाँको उपयुक्त कदम थियो । वहाँ एक वरिष्ठ प्राज्ञिक व्यक्ति भएकाले कुनै व्यक्ति वा व्यवस्थाको साधन भई काम गर्नुभएको थिएन । वहाँले २००९ सालदेखि संसोधन मण्डल खोली नेपालको इतिहासको शोध र खोजपूर्ण कार्य गर्दै जीवन बिताउनुभयो । यो कार्य सस्तो राजनीति जस्तो होइन पवित्र प्राज्ञिक कार्य हो । विद्वान्हरूलाई आदर गर्नु हाम्रो राष्ट्रिय संस्कृति हो ।

नेपालको इतिहास लेखनमा प्रशंसनीय योगदान दिनुहुने अर्को विद्वान इतिहासकार र लिपि विषेशज्ञ हुनुहुन्छ स्व. धनबज्र बज्राचार्य । पं.नयराज पन्तका शिक्षार्थी बज्राचार्यले लिच्छविकालीन र मल्लकालीन अभिलेखहरू नेपाली भाषामा अनुवादका साथ प्रकाशन गर्नुभएबाट नेपालको इतिहासका शोधार्थीहरू वहाँप्रति कृतज्ञ छन् । साथै वहाँले क्षेत्रीय इतिहास पनि लेख्नु भई नेपालको इतिहास लेखन कार्यमा ठूलो योगदान दिनुभएको छ । पं.नयराज पन्तका अर्का मूर्धन्य शिक्षार्थी स्व. शंकरमान राजवंशीले पनि पुराना ग्रन्थहरूलाई देवनागरी लिपिमा छाप्नुभएकाले नेपालको इतिहास लेखन कार्यलाई धेरै सजिलो भएको छ। यस्तो सराहनीय कार्यले गर्दा मध्यकालीन नेपालको इतिहासको शोधकार्य गर्नेहरूलाई ठूलो सहयोग पुगेको छ । नेपाली जनमानसले यसरी विद्वानहरूलाई कदर गर्ने प्रक्रियालाई निरन्तरता कायम गर्नु बौद्धिक जगतलाई आदर गर्नु हो । यसै कार्यबाट नेपाल राष्ट्रले विश्वमा आफ्नो इज्जत र प्रशंसा प्राप्त गरेको छ र गर्नेछ ।

डा. डिल्लीरमण रेग्मीको योगदान

नेपालको इतिहास लेखन विधामा डा. डिल्लीरमण रेग्मीले आफ्नो जीवन भरको निरन्तर मिहेनतबाट लगनशिल भई प्राज्ञिक शोध खोज कार्यबाट अति प्रशंसनीय र सराहनीय योगदान दिनुभएको छ । तत्कालीन विशिष्ट स्तरको परिवारमा जन्मेका, आफ्नै र परिवारका सदस्यको वैवाहिक सम्बन्ध पनि तत्कालीन अति सम्मानित परिवारसँग रहेको र शैक्षिक क्षेत्रमा पनि अति उच्च तहको डिग्री प्राप्त गरेका डा. डिल्लीरमण रेग्मीले चाहेको भए तत्कालीन राणा शासनकालमा उच्च पद प्राप्त गर्न सक्नुहुन्थ्यो, ठाँटिलो जीवन निर्वाह गर्न सक्नुहुन्थ्यो । तर भविष्यमा आकाशमा तारा बिलाए झैं बिलाउनुहुन्थ्यो जस्तो राणाकालीन कैयौं उच्च पदस्थ कर्मचारीहरूको जीवन विलिन भयो ।

डा. डिल्लीरमण रेग्मीले राणा कालमा नै उच्चतम शैक्षिक उपाधि हासिल गरेर पनि उच्च ओहदाको बेवास्ता गरी निरंकुश राणा शासन नेपालमा रहुन्जेल नेपाली आमजनताको भलाई नहुने सोचेर राणाविरोधी जनआन्दोलनमा

सक्रिय भूमिका खेल्नुभयो । फलस्वरूप भारतको जेलखानामा ४ वर्ष बिताउनुपर्‍यो । यसै समयमा वहाँकी श्रीमती स्वर्गारोहण हुनुभयो । वहाँ सन् १९४० को दशकको सुरुदेखि नै राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । त्यस समयदेखि पछि कहिले सक्रिय राजनीतिमा लाग्नुभयो भने कहिले सुषुप्त । वहाँ २००७ साल देखि २०१७ सम्ममा दुई चोटी मन्त्री हुनुभयो । २०१७ सालमा पछि पञ्चायत कालमा पनि मन्त्री पद प्रदान गर्दा वहाँले मान्नुभएन । वहाँले जीवनभर **"प्रजातन्त्रको संरक्षक"** भई रहनुभयो । यस लेखमा यस विषयमा व्याख्या र विवेचना गरिएको छैन ।

लेखक आफै इतिहास विषयका एक विद्यार्थी भएकाले डा. डिल्लीरमण रेग्मीले सक्रिय राजनीति त्यागी नेपालको इतिहास लेखन कार्यमा लाग्नुभएको निर्णयलाई एक अति उपयुक्त, उचित र प्रशंसनीय कार्य सम्झन्छु । हाम्रो देशमा अहिलेसम्ममा एक हजारभन्दा बढी मन्त्रीहरू भए आम नेपालीले सम्झनै सक्दैनन् र चिन्दैनन् पनि । केही समयका लागि मन्त्री भए, ठाँटका साथ गाडी चढे र पैसा कमाए । तर वहाँहरू स्वर्गारोहण भएपछि कसैले सम्झदैन । तर नेपालको इतिहास विषयक कैयौं किताब लेख्नु भई डा. रेग्मीले राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा एक विद्वानका रूपमा जुन इज्जत कमाउनुभयो त्यसबाट वहाँ अमर हुनुभयो । एक विद्वानको आय भनेको यही हो । यही नै परिवार, समुदाय र राष्ट्रको गौरव र शान हो ।

डा. डिल्लीरमण रेग्मीले इस्वी सम्वत् १९४० को दशकदेखि नेपालको इतिहास लेखन कार्यमा लगातार लागी जीवन बिताउनुभयो । यस लेखन सिलसिलामा वहाँले नेपालको इतिहास प्राचीनकालदेखि आधुनिककालसम्मको विस्तृत रूपमा व्याख्यात्मक रूपमा लेख्नुभएको तथ्य वहाँका ग्रन्थहरूबाट प्रणाणित भएको छ । सुरुमा अति छोटो विवरण लेखी प्राचीन र मध्यकालीन नेपालको इतिहास लेख्नुभएको थियो । वहाँले आफ्ना कृतिहरूवाट निम्न केही बुदाँहरू देखाउने प्रयास गरेको जस्तो देखिन्छ । प्रथमतः नेपालको इतिहास विश्वभरिका विद्वत् वर्गलाई परिचित गराउने । दोस्रो, नेपालको गौरवमय ऐतिहासिक गाथा विश्वमा

प्रस्तुत गरी नेपाल राष्ट्रको इज्जत बढाउने । विदेशी इतिहासकारहरू जो औपनिवेषवाद् इतिहास लेखनबाट ग्रस्त थिए उनीहरूलाई प्रतिकार गर्ने । दुई ठूला राष्ट्रहरू बीचमा रहेको सानो राज्य भएकाले नेपाल कहिले उत्तरको अधिनमा थियो त कहिले दक्षिणी राष्ट्रको अधिनमा थियो भनी गलत विवरण लेख्ने विदेशी इतिहासकारहरूलाई सत्य र तथ्यपूर्ण इतिहास प्रस्तुत गरी नेपाल राष्ट्र आदिकालदेखि एक सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राज्य रहेको वास्तविकता प्रस्तुत गर्नुभएको छ डा.रेग्मीले । साथै नेपालीहरूको लगनशिलता, परिश्रम, जागरण आदिले गर्दा कला, वास्तुकला, चित्रकला आदिपक्षमा नेपाल राष्ट्र विशेष गरिकन विश्वकै एक **खुला संग्रहालय**को रूपमा रहेको तथ्य प्रस्तुत गर्नुभएको छ ।

डा. रेग्मीले आफ्ना कृतिहरूलाई लगातार मिहेनत गरी अझ बढी शोध र खोज गरी परिमार्जन गर्दै लैजानुभएको वहाँका कृतिहरूको पुनर्मुद्रण भएकोबाट प्रमाणित हुन्छ । यसको प्रमाणको लागि वहाँले लेख्नुभएका र पुनर्मुद्रित ग्रन्थहरूको सूची प्रस्तुत गरिएको छ :

१. **ए सेन्चुरी अफ फेमिली अटोक्रासी इन् नेपाल**, नेपाली राष्ट्रिय काँग्रेस, वनारस, सन्, १९५०, दोश्रो मुद्रण सन् १९५८ ।

२. **आन्सेण्ट आण्ड मिडिएभल नेपाल**, नेपाली राष्ट्रिय काँग्रेस, काठमाडौं, सन् १९५२ ।

३. **मिडीएभल नेपाल** (अर्लि मिडिइभल पिरियड सन् ७५० - १५२०) भाग १, फर्मा के.यल. मुखोपाध्याय, कलकत्ता, सन् १९६५ ।

४. **मिडीएभल नेपाल ए.हिष्ट्री अफ द थ्री किंगडम्स्**, सन् १५२० - १७६८, भाग २, फर्मा के. यल. मुखोपाध्याय, कलकत्ता, सन् १९६६ ।

५. **मिडीएभल नेपाल सोर्स मेटेरियल्स् फर द हिस्ट्री आण्ड कल्चर अफ नेपाल** सन् ७४०-१७६८ (**इनस्क्रिप्सन्स्, क्रनिकल्स् आण्ड डायरिज् इटिसी**) भाग ३, फर्मा के.यल. मुखोपाध्याय, कलकत्ता,सन् १९६६ ।

६. **मिडीएभल नेपाल**, भाग ४, लेखक, पटना, सन् १९६६ ।

७. **आन्सेण्ट नेपाल** ,फर्मा के.यल.मुखोपाध्याय, कलकत्ता, सन् १९६० ।

८. **आन्सेण्ट नेपाल** ,फर्मा के.यल.मुखोपाध्याय कलकत्ता सन् १९६९ ।

९. **नेपाल**, नेपाली राष्ट्रिय काँग्रेस, वाराणसी, सन् १९४८ ।

१०. **द नेपाली डिमोक्राटिक स्ट्रगल**, नेपाली राष्ट्रिय काँग्रेस, वाराणसी, सन् १९४८ ।

११. **मोडर्न नेपाल, राइज् आण्ड ग्रोथ इन् द ऐटिन्ठ सेन्चुरी**, फर्मा के.यल. मुखोपाध्याय, कलकत्ता, सन् १९६१ ।

१२. **मोडर्न नेपाल, राइज् आण्ड ग्रोथ इन् द ऐटिन्ठ सेन्चुरी**, भाग १ फर्मा के.यल.मुखोपाध्याय, कलकत्ता, सन् १९७५ ।

१३. **मोडर्न नेपाल, यक्स्पान्सन, क्लाइमेक्स् आण्ड फल**, भाग २, फर्मा के.यल. मुखोपाध्याय, कलकत्ता, सन् १९७५ ।

१४. **हिव्डर नेपाल**, नेपाली राष्ट्रिय काँग्रेस, काठमाडौं, सन् १९५२ ।

१५. **इनस्क्रिप्सन्स् अफ् आसेण्ट नेपाल**, भाग १-४, अभिनवा प्रकाशन, दिल्ली सन् १९८३ ।

लेखहरू

१. डि.आर. रेग्मी - "सोर्सेज् फर ए हिष्ट्री अफ नेपाल" (सन् ८०० - १६८०) **जर्नल अफ विहार आण्ड उडिस्सा रीसर्च सोसाइटि**, भाग सं.२८, सन् १९४२ ।

२. डि.आर. रेग्मी - "आण्टिक्विटी अफ् द नेवार्स अफ् काठमाडौं" **जर्नल अफ् विहार रिसर्च** सोसाइटी, भाग ,सं.३४, सन् १९४८ ।

३. डि.आर रेग्मी - "नेपाल्स् फरेन पोलीसी इन् रिलेसन् टु इण्डिया आण्ड चाइना" **फरेन् पोलिसिज् इन् साउथ एशिया,** ओरियन्ट लन्ग्मान, न्यू दिल्ली, सन् १९६९ ।

यसको अतिरिक्त अन्य कैयौं लेखहरू विभिन्न पुस्तकहरू र जर्नलहरूमा प्रकाशन गर्नुभएको छ ।

माथि उल्लिखित ग्रन्थहरूबाट सन् १९४२ देखि १९८३ सम्म स्तरीय अनुसन्धानात्मक र खोजमूलक कृतिहरू प्रकाशन गर्नमा नै वहाँ व्यस्तरहेको प्रमाणित हुन्छ । प्रकाशित ग्रन्थहरूबाट वहाँ कसरी आफ्नो शोध र खोज कार्यमा क्रमिक रूपमा अगाडि बढदै जानुभएको थियो भन्ने कुरा प्रमाणित हुन्छ । सन् १९५२ मा प्राचीन र मध्यकालीन नेपाल विषयमा एक सानो पुस्तक प्रकाशन गर्नुभएका डा.रेग्मीले पछि क्रमिक रूपमा प्राचीन नेपालमा मात्र परिमार्जन र विस्तृत व्याख्या गर्दै सन् १९६० र १९६९ मा अन्य पुस्तकहरू प्रकाशन गर्नुभयो । त्यस्तै मध्यकालीन नेपाल बारेमा शोध सामाग्रीहरू सहितको नेपाल मण्डलका मल्ल राजाहरूको अति विस्तृत व्याख्या, पूर्व मध्यकालीन सिमरोंगढका कर्णाट वंशी राजाहरू, पश्चिम नेपालको खश मल्ल राजाहरू र उत्तर मध्यकालीन बाइसी, चौबीसी र पूर्वी सेन राज्यहरूका बारेमा छोटकरी वर्णनको इतिहास लेख्नुभयो । त्यस्तै पूर्व आधुनिककालको नेपालको इतिहास विषयमा पनि परिमार्जन गर्दै सन् १९६१ र १९७५ मा पुस्तकहरू प्रकाशन गर्नुभयो अरू कसैले पनि नलेखेका कयौं नयाँ तथ्यहरू अप्रकाशित मौलिक स्रोतहरूको आधारमा उहाँले आफ्ना पुस्तकहरूमा लेख्नुभएको छ । वहाँका ती अंग्रेजी भाषामा लेखिएका पुस्तकहरूले गर्दा विश्व भरीका पाठक वृन्दहरू र अनुसन्धाताहरूलाई नेपालको इतिहासबारे जानकारी पाउने अवसर प्राप्त भयो ।

वहाँका ग्रन्थहरू त्यसबेलाको दृष्टिकोणबाट अति सराहनीय र प्रशंसनीय देनहरू हुन् । प्राज्ञिक ज्ञान भनेको समयसापेक्ष अगाडि बढदै जान्छ । नयाँ-

नयाँ भावना, विवेचना, व्याख्या, सोचाइहरू आउँदै गर्दछन् । वहाँजस्तो बौद्धिक, प्राज्ञिक र शैक्षिक ज्ञान भएका विद्वान्ले ती पुस्तकहरू जति विवेचनात्मक रूपमा लेख्नुपर्ने थियो त्यति नभएको जस्तो आभास हुन्छ । वहाँले प्राचीन नेपालको इतिहास परिमार्जन गर्दै दुईपटक मुद्रण गर्नुभयो । त्यस्तै, आधुनिक नेपालको इतिहास पनि परिमार्जन गरी दुई पटक प्रकाशन गर्नुभयो, तर आधुनिक नेपाल अर्थात् सन् १८१६ देखि १९५१ सम्मको अवधिको बारेमा किन लेख्नु भएन यो तथ्य थाहा पाउन सकिएन । **ए सेन्चुरी अफ फेमिली अटोक्रासी इन् नेपाल** सन् १९५० मा छपाएपछि त्यस विषयमा पुनः मुद्रण गरी विस्तृत व्याख्या किन आएन थाहा पाउन सकिएन । प्राचीन र पूर्व आधुनिक नेपालको इतिहास परिमार्जन र विस्तृतिकरणमा नै समय बितेकोले हो कि भन्न सकिएन । सन् १८१६ देखि १९५१ सालसम्मको नेपालको इतिहासलाई वहाँले त्यतिको ध्यान दिनुभएन । नेपाल राज्यको सिमानासम्बन्धी पृथ्वीनारायण शाहको धारणा के हो स्पष्ट छैन । "गंगाजी साँध लाग्ने छ" भन्ने भनाइबाट पश्चिम क्षेत्रको गंगा नदी भन्नेको हो वा सिमरोंगढको राज्य वा यक्ष मल्लको राज्यको दक्षिण सिमा बौद्ध गया र गंगा नदीलाई इंगित गरेको स्पष्ट छैन । "**ए सेन्चुरी अफ फेमिली अटोक्रासी इन् नेपाल** मा राणा शासनको इतिहास निष्पक्ष रूपमा नलेखी पूर्वाग्रहित रूपमा लेख्नुभएको छ । किताबको नामबाटै पूर्वाग्रह रहेको प्रस्ट हुन्छ । वहाँले चाहेको भए आफ्नो परिवार र आफ्नै अनुभवलाई सँगालेर राणा परिवारको इतिहास प्रष्टरूपमा प्रस्तुत गर्न सक्नु हुन्थ्यो । सन् १८१६ देखि पछिको नेपालको इतिहास विस्तृत रूपमा पुनर्लेखन कार्य नगर्नु भएकोमा केही कारण हुनुपर्छ जस्तो देखिन्छ । वहाँले लेख्नुभएको **हिदर नेपाल** नामक पुस्तक इतिहास विषयको भन्दा तत्कालीन राजनैतिक पूर्वाग्रह पीडित वर्णनको रूपमा प्रस्तुत गर्नुभएको छ । वहाँ र नेपाली काँग्रेसका नेताहरू बीच भएको झगडाको फलस्वरूप वहाँले तत्काल सरकारमा रहेका नेपाली काँग्रेस नेताहरूलाई आलोचना गर्ने उद्देश्यले लेख्नुभएको तथ्य स्पष्ट देखिन्छ । तथापि एक इतिहासको विद्यार्थीलाई नेपालको तत्कालीन राजनीति कस्तो थियो ? नेताहरूबीच कस्तो सम्बन्ध थियो ? वहाँहरूको राजनैतिक

संस्कृति कस्तो थियो ? उनीहरू कति निस्वार्थ थिए ? डा. रेग्मी आफै पनि कस्तो सोचाइका थिए ? भन्ने कुरा उपरोक्त पुस्तकबाट प्रष्ट हुन आउँछ। इतिहास विषयको एक शोधार्थीका लागि यो पुस्तक पनि उपयोगी रहेको ठान्दछुँ।

समष्टिगत रूपमा नेपालको इतिहास लेखन कार्यको मूल्यांकन गर्दा डा.रेग्मीलाई हामीले प्रशंसा नै गर्नुपर्दछ। वहाँले त्यति नलेखेको भए स्वदेशी - विदेशी सबै आम जनताले नेपालको इतिहास वारेमा त्यतिको जानकारी पाउने थिएनन्। अंग्रेजी भाषामा लेख्नुभएको हुँदा विदेशीहरूलाई नेपालको इतिहास बारेमा जानकारी पाउने अवसर प्राप्त भयो। डा. रेग्मीले तत्कालीन उपनिवेशवाद इतिहास लेखनबाट अलगिएर निष्पक्ष रूपमा नेपाल राष्ट्रको गौरवमय इतिहास प्रस्तुत गरी नेपाल राष्ट्र र राष्ट्रियताप्रति समर्पित रहेको प्रस्ट गर्नु भएवाट हामी सबै नेपाली वहाँप्रति आभारी छौं। वहाँको गहन प्राज्ञिक शोधकार्यलाई हामी सबै सराहना र इज्जत गर्दछौं।

डा. डिल्लीरमण रेग्मीसँगका रमाइला दिनहरू

✍ नवराज अधिकारी

नेपालको स्वतन्त्रता, अखण्डता, प्रजातान्त्रिकीकरण, शान्ति र विकास प्रयासहरूमा नेतृत्व प्रदान गर्ने गराउनेहरूलाई उचित सम्मान गर्ने परम्परा नेपालमा अझैं व्यवस्थित भएको छैन । सम्बन्धित राष्ट्रसेवकका आफ्नै नातागोता वा प्रत्यक्ष संलग्न भएकाहरू सक्षम भएको अवस्थामा मात्र स्मृति कार्यक्रमहरू गर्ने गरिन्छ । राष्ट्रका लागि योगदान दिनेहरू कुनै पार्टी विशेषका भए सम्बन्धित वा उनिहरूको लागि राजनीतिक लाभ हुनेरहेछ भने पार्टीकाले सम्झना गर्दछन् नभएमा क्रमशः बिसंदै जाने चलन छ । यस्तो प्रक्रियाले जुनसुकै दलको भए पनि राष्ट्रका लागि समर्पित हुने नेता सबैको साझा हो वा राष्ट्रिय व्यक्तित्व हो भन्ने भावना जगाउन नसक्दा धेरै निष्ठावान, समर्पित र त्यागी नेताहरूको उचित सम्मान हुन सकेको पाइँदैन । यसले भावी पिंढीमा राष्ट्रप्रति बढी बफादार भएर योगदान गर्ने प्रतिस्पर्धा हुन सक्ने वातावरण नै तयार भएन ।

नेपालको पछिल्लो जनसहभागितामूलक राजनीतिक सक्रियता वि.सं. २०३६ सालको जनमत संग्रहको घोषणापछि व्यापकरूपमा फैलिदै गएको देखियो । त्यसबेला नेपालको राजनीतिक गतिविधि पहिलेको तुलनामा बढी राष्ट्रिय दायित्वबोध भएको पनि देखिन्थ्यो । त्यस अवधिमा नेपालमा प्रजातन्त्रप्रति बढी सम्वेदनशील र व्यबहारिक राष्ट्रवादी राजा वीरेन्द्र थिए भने नेपालका वरिष्ठ एवम् अन्तर्राष्ट्रिय ख्यातिप्राप्त राजनीतिक नेताहरू पनि सक्रिय थिए । नेपालको प्रजातान्त्रिक आन्दोलनका जनक एवम् पूर्वप्रधानमन्त्री टंकप्रसाद आचार्य, नेपालका जननिर्वाचित प्रथम प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला र प्रथम नागरिक प्रधानमन्त्री हुने मातृकाप्रसाद कोइराला, कम्युनिष्ट पार्टीका अग्रणी एवम् वरिष्ठ नेता मनमोहन अधिकारी, नेपाली काँग्रेसकै चर्चित नेताहरू कृष्णप्रसाद भट्टराई, परशुनारायण चौधरी, गणेशमान सिंह आदि राष्ट्रप्रति समर्पित र जनआधार भएका नेताहरू हुनु नेपालीहरूका लागि गौरवकै कुरा थियो । ती नेताहरूका अतिरिक्त अन्य वरिष्ठ राजनीतिक विचारक एवम् चिन्तकहरू पनि थिए ।

उनीहरूमध्ये एक गरिमामय व्यक्तित्वका रूपमा डा. डिल्लीरमण रेग्मीलाई लिइन्थ्यो। उहाँको व्यक्तित्व यति माथि थियो कि आफूलाई लागेको कुरा सबैलाई भन्नु र दबाब दिन पनि सक्नुहुन्थ्यो। उहाँको यो गुणलाई हिजो पनि र पछि पनि सबैले आत्मसात गरेको नै पाइन्छ।

नेपालको र विश्वको राजनीतिक इतिहास एवम् गतिविधिका बारेमा हामीलाई हाम्रा गुरु रामहरि जोशीले हाम्रो नियमित कक्षामा नै जानकारी दिने गर्नुहुन्थ्यो। उहाँले आफूसँग भएको ज्ञान हृदय खोलेर प्रदान गर्नुहुन्थ्यो। नेपालको बारेमा चर्चा हुँदा टंकप्रसाद आचार्य, वि.पि. कोइराला, मातृकाप्रसाद कोइराला, डा. के.आइ. सिंह, डिल्लीरमण रेग्मीको त कुरा वारम्वार चलिहाल्थ्यो र रोचक ढंगबाट प्रस्तुत गर्न पनि गुरुदेव दक्ष हुनुहुन्थ्यो। साथै पछि गृष्मबहादुर देवकोटाबाट लिखित नेपालको राजनीतिक दर्पणले अरू गतिविधि र नेताहरू लगायत डा. डिल्लीरमण रेग्मीको बारेमा पनि थप जानकारी दिने काम गऱ्यो। उहाँको बारेमा सुनेको र पढेको धेरै भए पनि वि.सं. २०३६ सालपछि मात्र उहाँसँग भेटघाट प्रारम्भ भयो। सुनेका र पढेका रेग्मीभन्दा भेटेर कुराकानी गरेका रेग्मी धेरै रोचक लाग्नु स्वभाविकै थियो।

वि.सं. २०३५ साल चैत्रको विद्यार्थी आन्दोलनमा त्रिभुवन विश्वविद्यालयबाट तयारी भएर लैनचौरमा गएर तितरबितर भएको पहिलो विद्यार्थी जुलुसमा सबभन्दा अगाडि ब्यानर बोकेर हिँड्नेमा म पनि थिएँ। त्यसबेलामा हामी सात जना गिरफ्तार भएकोमा प्रहरीले हामीलाई छोडेपछि हामी भूमिगत भएर आन्दोलन सञ्चालन गर्न थाल्यौं। त्यसबेला राजनीतिक परिवर्तनकालागि राष्ट्रव्यापी लहर आइसकेको थियो। पछि वि.सं. २०३६ जेठ १० गते श्री ५ वीरेन्द्रबाट ऐतिहासिक जनमत संग्रह घोषणा भयो र बहुदलीय व्यवस्थाको समर्थनमा खुलेर अभियान गर्न सबैलाई सजिलो भयो। हाम्रो विश्वविद्यालयकालको समाप्तितिर भएको आन्दोलन भएकाले हामी पूर्णरूपले सक्रिय हुन पायौं। त्यही परिवेशले नेपालका सबै चर्चित नेताहरूसँग भेटघाट गर्ने, छलफल गर्ने, कुरा सुन्ने क्रम जारी रह्यो। मेरा गुरु रामहरि जोशी काठमाडौं आउनुहुँदा उहाँसँग प्रायःजसो सबै नेताहरूसँग भेटघाट गर्न गइन्थ्यो। त्यसमध्ये वि.पि., गणेशमान, कृष्णप्रसाद भट्टराई, मातृकाप्रसाद कोइराला र डा. डिल्लीरमण रेग्मीसँग त प्रायः धेरै नै आवतजावत हुन्थ्यो। बि.पि. कोइरालाज्यूसँग त लगातार जस्तो करिव डेढ महिना जति नै भेटेर आफ्ना जिज्ञाँसाहरू मेटन पाएको थिए। त्यस समय

देखि डा. डिल्लीरमण रेग्मीसँग पनि मौका परेको बेलामा बारम्बार भेट हुने गर्दथ्यो । उहाँ सँगको भेट अरू नेताभन्दा बढी ज्ञानवर्द्धक नै हुन्थ्यो ।

जनमत संग्रह र त्यसपछि वि.पि. कोइराला जीवित रहेर भेटघाट गर्न पाउने र सक्ने अवस्थासम्म भेटघाट हुँदा डा. डिल्लीरमण रेग्मीसँगको मतभिन्नताको बारेमा पनि चर्चा हुन्थ्यो । यस्तै टंकप्रसाद आचार्यसँग भेटहुँदा पनि उहाँको बारेमा चर्चा भै हाल्थ्यो । धेरै र विभिन्न नेताहरूबीचको भेटघाट र अन्तरक्रियाले एकअर्का नेताको व्यक्तित्वका बारे अनुभव गर्ने अवसर मिल्यो ।

डा. डिल्लीरमण र टंकप्रसाद आचार्यबीच साह्रै नै आत्मियता थियो । एकअर्काबीच तँतँ र मम हुने गर्दथ्यो । दुवैकहाँ म पुग्दा एकले अर्कालाई फलानाले यसो भन्यो भनेर तुरुन्तै फोनवाट कुरा भइहाल्थ्यो । दुवैजनाको कुरा निकै रोचक र ज्ञानवर्द्धक हुन्थ्यो । दुवैको मित्रता उल्लेखनीय थियो ।

वि.सं. २०३७ सालमा भएको नेपालको जनमत संग्रहको घोषणा र त्यस पछि वि.पि. कोइरालाको राजनीति देशभक्तिपूर्ण प्रजातान्त्रिकीकरणको दिशातर्फ उन्मुख भएको चर्चा टंकप्रसाद र रेग्मीकहाँ खुव चल्दथ्यो । वि.पि.को त्यसबेलाको राजनीतिक सोच र गतिविधि वि.सं. २००३ सालदेखि वि.सं. २०३५ सम्मको लामो संघर्ष र अनुभवको प्रतिफल थियो । वि.सं. २०१७ सालदेखि वि.सं. २०२५ र वि.सं. २०३५ सालसम्मको वि.पि.का गतिविधिहरू अन्य नेपाली नेताहरूको विचारसँग मेल खाने खालको थिएन । तर तत्कालीन अन्तर्राष्ट्रिय परिस्थिति र नेपालको आन्तरिक स्थिति दुवैले वि.पि.लाई देशभक्तिपूर्ण लोकतान्त्रिकीकरणको मार्गमा डोऱ्याएर छाड्यो । यस कार्यमा पनि डा. डिल्लीरमण र टंकप्रसाद आचार्यजस्ता व्यक्तित्वहरूको निरन्तर प्रयासले भएको तत्कालीन गतिविधिबाट स्पष्टै हुन्थ्यो । यसले कोही देशको सीमाभित्र नै रहेर र कोही बाहिर बसेर लोकतन्त्रको नारा दिइएको भए पनि दुवै पक्षको मेलमिलापबाट जनमत संग्रह र त्यसपछिको राजनीतिक मार्गचित्र कोरिएको थियो ।

डा. डिल्लीरमणलाई अन्तर्राष्ट्रिय राजनीतिको राम्रो ज्ञान थियो । तत्कालीन विश्व अमेरिकी महाशक्ति र सोभियत गुटमा विभाजन भएको अवस्था र पछि सोभियत संघ र भारतबीचको सैनिक गठबन्धनले नेपालको राजनीतिलाई दीर्घकालीन असर पार्ने निश्चित थियो । सन् १९७१ मा बंगलादेश स्वतन्त्र हुनु,

भारत र सोभियत संघबीच मैत्री सन्धि हुनु र सन् १९७५ मा भारतले सिक्किमलाई विलय गर्नु, भूटानलाई भारतीय छातामुनी हाल्नु र अफगानिस्तानमा सोभियत संघका हस्तक्षेप हुनु जस्ता क्षेत्रीय घटनाहरूले नेपाल माथि भविष्यमा पर्न सक्ने सम्भाव्य संकट तत्कालीन नेताहरूमा चिन्ताको विषय भइसकेको थियो । श्रीलंकाको स्वतन्त्रता र सम्भाव्य विकासमा तगारो हाल्ने प्रयास प्रारम्भ भइसकेको थियो । त्यस अवस्थामा आदिकाल देखि स्वतन्त्र रहदै आएको एक सानो हिमाली राष्ट्र नेपाललाई आफ्नो अस्तित्व बचाई राख्न धेरै नै सावधान र सक्रिय रहनुपर्ने स्वतः सिद्ध थियो ।

एक ऐतिहासिक कालखण्डमा विशाल रहेको नेपाल पछि गएर ससाना टुक्रामा बिभाजित भइ त्यसै विलाएर जाने अवस्था हुदै आएको अबस्थामा एक सानो राज्य गोर्खाका राजा पृथ्वीनारायण शाहको नेतृत्वमा वि.सं. १८०० देखि प्रारम्भ भएको पछिल्लो एकीकरण अभियान ले टिस्टादेखि काँगडासम्म फैलिएको विशाल नेपाल निर्माण भएसम्म र तथाकथित सुगौलि सन्धिदेखि हालसम्म नै नेपालले उपनिवेशवादी, संम्राज्यवादी र विस्तारवादी शक्तिहरू संग सधै लड्दै भिड्दै आएको हो । तर २००७ देखि नयाँ प्रकारको चक्रव्युहको सामना नेपालले गर्नुपरेको बाध्यता त्यसबेलाका वरिष्ठ नेताहरूलाई राम्ररी अवगत थियो ।

नेपाल विरुद्ध चक्रव्यूह निरन्तर चलिरहन्थ्यो तर नेपाल भित्रै घुसपैठ गराएर नेपाल ध्वस्त पार्ने अवसर पञ्चायती व्यवस्था अन्तर्गत पाइनसकेको ले अस्तित्व वच्दै आएको थियो । यसरी अस्तित्व वचाउने राजा कै नेतृत्वको कारण हुनुपर्दछ भन्ने षडयन्त्रकारीहरूलाई विश्वास भएकाले उनीहरू सके राजालाई आफ्नो कठपुतली बनाउने नसके राजसंस्था कै अन्य गरि आफ्ना कठपुतलीहरूलाई नेपाल सुम्पिने विचारमा थिए । त्यसैले त्यस समयमा राजा महेन्द्र कालगतिले नमरेका भए पनि मार्ने षड्यन्त्र भइसकेको थियो । पिताको उत्तराधिकारीको रूपमा युवा राजा वीरेन्द्रले पनि सक्दो प्रयास गरे उनलाई लट्पट्याएर नेपाललाई कसैको छाताभित्र पसाउने प्रयास पनि सफल हुनसकेन । उनको पालामा त नेपालको ख्याती अन्तर्राष्ट्रिय मञ्चमा झन् बढेर गयो । वि.सं. २०३७ सालको जनमत संग्रहले राजाको प्रतिष्ठा बढेर गएकोमा उनको जिउज्यानको खतरा झन बढेको थियो । उनको छविले गर्दा राजा वीरेन्द्रलाई कसरी बद्नाम गराउने र अपदस्त गर्ने जस्ता षड्यन्त्र व्यापक भइसकेको थियो । राजालाई सेनाभित्र नै विद्रोह गराएर समाप्त पार्ने योजना पनि नबनेको होइन तर एकजना पनि गद्दार

न निस्किएकाले षड्यन्त्रकारीहरू निराश भएका थिए । राजालाई अपदस्त गरेपछि क-कस्लाई राष्ट्रपति वनाइने छ भन्ने लोभ लालच पनि दिइएको थियो भन्ने पनि सुनिन्थ्यो, तर लेण्डुप दोर्जे बन्ने आँट त्यस वेलासम्म कसैले गर्न सकेन । शैतान कहिले सुन्दैन भने झैं षडयन्त्र सँधैं जारी रह्यो । शैतानहरूको शैतानी हाम्रा नेताहरूलाई राम्ररी थाहा थियो । तर भित्रभित्रै कुरा हुन्थ्यो, बाहिर कहीँ ल्याइन्नथ्यो ।

टंकप्रसाद आचार्य कुनै पनि पदमा थिएनन् तर उनको राष्ट्रिय दायित्व प्रधानमन्त्रीको भन्दा बढी थियो । अधिकार केही पनि थिएन जिम्मेवारी र चिन्ता भने राष्ट्राध्यक्षको भन्दा वढी जस्तो देखिन्थियो । उहाँको पछिल्लो समयावधि वास्तवमा निष्काम वा प्रतिफलविनाको देशभक्तिपूर्ण राजनीतिक गतिविधिकोरूपमा थियो । नेपाललाई स्वतन्त्रता पनि बचाउनुपर्ने र प्रजातन्त्र पनि नभइ नहुने यी दुवै महत्वपूर्ण पक्षलाई आत्मसात् नगरी राष्ट्र अगाडि नबढ्ने भएकाले यसै कुराको तालमेल गर्न उहाँ सँधैं सक्रिय रहनुहुन्थ्यो । उहाँको यस अभियानमा डा. रेग्मी सँधैं सक्रिय र सहयोगि भूमिका निभाउनुहुन्थ्यो ।

यी दुवै नेता आफूलाई वरिष्ठ र अरूभन्दा धेरै जान्ने हुँ भन्थे । अझ डिल्लीरमणलाई त फलानाले मैले जति के जानेको छ र ? भन्ने घमण्ड धेरै नै भएकोजस्तो लाग्थ्यो । तर जिम्मेवारी पनि आफ्नो क्षेत्रबाट बोकेकै हुन्थे । अन्य वरिष्ठ नेताहरूको संसर्गले नेपालमाथि आइपर्ने संकटको सामना गर्न नेपाली नेताहरू सक्षम थिए र विदेशीहरूले नेपाललाई धेरै हेप्न पाएको पनि थिएन । यसमा पनि वि.पि. कोइरालाको वि.सं. २०३७ सालपछिको राष्ट्रिय दायित्वबोधले यी दुवै नेता धेरै प्रसन्न थिए । नेपाललाई सम्हाल्ने ठूलो र सुवर्ण अवसर प्राप्त भएको थियो । जनमत संग्रहको परिणाम पछि सवै नेपाली एकजुट भई कामगर्ने अवर प्रदान गर्न गराउन राजा पनि सफल हुन सकेनन् । तर पनि जनमत संग्रह पछि वि.पि. कोइरालाले नेपालको सत्ता प्राप्त गर्नकालागि पुनः विदेशीको बुई चढ्ने र आफ्ना कार्यकर्ताहरूलाई पनि कहिले पनि सोही निर्देशन दिएनन् । आफ्नो आन्तरिक मामिला आफ्नै प्रयासबाट गर्नुपर्छ अरूको बुई चढेर होईन भन्नेमा सबै जसो बरिष्ठ नेताहरू एक भएको बेला थियो । तर कट्टरपन्थी पञ्चहरूले राजालाई कठपुतली बनाइदिए र महत्वपूर्ण अवसर गुम्यो । यसैले ती नेताहरू राजासँग पनि एकदम रुष्ट थिए, तर विदेशीको गुहार माग्न गएनन् । वि.सं. २०३९ सालमा वि.पि. कोइरालाको निधनले नेपालले एक महान् प्रजातन्त्रवादी मात्र हैन एक देशभक्त पनि गुमाएको थियो । वि.पि. कोइराला

जीवित हुदै कसैले वि.पि.नै प्रजातन्त्र, प्रजातन्त्र नै वि.पि. हो भन्ने गरे भै उनको निधन पछि त नेपाली काँग्रेस प्रजातन्त्रवादी पनि हुन सकेन र देशभक्त पनि हुन सकेन । यस तथ्यप्रति दुवै नेता पछिसम्म चिन्तित थिए ।

वि.सं. २०४१ देखि २०४४ सालसम्मको राजा वीरेन्द्रको कार्यकाल एकदमै लापरवाहीपूर्ण भएको आलोचना वरिष्ठ नेताहरूले गर्दै आएका थिए । राजा वीरेन्द्रको ओजस्वी नेतृत्व सबैले स्वीकारेका भए पनि पञ्चायती कट्टरपन्थीहरूको कठपुतली बनेको विल्कुलै चित्त बुझेको थिएन । वि.सं. २०४४ सालको अन्तर्वातामा टंकप्रसाद आचार्यले नेपाललाई कसले बिगारेको हो ? भन्दा "नेपाल बिगार्ने यही राजा हो । यो आफू पनि ढंग पुऱ्याउँदैन, अरूको कुरा पनि सुन्दैन..." भन्नु भएको थियो । यस्तै डिल्लीरमण रेग्मीले हामी राजा त्रिभुवन र राजा महेन्द्रसँग काम गर्दै आएका मानिस हौं, राजा वीरेन्द्रले हामीसँग सल्लाह लिनु पनि पर्छ र राम्रो कुरा मान्नु पनि पर्छ भन्नुहुन्थ्यो । तर दरबारले टेडो पुच्छर पनि लगाएको देखिएन ।

मेरा गुरु रामहरि जोशी वि.सं. २०४३/४४ मा काठमाडौं आउँदा अब नेपाललाई कसरी बचाउने ? भन्ने छलफल भयो । अब नेपाललाई रक्तपातहीन क्रान्ति चाहिन्छ । त्यसैले आजसम्म बाँचेका सबै वरिष्ठ नेताहरू जम्मा गरौं र प्रजातान्त्रिक सुधार गराउन राजालाई शान्तिपूर्ण दबाब दिऊँ भन्ने सल्लाह भयो । रामहरि जोशीले अहिंसाका पूजारी डा. डिल्लीरमणसँग कुरा गरौं र उहाँकै नेतृत्वमा आन्दोलन सुरु गर्ने कुरा भयो । आन्दोलन कसरी सुरु गर्ने क्रम पनि छलफल भयो । पहिले वरिष्ठ नेताहरूले राजालाई प्रजातान्त्रिक सुधारका लागि पत्र लेख्ने र अल्टिमेट जस्तो दिने । त्यसपछि वरिष्ठ सातजना नेता पालैपालो गरेर सिंहदरबारको पृथ्वीनारायण शाहको सालिक अगाडि अनसन बस्ने वा गिरफ्तारी दिने कुरा भयो । आवश्यक परे क्रमशः गिरफ्तारी पनि दिने , यो क्रम कार्य सम्पन्न नभएसम्म जारी राख्ने । यो कुरा कम्तिमा सबै नेताका बीच सहमति नभएसम्म गोप्य राख्ने कुरा भयो । डा. डिल्लीरमण रेग्मीले टंकप्रसाद आचार्य, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराईसँग प्रस्ताव राख्नुभयो । सबैले सकारात्मक जवाफ दिए तर गणेशमान सिंहले उहाँको प्रस्ताव मान्नुभएन । यसबारेमा केही दिन उहाँसँग छलफल भयो तर केही नलागेपछि अभियान स्थगित भयो । गणेशमान सिंहले वि.पि. कोइरालाको मेलमिलापको नीति छाड्दै गएको हो कि भन्ने शंका उत्पन्न भयो । साम्यवादी विचारधारा राख्ने मनमोहन अधिकारीले

स्वीकार गरेको प्रस्ताव गणेशमानले नमानेकोमा डा. डिल्लीरमण छक्क पर्नुभएको थियो । त्यो प्रस्ताव मानेको भए प्रमुख र वरिष्ठ नेतासँग करिब १०० जना नेता सत्याग्रहमा सहभागि हुने र राजालाई प्रजातान्त्रिक सुधार गर्नका लागि बाध्य गराउन सकिने र रक्तपातपूर्ण गतिविधि रोक्न सकिने भन्ने डा. रेग्मीको अनुमान थियो । यस्ले विदेशी हस्तक्षेप पनि नहुने र नेपालले क्रमशः लोकतन्त्र पनि प्राप्त गर्दै जाने एवं राजा पनि सम्मानित हुने आशा गरिएको थियो । तर भनेजस्तो हुन सकेन ।

वि.सं. २०४१ सालदेखि मैले अन्तर्राष्ट्रिय मञ्च पत्रिकाको प्रकाशन प्रारम्भ गरें । पत्रिकाका लागि नेपालका वरिष्ठ नेताहरूसँगको भेटघाट उपयोगी हुन्थ्यो । एकतन्त्री शासन व्यवस्था भएको कारणले प्रेस स्वतन्त्रता केही सीमित नै थियो । देशभक्तिपूर्ण लोकतान्त्रिक आन्दोलन एकमात्र लक्ष्यका रूपमा सबैजना लाग्नु स्वभाविकै थियो । वरिष्ठ नेताहरू राजालाई लोकतान्त्रिक सुधारका लागि सहमत गराउन सकिन्छ, त्यसको उचित विकल्प राजालाई दिन सक्नुपर्छ भन्नेमा थिए । तर दरबार घेरेर बसेकाहरूमा अहम् ज्यादै बढिसकेको थियो र मेलमिलापको सम्भावना कम हुँदै गएको थियो । दरबारको एकोहोरो कदमले विदेशीहरूलाई चलखेल गर्ने अवसर प्रदान गर्ने सम्भावना बढ्यो । त्यही बेलामा नेपालका देशभक्त नेता, इतिहासकार, समाजसेवी, पत्रकार, गायक, साहित्यकार, पर्यावरणविद्, प्रशासकलाई सम्मान गर्ने प्रक्रिया चाल्न वि.सं. २०४४ सालका वर्ष महिला तथा पुरुषको घोषणा गर्ने प्रक्रिया अन्तर्राष्ट्रिय मञ्चले प्रारम्भ गऱ्यो । यसरी नेपालमा नै पहिलोपटक भएको सो घोषणाले राष्ट्रियता, देशप्रेम, प्रजातान्त्रिक विकास प्रयास र विकासका लागि टंकप्रसाद आचार्य र राजनीतिक क्रियाकलाप, इतिहास लेखन, अन्वेषण समेतमा योगदान गर्नका साथै नेपाली इतिहासलाई अग्रेजी भाषामा प्रकाशित गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा प्रवर्धन गरेकाले डा. डिल्लीरमण रेग्मीलाई वर्ष पुरुष घोषणा गरिएको थियो । त्यसबेला जनचेतना र सामाजिक सेवा प्रवर्द्धन गरेवापत रामहरि जोशी, गायकमा नारायण गोपाल, साहित्यमा मोहन कोइराला, पत्रकारमा बालमुकुन्द पाण्डे, पर्यावरण संरक्षणमा डा. कृष्णकुमार पाण्डे, महिला जागरणमा पारिजात, खेलकुदमा बैकुण्ठ मानन्धर, व्यवस्थापकमा श्रीकृष्ण उपाध्यायहरूलाई पनि वर्ष पुरुष तथा महिला घोषणा गरिएको थियो ।

वर्ष पुरुष घोषणा गरेपछि अन्तर्राष्ट्रिय मञ्चले डा. डिल्लीरमण रेग्मीको जीवनी वर्ष ४ पूर्णाङ्क ३ को पृष्ठ नं. ३६५ देखि ३७० सम्म प्रकाशित गरेको थियो । त्यस जीवनीलाई यहाँ एक ऐतिहासिक सामग्रीको रूपमा प्रकाशित गरिएको छ ।

वि.सं. २०४४/४५ सालपछि डा. रेग्मीसँग मेरो आवतजावत झन् बढेर गयो । कहिले टंकप्रसाद आचार्य कहाँ कहिले रेग्मीकहाँ गएर अध्ययन गर्ने गर्दथें । उहाँहरूकहाँ नेपालविरुद्ध कसरी षड्यन्त्र हुँदैछ भन्ने जानकारी पाइन्थ्यो । जति सचेत गराउँदा पनि दरबारियाहरू र पञ्चहरू सकारात्मक परिवर्तनका लागि तयार नभएकोमा उहाँहरू चिन्तित भएको पाउँदथें ।

नेपालको राजतन्त्रले विधर्मी र विदेशीहरूलाई नेपालभित्र चलखेल गर्न नदिने भएकाले जे गरेर हुन्छ त्यसलाई ध्वस्त पारेर छाड्ने नीति विस्तारवादीहरूले बनाइसकेका थिए । स्व. वि.पि. कोइरालाको नीति राजसंस्था फालेर प्रजातन्त्र ल्याउने पक्षमा नभएको र नेपाली काँग्रेस वामपन्थीहरूसँग गठबन्धन गरेर राजसंस्थालाई फाल्ने तहसम्म पुग्ने छैनन् भन्ने राजाका मानिसहरूलाई विश्वास थियो । राष्ट्रियता, राजा र प्रजातन्त्रकै स्थापनाको प्रक्रियामा समेत वामपन्थी पार्टीहरू समेत एकमत नभएको अवस्थामा सबै विपक्षीहरू एकमत भएर पञ्चायती व्यवस्थाविरुद्ध मोर्चा बनाउलान् र राजालाई नझुकाएसम्म भारतले नेपाललाई आर्थिक नाकाबन्दी लगाउने छ भन्ने कुरामा पनि दरबारिया चिन्तकहरू सचेत थिएनन् । नेपाल विरुद्ध षड्यन्त्रको पहिलो सिकार राजदरबार हुँदै थियो । षड्यन्त्रकारीहरूले राष्ट्रपति र उपराष्ट्रपति को हुने छन् भन्ने समेत भित्रभित्रै पद बाँडिसकेका थिए । पञ्चायती व्यवस्थाको विरोधी पार्टीहरू आपसमा मिलेर मोर्चा बनाउन सक्दैनन् त्यसैले बाहिर नै रहेर मोर्चा बनाइदिएर जनआन्दोलन घोषणा गराउने र राजसंस्थाको अन्तर्राष्ट्रिय जगतमा धज्जी उडाएर आर्थिक नाकाबन्दी लगाई घुँडा टेकाएर आफ्नो सहयोगबाट सत्तामा जाने राजनीतिक पार्टीहरूबाट नेपाल चलाउने योजना नेपाल बाहिर नै बनिसकेको थियो । तर दरबार सचेत भएन, आफ्ना नेताहरूलाई आन्दोलन भन्दा अगाडि नै सहमतिमा ल्याएर देशमा आवश्यक प्रजातान्त्रिक सुधार पनि ल्याउन दरबार असक्षम भयो । यसरी टंकप्रसाद आचार्य र डा. रेग्मीले अनुमान गरेअनुसार विदेशीको बुई चढ्न पञ्चायती व्यवस्था विरोधी पार्टीहरू बाध्य भए ।

त्यही समयमा टंकप्रसाद आचार्यले नेपालमा बहुदलीय व्यवस्था आवश्यक छ तर विदेशीको बुई चढेर ल्याएको व्यवस्थाले राष्ट्रियता जोखिममा पर्छ भन्नुभएको थियो । भारतले 'नेपालका राजा वीरेन्द्रलाई नेपालविरुद्ध केही लिखित शर्तहरू पालना गरेमा राजा र व्यवस्थाको विरुद्ध हुनसक्ने जनआन्दोलन र आर्थिक नाकाबन्दी नलगाइने प्रलोभन पनि दिएको थियो । तर राजा वीरेन्द्रले बरु आफ्नै देशका राजनीतिज्ञहरूको शरणमा जाने तर दीर्घकालीन रूपमा स्वतन्त्र नेपालमाथि अपमान हुने खालका कुनै पनि काम नगर्ने अडान लिए । यसबाट षड्यन्त्रकारीहरू झन् आक्रोशित भए । समयमा राजा सचेत नभएको भए वि.सं. २०४६ साल चैत्र २४ गतेका दिन नै नेपालीहरूकै जनआन्दोलनको वहाना बनाएर नारायणहिटी राजदरबार चारैतिरबाट घेरेर त्यही दिन नै भीषण दुर्घटना गराउने आशंका थियो । तर पछि नै भए पनि नेपाली राजनेताहरूले पूरा विदेशीको बुई चढेनन् र राजाले पनि जनतासँग साझेदारी गरे । यसैले वि.सं. २०४६/४७ साल नेपालको इतिहामा एक महत्वपूर्ण वर्ष रह्यो । यसले नेपाललाई ठूलो दुर्घटनाबाट बचायो । यसमा पनि वरिष्ठ नेता मनमोहन अधिकारी र गणेशमान सिंह लगायतका नेताहरूको महत्वपूर्ण भूमिका रहेको सबैले मान्नैपर्दछ ।

नेपालको इतिहासको अर्को महत्वपूर्ण घटना २०४७ सालको नेपाल अधिराज्यको संविधान अनुसार २०४८ सालको बहुदलीय व्यवस्था अन्तर्गतको आमनिर्वाचन र सरकारको गठन थियो । तर सत्तारुढ नेपाली काँग्रेसभित्रको फुटको कारण संसदको विघटन एवम् पुनःनिर्वाचन र त्यसपछिको राजनीतिक दलहरूको दलीय स्वार्थका कारण प्रजातन्त्र मात्र हैन राष्ट्रिय अस्मितामाथि नै धक्का पर्दै गएको थियो । राष्ट्रिय हक र हितका लागि कहिल्यै एकबद्ध नहुने पार्टीहरू विदेशीहरूका लागि लाभ हुने कार्यमा एकमत भई सर्वस्व लुटाउन तयार हुन्थे । फलस्वरूप प्रजातन्त्र प्राप्ती पछि शान्ति र विकास व्यापकरूपमा हुने महत्वकांक्षा बोकेका जनता क्रमशः निराश हुँदै जानु स्वभाकै थियो ।

नेपालको प्रजातन्त्रले नेपालीलाई भन्दा विदेशीलाई फाइदा भयो । विदेशीकै बुई चढेर आएको प्रजातन्त्रले नेपालीलाई फाइदा दिँदैन भन्ने दृढ धारणा राख्ने टंकप्रसाद आचार्यको निधन २०४९ साल वैशाख ११ गते भएपछि डा. रेग्मी पनि एक्लिनुभयो । २०५१/०८/१४ देखि २०५२/०५/२६ सम्म प्रधानमन्त्रीको पद सम्हाल्ने नेपालका प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीबाट राष्ट्रको

राम्रो उन्नतिको जग बस्ने आशा उहाँले गर्नुभएको थियो । नेपालका प्रधानमन्त्रीमध्ये नेपाल र भारत दुवै राष्ट्रसँग उच्चस्तरीय एवम् सम्मानीत कुटनीति कायम गर्न मनमोहन अधिकारी सफल भए पनि आफ्ना पार्टीका कामरेडहरूको भारतपरस्त नीतिले उहाँ पनि बद्नाम हुनुभएकोमा डा. रेग्मी चिन्तित हुनुहुन्थ्यो ।

नेपाललाई भारत र चीनबीच समान दूरीमा राखेर आफ्नो विकास गर्नु आवश्यक छ भन्ने उहाँको विचार थियो । भारतसँगको समस्या समाधान गर्न नेपाल धेरै सतर्क रहनुपर्ने, जनस्तरमा राम्रो सम्बन्ध बढाई सरकारी स्तरमा राम्रो सम्बन्ध सुधार्न प्रयास गर्नुपर्ने र गान्धीको नीतिलाई नै नेपाल-भारतबीचको समस्या समाधानको नीति नेपालीले बनाउनुपर्ने विचार राख्नुहुन्थ्यो । उहाँ नेपालभित्र खुल्लारूपमा भारतको विरोध गर्नु राम्रो मान्नुहुन्नथ्यो । हामीलाई उहाँको व्यवहार हेर्दा उहाँ बढी भारतीय पिठ्ठू हो कि जस्तो पनि लाग्दथ्यो । उहाँकहाँ बुद्ध, गान्धी र अन्य धर्मको चर्चा चले पनि गान्धीवादप्रति उहाँको बढी नै झुकाव प्रेम थियो । मैले तपाईंको गान्धीवादले नेपाललाई के फाइदा हुन्छ ? हामीलाई झन् बेफाइदा त हुँदैन ? भन्ने प्रश्न राख्दा उहाँले बढी प्रेमले सम्झाउनुभएको थियो । भारतीय जनता नेपालप्रति सँधैं सद्भाव राख्दछन्, भारतीय सरकार बढी हेपाह प्रवृत्तिको हुनसक्छ, हामीले जनतासँग राम्रो सम्बन्ध राखेपछि सरकार पनि ठीक हुन्छ भन्नुहुन्छ ।

गान्धी एक अहिंशावादी महान् हिन्दू थिए । उनले विश्वकै सबैभन्दा बलियो उपनिवेशवादी राष्ट्र बेलायतलाई आफ्नै नीतिले लखेटे । जसरी गान्धीले भारतलाई बेलायतबाट मुक्त गरे, हामी नेपालीले पनि गान्धीवादबाटै नेपालमाथिको भारतीय हस्तक्षेप हटाउन सकिन्छ । यो नेपालीको सुझबुझ र एकताबाट सम्भव हुन्छ । नेपाललाई विश्वको एकमात्र हिन्दू धर्मसापेक्ष स्वतन्त्र राष्ट्रका रूपमा व्यवहारिक रूपले गान्धीको समर्थन भएबाट पनि नेपालीका लागि महात्मा गान्धी पूज्यनीय छन् । गान्धीवादबाटै भारतीयहरूको नेपालीप्रतिको असहिष्णु र हेपाहा प्रवृत्तिमाथि विजय प्राप्त गर्न सकिन्छ । आफ्ना छिमेकीहरूसँग प्रेमपूर्वक सद्भावना गर्न नसक्ने र मिचाहा प्रवृत्तिका भारतीय नेताहरूले उनीहरूका राष्ट्रपिता महात्मा गान्धीको पनि अपमान गरेका छन् । त्यसैले नेपालजस्ता राष्ट्रको लागि भारतजस्तो ठूलो र हेपाहा, मिचाहा राष्ट्रलाई ठीक पार्न गान्धीवादको सहारा लिनु राम्रो हुन्छ भन्ने उहाँको सुझाव थियो ।

२०५२ सालपछि नेपालमा माओवादी विद्रोह बढेर जानुमा नेपालका बहुदलीय नेताहरूको कमजोरीका कारण भएको हो र यसको यथासक्य चाँडो उचित समाधान नखोजे राष्ट्र नै संकटमा पर्न सक्ने भएकाले अन्तिम क्षणसम्म दुवै पक्षलाई अनुरोध गरी मेलमिलाप गर्नैपर्दछ र आवश्यक परे आफू पनि मध्यस्थ बन्न सक्ने बताउनुभएको थियो ।

उहाँले आफ्नो सारा सम्पत्ति डा. डिल्लीरमण रेग्मी ट्रष्ट बनाएर पहिले नै श्री ५ को सरकारलाई दिई सक्नु भए पनि यसको भविष्य पछि गएर के हुने हों ? भन्ने चिन्ता उहाँलाई बाँचुञ्जेल परिरह्यो । एकपटक दान गरिसकेपछि दान दिएको वस्तु जेसुकै होओस् चिन्ता गर्नु व्यर्थ हो, यसरी सरकारी स्तरमा चलाउने गरी दिएको गुठी र सम्पत्ति गतिलो सरकार आएसम्म चल्ने अन्यथा कुनै दिन बन्द हुन सक्ने सम्भावना पछिसम्म कायमै रहने तथ्य यसभन्दा अगाडि परम्परादेखि स्थापना भएका हजारौं गुठी र मन्दिरले देखाइसकेको कुरा बताउँदा उहाँ निराश पनि हुने गर्नुहुन्थ्यो । कुनै पनि भौतिक संरचना जहिले पनि ध्वस्त हुन सक्छ । त्यसैले वैचारिक विचारधाराको खेतीपाती नै दीर्घकालीन हुने भएकाले तपाईंको नाममा स्थापित ट्रष्टले नेपालको बौद्धिक क्रान्ति, वैचारिक क्रान्ति, सकारात्मक क्रान्ति, ज्ञानमा आधारित क्रान्ति गर्नुपर्छ नत्र त यो ट्रष्ट सरकारको कुनै एक कार्यालय जस्तै भएर एकदिन स्थगित समेत हुनेछ भन्ने राय दिँदा तपाईंले तीतो तर सत्य बोल्नुभएको हो र यही सत्य तीतो बोल्न सक्ने भएकाले नै म तपाईंलाई मन पराउँदछु भन्नुहुन्थ्यो ।

जनस्तरबाट सबभन्दा पहिले २०४४ सालमा नै उहाँलाई वर्षपुरुष घोषणा गरेर मैले नै सम्मान गर्ने मौका पाएको थिएँ । त्यस्तै २०५६ सालमा आफ्नै निजी सम्पत्ति प्रदान गरी सार्वजनिक हितका लागि गुठी खोली सञ्चालन गर्नेहरूमध्ये ३ जना वरिष्ठहरूलाई अन्तर्राष्ट्रिय मञ्च नेपालको राष्ट्रिय गौरव सम्मान समितिले 'नेपाल गौरव सम्मान" तीन जनालाई प्रदान गर्ने निर्णय गरिएकोमा सर्वश्री- डा. डिल्लीरमण रेग्मी, दोस्रो- भूपालमानसिंह कार्की र तेस्रो- डा. मृगेन्द्रराज पाण्डे हुनुहुन्थ्यो । यो सम्मान घोषणा भएपछि उहाँले मलाई तपाईंको संस्थाले प्रदान गर्ने निर्णय गरेको "नेपाल गौरव सम्मान"लाई जनस्तरबाट गरिएको ठूलो सम्मानको रूपमा लिएको छु भन्नुभएको थियो ।

जीवनको अन्तिम काल, उमेर र विरामी भइरहने कारणले अव्यवस्थित हुनु स्वाभाविक भए पनि निरन्तर ट्रष्टको विकासमा उहाँ लागिरहनुभयो । त्यसबेलामा अलि बढी नै बोलाइरहनुहुन्थ्यो । विरामी हुँदा कहिले बैंकक जानुपर्दा, विरामी भएको जानकारी प्रेस विज्ञप्तीका रूपमा दिन पनि अनुरोध गर्नुहुन्थ्यो । माओवादी जनयुद्धबाट हुने गरेको जन र धनको क्षति, २०५८ जेठ १९ गतेको राजा वीरेन्द्रको वंश हत्याको घटनाले उहाँ बढी नै चिन्तित हुनुहुन्थ्यो । विरामीले च्याप्दै लग्यो, सँधैं अध्ययनशील, सक्रिय र राष्ट्रको सँधैं भलो चिताउने एक अहिंसक राष्ट्रिय व्यक्तित्वले आफ्नो जीर्ण भएको देह त्याग गरी समाधि लियो । तर डा. रेग्मीको विचार ट्रष्टका रूपमा जीवित छ जसले आजसम्म योग्यतम् नेतृत्व प्राप्द गर्दै आएकोमा मलाई सन्तोष लागेकै छ ।

आज पनि उहाँको ट्रष्टमा जाँदा उहाँ जीवितै हुनुहुन्छ र मलाई भेट दिनका लागि प्रतिक्षामा हुनुहुन्छ भन्ने लागिरहन्छ । मलाई त उहाँको आत्मीय चेतना हालको पुस्तकालय विकास समिति वरिपरी नै अवश्य चिरस्थायी रूपले बसिरहेको हुनुपर्दछ भन्ने लाग्दछ ।

डा. रेग्मीजस्तो राष्ट्रिय व्यक्तित्वको योगदान हिजोका लागि पनि महत्वको नै थियो आज त झन् सान्दर्भिक छँदैछ । अझ भनौं भोलिको नेपालको लागि त झन् धेरै उपयोगी हुन सक्छ । 'ज्ञानमा आधारित गतिविधि'ले नै नेपालीले नेपाललाई विश्वको सबभन्दा शान्तिपूर्ण, उन्नतिशील, विश्वको सर्वप्रिय मित्र र आत्मिक रूपले सबभन्दा लियो राष्ट्र बनाउन सक्नेछन् । ज्ञान नै बल हो, ज्ञान नै धन हो, ज्ञान नै शान्ति र सम्पन्नताको आधार हो, अहिंसा नै परम धर्म हो, धर्म नै डा. रेग्मीको वैचारिक सार हो । शान्त, सम्पन्न र बलियो नेपाल नै उहाँको स्वर्ग हो ।

स्व.डा. डिल्लीरमण रेग्मी – स्मरणीय व्यक्ति, अनुकरणीय विचार

✍ *नारायणप्रसाद मिश्र*
शान्ति मिश्र

महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदनमा लेख्नुभएको थियो "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन" कुरा सत्य हो। तर नेपालमा अझै जातले पनि मानिस ठूलो भइराखेको पनि भान हुन्छ। राणाजीहरू जस्ता पुरानो शासकवर्ग, दरबारिया र खान्दानी जात भनाउँदाहरू अझै आफूलाई ठूला सम्झिन्छन्। जनताले पनि बक्सियोस्, सवारी होस् भन्ने बेग्लै भाषा समेत प्रयोग गरी जात मात्रले कसैलाई ठूलो बनाएकै छन्। यसो गर्नु जरुर ठीक होइन। मानिस ठूलो दिलले हुन्छ भने जस्तै-

मानिस ठूलो ज्ञानले हुन्छ, पदले हुँदैन,
मानिस ठूलो सेवाले हुन्छ, भाषणले हुँदैन,
मानिस ठूलो इमानले हुन्छ, बेइमानीले हुँदैन,
मानिस ठूलो त्यागले हुन्छ, लोभले हुँदैन,
मानिस ठूलो आचरणले हुन्छ, विचारले हुँदैन,
मानिस ठूलो कामले हुन्छ नीतिले हुँदैन,
मानिस ठूलो भावनाले हुन्छ, पोशाकले हुँदैन,
मानिस ठूलो परिश्रमले हुन्छ, धनले हुँदैन।

जरुर पनि राम्रो समाजमा ढोङ्गी र आडम्बरी ठूलो हुँदैन। जतिसुकै धन, शक्ति भए पनि भ्रष्टाचारी कुकर्मी ठूलो हुँदैन। तर हाम्रो मुलुकमा कुरा अलि फरक छ। आचरण राम्रो भए पनि नभए पनि जोगीको भेष धारण गरेपछि डाँकू

लुटाहालाई पनि जोगी सम्झनेहरू यहाँ अनगिन्ती छन्। त्यागी, तपस्वी, कर्मयोगीको सेवा नदेख्नेहरू पनि अनगिन्ती छन्। यिनै कारण समाजवाद, साम्यवादका नाममा आफन्तवाद चलाउनेहरू पनि यहाँ अनगिन्ती छन्। यिनै विभिन्न कारणले गर्दा वागमतीको सिनुमा आकाशमाथिको गिद्धको चक्षु परेजस्तै कुनै पनि अड्डा, अफिस, स्कुल, क्याम्पस, विश्वविद्यालय समिति, कमिटी, अस्पताल बोर्ड, बैंक बोर्ड आदि ठाउँको रिक्त पद, अध्यक्ष, सदस्य, आदि ठाउँमा अझै पनि आफन्तवादको चक्षु उत्तिकै परेको देखिन्छ। ज्ञान र अनुभव, व्यावसायिकता (Professionalism) को कदर गर्ने वातावरण अझै बनिसकेको देखिँदैन। अद्वितीय ज्ञान र अनुभव, समाज र राष्ट्रका लागि उल्लेखनीय स्मरणीय काम र सेवाले भन्दा राजनीति वा राजनैतिक पद र शक्तिले विभिन्न व्यक्ति विभिन्न समयमा ठूला कहलिएका छन्। त्यस्तै असार-श्रावण महिनाको पानीको भेलमा उठेका पानीको फोकाजस्तै बिलाएका पनि छन्। ज्ञान र अनुभव, काम र सेवा, दान र त्यागबाट जनताको दिलमा अङ्कित वा राष्ट्रको इतिहासमा अङ्कित ठूला आदर्श व्यक्तिको नाम सजिलो लिन सक्ने स्थिति छैन।

ज्ञान र अनुभवको आधारमा स्व.डा. डिल्लीरमण रेग्मी राष्ट्रको एक स्मरणीय ठूला व्यक्ति हुन्। उहाँको व्यक्तिगत पुस्तकालय आज जनताको सामु छ। उहाँको निकट रहेका, उहाँको स्नेह र विश्वास पाएका मात्र होइन ज्ञान सामग्रीको माध्यमद्वारा उहाँको ज्ञानको तिर्खा मेटाउने काममा सहयोगी समेत रहेका कारण उहाँको ज्ञान र विद्वतासित हामी राम्रो परिचित छौं। नेपालको इतिहास, राजनीति, धर्म, संस्कार, संस्कृति, भारतीय सभ्यता, आदि क्षेत्रमा उहाँको ज्ञान अद्वितीय थियो। उहाँ एक जीवित विषयकोष जस्तै हुनुहुन्थ्यो। उहाँको निकटतामा रही हामीले अनुभव गरेको यो कुरा हो।

उहाँ लोभी होइन त्यागी भन्ने कुरा उहाँको घरवारी, पुस्तकालय र पुस्तकालयमा रहेका पुस्तक मात्र होइन बहुमूल्य मुद्रा, कलाकृति आदि सम्पूर्ण सामग्री राष्ट्रलाई दान गरी त्यागको एक उदाहरणीय व्यक्ति हुनुभएकैबाट प्रमाणित

हुन्छ । उहाँ उच्च विचार र सादा जीवनको व्यक्ति हुनुहुन्थ्यो । प्रजातन्त्र वा लोकतन्त्र नारा, भाषण, नीति, कार्यक्रम पुस्तिका र संविधानको किताबमा मात्र होइन व्यवहारमा सबैले महसुस गर्न सक्ने हुनुपर्छ भन्ने धारणा उहाँ राख्नुहुन्थ्यो । उहाँ शान्ति र अहिंसावादीको हैसियतले महात्मा गान्धीको अनुयायी र प्रशंसक हुनुहुन्थ्यो । बहुदलीय प्रजातन्त्र उहाँको नशा-नशामा थियो तर आफ्नो आदर्शमा उहाँ अडिग र अपरिवर्तनीय चट्टान हुनुहुन्थ्यो । यसैले उहाँ राजा र अरू प्रजातान्त्रिक पार्टीहरू कसैसित पनि निकटमा रहन सक्नुभएन । जीवनको अन्तिम घडीसम्म पनि सक्रिय भई राष्ट्रको समस्यामा चिन्तित भई जीवन बिताउनुभयो । जीवनको अन्तिम जन्मोत्सवको उपलक्ष्यमा आयोजित समारोहमा राष्ट्रको समस्यामा अति चिन्तित भई उहाँ रुनुभएको उहाँको भावपूर्ण रोदन क्रन्दनको भाषण ऐतिहासिक दस्तावेजको रूपमा जरुर पुस्तकालयमा हुनुपर्दछ ।

हामी उहाँलाई एक ठूला व्यक्ति, स्मरणीय व्यक्ति, अनुकरणीय व्यक्ति, आदर्श व्यक्तिको रूपमा सदा सम्झिन्छौं । उहाँले आफ्नो संस्थामा ठूलो प्रेम र विश्वासका साथ हामी दुवैलाई संस्थापक सदस्यमा समावेश गर्नुभएको कुरा सम्झन्छौं । सभा समारोहको औपचारिक कार्यक्रमका लागि मात्र होइन स्नेह र प्रेमले बेलाबखत सम्झना गरी बोलाउने र राष्ट्र र जनताको हित र कल्याण लगायत सुख-दुःखका कुराकानी गर्ने रमाइला दिनहरू पनि हामी समय-समयमा सम्झिन्छौं । उहाँका व्यापक ज्ञान, आदर्श र नेपाली काँग्रेसका महान नेता वि.पि. कोइराला लगायत उहाँका सहकर्मी र विभिन्न अरू राजनैतिक नेताहरूको राजनीतिमा सक्रिय नेतृत्व एकसाथ जान सकेको भए आजको दशकौं अगाडि नै लोकतान्त्रिक नेपालको नयाँ जग बनिसक्थ्यो कि ? भन्ने विचार हाम्रो मनमा आउँछ । तर यसो हुन सकेन । डा. रेग्मीको बुद्धि र विवेक, अथाह ज्ञान र अनुभव, आदर्श व्यक्तित्व एक्लियो । उहाँ कार्यकर्ताविनाको अर्थात् अनुयायीविनाको नेता, सिपाहीविनाको जनरलजस्तो हुनुभयो । एक्ला बृहस्पति हुनुभयो । तर पछि आफ्नो नामको स्मारक पुस्तकालयको नामबाट अघि सरी यसलाई एक मिलन केन्द्रको रूपमा स्थापित गरी प्रजातान्त्रिक

नेपालको विकासका लागि सबै राजनैतिक विचारधाराका व्यक्तिहरूलाई, नेताहरूलाई एकसाथ खडा गरी चिन्तन मनन गर्ने काममा उहाँ सक्रिय हुनुभयो । नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नेपालमा बहुदलीय प्रजातन्त्र आयो । उहाँ अति खुसी हुनुभयो । तर आपसी झैं-झगडा र भ्रष्टाचार, अनाचारमै फसी देश र जनताको हित र कल्याणमा कसैको ध्यान जान नसकेको कारण उहाँ पुनः दुःखी हुनुभयो । समालोचक बन्नुभयो । उहाँको समालोचना मन पराउने देखिएनन् । उहाँ निराश हुनुभयो ।

उहाँकै जीवनकालमा माओवादी समस्या उल्झियो । एक शान्तिवादी, अहिंसावादी नेताको हैसियतले यो समस्या समाधानका लागि मध्यस्थता गरी समस्या समाधान गर्ने मनसाय पनि पटकपटक उहाँले प्रकट गर्नुभएको थियो । उहाँको सहयोग र सेवा, बुद्धि, ज्ञान र अनुभव प्रयोग गर्न कोही अघि सरेनन् । सबै दलका नेताहरू उहाँकहाँ उपस्थित हुन्थे । आदर-सत्कार देखाउँथे । तर उहाँको सद्विचारको अनुकरण कसैले गरेनन् । नेपालमा सफल नेता हुनका लागि योग्यता, ज्ञान र अनुभव भन्दा, त्याग र सेवा भन्दा, सिद्धान्त र नीति भन्दा, सङ्कल्प र अठोट भन्दा, बोलीबचन र लेखन भन्दा, राष्ट्रप्रेम र देशप्रेम भन्दा, इमान्दारिता कर्तव्यपरायणता भन्दा, तिकडम, षडयन्त्र, आदि गुण बढी चाहिन्छ भन्ने दृष्टान्त बनी उहाँ संसारबाट बिदा हुनुभयो । रविन्द्रनाथ टैगोरको एक्ला चलो गीत मनपराई एक्लै चल्नुभयो । जानुभयो । उहाँको जीवनका राम्रा बलिया पक्षहरू के-के हुन्, कमजोर पक्षहरू के-के हुन्, केलाई राम्रा पक्षहरू नेपाली समाजले अनुकरण गर्न सकून्, कामना । उहाँको नामको स्मारक पुस्तकालयले पनि पुस्तक भण्डार र पुस्तक संग्रहभन्दा ज्ञानको चाहना पूरा गर्ने एक जीवित ज्ञान मन्दिरको रूपमा विकास गर्न सकून्, कामना ।

शान्ति र विकासप्रेमी अमर युगपुरुषप्रति श्रद्धासुमन

✍ *डा. प्रभा बस्नेत*

शान्ति एवम् विकासप्रेमी अमर युगपुरुष डा. डिल्लीरमण रेग्मी नेपालमा मात्र होइन विश्वमा नै परिचित नाम हो । एक प्रखर राजनेताको रूपमा मात्र नभई एक प्रकाण्ड विद्वान, इतिहासवेत्ता एवम् शान्ति र अहिंसाका कट्टर समर्थक, शिक्षाप्रेमी अभियन्ताका रूपमा उहाँ देश र विदेशमा समेत परिचित हुनुहुन्छ ।

उहाँको जन्म किलागल टोल, काठमाडौंमा वि.सं. १९७० साल पौष ३ गते भएको हो । डा. रेग्मी अत्यन्त प्रतिभाशाली, लगनशील हुनुहुन्थ्यो । त्यागी दानवीर डा. रग्मीले लाजिम्पाटभित्र आफ्नो निजी सम्पत्ति, घर, जग्गा, पुस्तकालय, चल-अचल सम्पत्ति सबै सर्वसाधारणको उपयोगका लागि श्री ५ को सरकार तात्कालीनलाई अर्पण गर्नुभयो । यस कार्यमा श्री विश्वनाथ ढकाल, श्री दुर्गानिधि, श्री भीमबहादुर अधिकारीहरूले उहाँ र श्री ५ को सरकार तात्कालीनबीच समन्वय ल्याई ट्रष्ट स्थापनामा ठूलो सहयोग पुऱ्याउनुभएको कुरा यस पुस्तकालयप्रेमी सबैमा विदितै छ ।

नेपालको राजनीतिक एवम् बौद्धिक विकास उत्थानमा झण्डै ६ दशक अर्पण गर्नुहुने डा. रेग्मीको त्याग तपस्या नेपाल र नेपालीका लागि अविस्मरणीय रहेको छ । शिक्षाप्रेमी, ज्ञानवेत्ता डा. रेग्मीले आफ्नो निवासलाई वि.सं. २००९ सालमा डा. डिल्लीरमण रेग्मी सदन नामाकरण गर्नुभई सो सदनलाई पुस्तकालयको रूपमा विकसित गर्न थाल्नुभएको रहेछ । उहाँले आफ्नो आर्जनबाट प्राप्त रकम पुस्तक खरिदमा नै उपयोग गरेर सो पुस्तकालयका लागि चाहिने फर्निचर खरिद गरेर अत्यन्तै सुसज्जित बनाएर वि.सं. २०३७ सालमा सो सदनलाई डा. डिल्लीरमण रेग्मी कल्याणी रेग्मी पुस्तकालय,

संग्रहालय तथा अनुसन्धान केन्द्रको नामाकरण गर्नुभई श्री ५ वीरेन्द्रबाट उक्त पुस्तकालयको उद्घाटन गाराउनुभएको कुरा डा. रेग्मीले डा. मोहनप्रसाद लोहनीलाई र यस लेखका लेखकलाई सुनाउनुभएको थियो । उहाँले संकलन गर्नुभएका पुस्तक-पुस्तिका अमूल्य अनुसन्धानात्मक लेख-रचना पच्चीस हजारभन्दा बढी रहेको र आफ्नो शेषपछि यो संस्थाको सद्उपयोग हुन्छ हुँदैन भन्ने कुरामा उहाँ अत्यन्तै चिन्तनशील हुनुहुन्थ्यो । एकदिन उहाँले डा. मोहनप्रसाद लोहनीलाई र यस लेखका लेखकलाई गहभरी आँशु लिएर भन्नुभएको थियो- 'यो पुस्तकालयको संरक्षण र सद्उपयोग गर्न गराउन तपाईहरू लाग्नुहोस् साँच्चै भनुँ भने तपाईंहरूको जिम्मा छ यो पुस्तकालय र संग्रहालय । मलाई यसको अति माया छ ।' दानवीर डा. रेग्मीले आफ्नो चल-अचल सम्पत्ति सबै श्री ५ को सरकार तात्कालीन शिक्षा तथा खेलकुद मन्त्रालयलाई शेषपछिको बकसपत्र गरिदिनु भएअनुसार शिक्षा तथा खेलकुद मन्त्रालयले यो पुस्तकालय विकास समिति गठन आदेश जारी गरी सञ्चालन गराएको छ ।

अमर युगपुरुष डा. डिल्लीरमण रेग्मी उहाँ नै अध्यक्ष रही स्थापना गर्नुभएको डा. डिल्लीरमण रेग्मी ट्रस्टले प्रतिवर्ष उहाँको जन्मोत्सव पौष ३ गते मनाउने गर्दथ्यो यो परम्परा उहाँको स्वर्गारोहण पश्चात् शिक्षा तथा खेलकुद मन्त्रालयले वि.स. २०६० साल असार १२ गते राजपत्रमा सूचना प्रकाशित गरी डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन गरेको थियो । त्यसबेला अध्यक्षमा प्रातस्मरणीय डा. त्रैलोक्यनाथ उप्रेती, सदस्यमा- डा. अञ्जनीकुमार शर्मा र डा. प्रभा बस्नेत तथा अन्य ४ जना पदेन सदस्यहरूको मनोनयन शिक्षा तथा खेलकुद मन्त्रालयले गरेको थियो । सो विकास समितिले प्रतिवर्ष पौष ३ गते उहाँको जन्मजयन्ती मनाउँदै आएको छ । त्यसपश्चात् पनि पौष ३ गते विविध कार्यक्रमका साथ अमर युगपुरुष डा. डिल्लीरमण रेग्मीको जन्मजयन्ती डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले मनाउँदै आएको छ । सो दिन डा. रेग्मीज्यूले नै लेखेर नाम संकलित गरेका व्यक्तिहरूलाई आमन्त्रण गरिने गरिन्छ ।

आज पौष ३ गते डा. डिल्लीरमण रेग्मीको ९४औं जन्मजयन्ती हो । अमरत्व वरण गरेका यस्ता महापुरुषलाई सम्झना गर्नुको पछाडि आउने पुस्तालाई उहाँले दर्शाएको मार्गमा अग्रसर हुन प्रेरणा प्रदान गर्नु पनि हो । आज यस पुण्य दिवसमा प्रकाशित हुने यस स्मृति अंकमा उहाँका बारेमा केही लेख्ने अवसर सो विकास समितिबाट प्राप्त भएकोमा आयोजकवर्गलाई धन्यवाद ज्ञापन गर्दै दुई शब्द अश्रुसिञ्चित पुष्पअर्पण गर्न अग्रसर भएको छु ।

निरन्तर अध्ययन, अनुसन्धान, लेखनका साथै राष्ट्र र राष्ट्रवासीको हित कल्याणको चिन्तनमा समर्पित प्रखर बौद्धिक साधक डा. रेग्मीले अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास विषयमा दर्जनौं पुस्तक नेपाली, हिन्दी एवम् अंग्रेजी भाषामा लेख्नुभएको छ । पुस्तकका अलावा विविध विषयमा खोजपूर्ण एवम् गहन लेखहरू पनि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । शान्तिप्रेमी डा. रेग्मी आफ्नो जीवनको उत्तरार्द्धमा मुलुक हत्या र हिंसाको चपेटामा परेकोमा अत्यन्तै चिन्तित हुनुहुन्थ्यो । उहाँको चाहना थियो, जतिसक्दो चाँडो मुलुकमा शान्तिबहाली होस् र मुलुकमा सामाजिक न्यायमा आधारित आर्थिक क्रान्ति होस् । कुनै पनि राजनीतिक परिवर्तनको स्थायीत्वका लागि आर्थिक सम्मृद्धि आवश्यक हुन्छ भन्ने चिन्तन राख्नुहुने डा. रेग्मी नेपालमा हिंसा र हत्या बढ्नुमा आर्थिक दुरावस्थालाई नै मुख्य कारण ठान्नुहुन्थ्यो । मुलुकमा यथाशिघ्र माओवादीसँग वार्ता थालनी गरी वार्ताबाट नै समस्या समाधान गरी आर्थिक समृद्धिका लागि आमूल परिवर्तनकारी कार्यक्रम ल्याउनुपर्छ भन्ने उहाँको दृष्टिकोण थियो । जीवित रहनुभएको बेलामा उहाँले सरकार र माओवादीलाई अविलम्ब शान्तिवार्तामा आउन आग्रह गर्दै त्यसका लागि आवश्यक भए आफू मध्यस्थ गर्न पनि तयार रहेको सार्वजनिक रूपमै घोषणा गर्नुभएको थियो । उहाँको निरन्तर आग्रहका कारण सरकार र माओवादी वार्ताका टेबुलमा बस्न पनि तयार भए । तर संयोग पनि कस्तो दुई पक्षबीच पहिलो चरणको वार्ता सुरु भएकै दिन बिहान १० बजे उहाँ स्वर्गवास हुनुभएको थियो । यसलाई संयोग या विडम्बना जे भने पनि आज उहाँको जन्मजयन्तीको पूर्व सन्ध्यामा अहिले मुलुकमा शान्ति बहाली भएको छ ।

वि.सं. २०५८ सालको सुरुमा उहाँले समस्या समाधान गर्न सर्वपक्षीय राजनेताहरूलाई एकठाउँमा ल्याएर राउण्डटेबुलको आयोजना गरी स्थायी शान्तिको पहल गर्न आफैं अग्रसर हुने भएकोले 'तयारीका लागि तपाईंहरू लाग्नुपर्‍यो' भन्नुहुँदा हामी डा. डिल्लीरमण रेग्मी ट्रस्टका सदस्य ३ जना त्यस केठामा थियौं । पूर्व-भि.सि. प्रा. महेशकुमार उपाध्याय, पूर्व-राजदूत डा. मोहन लोहनी र यस लेखका लेखक 'म' । हामी ३ जनालाई यो कुरा भन्नुभएको थियो । त्यस दिनको योजना थियो, कार्यपत्र तयार गर्ने र शान्तिवार्ता सर्वदलीय पक्षको राउण्डटेबुलमा छलफल गरी माओवादीलाई शान्तिको मूलधारमा ल्याएर स्थायी शान्तिका लागि सबै एकजुट हुने । यसपछि यो कार्यक्रम गर्ने भन्दाभन्दै उहाँलाई आराम भएन बैंककतर्फ उपचारार्थ प्रस्थान गर्नुभयो, फर्केपछि पनि रोगले च्याप्दै ल्यायो । ३-४ महिनामा त उहाँलाई हामी सबैले गुमायौं । शान्तिप्रेमी डा. रेग्मीबाट शान्तिका लागि दर्शाउनुभएको सद्भाव, सद्चिन्तनबाट वर्तमान अवस्थामा भएको शान्ति-सम्झौता कार्यान्वयनमा आवस् यसले स्थायी शान्तिको मार्ग प्रशस्त गर्न सकोस्, यसोभएमा यसरी सबै भेला भएर मनाइएको उहाँको जन्मजयन्तीमा अर्पित साँचो श्रद्धाञ्जलि हुने कुरामा दुईमत नहोला ।

पुस्तकालय प्रेमी डा. डिल्लीरमण रेग्मी

✍ भोला श्रेष्ठ

वि. सं. २०४४ बैशाखको पहिलो हप्तातिर हुनुपर्दछ एउटा टेलीफोन कल आयो, म डा. डिल्लीरमण बोलेको, केसर पुस्तकालयमा नयाँ प्रमुख आउनुभएको छ रे उहाँलाई पाउन ! म एकछिन जिल्ल परैं त्यति ठूलो राजनीतिज्ञ, इतिहासकारले मलाई किन फोन गरेको होला ! म एकछिन अल्लमल्ल परैं के भनौं के नभनौं । नमस्कार हजूर, म भोला श्रेष्ठ बोलेको, म नै हुँ नयाँ प्रमुख, हजूर मैले के सेवा गर्नुपर्‍यो । खास कुरा के रहेछ भने पहिलेदेखि नै केसर पुस्तकालयको दुईजना कर्मचारी रेग्मी पुस्तकालयमा काजमा गई कामकाज गरी रहेका रहेछन् । उनीहरूलाई अझै केही समयका लागि उतै काजमा राखी राख्न उहाँको अनुरोध थियो । यसलाई म कसरी नकार्न सकुँला र !

यो नै पहिलो टेलिफोन वार्ता थियो तर प्रत्यक्ष्य भेटको अवसर भने धेरै पछि मात्र भयो । म केसर पुस्तकालयबाट नेपाल राष्ट्रिय पुस्तकालयमा सरुवा भइसकेको थिएँ । राष्ट्रिय पुस्तकालयमा गए तापनि बेलाबेलामा टेलिफोन वार्ता भइरहन्थ्यो । उहाँको चिन्ता र इच्छा मृत्युपर्यन्त पुस्तकालयलाई नेपाल सरकारमा हस्तान्तरण गरी सर्वसुलभ गराउने । सरकारले राम्रोसँग सञ्चालन गर्ने हो कि नगर्ने हो, उहाँको चिन्ता थियो ।

एक दिन म डा. डिल्लीरमण रेग्मीज्यूलाई भेट्न उहाँको निवासमा गए । खबर पठाए पछि, उहाँ तल आउनुभयो । उहाँको शान्ति, सौम्य र सरल दर्शनले म द्रभिभूत भएँ । केही छिनको कुराकानी पछि उहाँले आफ्नो पुस्तकालय र संग्रहालयको अवलोकन गर्न साथै लिएर जानुभो । सबै कोठाहरूमा पुस्तक पत्रपत्रिकाहरूले भरिभराऊ । कोरिडरमासमेत पुस्तकैपुस्तकहरूले भरिएको

थियो । नपढीकन विद्वान् बनिदैन रहेछ भन्ने डा. रेग्मीको पुस्तकप्रतिको प्रेमले दर्शाउँछ । उहाँले मलाई आफ्नो शयनकक्षमा समेत लिएर जानुभो । आफू खाटमा बसेर सँगैको मेचमा बस्न आग्रह गर्नुभो । म एउटा सानो मान्छेलाई यति धेरै प्राथमिकता दिएर मायाँ गर्नुको अर्थ मैले एउटै लगाएँ, उहाँको पुस्तक र पुस्तकालयप्रतिको अगाध स्नेह । उहाँको यस पुस्तकालयलाई आधुनिक पुस्तकालय विज्ञानअनुसार वैज्ञानिककरण गर्ने र कम्प्यूटरराइज गर्ने विषयमा मसँग छलफल भयो । सबै पुस्तकहरूको सूची तयार पार्ने विषयमा समेत छलफल भयो र मेरो सहयोगको समेत अपेक्षा थियो उहाँमा । उहाँको शयन कक्षमा नै बसी चिया खाँदै गर्दै गरेको वार्तालापले डेढ घण्टा गएको पत्तै भएन । पुस्तकालयको विकासमा सहयोग गर्ने वचनबद्धताका साथै उहाँसँग छुटेर आफ्नो कार्यालयतिर लागेँ । बाटोभरि र अफिस कोठामा आउञ्जेलसम्म पनि मन पुलकित भइरह्यो यति ठूलो राजनीतिज्ञ, इतिहासकारसितको साक्षात्कारले निश्चय पनि मनभित्र एउटा गहिरो छाप रहिरह्यो । यो भेटघाटपछि उहाँले मलाई आफ्नो कुनै पनि कार्यक्रममा निम्तो पठाउन छुटाउनुभएन ।

वि.सं. २०३७ सालमा नै आफ्नो शेषपछिको बकसपत्र गरी रेग्मी पुस्तकालय तथा सङ्ग्रहालय र शान्ति र अहिंसाको परिसरलाई नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयलाई अर्पण गर्नुभयो । यो एउटा त्यागको ठूलो उदाहरण थियो । यसबाट डा. रेग्मी त्यागी र दानवीरको रूपमा समेत परिचित हुनुभयो । डा. रेग्मीको त्याग, देन र पुस्तकालयप्रतिको अगाध प्रेमको कदरस्वरूप नेपाल पुस्तकालय संघले सन् १९९२ मा "सरस्वती राष्ट्रिय पुरस्कार"बाट सम्मानित गर्ने घोषणा गऱ्यो । नेपाल पुस्तकालय संघका हामी कार्यसमितिका साथीहरूलाई एउटा डर थियो । कतै डा. रेग्मीले पुरस्कार अस्विकार गर्नु हुने त होइन । एक दिन बिहानै नेपाल पुस्तकालय संघका अध्यक्ष डा. साकेत विहारी ठाकुर, मुरारीविनोद पोखरेल, रुद्रप्रसाद दुलाल, जुजुभाई डंगोल र म रेग्मी निवास पुग्यौं । खबर पठाएपछि उहाँ तल ओर्लनुभयो । हामी आएको कारण बताएपछि

उहाँ खुसी हुनुभयो र भन्नुभयो मैले मेरो नाम अखबारमा पढिसकेको थिएँ। हामीले संतोषको सास लियौं हाम्रो पुरस्कारलाई डा. रेग्मीले स्वीकार गरिदिनु भएकोमा। हामी धन्य भयौं हाम्रो पुरस्कारको गरीमा बढाइदिनुभएकोमा पनि। डा. रेग्मीसितको छलफलपछि पुरस्कार ग्रहण गर्ने मिति तय भयो तर उहाँले पुरस्कार राजपरिवार र मन्त्रीहरूको हातबाट नलिने जानकारी दिनु भएपछि हामी अलमलमा पर्‍यौं, मुखामुख गर्‍यौं। डा. रेग्मीलाई पुरस्कार प्रदान गर्ने अन्य व्यक्ति को हुन सक्छ त ! हाम्रो अप्ठ्यारोपनलाई बुझेर होला डा. रेग्मीले भारतबाट कुनै ठूलो विद्वानलाई झिकाएर दिन लगाउने हो कि ? त्यो को हुन सक्छ त ! फेरी हाम्रो संघ त्यति सक्षम पनि छैन, भारतबाट विद्वान झिकाउँदा लाग्ने खर्च बेहोर्नुमा हाम्रो यो समस्यालाई पनि डा. रेग्मीले तुरुन्तै हल गरिदिनुभयो, बौद्धभिक्षुको हातबाट म पुरस्कार ग्रहण गर्न सक्छु। यो सजिलो उपाय बताउनुभएपछि हामी सबै खुसी भयौं। राजपरिवार, मन्त्रीको हातबाट पुरस्कार ग्रहण नगर्ने अडान र अहिंसा, शान्तिका दूत एउटा भिक्षुको हातबाट पुरस्कार ग्रहण गर्ने डा. रेग्मीको सादाजीवन र उच्चविचारले हामी द्रभिभूत भयौं। पुरस्कार प्रदान गर्ने मिति र समयको निर्णय गरी हामी प्रफुल्लित भएर फर्क्यौं।

मिति २०५० बैशाख १३ गते एक समारोहबीच अखिल नेपाल भिक्षु महासंघका अध्ययक्ष भिक्षु अनिरुद्धको प्रमुख आतिथ्यमा भिक्षु अनिरुद्धको बाहुलीबाट सरस्वती राष्ट्रिय पुरस्कारबाट डा. डिल्लीरमण रेग्मीलाई आफ्नो सम्पूर्ण ज्ञान, परिश्रम खर्च गरी स्थापना गरिएको डिल्लीरमण रेग्मी कल्याणी रेग्मी पुस्तकालय राष्ट्रलाई समर्पित गरी नेपाल पुस्तकालय विकासमा अतुलनीय योगदान पुर्‍याएवापत पुस्तकालय प्रेमी डा. डिल्लीरमण रेग्मीलाई "सरस्वती राष्ट्रिय पुरस्कार" र नेपाल लगायत दक्षिण एशियाली देशहरूमा शैक्षिक क्षेत्रमा अध्ययन, अनुसन्धान र पुस्तकालय विकसका लागि योगदान पुर्‍याएवापत "सरस्वती अन्तराष्ट्रिय पुरस्कार" बाट आइ.डि.आर.सी. क्यानाडालाई सम्मानित गरियो।

पुस्तक, पुस्तकालयप्रेमी एउटा विशिष्ट विद्वान, इतिहासकार, राजनीतिज्ञ डा. डिल्लीरमण रेग्मीले उक्त अवसरमा नेपाल पुस्तकालय संघलाई आफूलाई सरस्वती राष्ट्रिय पुरस्कारबाट सम्मानित गरेकोमा हार्दिक धन्यवाद प्रकट गर्नुभयो भने आफ्नो जीवनमा भोगेका र आफूले स्थापना गरेको पुस्तकालय सर्वसाधारणले प्रयोग गरून् भनेर नेपाल सरकारलाई हस्तान्तरण गरिएको उद्‌गार व्यक्त गर्नुभयो ।

यसरी आफ्नो सारा श्रीसम्पत्ति (सन् १९८१ मा नै १० करोड मूल्याङ्कन गरिएको) डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय नाम दिएर नेपाली जनताले प्रयोग गर्न पाउनेगरी दान दिनुभएकाले डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय पुगेपछि उहाँ यता कतै घुमिरहेको भान हुन जान्छ ।

उहाँको देहवसान पछि २०६० सालमा नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालयले डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय व्यवस्थापन समिति बनाई उक्त समितिबाट नै पुस्तकालयको सञ्चालन भइरहेको छ ।

काठमाडौं शहरको मध्यभागमा अवस्थित लाजिम्पाटमा रहेको यस पुस्तकालय परिसरभित्र प्रवेश गरेपछि जो कोहीलाई पनि आनन्द र शान्तिको अनुभव हुने गरेको छ । यस स्मारक पुस्तकालयलाई शान्ति, अहिंशा, सत्य र लोकतन्त्रको अध्ययापन, अनुसन्धानको थलोको रूपमा विकास गर्न सके डा. डिल्लीरमण रेग्मीको सपनालाई केही मात्रामा भए पनि साकार गर्न यसले मद्वत पुऱ्याउने छ । भन्ने विश्वास लिन सकिन्छ ।

नेपालको पुस्तकालय विकासमा मध्यकालीन अवस्था र डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको योगदान

✍ डा. मधुसूदन कार्की

परिचय

कुनै पनि समयमा प्रचलनमा आई सामाजिक मान्यता प्राप्त भएको विषयहरूको इतिहासलाई निरन्तर कायम राख्न यस्ता विषयहरूको अध्ययन, अध्यापन र अनुसन्धानका लागि विभिन्न कालक्रममा विभाजन गरी लेख्ने, कोर्ने र संरक्षण गर्ने गरिँदै आएको छ । यसै क्रममा नेपालको राजनितिक, सामाजिक, आर्थिक, शैक्षिक इतिहास, आदि विषयले सामाजिक मान्यता पाई पठन-पाठन र अनुसन्धानका विषय भइसकेका छन् । नेपालमा करिब एक दशक पहिले मात्र उच्चशिक्षामा स्थान पाई अध्ययन र अध्यापनको विषय बनेको पुस्तकालय र सूचना विज्ञान विषयमा समावेश भएको नेपालमा पुस्तकालय विकासको इतिहासको पठन-पाठन गर्ने र यो विषयलाई समाजमा मर्यादित, आवश्यक र स्थापित बनाउनका लागि यस विषयले प्रारम्भिक कालदेखि आजसम्म गरेका र भएका उन्नति, प्रगति र विकासका सत्य-तथ्यहरूलाई भिन्न कालक्रममा विभाजित गरी सम्पूर्ण इतिहास लेख्नु आवश्यक भएको छ । नेपालमा पुस्तकालय विकासको इतिहासका सम्पूर्ण पक्ष समावेश गरी विस्तृत इतिहास लेख्नेका लागि अनुसन्धानको आवश्यकता रहेको छ । मोटामोटी र छोटकरी रूपमा पुस्तकालय विकासको इतिहास लेख्नेकार्यलाई व्यवस्थित बनाउन इतिहासको कालक्रमलाई मुख्य रूपमा दुई भागमा विभाजन गर्न सकिन्छ :-

क. सन् १९५० को प्रजातान्त्रिक आन्दोलनभन्दा पहिलेको पुस्तकालय विकासको इतिहास ।

ख. सन् १९५० भन्दा पछिको प्रजातान्त्रिक व्यवस्थामा भएको पुस्तकालय विकासको इतिहास ।

माथि उल्लेखित दुई भागमा विभाजित पुस्तकालयको इतिहासलाई निम्न कालक्रममा विभाजित गरी इतिहास कायम राख्दा सरल, सुविधाजनक र स्पष्ट रहने देखिन्छ ।

क. प्रजातान्त्रिक व्यवस्थाभन्दा पहिलेको काल विभाजन

१. **प्रारम्भिक काल :** परापूर्वकालदेखि सन् १७६८ सम्म पुस्तक लेख्ने, कोर्ने, कुँध्ने र संरक्षण गर्ने समय ।

२. **एकीकरणपछिको काल :** सन् १७६८ देखि राणा शासनको उदय सन् १८४६ सम्मको पुस्तकालयको आवश्यकता महसुस भएको समय ।

३. **राणा काल :** सन् १८४६ देखि १९५० सम्मको पुस्तकालय सेवा विरोधी १०४ वर्षीय निरंकुश समय ।

ख. प्रजातान्त्रिक व्यवस्थाको थालनीपछिको समय विभाजन

१. **शिशु काल :** प्रजातान्त्रिक व्यवस्थाको थालनी सन् १९५१ देखि एकल विश्वविद्यालय शिक्षाप्रणालीको थालनी सन् १९५९ सम्म ।

२. **माध्यमिक काल :** एकल विश्वविद्यालय त्रि.वि. शिक्षाप्रणालीको थालनी सन् १९५९ देखि बहुविश्वविद्यालयको शिक्षाप्रणालीको प्रारम्भ सन् १९८५ सम्म ।

३. **आधुनिक काल :** बहुविश्वविद्यालयको थालनी सन् १९८५ देखि लोकतान्त्रिक व्यवस्थाको प्रारम्भ सन् २००६ सम्म ।

माध्यमिक कालमा भएका पुस्तकालय विकासका गतिविधिहरू

माथि उल्लेखित विभिन्न समयमा भएका पुस्तकालय गतिविधिलाई उल्लेख गर्दा बृहत् पुस्तक नै हुने हुँदा यस लेखले एकल विश्वविद्यालय (त्रि.वि.) शिक्षाप्रणालीको थालनीपछि पुस्तकालय पेशामा भएका गतिविधि खासगरी डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयलाइ मध्यनजर राखी पुस्तकालय विकासको माध्यमिक कालमा भएका गतिविधिहरू वर्णन गरिएको छ ।

प्रजातान्त्रिक व्यवस्थाको उदयपछि खोलिएका सार्वजनिक, शैक्षिक, विशेष, राष्ट्रिय र वैदेशिक पुस्तकालयहरूले शिशु अवस्थालाई पार गरी वयस्क हुने र नयाँ व्यवस्थाअनुसार नयाँ-नयाँ पुस्तकालयहरू खोलिने क्रम त्रि.वि. शिक्षाप्रणालीअन्तर्गत धेरै भएको हुँदा सन् १९५९ देखि १९८५ सम्मलाइ माध्यमिक काल मानिएको हो । यस कालमा पुस्तकालय खोल्ने क्रम बढेजस्तै पुस्तकालयलाइ जीवन्त प्रदान गर्ने पुस्तकालय विज्ञानमा उच्चशिक्षा प्राप्त गर्ने व्यक्तिहरू पनि बढेको हुँदा पुस्तकालय विकासको क्रममा माध्यमिक काललाई महत्वपूर्ण मानिएको छ । यस कालमा भएका पुस्तकालय विकासका घटनाक्रम र सत्यतथ्यहरू निम्नानुसार रहेका छन्–

१. त्रिभुवन विश्वविद्यालय पुस्तकालयको स्थापना :

देशकै सबभन्दा माथिल्लो विश्वविद्यालय शिक्षाप्रणालीभित्र पुस्तकालयले स्थान पाई त्रिभुवन विश्वविद्यालयको स्थापना हुँदा १२०० संकलनसहित सन् १९५९ मा त्रि.वि. पुस्तकालयको स्थापना हुनु यस कालको पहिलो उपलब्धि मानिएको थियो ।

२. राणाकालीन व्यक्तिगत पुस्तकालयले सारकारी स्वामित्व पाउनु :

यस कालमा भएको अर्को महत्वपूर्ण उपब्धिमा सन् १९६८ भन्दा पहिले व्यक्तिगत सम्पत्तिको रूपमा रहेको केशरशमशेरको निजी पुस्तकालयको स्वामित्व नेपाल सरकारलाइ प्रदान गर्नु रहेको थियो ।

३. राणाकालीन वीर पुस्तकालयको संकलनबाट नेपाल राष्ट्रिय अभिलेखालयको स्थापना हुनु :

घण्टाघरस्थित वीर पुस्तकालयको संकलनबाट सन् १९६६ मा राजाबाट उद्घाटन भएको थापाथलीस्थित नेपाल राष्ट्रिय अभिलेखालयको भवनमा सम्पूर्ण हस्तलिखित ग्रन्थ र अन्य अभिलेखहरू सारी नेपाल राष्ट्रिय अभिलेखालयको सुरुवात भएको थियो ।

४. उच्च शैक्षिक संस्थानहरूमा पुस्तकालय सेवाको विस्तार हुनु :

त्रि.वि.को एकल उच्च शैक्षिक कार्यक्रमको थालनी सन् १९५९ मा भएपश्चात् सन् १९७१ मा नयाँ राष्ट्रिय शिक्षा योजना लागू हुनुभन्दा पहिलेसम्म देशका विभिन्न भागमा रहेका करिब २१ वटा निजी र सरकारी कलेजहरूले पनि पुस्तकहरूको संकलन गरी पुस्तकालयका अवधारणा विकास गरेका थिए ।

५. सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति १९६१ को पुस्तकालयप्रतिको धारणा :

नेपालमा प्रचलित शिक्षा नीतिमा सुधार गरी प्रभावकारी शिक्षा ल्याउन गठन भएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले प्रस्तुत गरेको प्रतिवेदनमा सन् १९५० भन्दा पहिले नेपालमा पुस्तकालयको संख्या ३१ भएको र सन् १९६१ सम्म पुग्दा यसको संख्या बढेर १२२ पुगेको उल्लेख थियो । यसरी बढ्दो क्रममा रहेको पुस्तकालयको सञ्चालन व्यवस्थापन र नयाँ स्थापना गर्न कानूनको आवश्यकता भएको कुरा औंल्याएको थियो । प्रत्येक विद्यालयमा पुस्तकालय हुनुपर्ने धारणा पनि प्रस्तुत गरेको थियो ।

६. यूनेस्को टिम १९६२ ले पुस्तकालय विकासका लागि सुझाव प्रस्तुत गर्नु :

यूनेस्को टोलीको सर्वेक्षणअनुसार नेपालमा करिब १५० भन्दा बढी ग्रामीण पुस्तकालय नभएको व्यहोरा उल्लेख गर्दै साक्षरता कार्यक्रम सञ्चालनका लागि यस्ता कार्यक्रमहरू सञ्चालन भएका प्रत्येक ठाउँमा पुस्तकालय हुनुपर्ने कुरा यूनेस्कोबाट शिक्षा नीतिमा ल्याउनुपर्ने सुधारात्मक कुराहरूका लागि सिफारिस गर्न आमन्त्रण गरिएका दुई सदस्यीय विशेषज्ञ टोलीले सिफारिस गरेको थियो ।

७. राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् १९६८ ले पुस्तकालय विकासका लागि सुझावहरू प्रदान गर्नु :

नेपालको शिक्षा नीतिमा क्रमिक सुधार गर्ने कार्यका लागि सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा गठन भएको राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्ले पुस्तकालय विकासका लागि गर्नुपर्ने सुधारका कुराहरूको सिफारिस गर्न श्रीमती शान्ति मिश्रको अध्यक्षतामा छुट्टै पुस्तकालय समिति गठन गरेको

थियो । सो समितिले पुस्तकालय विकासको ऐतिहासिक पक्षमा व्याख्या गर्दै विभिन्न किसिमका पुस्तकालयप्रणालीको विकासमा जोड दिएको थियो । यो समितिको प्रतिवेदनले चालु अवस्थामा रहेको पुस्तकालयहरूको सर्भेक्षण गर्नु पर्ने, छात्रवृत्तिको व्यवस्था हुनुपर्ने, कार्यशाला, गोष्ठी आदि सञ्चालन गरिनुपर्ने, अनुगमन र मूल्यांकन गरिनुपर्ने र यी सबै कार्यका लागि एउटा छुट्टै स्थायी पुस्तकालय समिति हुनुपर्ने सुझाव दिएको थियो ।

८. विशेष पुस्तकालय सेवामा विस्तार हुनु :

माध्यमिक कालभन्दा पहिले स्थापना भएका विशेष पुस्तकालयहरूले क्रमिक रूपमा विकास गर्दै आएका थिए भने यस कालमा करिब २०-२५ वटा नयाँ विशेष पुस्तकालयहरू स्थापना भएका थिए (छुट्टै अनुसन्धान गर्नुपर्ने) । त्यसमध्ये डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय पनि एक रहेको थियो ।

९. नेपाल राष्ट्रिय पुस्तकालयको सेवा र स्थान परिवर्तन हुनु :

सन् १९५६ मा स्थापना भई सन् १९५७ देखि सिंहदरबारको सिक्री ढोकाबाट सेवा दिंदै आएको नेपाल राष्ट्रिय पुस्तकालयले सन् १९६० सम्म पुस्तकालय भित्रमात्र पुस्तक पढ्न दिने व्यवस्था गरेको थियो । यो व्यवस्थालाई अघि बढाई घरमा पुस्तक पढ्ने, लैजाने उधारो सेवाको सुरुवात यसै काल सन् १९६१ बाट सुरु भयो । यो पुस्तकालयको सेवा सन् १९६६ बाट हाल राष्ट्रिय पुस्तकालय रहेको हरिहर भवन पुल्चोक, ललितपुरबाट सञ्चालन गर्दै आएको हो । केही समयपछि सो सेवा बन्द भयो । यस कालमा पुस्तकालयले आफ्नो संकलन, व्यवस्थापन, सञ्चालनमा क्रमिक सुधार हुँदै वयस्क हुने बाटोतिर अग्रसर हुँदै आएको थियो ।

१०. सार्वजनिक पुस्तकालय सेवामा विस्तार हुनु :

नेपाल सरकारको कुनै पनि कानूनीं मान्यता नभएको कारण माध्यमिक कालभन्दा पहिले खुलेका केही पुस्तकालयले आफ्नो सेवा निरन्तर गर्न सके पनि कतिपय सार्वजनिक पुस्तकालयहरू बन्द भएका थिए । यस समय अवधिमा पनि यो

क्रम जारी रह्यो । बौद्धिक समाजको चाहनाअनुसार सर्वसाधारणको हितका लागि एकआपसमा मिलिजुली पुस्तकहरू संकलन गरी गाउँ र टोल-टोलमा पुस्तकालय खोल्ने क्रम अघि बढ्दै गयो । यो क्रमलाई व्यवस्थित बनाउन नेपाल सरकारले शिक्षा ऐन १९७१ मा पुस्तकालय सञ्चालनमा सरकारको अनुमति लिनुपर्ने, व्यवस्थापनका विभिन्न प्रक्रिया अपनाउनुपर्ने, आदि कुराहरू समेटेको थियो । तर यो ऐनमा भएको पुस्तकालयप्रतिको धारणा सार्वजनिक पुस्तकालय विकासका लागि अपर्याप्त थियो ।

११. विदेशी पुस्तकालयहरूको सेवामा निरन्तरता र विस्तृतीकरण हुनु :

नेपालमा प्रजातान्त्रिक व्यवस्थाको थालनीसँगै सञ्चालनमा आएका अमेरीकन लाइब्रेरी, नेपाल-भारत साँस्कृतिक केन्द्रको पुस्तकालय (इण्डियन लाइब्रेरी) र ब्रिटिस लाइब्रेरीले आफ्नो शिशु अवस्थालाइ पार गर्दै संकलनमा वृद्धि गरेर सेवालाई वैज्ञानिक तरिकाले प्रदान गर्ने प्रक्रियाको थालनी यसै समय अवधिबाट सुरु गरेका थिए । इण्डियन लाइब्रेरीको सेवाको क्षेत्र काठमाडौं मात्र नभई पोखरा, पाल्पा, धनकुटा, वीरगन्ज र नेपालगन्जसम्म पनि विस्तार गरिएको थियो ।

१२. नयाँ राष्ट्रिय शिक्षाको योजना १९७१ मा पुस्तकालयको स्थान हुनु :

देशका समग्र शिक्षाप्रणालीमा परिवर्तन ल्याई नयाँ शिक्षाप्रणालीको थालनी गर्ने उद्देश्यले सरकारले ल्याएको नयाँ राष्ट्रिय शिक्षा योजनाले सुरुको अवस्थामा पुस्तकालयलाई उचित स्थान दिएको थिएन । पहिले त्रि.वि. सभामा त्रि.वि. पुस्तकालय प्रमुखले प्रतिनीधित्व गर्ने व्यवस्थाको पनि समाप्ती भएको थियो । नयाँ शिक्षाप्रणालीको थालनीसँगै पुस्तकालयको सुधार र भावी कार्यक्रमप्रति यो योजनाले कुनै उल्लेख नगरेको भए पनि शिक्षा प्रचारका लागि पुस्तकालय महत्वपूर्ण अंग हो । पुस्तकालय खोल्न र यसको विस्तार गर्न विशेष ध्यान दिनुपर्ने छ, कुनै व्यक्ति वा संस्थाले सरकारको सहमतिमा पुस्तकालय खोल्न सक्नेछ । शिक्षा मन्त्रालयले उचित निर्देशन दिनेछ र पुस्तकालयको विस्तार र विकासमा समय-समयमा अवलोकन गर्नेछ भनी उल्लेख गरेको थियो ।

१३. पुस्तकालय विज्ञान शिक्षामा तालिमको थालनी हुनु :

नेपालमा पुस्तकालय विज्ञान शिक्षाको इतिहासमा पहिलो पटक सन् १९७४ मा तालिम र सेमिनारको सञ्चालनबाट शिक्षा प्रदान गर्ने कार्यको थालनी भएको थियो । एकै वर्ष पाल्पा, धरान र काठमाडौंमा तीन-तीन दिने गोष्ठी, तालिम सञ्चालन भएको थियो । यी तालिमका सहभागीहरूमा नयाँ शिक्षा योजनाको थालनी भएपछि त्रि.वि.को एकल नेतृत्वभित्र आबद्ध भएका आङ्गिक क्याम्पस पुस्तकालयका कर्मचारीहरू थिए । सन् १९७५ मा त्रि.वि. केन्द्रीय पुस्तकालयले अर्को ४५ दिने तालिम सञ्चालन गरी पुस्तकालय विज्ञान शिक्षाको आवश्यकतालाई अरू जोड दिएको थियो ।

१४. नयाँ शिक्षा योजनाको मध्यावधि मुल्यांकनमा पुस्तकालयको स्थान निर्धारण हुनु :

सन् १९७३ देखि पूर्णरूपले कार्यान्वयन भएको नयाँ शिक्षा योजनाको सफलता र असफलताका विभिन्न पक्षमा मुल्यांकन सन् १९७५ मा भएको थियो । सन् १९७१ मा थालनी भएको यो शिक्षाप्रणालीले आफ्नो ५ वर्षे कार्यकालमा पुस्तकालय सेवाको अभाव महसुस गऱ्यो । यसैकारण कीर्तिपुरमा भएको केन्द्रीय पुस्तकालयको एउटा शाखा काठमाडौंको दुई-तीन क्याम्पसको बीचमा पर्ने गरी स्थापना गर्न सिफारिस गऱ्यो । त्यसैगरी चार विकास क्षेत्र पूर्वाञ्चल, मध्यमाञ्चल, मध्य-पश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चलमा एक-एकवटा क्षेत्रीय पुस्तकालय स्थापना गर्ने पनि सिफारिस गरेको थियो ।

१५. पुस्तकालय सञ्चालनमा यसै विषयमा उच्चशिक्षा प्राप्त जनशक्तिको आवश्यकता महसुस हुनु :

माध्यमिक कालमा पुस्तकालय खोल्न र खोलिएका पुस्तकालयको वैज्ञानिक प्रणालीमा विकास गर्ने लहर तीब्र बढेको थियो । यसै क्रममा सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, शैक्षिक निकाय, अनुसन्धान केन्द्र आदिले धेरै पुस्तकालयहरू खोल्ने र विकास गर्ने कार्यका लागि पुस्तकालय विज्ञान विषयमा

उच्चशिक्षा प्राप्त दक्ष जनशक्तिको आवश्यकता महसुस गरे। माध्यमिक कालको थालनीभन्दा पहिले नेपालमा पुस्तकालय विज्ञान विषयमा डिप्लोमा प्राप्त गरेका चारजना नेपाली मात्र भएको र यिनीहरूको सेवाले मात्र नपुग भएको महसुस गरी भारतको साथै अन्य देशमा यस विषयमा उच्चशिक्षा हासिल गर्न नेपालीहरूलाइ पठाउने कार्यको थालनी क्रमिक रूपले अघि बढ्यो। यसै क्रममा सन् १९७३ सम्म दशजना नेपालीले यो विषयमा उच्च शिक्षा पाउन सक्षम भए। सन् १९७६ मा त्रि.वि.ले प्रतिवर्ष बीसजना त्रि.वि.का कर्मचारीहरूलाइ यो विषयमा उच्चशिक्षा प्राप्त गर्न भारत पठाउने ५ वर्षे योजना बनायो। फलस्वरूप ८१ जना त्रि.वि.का कर्मचारीहरू यो विषय पढ्न छनौट भए। त्यसमध्ये ६५ जनाले मात्र १२ वटा भारतका विश्वविद्यालयबाट सन् १९७६ देखि १९८३-८४ सम्ममा स्नातक तहको डिग्री प्राप्त गरे। त्यसमध्ये पनि ६ जनाले स्नातकोत्तर तहको डिग्री भारत र फिलिपिन्सबाट पाउने शुभ अवसर पाए।

१६. पुस्तकालय पेशा विकासका लागि संघको आवश्यकता महसुस हुनु :

प्रजातन्त्रको उदय पनि सन् १९५६ मा गठन भएको नेपाल पुस्तकालय संघले नवनिर्माण नामक पत्रिकाको ३ अंक प्रकाशित गरेर केही वर्षसम्म पुस्तकालय विकासको कार्यमा सक्रिय रहे तापनि यसले निरन्तरता पाउन सकेन। पुस्तकालय पेशा विकासको क्रममा शिशु अवस्थाबाट माध्यमिक अवस्थामा पुग्दा यस विषयमा उच्चशिक्षा प्राप्त गर्ने जनशक्तिको संख्या वृद्धि भएको कारण पुनः पुस्तकालय संघको आवश्यकता महसुस गरियो। फलस्वरूप दुई किसिमको अवधारणहरू विकास भए। पहिलो पुस्तकालय विज्ञान विषयमा उच्चशिक्षा प्राप्त गर्ने व्यक्तिहरू र पुस्तकालयमा काम गर्ने, तर यस विषयमा शिक्षा प्राप्त नगरेको व्यक्ति पनि सदस्य बन्न सक्ने गरी पुस्तकालय संघको गठन गर्ने धारणा थियो भने अर्को थरीको यस विषयमा उच्चशिक्षा प्राप्त गर्ने व्यक्तिहरूको मात्र पेशागत संघ, जस्तो- डाक्टरहरूको संघ, इन्जिनियरहरूको संघ आदि हुनुपर्छ भन्ने धारणा थियो। दुवै धारणाबाट पुस्तकालय संघ खोल्नका लागि सरकारको स्वीकृती प्राप्त गर्ने प्रयासहरू भए। अन्त्यमा दक्ष र साधारण

पुस्तकालय सेवीहरू रहेको नेपाल पुस्तकलय संघ खोल्न सन् १९८० मा सरकारले स्वीकृत प्रदान गऱ्यो ।

१७. मध्यकालीन पुस्तकालय विकासको क्रममा स्थापना भएको डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको भूमिका :

स्वतन्त्र राजनैतिक व्यवस्थामा चाकडी र चाप्लुसीले भन्दा ज्ञान र शिक्षाले स्थान पाउने धारणा विकसित भएको कारण सर्वसाधारणले उच्च शिक्षा पाउने र शिक्षा प्राप्तिका लागि पुस्तकहरू संकलन गर्ने प्रवृत्ति सन् १९५१ पछि विकसित हुँदै आएको थियो । यसै क्रममा नेपालमा उच्चशिक्षा प्राप्त गर्ने एवं वरिष्ठ राजनीतिज्ञ र इतिहासकारका रूपमा सर्वपरिचित पुस्तकका प्रेमी व्यक्तित्व हुनुहुन्थ्यो स्व.डा. डिल्लीरमण रेग्मीज्यू । उहाँ पुस्तक र पुस्तक संकलन गर्ने थलो पुस्तकालयप्रेमी हुनुहुन्थ्यो भन्ने कुराको प्रमाणका लागि उहाँले पुस्तक संकलन गरी पुस्तकालय बनाउनुभएको सत्य, तथ्यबाट थाहा पाउन सकिन्छ । उहाँ नेपालको शिक्षामन्त्री हुँदा नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना सन् १९५६ मा हुनुले पनि उहाँ पुस्तकालयको पनि प्रेमी हुनुहुन्थ्यो भन्न सकिन्छ ।

उहाँले आफ्नो स्वअध्ययनको क्रममा संकलन गर्दै जानुभएका पुस्तकहरूको संकलनबाट व्यक्तिगत पुस्तकालयको विकास गर्नुभएको थियो । डा. डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय तथा संग्रहालयको नाम विधिवत् सन् १९८० यानेकी माध्यमिक कालमा धोषणा गरिएको भए पनि यसको संकलन धेरै पहिलेदेखि नै हुँदै आएको थियो । विधिवत् रूपले यस पुस्तकालयको स्थापना भएपछि उहाँले यो पुस्तकालय तथा वाचनालय र संग्रहालय सबै किसिमका शिक्षाप्रेमीहरूले अध्ययन र अनुसन्धान गर्न पाउने गरी व्यवस्था मिलाउन सरकारलाई शेषपछिको बकसपत्र गरी अर्पण गर्नुभएको थियो । शेषपछि सरकारलाइ दिने प्रतिबद्धता भए पनि यस पुस्तकालयको विकासमा उहाँ लागी नै रहनुभयो । उहाँले डा. डिल्लीरमण रेग्मी ट्रष्टको स्थापना गरी त्यसको संरक्षकत्व आफैंले लिई पुस्तकालयको विकासको अविभारा त्यस ट्रष्टलाइ

प्रदान गर्नुभएको थियो । उहाँको स्वर्गारोहणपछि शिक्षा तथा खेलकुद मन्त्रालयले डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन आदेश वि.सं. २०६० जारी गरी यो पुस्तकालय तथा संग्रहालयको सञ्चालन गर्न सात सदस्यीय समितिलाई प्रदान गऱ्यो ।

यो पुस्तकालयको विशेषता

१. विशेषतः राजनीतिशास्त्र र इतिहासका विषयहरूको संकलनको बाहुल्य रहेको व्यक्तिगत प्रयासबाट स्थापना भई विशेष पुस्तकालयको रूपमा परिचित हुँदै सार्वजनिक पुस्तकालयको अवधारणमा सेवा प्रदान गर्दै आएको यो पुस्तकालय विशेष गरी राजनीतिशास्त्र, इतिहास, डिल्लीरमण रेग्मीका विषयमा अध्ययन, अध्यापन र अनुसन्धानका लागि उपयोगी हुँदै आएको छ ।

२. सरकारी स्तरबाट पुस्तकालय विकास समिति गठन गरी कार्य सञ्चालन नियमावलीको व्यवस्थाबाट पुस्तकालयको कार्य सञ्चालन हुने हुँदा सरल, स्वतन्त्र, निष्पक्ष र प्रजातान्त्रिक तरिकाले सेवा प्रदान गर्दै आएको मान्न सकिन्छ ।

३. वि.सं. २०६० देखि सर्वसाधारणलाई खुल्ला गरिएको यो पुस्तकालयले सार्वजनिक पुस्तकालयले प्रदान गर्ने सेवाहरू जस्तै सदस्यता प्रदान गर्ने, पुस्तकालय भित्रै बसी पुस्तक पढ्न दिने, सेमिनार, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्ने, प्रचलित मूल्यमा फोटोकपि र इन्टरनेट सेवा प्रदान गर्ने, वेवसाइटको व्यवस्थाबाट पुस्तकालयको पहिचान विश्वव्यापी गराउने जस्ता कार्यको थालनी गरी यो पुस्तकालयले आधुनीकताको बाटो पहिचान गरी अग्रगतितर्फ लम्कँदै गएको छ ।

४. करिब २५००० संकलनबाट पुस्तकालय सञ्चालनको अविभारा लिएको पुस्तकालय विकास समितिले विभिन्न संघ, संस्था र व्यक्तिहरूबाट उपहारबाट संकलन बढाउने र महत्वपूर्ण र आवश्यक पाठ्यसामाग्रीहरू

आफ्नै स्रोतबाट खरिद गरी जम्मा गर्ने नीति अवलम्बन गर्दै संकलन वृद्धिमा जोड दिँदै आएको छ ।

५. स्व.डा. डिल्लीरमण रेग्मीज्यूको जीवनदर्शन, आदर्श, शान्ति, अहिंसा जस्ता महत्वपूर्ण विषयमा प्रचार, प्रसार र अनुसन्धान गर्ने गराउने लक्ष्यसहित स्थापना भएको यस पुस्तकालयले रु ३५ लाखको अक्षयकोषको व्यवस्था गरी शान्ति अहिंसा पुरस्कारको व्यवस्था गरेको छ ।

६. योग्य र प्रभावशाली व्यवस्थापनको नेतृत्वमा दक्ष जनशक्तिबाट वैज्ञानिक प्रणालीअनुसार वर्गिकरण र सूचिकरण गरी अन्तर्राष्ट्रिय प्रचलनमा आएको WINISIS सफ्टवेयरबाट Bibliographic Database तयार गरिएको यो पुस्तकालय सँधैं छिटो, छरिटो र वैज्ञानिक तरीकाले आफ्ना पाठकलाइ सेवा प्रदान गर्न लागी परेको छ ।

७. आर्थिक अभावले सँधैं सताउने पुस्तकालय समाजमा वार्षिक रूपले सरकारबाट पाउने करिब १२-१३ लाखको बजेटबाट सञ्चालित यस पुस्तकालयले सो अभावलाई केही हदसम्म कम गर्न विभिन्न किसिमका सदस्यहरू बनाई आय-आर्जनको कार्यक्रम बनाएको छ ।

८. स्व.डा. रेग्मीज्यूको आफ्नै निवास लाजिम्पाटमा अवस्थित यो पुस्तकालयले विभिन्न पुरातात्विक मूर्ति तथा अन्य पुरातात्विक वस्तुहरूको संकलन गरी म्युजियमको पनि व्यवस्था गरेको छ । रुम टु रिडको सहयोगमा बालशाखाको पनि स्थापना भएको छ । १०० जना बस्ने क्षमता भएको हल पनि आय-आर्जनका लागि भाडामा दिने व्यवस्था गरिएको छ । पुस्तकालय परिसरभित्र भएका पूर्वाधारहरूको अवलोकनमा आउने आगन्तुकहरूलाई आकर्षित गरेको छ ।

९. अनुसन्धानलाइ टेवा पुऱ्याउन स्व.डा. रेग्मीको बारेमा अनुसन्धान गर्ने एकजनालाई प्रतिवर्ष एकमुष्ट रकम प्रदान गर्ने नीति लिएको छ ।

पुस्तकालय विकास समितिले अवलम्बन गर्नुपर्ने कार्यक्रमहरू :

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रि दातृसंस्थाहरूसँग सम्बन्ध विस्तार गरी विभिन्न किसिमका सहयोगका लागि पत्राचार गर्दै जानुपर्दछ ।

२. परम्परागत पुस्तकालय प्रणालीलाई विकसित गरी अन्तर्राष्ट्रिय स्तरको पुस्तकालय र सूचना केन्द्रको रूपमा विकसित गर्न दीर्घकालीन सोचसहित योजना निर्माण गर्नुपर्दछ ।

३. सार्वजनिक पुस्तकालयको सेवा प्रदान गर्न आर्थिकरूपले सम्पन्न भए जनसाधारणको बढी चहलपहल र आवतजावत हुने स्थानमा शाखा पुस्तकालय खोल्नुपर्दछ ।

४. हाल पुस्तकालय अवस्थित स्थानलाइ विशेष पुस्तकालयको रूपमा विकसित गरी यसलाई राजनीतिशास्त्र, इतिहास, शान्ति अहिंसा, स्व. डा. डिल्लीरमण रेग्मीजस्ता विषयमा अध्ययन र अनुसन्धान केन्द्रको रूपमा विकास गर्नुपर्दछ ।

५. क्रमशः आधुनिक सूचना प्रविधिको प्रयोग गरी डिजिटल लाइब्रेरीको सेवा प्रदान गरी परम्परागत पुस्तकालय सेवाको साथै आधुनिक सेवा विस्तार गर्नुपर्छ ।

६. उच्चशिक्षालाई आवश्यक पर्ने पाठ्यपुस्तकसहित आधुनिक सूचना प्रविधिका साधनले सम्पन्न शाखा पुस्तकालयको स्थापना गरी शुल्कसहित सदस्यहरूलाइ पाठ्यपुस्तक प्रदान गरी आय-आर्जनको कार्यक्रम अघि बढाउनुपर्दछ ।

७. विकसित देशहरूको जस्तो सार्वजनिक पुस्तकालयको नमुना प्रस्तुत गर्न सञ्चालक समिति, व्यवस्थापन र कार्यकारी अधिकार प्राप्त पदाधिकारीज्यूहरूले बढी जिम्मेवारी वहन गर्नुपर्दछ ।

निष्कर्श :

सुसूचित र सभ्य समाजको प्रतिकको रूपमा विकसित भएको पुस्तकालयले ज्ञान र शिक्षामा प्रतिस्पर्धा भएको समाजमा धेरै महत्व पाउने हुँदा नेपाल पनि ज्ञान र शिक्षा हासिल गर्ने कार्यमा अग्रगति लिँदै आएको हुँदा भविष्यमा

पुस्तकालयहरूले आजभन्दा धेरै बढी महत्व पाउने कुरा निर्विवाद छ। भविष्यमा नेपालीहरूको सूचनाको हकको प्रयोगशालाको रूपमा प्रयोग गर्न सकिने पुस्तकालयहरूमध्ये एक हुन सक्ने डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयले अझ धेरै कुराहरू गर्न बाँकी रहेको छ। सरकार, सम्बद्ध पक्ष र सर्वसाधारणले यसको उन्नति, प्रगती, विकास र विस्तारमा समायोचित विचार पुऱ्याइ योगदान दिनसके भविष्यमा यसले बौद्धिक जमात निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। शिशुकालमा व्यक्तिगत पुस्तकालय रही माध्यमिक कालमा सार्वजनिक पुस्तकालय बन्न पुगेको यो पुस्तकालय आधुनिक कालमा आएर राम्रोसँग फलोस् फुलोस् यो नै शुभ-कामना छ।

सन्दर्भ सामग्री

1. Amatya, Purna Prasad; Library Service in Nepal, Education Quarterly, Vol. 1, No. 4, Dec. 1957, p. 178-182
2. Thapa, Dasharath, The Nepal National Library on Introduction, Library Review, Vol. 49, No. 7, 2000, p. 348-350
4. Erickson, E.W. Libraries in Nepal, Wilson Library Bulletin, Vol 36, No.6, Fd 1961, p. 446-450
5. Mishra, Narayan and Shanti. Libraries in Nepal, Encyclopedia of Library and Information Science, New York, Marcel Dekker, Vol. 19, 1974, p. 229-239

६ लाकौल, वैकुण्ठ. लाइब्रेरी पर्व : एउटा त्रासादीपूर्ण अनुभूति, मधुपर्क वर्ष २८, नं. ८, पौष २०५२, पृ. २५ २७।

इतिहासका महान्पात्र- स्व. डा. डिल्लीरमण रेग्मी

✍ डा. मिना ओझा

इतिहासको परिभाषा दिन ज्यादै कठिन भए तापनि यो एक महान् ग्रन्थ हो। इतिहासको अध्ययन र मननविना कुनै कुरा सम्भव छैन। इतिहास परिवर्तन र नयाँ निर्माणको द्योतक हो। बेग्लाबेग्लै विषयवस्तु, पात्र, घटना, समय, परिस्थिति आदिको मिश्रणबाट जटिलतापूर्वक इतिहास निर्माण हुन्छ। संक्षेपमा विश्वनिर्माण इतिहासकै सहयोगबाट भएको हो। नेपालको इतिहासमा एक महत्वपूर्ण अध्याय र स्थान ओगट्न सफल स्व.डा. डिल्लीरमण रेग्मी स्वयम् इतिहासको रूपमा स्थापित हुन सफल हुनुभएको छ। नेपालमा गणना गर्न सकिने शिखरपुरुषहरूमध्ये डा. रेग्मी निःसन्देश अग्रपंक्तिमा पुग्नुभएको छ। डा. रेग्मीलाई बुझ्नका लागि उहाँका व्यक्तित्व र क्रियाकलापहरू अध्ययन गर्नु आवश्यक देखिन्छ। यिनीहरू एक अर्कासँग पटक्कै मेल नखाने विपरित दिशाजस्ता लाग्न सक्तछन्, अन्त्यसम्म पनि यिनै मिश्रित चरित्रमा अडिग रहन सक्नु उहाँको विशेषता मान्नैपर्दछ। सायद यस्तै चरित्रले होला उहाँलाई घमण्डी, महत्वाकाक्षी, सहपाठीसँग मिल्न नसक्ने, राणा परिवारसँग मिलेको, राजनीतिमा विश्वासघात गर्ने, स्पष्ट धारणा राख्न नसक्ने आदि आरोपहरू लाग्ने गरेका छन्। निश्चय नै उहाँका क्रियाकलापहरू अध्ययन नगरेको खण्डमा यस्ता आरोपहरू लाग्नु स्वभाविकै देखिन्छ। डा. रेग्मीका बारेमा अध्ययन गर्दा उहाँका बुझिनसक्ने चरित्र एकअर्कासँग मेल नखाए तापनि समग्रमा सन्देशमूलक छन्। उदाहरणका लगि ज्ञानोदय आश्रम लाजिम्पाटमा रहेका बहुमूल्य वस्तुहरूलाई लिन सकिन्छ। उहाँको बाल्यजीवन, शैक्षिक गतिविधि, राजनैतिक, सामाजिक क्रियाकलाप, धार्मिक दृष्टिकोण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरू आदि नमूनाको रूपमा रहेका छन् र ती वास्तविक ऐतिहासिक स्रोत पनि हुन्।

मेरो अनुभवमा एउटै सिद्धान्त र विचारमा अडिग रही समय र परिस्थिति अनुरूप चल्न सक्ने चरित्र डा. रेग्मीको थियो। डा. रेग्मीकै भनाइमा "...अध्ययनको सँगसँगै धनी र गरीब विद्यार्थीबीच भेदभाव, आफ्नै सहपाठीलाई स्वस्तीसलाम गर्नुपर्ने, गुरुजनप्रति घरानीयाले गरेको दुर्व्यवहार आदि मेरा लागि अमान्य हुन्थे। तत्काल प्रतिरोध गर्थें। वि.सं. १९९० सालको महाभूकम्प, वि.सं. १९९७ साल काण्ड आदिले मलाई आँटिलो बनायो। भारत गएपछि महात्मा गान्धी, बोश, पटेल, डा. राजेन्द्रप्रसाद, मिनु मसानी, डा. फारुकी, वाइ.डि. शर्मा, रफी महमद किदवाई, नेहरू, आचार्य नरेन्द्रदेव, राहुल साङ्कृत्याय, के.पि. जयसवाल, चन्द्रशेखर, इन्द्रदीप सिन्हा आदि विशिष्ट भारतीय विद्वान नेताहरूसँग सम्पर्क भयो। भारतीय स्वतन्त्रता संग्राममा संलग्न भएँ। विश्वइतिहास अध्ययन गर्न थालें। सँगसँगै नेपालको गतिविधि पनि मनन गर्न थालें। भारतमा रहेका नेपालीसँग सम्पर्क गर्ने वातावरण तय गरें। राजनीतिमा दिलचस्पी बढ्दै गयो। मेरो संलग्नतामा छात्र संघदेखि राजनैतिक पार्टीको गठन भारतमै भयो। मेरो विचारमा एक सचेत नेपालीले आफ्नो राष्ट्रको बारेमा जहाँबाट जसरी हुन्छ सोचेकै हुन्छ, मैले पनि त्यही गरें...।" समग्रमा माथिको यो छोटो हरफ नेपालको प्रजातान्त्रिक आन्दोलनको प्रमुख उर्जा र विशाल अध्याय हुन सक्छ।

विभिन्न भाषाका ज्ञाता डा. रेग्मीले निःसन्देश बौद्धिक क्षेत्रबाट नै ख्याती प्राप्त गर्नुभयो। उहाँले लेख्नुभएका कृतिहरू विश्वस्तरका महत्वपूर्ण कृति हुन्। यिनीहरूले सर्वप्रथम विदेशमा नेपालको परिचय दिन सक्षम भएका छन्। नेपालीहरू उहाँका ऋणी बनेका छन्। आफ्नो विशेष मौलिकता देखाउन सफल विद्वान् लेखक डा. रेग्मीलाई कृतिहरूले अमर बनाएका छन्। इतिहास, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्रसम्बन्धी कैयौं पुस्तक र अनगिन्ती लेख लेख्न सफल विद्वान् डा. रेग्मीलाई उहाँकै कृतिहरूले जीवन्त बनाएको छ। नेपालीका लागि यो गर्वको विषय हो।

स्व. डा. रेग्मीका बारेमा केही लेख्दा उहाँका राजनैतिक गतिविधि पनि उल्लेख गर्नुपर्ने आवश्यक देखिन्छ। उहाँलाई नेपाली राजनीतिका जनक पनि भनिन्छ।

वरिष्ठ राजनीतिज्ञको उपाधी हासिल गर्न सफल नेता डा. रेग्मीको राजनैतिक इतिहास एउटा अनौठो, अचम्म र बिर्सनै नसकिने अध्यायको रूपमा रहेको छ। राजनीतिका बारेमा लेख्ने मेरो मनसाय पटक्कै थिएन र कदापी छैन पनि। डा. रेग्मीले आफूलाई अन्त्यसम्म पनि राजनीतिज्ञको रूपमा विशेष सक्रियता देखाएको कारण त्यसबारेमा केही उल्लेख गर्नु अन्यथा हुँदैन होला। उहाँका राजनैतिक क्रियाकलापहरू इतिहास बन्न सफल भएका छन्। इतिहास कसैले भेटाएर भेटिने विषय होइन। जसले इतिहास भेटाउन खोज्छ त्यही लोप हुने र अन्धकारमा बिलाउनेछ भन्ने शिक्षा इतिहासले दिएको हुन्छ।

नेपाली राष्ट्रिय काँग्रेसको संस्थापक सदस्यता लिएर राजनीतिमा प्रवेश गरेपछि क्रमशः डा. रेग्मीका राजनैतिक गतिविधिहरू सञ्चालन हुन थाले। नेपाली राष्ट्रिय काँग्रेसबाट फुटेर नेपाली काँग्रेस अलग दलको रूपमा खडा भएपछि डा. रेग्मी आजीवन नेपाली राष्ट्रिय काँग्रेसमा अडिग रहनुभयो। यसपछि अन्य थुप्रै दल र संघसंस्थाहरू गठन भए। यसका नेता तथा कार्यकर्ताहरू डा. रेग्मीसँग दीक्षित भएका थुप्रै चिठीपत्रहरू दस्तावेजका रूपमा नेपाल र भारतका पुस्तकालयहरू तथा डा. डिल्लीरमण रेग्मी ट्रस्टमा सुरक्षित छन्। यिनीहरूको अध्ययन गरे नेपालको राजनैतिक र प्रजातान्त्रिक इतिहास स्पष्ट हुन्छ।

नेपालको राजनीतिमा प्रजातान्त्रिक प्रतिबद्धतायुक्त प्रतिपक्षी भूमिकाको सृजना र विकासमा डा. रेग्मीको भूमिका र स्थानको तुलना कसैसित हुन सक्दैन। २००७ सालपछि उहाँले निर्वाह गरेका भूमिकाहरू सशक्त थिए। शिक्षा तथा परराष्ट्रमन्त्री हुँदा- नेपालको परराष्ट्र नीतिहरू र नेपाली राष्ट्रिय शिक्षा आयोगसम्बन्धी कार्यहरू तथा गृहमन्त्री हुँदा त्यससम्बन्धी क्रियाकलापहरू नमूनाका रूपमा रहेका छन्। एउटा सफल राजनीतिज्ञले आफैं फाइदा लिने होइन अरूलाई बाटो देखाउने सामर्थ गर्नुपर्छ भन्ने साँच उहाँको थियो। स्वयं गृहमन्त्री चुनावमा हारेका थिए। मन्त्रीको हैसियतले उहाँले सरकारी कार्यहरूमा आफ्नो छाप छोडेर जानुभयो। सरकारमा बसेर परिवार र नातागोताबाट अलग रहेर काम गर्न सकिन्छ भन्ने उदाहरण पेश गर्नुभएको छ। तोक र

आदेशबाट जागिर दिन पाइने तत्कालीन समयमा आफ्ना कुनै कार्यकर्ता तथा अन्यलाई जागिर दिनुभएन । राज्यको ढुकुटी दलका निमित्त खर्च गर्ने होइन राष्ट्र निर्माणमा सदुपयोग गर्नुपर्छ भन्ने सोँच राख्नुभएको थियो ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा ६ दशकभन्दा लामो समयदेखि निरन्तर संघर्षरत डा. रेग्मी नयाँ नेपाल निर्माण गर्ने कल्पना बोक्नुभएका प्रजातान्त्रिक योद्धा हुनुहुन्थ्यो । वि.सं. १९९० सालभन्दा अगाडिदेखिका देशी र विदेशी राजनीतिमा सहभागी हुँदै आएका महान् योद्धासँग अशान्तिदेखि अहिंसासम्मका कथाव्यथाका झलक भेटिन्थे । यसैले होला नेपाली लगायत विदेशी नेताहरू उहाँसँग भेटघाट र चिन्तनका लागि आतुर देखिन्थे । नेपाली तथा विदेशी विद्वान अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी आदि ज्ञानपिपासुहरू उहाँसँगको साक्षात्कारपछि नयाँ सोँच अंकुरित भएको महसुस गर्थे । यस्तो रोचक र दुरदर्शी चरित्र शायद अन्यमा कमै भेटिन्छ होला । राजनीति र विद्वता अगल दिशा हुन् तापनि डा. रेग्मी यी दुवैमा समाहित हुने अथक प्रयासमा लाग्नुभएको थियो ।

वि.सं. २०४६ सालको जनआन्दोलनमा घरमै नजरबन्द भएर पुऱ्याउनुभएको योगदान कम महत्वपूर्ण छैन । यसपछिका राजनैतिक गतिविधिहरूबाट निराश हुँदै देशले नयाँ राजनैतिक बाटो निर्माण गर्नुपर्छ भन्ने आवाज बुलन्द गर्नुभएको थियो । अविकसित मुलुकमा प्रजातन्त्र फस्टाउन धेरै समय लाग्छ । नेताहरू जनताबाट टाढा भए भ्रष्टाचारले प्रोत्साहन पाउँछ । प्रजातन्त्र पुनःस्थापना भएको कुरा नारामा सीमित राख्नुहुँदैन, काम गरेर देखाउनुपर्छ भन्ने सचेत र खबरदारीपूर्ण अभिव्यक्तिहरू निरन्तर विज्ञप्ती मार्फत् प्रकाशित गरिन्थे । वरिष्ठ राजनीतिज्ञ डा. रेग्मीले प्रजातान्त्रिक अवधारणाहरूलाई सक्रिय बनाउने प्रयास गर्नुभएको थियो । प्रजातन्त्र पुनःस्थापना पछि पनि नेपाल र नेपालीको अवस्था जहाँको त्यहीँ अनि किन बेग्लै बाटो नखोज्ने ? भन्ने प्रश्न दोहोऱ्याउनुहुन्थ्यो । डा. रेग्मीले राजनीतिमा अदृश्य राजनेताको रूपमा पुऱ्याउनुभएको योगदानले इतिहासमा गौरवमय स्थान ओगट्न सफल भएको छ ।

राजनीतिज्ञ र विद्वत्ता अलग दिशा हुन् तापनि डा. रेग्मी यी दुवैमा समाहित हुने अथक प्रयासमा जीवनभर सक्रिय रहनुभयो । उहाँले लेख्नुभएका पुस्तकहरू विश्वस्तरका बौद्धिक सम्पत्ति हुन् । यिनीहरू विभिन्न विषयका छन् । इतिहास र पुरातत्वलाई अध्ययनको विषय बनाउनुभएको थियो । इतिहासको जति अध्ययन गऱ्यो उति फाइदा हुन्छ यसको कुनै सीमा हुँदैन समग्र विश्वलाई नै फाइदा हुन्छ भन्ने धारणा डा. रेग्मीको थियो । शायद यसैले होला इतिहासमा विशेष सक्रियता देखाउनुभएको थियो । बुद्धकालीन इतिहासको अध्ययन अनुसन्धान गरेर नेपालको गौरवलाई स्वर्णाक्षरले लेख्न सफल हुनुभयो । आधुनिक शिक्षाको माध्यमबाट नेपाली जनतालाई सक्षम बनाउने उद्देश्य राख्नुभएको थियो । मध्ययुगीन अन्धकार, अशिक्षा, रुढिवादी, सामन्ती हस्तक्षेप आदिको अन्त्य र नयाँ नेपालको निर्माणमा तल्लीन इतिहासका महान् पात्र स्व. डा. डिल्लीरमण रेग्मीका बारेमा अध्ययन अनुसन्धान हुनु आवश्यक देखिन्छ भने समयको माग पनि हो ।

पुस्तक प्रेमी डा. रेग्मी

✍ *प्रा. डा. मोहन लोहनी*

डा. डिल्लीरमण रेग्मीको स्वर्गारोहण भएको ५ वर्षभन्दा बढी भइसकेको छ। उहाँलाई वरिष्ठ राजनीतिज्ञ तथा ख्याति प्राप्त इतिहासकारका रूपमा नचिन्ने कोही छैन। राजनीतिमा भन्दा इतिहासको क्षेत्रमा उहाँको देन उल्लेखनीय रहेको चर्चा लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा. डा. तुलसीराम वैद्यले डा. रेग्मीबारे हालै लेख्नुभएको विश्लेषणात्मक लेखमा पाइन्छ। वास्तवमा डा. रेग्मीको अभिरुचि ज्ञान-विज्ञानका विभिन्न क्षेत्र र विधामा रहेको जीवन्त प्रमाण झण्डै ७ दशकसम्म उहाँबाट भएको पुस्तक संकलनबाट प्राप्त हुन्छ। पुस्तक र पुस्तकालयप्रति उहाँको आसक्ति र ममता कति तीव्र थियो भन्ने कुरा उहाँको देहावसान हुनु केही दिन अघि मात्र जब उहाँ ज्यादै रुग्णावस्थामा हुनुहुन्थ्यो लेखक र पूर्व-सचिव डा. प्रभा बस्नेतसित अत्यन्त करुण स्वरमा आफ्नो आन्तरिक छटपटी र पीडालाई उहाँले यसरी व्यक्त गर्नुभएको थियो- "मैले आफ्नो यो पुस्तकालयलाई अहिलेसम्म जसरी सम्भार र संरक्षण गरेको छु, मेरो शेषपछि अन्य पुस्तकालय जस्तै यसको दुर्गति हुने त होइन ? मलाई यसैको चिन्ता छ।" स्मरणीय छ डा. रेग्मीले आफ्नो शेषपछि नेपाली जनतालाई समर्पण गर्दै पुस्तकालय लगायत आफ्नो संपूर्ण श्रीसम्पत्ति नेपाल (तत्कालीन श्री ५ को सरकार) सरकारको संरक्षकत्वमा रहने गरी दान गर्नुभएको थियो। यस भनाइको पुष्टि डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिका पूर्व अध्यक्ष प्रा. महेश कुमार उपाध्यायको निम्न टिप्पणीबाट मिल्दछ, "आफ्नो शेषपछि पनि यो परिसर, यो पुस्तकालय र वाचनालय जनताको सेवामा समर्पित भइरहुन र उहाँको जीवनदर्शनलाई जनजीवनमा पुऱ्याइरहुन भन्ने उहाँको अन्तिम इच्छा थियो। उपरोक्त उद्देश्य परिपूर्तिका लागि उहाँले सम्पूर्ण सम्पत्ति श्री ५ को सरकारलाई दान गरी आफ्नो जीवनकालमै ट्रष्टको स्थापना गर्नुभयो।"

प्रा. उपाध्यायले उल्लेख गर्नुभएको ट्रष्टको अध्यक्षता डा. रेग्मीले आफू जीवित रहुञ्जेल स्वयं गर्नुभयो र उक्त ट्रष्टको महासचिव भई लगातार केही बर्षसम्म डा. रेग्मीको सामिप्यमा रही काम गर्ने सुअवसर र सौभाग्य यस लेखकलाई मिलेको थियो । डा. रेग्मीको स्वर्गारोहण पछि केही समयसम्म ट्रष्टका प्रथम उपाध्यक्ष तथा राष्ट्रिय सभाका पूर्व अध्यक्ष बेनीबहादुर कार्कीले अध्यक्षको कार्यभार बहन गरी ट्रष्टको उद्देश्यलाई पूरा गर्न नेतृत्व प्रदान गर्नुभयो भने ट्रष्टकै द्वितीय उपाध्यक्ष श्री हिमालय शमशेर राणाले पनि डा. रेग्मीको सपनालाई साकार पार्न सक्रिय सहयोग गर्नुभएको थियो । वि.सं. २०६० मा तत्कालिन श्री ५ को सरकारले डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन गऱ्यो र अध्यक्षपदमा त्रि.वि.का पूर्व उपकुलपति एवम् बरिष्ठ शिक्षाविद् डा. त्रैलोक्यनाथ उप्रेतीलाई नियुक्त गऱ्यो । ट्रष्ट यसरी विकास समितिमा परिणत भयो । डा. उप्रेतीको नेतृत्वमा पुस्तकालयलाई व्यवस्थितढंगले सञ्चालन र विकास गर्न कार्ययोजनाको तर्जुमा भइरहेको बेला उहाँको असामयिक निधनले गर्दा पुस्तकालयको क्रमिक विकासमा तत्काल व्यवधान उत्पन्न भयो । तर सरकारले छिट्टैनै अर्को शिक्षाविद् त्रि.वि.का पूर्व उपकुलपति तथा डा. रेग्मी अध्यक्ष रहनुभएको ट्रष्टको कार्यसमितिमा सदस्य भई काम गरिसक्नुभएका प्रा. महेशकुमार उपाध्यायलाई अध्यक्ष नियुक्त गरी पुस्तकालय विकासको कार्य योजनालाई निरन्तरता दिन र अगाडि बढाउन सहयोग प्रदान गऱ्यो । पुस्तकालयलाई नयाँ ढंगले सञ्चालन गर्न प्रा. उपाध्यायका केही मौलिक सोचाई नभएको होइन, तर सोचेअनुसार प्रगति नभएकोमा उहाँ खिन्न भएर लेख्नुहुन्छः "पुस्तकालय विकास समितिको विगत दुई बर्षको कार्यकालमा यस संस्थाले वाञ्छित प्रगति गर्न सकेन । मैले अध्यक्षको हैसियतले गरेको चौध महिनाको प्रयत्न यसलाई वैज्ञानिकढंगबाट सञ्चालन गरी संस्थागतरूप दिने केही मात्रामा प्रगति भए पनि वाञ्छित मात्रामा प्रगति हुन नसकेको कटु अनुभव गरेको छु ।" *(स्मारिका, पौष २०६२, पृ. १-२)*

पुस्तकालयलाई अझ वैज्ञानिक ढंगले सञ्चालन गरी यसको संरक्षण, सम्बर्द्धन र विकास गर्ने जिम्मेवारी पुस्तकालय समितिका वर्तमान अध्यक्ष तथा पूर्व-राजदूत विद्वान् डा. विष्णुहरि नेपालको काँधमा आइपरेको छ। नयाँ अध्यक्ष निकै उत्साही र क्रियाशील हुनुहुन्छ। हालै एक अनौपचारिक भेटमा अध्यक्ष डा. नेपालले डा. रेग्मीको व्यक्तित्वलाई अझ प्रभावकारी ढंगले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउनुका साथै उहाँको आदर्श, जीवनदर्शन र योगदानलाई व्यापक परिवेशमा संस्थागत गर्न आफूले तयार पारेको कार्ययोजनाको जानकारी यस लेखकलाई दिनुभएको थियो। उक्त योजनाअन्तर्गत 'डिल्लीरमण-कल्याणी रेग्मी पुस्तकालय', 'डा. डिल्लीरमण रेग्मी स्मारक संग्रहालय' र 'डा. डिल्लीरमण रेग्मी अनुसन्धान केन्द्र' छुट्टै निकायका रूपमा स्थापित हुनेछन् र यी तीन निकायलाई 'डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान'को स्थापनाद्वारा त्यसको छातामुनि समेटने परिकल्पना गरिएको छ।

अध्यक्ष डा. नेपालले अर्को जानकारी के पनि दिनुभयो भने प्रत्येक बर्ष एउटा शान्ति र अहिंसा पुरस्कारको व्यवस्था गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति र अहिंसाका लागि महत्वपूर्ण योगदान दिने महानुभावलाई प्रदान गर्ने योजना पनि रहेको छ। राष्ट्रिय स्तरमा दिइने नगद पुरस्कारको राशि तोकिएको छैन। स्मरणीय छ डा. रेग्मीको इच्छाबमोजिम पहिलो शान्ति तथा अहिंसा पुरस्कार मरणोपरान्त महात्मा गान्धीलाई र दोस्रो पुरस्कार दक्षिण अफ्रिकाको रंगभेद नीतिविरुद्ध जीवनभर संघर्ष गर्ने महान योद्धा तथा विश्वमै सम्मानित बरिष्ठ राजनेता श्री नेल्सन मन्डेलालाई दिने निर्णय भइसकेको छ।

प्रतिष्ठानको विकास तथा पुरस्कारका लागि आवश्यक भौतिक तथा आर्थिक साधन-स्रोत जुटाउन सम्भव छ भन्ने कुरामा डा. नेपाल आशावादी हुनुहुन्छ। वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्वहाली पछि उहाँ जीवित रहुञ्जेल देशले छ प्रधानमन्त्रीहरूको शासनकाल अनुभव गऱ्यो। सबै प्रधानमन्त्रीहरू- श्री कृष्णप्रसाद भट्टराई, श्री गिरिजाप्रसाद कोइराला, श्री मनमोहन अधिकारी, श्री शेरवहादुर देउवा, श्री सूर्यवहादुर थापा र श्री लोकेन्द्रवहादुर चन्द। सबैले

डा. रेग्मीलाई सम्मान गर्नुहुन्थ्यो । केही पूर्व प्रधानमन्त्रीबाट विगतमा पनि डा. रेग्मीको आदर्शलाई मूर्तरूप दिन प्रतिष्ठानको स्थापना गरी सो अन्तर्गत सबै कार्यक्रम सञ्चालन गर्न सुझाव प्राप्त भएको थियो । वास्तवमा पुस्तकालय समितिले मात्र डा. रेग्मीको सम्पूर्ण व्यक्तित्वको प्रतिनीधित्व गर्न सक्तैन । नवनियुक्त अध्यक्ष डा. नेपाललाई आफ्नो कार्ययोजनालाई साकार पार्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु ।

पुस्तकप्रेमी डा. रेग्मीको पुस्तकालयप्रति रहेको उहाँको आशक्तिको चर्चा गर्दा डा.रेग्मीका समकालीन बयोवृद्ध राजनीतिज्ञ श्री रामहरि शर्माको निम्न उद्‌गार उल्लेख गर्न यहाँ सान्दर्भिक हुनेछ : "स्व. डा. डिल्लीरमण रेग्मीज्यू स्वयम् नै एउटा पुस्तकालय हुनुहुन्थ्यो भन्ने कुरामा दुईमत हुन सक्तैन । उहाँको अगाध ज्ञान नै एउटा पुस्तकालय हो भन्नुपर्दछ ।" **स्मारिका** २०६२ पौष, पृ. ३) मौजुदा पुस्तकालयमा ज्ञान विज्ञानका विविध क्षेत्रलाई प्रतिनीधित्व गर्ने साह्रै महत्वपूर्ण र कुनै कुनै अप्राप्य पुस्तकहरूको संकलन रहेको छ । साहित्य, संस्कृति, विज्ञान, राजनीति, इतिहास आदिका अत्यन्त महत्वपूर्ण पुस्तकहरू यस पुस्तकालयमा रहेका छन् ।

डा. रेग्मीको भनाई स्मरण गर्दै रामहरि दाइ लेख्नुहुन्छ- "रेग्मीज्यूले बराबर भन्ने गर्नुहुन्थ्यो पुस्तकालयहरू टोल-टोलमा हुनु आवश्यक छ र आजको नयाँ पिंढीले अध्ययन गर्ने बानी बसाल्नुपर्दछ । बिना अध्ययन टपरटुइयाँ गरेर हिँडेको विद्वान भनाउँदाहरूसँग उहाँ वाक्क हुनुभएको मैले देख्दथें । वास्तवमा शिक्षाप्रतिको उहाँको प्रेम अतुलनीय थियो ।" (**स्मारिका**, पृ. ३)।

पुस्तकालय र शिक्षा एक अर्काका पूरक हुन् । पुस्तकालय नभएको विद्यालय वा महाविद्यालय आँखा नभएको व्यक्ति जस्तो हुन्छ । आफ्नो निजी पुस्तकालयमा घण्टौँसम्म रमाउने डा. रेग्मी नयाँ-नयाँ प्रकाशनहरू प्राप्त गरेपछि तिनको अध्ययन गर्नुहुन्थ्यो र उहाँको विलक्षण स्मरणशक्ति थियो । नेपाल तथा अन्य देशको इतिहासका सबै वर्ष र मितिहरू उहाँ सम्झन सक्नुहुन्थ्यो । यो बेलामा

यो घटना घट्यो भनी नहिच्किचाई भन्नुहुन्थ्यो । डा. रेग्मी पुस्तकालयमा २५००० भन्दा बढी पुस्तक र जर्नलको संकलन भएको जानकारी डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिका सदस्य-सचिव श्री पशुपति अधिकारीको लेखबाट पाइन्छ । श्री अधिकारीले गतसाल प्रकाशित स्मारिकाका लागि लेख्नुभएको समीक्षामा पुस्तकालयसम्बन्धी विस्तृत जानकारी दिइएको छ । यस पुस्तकालयको संरक्षण, सम्बर्द्धन र विकास गर्नु हामी सबैको साझा जिम्मेवारी हो । सरकारी स्वामित्वमा रहे पनि यो पुस्तकालय सबै नेपालीको हो । आ-आफ्नो क्षमताअनुसार यसको विकासमा टेवा पुऱ्याउन म सबैसँग अपिल गर्दछु ।

डा. डिल्लीरमण रेग्मी : शान्ति र अहिंसाका प्रणयता

✍ रमेशप्रसाद गौतम

काठमाडौं स्थित किलागल टोलमा वि.सं. १९७० साल पुष ३ गते जन्मनुभएका डा. डिल्लीरमण रेग्मी नेपाली क्षितिजमा एक लोकप्रिय प्रतिभाका रूपमा परिचित हुनुहुन्छ। उहाँ एउटा शसक्त राजनीतिक चिन्तक हुनुका साथै आधुनिक नेपालको विकासको फाँटमा उल्लेखनीय योगदान दिने व्यक्तिका रूपमा समेत पहिचान हुनुभएको छ। विद्वत्ताको सर्वोत्तम डिग्री डि.लिट्. उपाधि हासिल गर्ने पहिलो नेपालीका रूपमा डा. रेग्मीलाई नै लिइन्छ। उहाँमा हमेशा पठनपाठनको अतिरिक्त लेखनमा पनि त्यत्तिकै दक्षता थियो। डा. रेग्मीले नेपालको प्राचीन, मध्यकालीन र आधुनिक इतिहास लेखेर विश्वसमक्ष नेपालको गौरव बढाउनुभएको छ। इतिहासको फाँटमा मात्र होइन उहाँले अन्य विषयमा निबन्ध, ग्रन्थहरू लगायतका अनेकन लेखेर सुप्रसिद्ध हुनुभएको छ।

डा. रेग्मी सुप्रसिद्ध इतिहासकार, राजनीतिक विश्लेषक हुनुका साथै एक समर्पित राष्ट्रभक्त एवम् प्रजातन्त्रवादी हुनुहुन्थ्यो। डा. रेग्मी महात्मा गान्धीबाट प्रभावित हुनुहुन्थ्यो। वि.सं. २००७ सालमा प्रजातन्त्रका लागि सशक्त क्रान्तिभन्दा अहिंसात्मक आन्दोलनबाट प्रजातन्त्र ल्याउन सकिन्छ भन्नेमा उहाँ दृढ हुनुहुन्थ्यो। यसै सन्दर्भमा जहानियाँ राणशासनको विरोधमा A Century of Family Autocracy in Nepal नामक पुस्तक लेख्नुभएको थियो। यसै भावनाबाट अभिप्रेरित भएकाले नै उहाँ आफ्नो जीवनकालमा कहिले पनि निष्क्रिय भएर बस्नुभएन। उहाँको उच्च आदर्श, अहिंसा र शान्तिप्रतिको आस्थाले आपसी भातृत्वभाव र समझदारी बढाउनमा आजका पिंढीलाई ठूलो योगदान पुऱ्याएको छ। गौतम बुद्ध र महात्मा गान्धीले फैलाएको सत्य र अहिंसाको सन्देशलाई

मनन गरी जीवनमा प्रयोग हुन सकेमा आजको भयावहको लडाइँ हिंसा र द्वन्द्वको परिस्थितिबाट मुक्ति पाउने कुरामा विश्वास राख्नुहुन्थ्यो । अहिंसा र शान्ति अपरिहार्य छ भन्ने कुरा सबैले मनन गर्नुपर्ने कुरामा हमेशा जोड दिनुहुन्थ्यो । उहाँको विचारमा दया, करुणा र क्षमा नै मानवीय असल चरित्र हुन भन्ने धारणा थियो ।

आज डा. रेग्मी हामीबीच हुनुहुन्न तर उहाँले दिएका योगदान र विचारहरू हाम्रा सामु शाश्वत छन् । उहाँले लेख्नुभएका अनेक कृतिहरूले युगान्तसम्म उहाँलाई जीवित गराइरहने छन् । उहाँले २००९ सालमा नै आफ्नो भवनलाई डिल्लीरमण रेग्मी सदन नामाकरण गर्नुभएकै ठाउँलाई नै पछि आएर डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय स्थापना गर्नुभयो । यस पुस्तकालयमा उहाँले उपयोगी पुराना नयाँ सबै प्रकारका पुस्तकहरू जम्मा गरी व्यवस्थित रूपले राख्नुभयो । पुस्तकालयमा पुस्तकहरू लगायत दराज, र्‍याक आदि आफैंले खरिद गरी राख्नुभयो । यस पुस्तकालयमा विभिन्न प्रकारका पुरातात्विक तथा महत्वपूर्ण मूर्तिहरू लगायतका सामग्रीहरू संग्रह गरी सजाउनुभएको छ । साथै उक्त परिसरभित्र गणेश, ब्रह्मा, विष्णु, महेश्वर, कृष्ण, हनुमान, गौतम बुद्ध, महात्मा गान्धी आदिका मूर्तिहरू स्थापित गरिएका छन् । साथै बौद्ध स्तूप, अशोक स्तम्भ आदिको पनि पुस्तकालय परिसरमा राखी शान्ति र अहिंसाको मार्गदर्शन गर्नुभएको छ । उक्त पुस्तकालयका लागि आफू बसेको घर जमिन समेत अर्पी करोडौं सम्पत्ति प्रदान गर्नुभयो, जुन साधारण मानिसले गर्न नसक्ने काम गरेर सबैका लागि उदाहरणीय व्यक्तिको रूपमा प्रस्तुत हुनुभयो । त्यो साह्रै प्रशंसनीय छ ।

यसरी नेपालको इतिहासमा डा. रेग्मीको चरित्र र भूमिका अत्याधिक प्रेरणादायी र उपयोगी मान्न सबैलाई कर लाग्दछ । यसैले गर्दा नै आफ्नो जीवनको उत्तरार्धमा पनि जेठा राजनीतिज्ञ र ऐतिहासिक व्यक्तित्वका रूपमा सम्मानित र आकर्षक रहिरहनु भयो ।

हुनत प्राचीन युनानी दार्शनिक प्लेटो आफ्नो जीवनको आरम्भकालदेखि नै सक्रिय राजनीतिज्ञ बन्ने इच्छा हुँदाहुँदै पछि सुकरातको हत्यापछि उनको जीवनमा ठूलो परिवर्तन आयो । यसपछि उनी सक्रिय राजनीतिबाट राजनीतिक चिन्तकका रूपमा परिणत भएझैं डा. रेग्मी पनि राजनीतिक अठोट र आत्मबल र स्वाभिमानी जस्ता कुराले राजनीतिमा खेल्नुपर्ने विभिन्न उतार र चढावका क्रममा देखाउनुपर्ने लचकता र अभिनयसँग आफ्नो विचारको तालमेल मिलाउन नसक्दा खैरत हुँदोरहेनछ भन्ने लाग्यो । यसपछि क्रमैसँग राजनीतिक सक्रियताबाट व्यवहार कुरालताको सिँढी उक्लनुपर्ने कुरा बुझ्न बाध्य तुल्यायो । त्यसैले डा. रेग्मी राजनीतिमा पूर्ण सफल नभए तापनि अध्ययन र अनुभवले उहाँलाई नेपालको वरिष्ठ राजनीतिज्ञ भने बनाएको छ । उहाँका स्पष्ट, दृढ, निर्भिक विचारबाट जो कोही पनि प्रभावित नभई रहन सक्दैन ।

डा. डिल्लीरमण रेग्मी कति संवेदनशील र दायित्वप्रति सचेत हुनुहुन्थ्यो भन्ने कुरा नेपालमा २००७ सालपछि प्रजातन्त्र आएलगत्तै उहाँले शिक्षामन्त्रीको अभिभारा सम्हाल्नुभयो । त्यसपछि शिक्षालाई योजनाबद्ध तरिकाले अघि बढाउन राष्ट्रिय शिक्षा आयोगको गठन गरी उक्त आयोगको काम-कर्तव्यसम्बन्धी महत्वपूर्ण निर्देशन दिई कार्य अगाडि बढाउनुभयो । यस आयोगले आफ्नो सिफारिश गर्दा शिक्षा मन्त्रालयभित्र मात्र बसेर हुँदैन देशका विभिन्न भागमा गएर विभिन्न जातजाती, समुदायहरूसँग भेटघाट, सम्पर्क, सल्लाह, छलफल गरी उनीहरूको चाहना र इच्छा बुझेर मात्र सुझाव दिंन निर्देशन दिनुभएबाट डा. रेग्मी प्रजातन्त्रको प्रारम्भदेखि नै समावेशी सोँचको व्यक्ति हुनुहुँदोरहेछ भन्ने पुष्टि गर्दछ ।

तत्कालीन अवस्थामा देखा परिरहेको कर्मचारी प्रशासन र शिक्षाक्षेत्रको राजनीतिकरणप्रति सचेत हुनुहुन्थ्यो । साथै सरकारी स्रोत साधनहरूको दुरूपयोग र आर्थिक अनियमितता व्याप्त नातावाद, कृपावादका बलमा हुने पक्षपातपूर्ण व्यवहारको विरोध गर्नुहुन्थ्यो । उहाँले आफ्ना मातहतका कर्मचारीहरूलाई इमान्दारीपूर्वक कार्य गर्न सल्लाह दिनुहुन्थ्यो । उहाँ जहिले पनि प्रजातन्त्रवादी

विद्वान व्यक्तिको रूपमा सबै राजनीतिक दल, समाजसेवी, सर्वसाधारण लगायत विद्वानवर्गमा गहिरो प्रभाव छाड्न सफल हुनुभएको छ। नेपालमा २०४६ सालको जनआन्दोलनलाई पनि पूर्ण समर्थन दिएर प्रजातन्त्र बहाली गराउनमा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

नेपालमा प्रजातन्त्र पुनःस्थापना पश्चात् पनि बढ्दो विसंगति र बढ्दो भ्रष्टाचारप्रति विरोध गर्नुहुन्थ्यो। समाजमा विद्यमान आतंक र त्यसबाट उत्पन्न अशान्तिप्रति आफ्नो जीवनको अन्तिम क्षणसम्म पनि चिन्तित हुनुहुन्थ्यो।

डा. डिल्लीरमण रेग्मी एक बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्थ्यो। उहाँ जहिले पनि विश्वबन्धुत्वका भावनाले अभिप्रेरित हुनुभएकाले गर्दा नै गौतम बुद्ध र महात्मा गान्धीका सन्देशलाई हमेशा मनन गरी सोहीअनुसारको आचरण पालना गर्न गराउन चाहनुहुन्थ्यो। त्यसैले अहिंसा र शान्ति नै उहाँको जीवनको सार थियो। उहाँ जीवनपर्यन्त आदर्श राजनेताका रूपमा आफ्नो भूमिका निर्वाह गरी नै रहनुभयो। आफ्नो सम्पूर्ण सम्पत्ति सार्वजनिक हित र प्रयोगका लागि अर्पण गर्नुभयो। यस्ता त्यागी समाजसेवी कर्मठ प्रजातन्त्रवादी योद्धा हामीबाट टाढा पुग्नुभएको छ। तर उहाँले देश र जनताका लागि देखाउनुभएको सदमार्गले हामीलाई हमेशा प्रेरणा दिई नै रहने छ।

हिंसामुक्त नेपाल : डा. रेग्मीको सपना

✍ रामचन्द्र न्यौपाने

आफ्नो जीवनको उत्तरार्धमा सत्य, अहिंसा, शान्ति र करुणाका प्रतिमूर्ति डा. डिल्लीरमण रेग्मीले आफूले सोचेको नेपालको सपनाभन्दा भिन्न हिंसाको प्रस्फुटन देख्नपर्‍यो । अर्थात् उहाँ अहिंसा र शान्तिका पूजारी भएकाले उहाँले हिंसामुक्त नेपालको स्थापनाको सपना देख्नुभएको थियो । तर माओवादीहरूको सशस्त्र जनयुद्धले (हिंसा-हत्या) उहाँको हिंसामुक्त नेपाली समाजको सपनालाई ठूलो आघात पुर्‍यायो । आफ्नो जीवनकालमा नै माओवादीहरूसँग वार्ता गरेर माओवादीहरूलाई हिंसाको बाटो परित्याग गराउने अठोटमा हुनुहुन्थ्यो । डा. रेग्मीको स्पष्ट विचार थियो- हिंसाबाट हिंसा नै बढ्दछ र साथै शत्रुताबाट शत्रुता नै बढ्दछ । यस शाश्वत सत्यबाट मानिस हजारौं वर्षदेखि परिचित छ । तैपनि हिंसा र शत्रुताको पुनरावृत्ति किन भइरहेको छ ? यो एक रहस्यमय पक्ष हो । पक्ष गम्भीर छ तर अजेय छैन । जुन व्यक्ति एक पटक हिंसाको क्षेत्रमा उत्रन्छ, त्यो व्यक्ति हिंसाबाट सहजै निस्कन सक्तैन । उसलाई चारैतिर हिंसा नै हिंसा दृष्टिगोचर हुन्छ । नेपालमा माओवादीको हिंसाको स्थिति यस्तै छ । माओवादीको दशवर्षको सशस्त्र जनयुद्धको क्रममा १५ हजार नेपालीको जीवनलीला समाप्त भयो, हजारौं नेपालीको अङ्गभङ्ग भयो, हजारौं नेपाली विस्थापित भए, हजारौं नेपाली आफ्नै देशमा शरणार्थी भए, हजारौं नेपाली देशबाट पलायन भए । करोडौं मूल्यको संरचना ध्वस्त भयो । तैपनि माओवादीहरू अझ पनि हिंसा परित्याग गर्न संकोच गरिरहेका छन् । "हामीले सदाका लागि हिंसा परित्याग गर्‍यौं" भन्ने घोषणा गर्नुको साटो पटक-पटक युद्धविरामको समय अवधि बढाइरहेका छन् । शान्ति र अहिंसाका पूजारी भगवान् बुद्धको यो जन्मभूमि नेपालमा हिंसाको यसप्रकार विस्तार हुनु निश्चय पनि चिन्ताको विषय हो । तथापि माओवादीले जनआन्दोलन- २ मा सातपार्टीका

साथ अहिंसात्मक ढंगले सहभागी भएर आन्दोलनलाई सहयोग गरेको घटना निश्चय पनि माओवादीले हिंसाको निरर्थकताको बोध गरेको प्रमाण हो। माओवादीले बुलेट (गोली) को राजनीति छाडेर व्यालेट (निर्वाचनको प्रतिस्पर्धात्मक) को राजनीतिलाई आत्मसात् गरेर राष्ट्रिय मूलधारमा समाहित हुने संकेतका रूपमा हामी नेपालीले लिएका छौं। माओवादीको हिंसा परित्याग गर्ने यो संकेतले शान्ति र अहिंसाका पूजारी स्वर्गीय डा. डिल्लीरमण रेग्मीको हिंसामुक्त नेपालको परिकल्पनालाई साकार रूप दिन प्रत्यक्ष योगदान पुग्ने कुरामा सन्देह छैन।

डा. डिल्लीरमणज्यूसँग नियमित रूपमा भेट गर्ने र देशको विद्यमान स्थितिका बारेमा विचार-विमर्श गर्ने मध्येमा म पनि एक थिएँ। खास गरेर म गोरखापत्रमा क्रियाशील रहेको अवस्थामा (२०३० देखि २०४०-४५) उहाँसँग प्रतिसप्ताह एक दिन बिहान, बेलुका वा दिउँसो कुनै समयमा अवश्य भेट हुन्थ्यो र उहाँसँग म प्रश्न गर्दथें र उहाँले ती प्रश्नको उत्तर दिनुहुन्थ्यो। उहाँसँग भएको सम्वादको एक प्रसंग यहाँ प्रस्तुत गर्दछु। सम्वादको क्रममा डा. डिल्लीरमण रेग्मीले आत्मदर्शी मुनिहरूलाई उद्धरण गर्दै भन्नुभएको थियो- "सम्पूर्ण जीवलाई आत्मतुल्य सम्झनुपर्दछ, यसको आशय यही हो कि कसैलाई उपेक्षा नगर, तिरस्कार नगर, घृणा नगर। आज जीवनका प्रत्येक क्षेत्रमा हिंसा उत्तेजित भइरहेको छ। सम्यक दृष्टिकोण तथा आफूमाथि आत्मनियन्त्रण, यही नै अहिंसा हो। आज सर्वाधिक आवश्यकता यी दुई कुरा- सम्यकदृष्टि र आत्मनियन्त्रणको छ। डा. रेग्मी भुन्नुहुन्थ्यो- नेपाली समाजमा अहिले पनि नैतिक मूल्यप्रति ठूलो आस्था छ। तर पनि केही परिस्थितिहरूले मानिसलाई विवश गरिरहेका छन्। वर्तमान अनास्था तिनै विवशताहरूको परिणाम हो। उहाँ भन्नुहुन्थ्यो- "मेरो विचारमा राजनीतिक दलहरूले आज मानिसलाई विभक्त गरिरहेका छन्। हुन त मानिस अघि-अघि र दल पछि-पछि हुनपर्ने हो। तर आज त दलहरू अघि-अघि र मानिसहरू पछि-पछिको स्थिति छ।

हिंसामुक्त नेपालको परिकल्पनाको सन्दर्भमा डा. रेग्मी भन्नुहुन्थ्यो- अहिंसक प्रतिकारको विशेष चर्चा महात्मा गान्धीबाट प्रारम्भ हुन्छ । दूध उम्लन लाग्दा पानी छर्किएमा शान्त हुन्छ । मानिसलाई यस प्रक्रियाका बारेमा ज्ञान छ । तर यो प्रक्रिया सबै ठाउँमा सफल हुन्छ भन्ने बारेमा मानिसलाई विश्वास छैन । कुनै पनि युद्धमा अहिंसक प्रतिकारको कुनै उदाहरण पनि छैन । तथापि आक्रमण, प्रत्याक्रमणबाट नै विफल हुन्छ भन्ने सोच जसको छ, त्यस्तो साँच वा चिन्तन विकल्पशून्य साँच वा चिन्तन हो । अहिंसावादीको चिन्तन निर्विकल्प हुन्न । अहिंसावादीको दृष्टिमा प्रत्याक्रमणको विकल्प छ, त्यो विकल्प हो- अहिंसक प्रतिकार । यसै प्रसंगमा डा. रेग्मी अगाडि भन्नुहुन्थ्यो- हिंसक प्रतिकारको अपेक्षा अहिंसक प्रतिकार श्रेष्ठ हो तर प्रश्न के छ भने यो कार्य कसरी गर्ने ? मेरो विचारमा अनुशासन, अभय, धैर्य र मनोबलको विकास नै अहिंसक प्रतिकारको बाटो हो । हामीले जनतालाई यस कुरामा दीक्षित गर्नुपर्दछ कि आक्रमणको अहिंसक प्रतिरोध गर्नका लागि आक्रान्तकलाई सहयोग नगर्ने । जबसम्म आक्रान्ताले आफ्नो नीति छोड्दैन, तबसम्म हामीले अहिंसक प्रतिरोध पद्धतिलाई परित्याग नगरौं । अहिंसक प्रतिकार पद्धतिबाट हामी कहिल्यै विचलित हुनुहुन्न । यो कुरा पनि स्पष्ट नै छ कि आक्रान्तका साथ असहयोग गर्दा कष्ट भोग्नुपर्दछ, हिंसावादीको शासन स्वीकार नगर्दा यातना सहनुपर्दछ । त्यसको विरोध गर्दा बाधाहरूको सामना गर्नुपर्दछ, तर जब हामी यी सबै कुरा सहँदै जान्छौं र अहिंसा जनताको आत्मधर्म बन्दछ, त्यसको आराधनाका लागि, ऊ अनुशासित, अभय, प्रेममय र मनोवली बन्दछ । डा. रेग्मी अहिंसाको महत्वमाथि प्रकाश पार्दै मलाई सम्झाउँदै भन्नुहुन्थ्यो- "महात्मा गान्धी अहिंसालाई धर्म मान्नुहुन्थ्यो । अहिंसालाई महात्मा गान्धीले आत्मधर्म भनी स्वीकार गर्नुभएको थियो । हामी नेपालीले पनि यसैको अनुकरण गरौं ।"

डा. डिल्लीरमण रेग्मी : एउटा सम्झना

✍ रामहरि जोशी

नेपाली राष्ट्रिय काँग्रेसको स्थापना हुनु अगाडि इ.सं. १९४२/४३ तिर नेपालको निरंकुश राणा सरकारले ब्रिटिश भारत सरकारसित मिलेमतो गरी झूठा अभियोगहरू लगाई नेपाल षड्यन्त्र (Nepal Conspircy Case) भन्ने मुद्दा चलाई कवि धरणीधर कोइराला, इतिहासकार सूर्यविक्रम ज्ञवाली, एडवोकेट हरिप्रसाद प्रधान (पछि नेपालको प्रधानन्यायाधीश हुनुभयो), गोपालप्रसाद भट्टराई, डिल्लीरमण रेग्मी तथा सूर्यप्रसादहरूलाई भारतमा गिरफ्तार गर्न लगाएको थियो । पछि राणा सरकारले भारत सरकारसित डिल्लीरमण रेग्मी तथा सूर्यप्रसाद उपाध्यायलाई नेपाल सरकारको हातमा सुपुर्द गरिदिन भनी अनुरोध गरेको थियो । त्यसबेला सुपुर्द गर्नु मतलब थियो आजीवन कारावास (त्यसबेला हिन्दुराज्य भएकोले ब्राह्मणलाई ज्यान सजाय हुँदैन थियो) । त्यसका लागि भारतीय अदालतमा कानूनी संघर्ष हुँदा ती दुवैजनाको तर्फबाट भारतका दुईजना नामूद कानूनवेत्ता सर तेजबहादुर सप्रू तथा डाक्टर कैलाशनाथ काटजूले बहस गरेर दुवैजनालाई जेलबाट छुटाएका थिए । जेलबाट छुटेपछि डिल्लीरमणजी प्रायजसो बनारस र लखनउमा बस्नुहुन्थ्यो । त्यसैबेला काठमाडौं केन्द्रीय कारागारबाट फरार भई भारत पुगेका गणेशमान सिंहसित लखनउमा उहाँको भेट भयो । दुवैजनाको मनमा नेपालको राणा सरकारविरुद्ध केही गरुँ भन्ने भावना थियो र त्यो समय पनि छिट्टै आइपुग्यो इ.सं. १९४७ को जनवरी २५/२६ मा कलकत्तामा नेपाली राष्ट्रिय काँग्रेसको स्थापनाको रूपमा ।

एकदिन सेन्ट जेभियर्स स्कूलका संस्थापक फादर मोरानले पनि यस पंक्तिकारसित डिल्लीरमण रेग्मीबारे कुरा गर्नुभएको थियो । त्यसबेला फादर मोरान विहारका हाइस्कुलका डाइरेक्टर जेनरल हुनुहुन्थ्यो र शायद पटनामा उनको

डिल्लीरमणजीसित राम्रो परिचय थियो । केही राजनैतिक गतिविधिमा लागेकोले हो वा राणा सरकारकै अनुरोधस्वरूप भारतीय पुलिस डिल्लीरमण रेग्मीलाई गिरफ्तार गर्न खोजिरहेको कुरा फादर मोरानलाई पनि थाहा थियो । एकदिन कहीँ गइरहँदा ट्रेनमा फादर मोरानको रेग्मीजीसित भेट भयो र उनले रेग्मीजीलाई सबै कुरा बताई सतर्क पार्नुभएको थियो । त्यसबेला रेग्मीजीमाथि गिरफ्तारीको वारंट थियो । केही दिनपछि उनी यू.पि. पुलिसद्वारा गिरफ्तार पनि भइहाले ।

इ.सं. १९४७ जनवरी २५ का दिन कलकत्ताको खालसा हाइस्कूलको प्राङ्गणमा ने.रा.काँ.को समुद्घाटनको बेला हाम्रा चार प्रातस्मरणीय सहिदहरू शुक्रराज शास्त्री, दशरथचन्द, गंगालाल तथा धर्मभक्तको पुण्य स्मृतिमा रातो तूलले छोपेको एउटा सानो कलापूर्ण ढंगले बनाइएको वेदीमाथि डा. डिल्लीरमण रेग्मीले दीप प्रज्वलित गर्नुभयो र नेपाली राष्ट्रिय काँग्रेसको झण्डोत्तोलन गर्दै सहिदहरूको सम्झनामा श्रद्धाञ्जलिस्वरूप एउटा छोटो सारगर्भित भाषण गर्नुभयो । मेरो सर्वप्रथम उहाँसित भेट त्यही समुद्घाटन समारोहमा भएको थियो, विश्वेश्वरप्रसाद कोइरालासित पनि त्यहाँ भेट भएको थियो ।

नेपाली राष्ट्रिय काँग्रेसको समुद्घाटन पछि काठमाडौंमा जेल जीवन बिताइरहनुभएका श्री टंकप्रसाद आचार्यलाई ने.रा.काँ. सभापति, विश्वेश्वरप्रसाद कोइराला कार्यवाहक सभापति, बालचन्द्र शर्मा महामन्त्री, डिल्लीरमण रेग्मीजी प्रचारमन्त्री, गणेशमान सिंह, रुद्रप्रसाद गिरी, कृष्णप्रसाद उपाध्याय, गोपालप्रसाद उपाध्याय, डि.एन. प्रधान, डि.बि. परियारहरू कार्यकारिणी समितिको सदस्यका रूपमा छानिए ।

ने.रा.काँ.को स्थापनापछि ने.रा.काँ.को कार्यक्रमसँगै नेपालको राजनीति पनि अप्रत्यासित रूपमा तीब्रगतिले बढ्यो । ने.रा.काँ. को स्थापनाको दुई महिनापछि नै विराटनगर जूट मिलको मजदूर हड्ताल भयो जसमा वि.पि., बालचन्द्र शर्मा, गोपालप्रसाद भट्टराई, वि.पि.की माताज्यू, नलिनी, इन्दिरा आचार्यहरू गिरफ्तार भए । वि.पि.लाई धनकुटा हुँदै काठमाडौं ल्याए र अरूहरूलाई धनकुटा जेलमै राखे ।

मार्च २६ तारिख कलकत्तामा बसेको ने.रा.काँ.को कार्यकारिणी समतिको बैठकले वि.पि.को रिहाई नभएसम्मका लागि उहाँको ठाउँमा स्थानापन्न सभापति श्री मातृकाप्रसाद कोइरालालाई बनाइयो । त्यसपछि ने.रा.काँ. को नेतृत्वमा नेपाल अधिराज्यभरि ठाउँ-ठाउँमा सत्याग्रह र आन्दोलनको लहर चल्यो । काठमाडौंमा पनि रोज जुलुस निस्कन थाल्यो र रोज कार्यकर्ताहरूको गिरफ्तारी हुन थाल्यो जसमा पुष्पलाल, स्नेहलता, कनकलता, सहाना, साधना, तिलकराज शाही, गोपालप्रसाद रिमाल, प्रेमबहादुर कंसाकार, टंक विलास बज्राचार्य, नूतन थपलिया इत्यादिको नाम विशेष उल्लेखनीय छन् । तर यिनीहरू सबैलाई छिट्टै रिहाई गरिदिए- आन्दोलन झन् चर्किएला भन्ने डरले ।

नेपालमा भइरहेको राणा सरकार विरोधी आन्दोलनको खबर देश विदेशका खास गरेर भारतीय पत्रपत्रिकाहरूले निकै छापे । त्यसै समयमा दिल्लीमा एप्रिल महिनामा भारतीय प्रधानमन्त्री पंडित जवाहर लाल नेहरूको संयोजकत्वमा पहिलोपटक एशियाली सम्मेलन हुन गइरहेको थियो । त्यसबेला ने.रा.काँ. प्रचारमन्त्रीको हैसियतले डिल्लीरमण रेग्मीज्यूले बनारसबाट ३० मार्चका दिन त्यस सम्मेलनमा भाग लिन आउने प्रतिनीधिहरूको नाममा निम्नलिखित एउटा अपील प्रकाशित गरेका थिए-

"Request you to urge Nepalese delegates to move Maharaja to end family autocracy and establish democratic rule in Nepal forthwith."

जयप्रकाश नारायणले पनि त्यही बेला नेपालको जनआन्दोलनको समर्थन गर्दै एउटा निम्नलिखित वक्तव्य प्रकाशित गरेका थिए-

".....एशियाली सम्मेलनको सिलसिलामा हालैमा जब मलाई दिल्ली जानुपरेको थियो त्यसबेला नेपालको प्रतिनीधि मण्डलका नेता विजयशमशेरले मसँग भेट गरी यस हडताललाई (विराटनगर जूटमिल मजदूर हडताल) आपसमा मिलाउने सल्लाह मागेका थिए । मैले उनलाई एउटा Arbitration Committee खडा गरी यस विषयलाई टुंगो लगाउने सल्लाह

दिएको थिएँ । तिनीहरूले मेरो यस सल्लाहलाई मानेका थिए तर पछि फेरि गिरफ्तारी र दमनको खबर पाउँदा बडो दुःख र आश्चर्य लाग्यो ।"

जनजागृति र आन्दोलनको लहर यसरी देशभरिमा उर्लेको देखेर नेपालका तत्कालीन प्रधानमन्त्री पद्मशमशेरले सन् १९४७ को मई महिनामा पहिलोपटक केही राजनैतिक सुधारहरू गर्ने घोषणा गरे र ने.रा.काँ.लाई आन्दोलन स्थगित गर्ने अनुरोध गरेकोले केही दिनका लागि आन्दोलन स्थगित गरियो ।

आन्दोलन स्थगित गरिएको केही दिनपछि स्वास्थ्यको कारणले मातृकाप्रसाद कोइरालाले काँग्रेसको स्थानापन्न अध्यक्षताबाट राजीनामा दिएको हुनाले कार्यकारिणी समितिको बैठक र प्रतिनीधिहरूको सभाले १९४७ को जुलाईमा डिल्लीरमण रेग्मीलाई कार्यकारिणी अध्यक्ष चुने । त्यस सभालाई सम्बोधन गर्दै डिल्लीरमण रेग्मीले भन्नुभयो- *"हामीले सत्याग्रह स्थगित गरेका छौं । यसको अर्थ यो होइन कि नागरिक र अन्य अधिकारका लागि छेडिएको संघर्ष पनि स्थगित गरिएको छ । त्यो त निर्वाध रूपले चलि नै रहने छ । कुरा के छ भने संघर्षको रूपमात्र बदलिएको छ ।"*

नेपाल सरकारले भारतीय नेताहरूले ने.रा.काँ.माथि प्रभुत्व जमाएको छ भनी लगाएको आरोपको खण्डन गर्दै रेग्मीज्यूले भन्नुभयो- *"हामी न त कुनै भारतीय राजनैतिक पार्टीको आफूमाथि प्रभुत्व होस् भन्ने चाहन्छौं न हाम्रो पार्टी कुनै त्यस्ता पार्टीहरूको पुच्छर नै हो । हाम्रो पार्टी नेपाली जनतामात्रको पार्टी हो र तिनीहरूबाटै यो सञ्चालित र निर्देशित पनि छ ।"*

उहाँले अगाडि नेपालको स्वतन्त्रतामाथि आघात पुऱ्याइँदैछ भन्ने आरोपको पनि खण्डन गर्दै भन्नुभयो- *"वास्तवमा भन्ने हो भने नेपालको वर्तमान शासकवर्गले नै गत सय वर्षभन्दा बढी समयसम्म ब्रिटिश साम्राज्यवादको एजेन्ट जस्तो भएर काम गर्दैरह्यो र अहिले जब ब्रिटिश साम्राज्यवाद विश्वबाटै समाप्त हुँदैछ त्यही शासकवर्ग अमेरिकाली साम्राज्यवादको पक्षमा लागेको छ । त्यसकारण तिनीहरूको मुखबाट स्वतन्त्रताको चर्चा आफूले १०४ वर्षसम्म*

गरेको कुकृत्यहरूलाई ढाकछोप गर्नलाई मात्र हो । भारतीय यूनियनमा प्रवेश गर्ने कुरा नेपालका जनताहरूले चाहे भने मात्र हुने हो कसैले जबर्जस्ती माथिबाट थोपरेर हुने होइन ।"

र, अन्त्यमा रेग्मीजीले भन्नुभयो- *"प्रधानमन्त्री पद्मशमशेरले घोषणा गरेका सुधारहरूका सम्बन्धमा जुन प्रकारको नीति सरकाले अपनाइरहेछ त्यसबाट हामीलाई त्यसको इमान्दारितामाथि शंका हुन्छ किनभने राजनैतिक बन्दीहरूलाई अझै रिहाई गरिएको छैन र जनताको दमन अझै जारी नै छ ।"*

यसको केही दिनपछि विश्वेश्वरप्रसाद कोइरालालाई घाँटीमा क्यान्सर रोग लागेकोले उहाँलाई जेलबाट मुक्त गरिदिन भनी प्रधानमन्त्री पद्मशमशेरलाई गान्धीजीको अनुरोध-पत्र गएको हुनाले उनलाई इ.सं. १९४७ को सेप्टेम्बर महिनामा नेपाल सरकारले जेलबाट मुक्त गरिदियो । जेलबाट मुक्त भएर भारत आएपछि ने.रा.काँ.का केही साथीहरूले वि.पि. लाई पुनः ने.रा.काँ.को का.वा. सभापति बनाउने प्रस्ताव राखे तर रेग्मीजीले का.वा. अध्यक्षको पद त्याग्न मानेनन् र इ.सं. १९४७ को नोभेम्बर २२ तारिखका दिन रेग्मीज्यूले एउटा वक्तव्य प्रकाशित गरी वि.पि.को उक्त कार्यलाई केन्द्रीय कार्यकारिणी समितिले समर्थन नगरेसम्म अवैधानिक ठहर्छ भन्नुभयो । तर वि.पि. आफ्नो निर्णयमा अडिग रहनुभयो । जसले गर्दा ने.रा.काँ. दुई समूहमा विभाजित हुन गयो । वि.पि. समूह र रेग्मी समूह । वि.पि. समूहमा गणेशमान सिंह, बालचन्द्र शर्मा, कृष्णप्रसाद भट्टराई, गोपालप्रसाद भट्टराई, रुद्रप्रसाद गिरी, नरेन्द्र रेग्मी थिए भने रेग्मी समूहमा पुष्पलाल, प्रेमबहादुर कंसाकार, कृष्णप्रसाद रिमाल, देवीप्रसाद सापकोटा थिए । दुवै समूहलाई मिलाउने प्रयत्न नभएको पनि होइन तर त्यो सफल भएन । एकपटक सुवर्णशमशेर र डा. लोहियाले प्रयास गरेका थिए र अर्कोपटक दुवै समूहका रुद्रप्रसाद गिरी, पुष्पलालले पनि प्रयास गरेका थिए । तर आपसी समझदारीको कमीले दुवै प्रयासहरू असफल भए । ने.रा.काँ. आफ्नो संघर्षको प्रारम्भिक कालमा नै यस दुई समूहमा विभाजित हुनु एउटा अत्यन्त नै दुर्भाग्यपूर्ण घटना थियो ।

गणेशमानज्यूले र पुष्पलालले डिल्लीरमण रेग्मीलाई अत्यन्तै अहम्ले पूर्णव्यक्ति भनेका छन् । तर मलाई के लाग्छ भने उनी राजनीतिक व्यक्तिभन्दा एकजना स्वाभीमानी विद्वानव्यक्ति बढी थिए । यो निश्चय पनि हो राजनैतिक जीवनमा साहसिक निर्णय लिएर अघि बढ्नुपर्ने बेलामा उनी चुके जसले गर्दा उनी राजनीतिमा सफल हुन सकेनन् । उनीले ने.रा.काँ.का कार्यवाहक अध्यक्ष हुँदा इ.सं. १९४७ मा "वर्तमान नेपाल और जनआन्दोलनका उद्देश्य" नामक एउटा सानो पुस्तिका हिन्दीमा प्रकाशित गरेका थिए । त्यसैगरी इ.सं. १९५० मा उहाँको निकै चर्चित पुस्तक A Century of family Autocracy in Nepal प्रकाशित भयो । डिल्लीरमण रेग्मीलाई ने.रा.काँ. का शीर्षस्थ नेताहरू भारतीय काँग्रेस र समाजवादी दलका नेताहरूसित बढी मिलेर काम गर्ने गरेको मन पर्दैनथ्यो । इ.सं. १९५० पछि नेपालको राजनीतिमा भारतको काँग्रेस र समाजवादी दलका नेताहरूको ठाडै हस्तक्षेप हुन थालेको विरोधमा उनले इ.सं. १९५२ मा Whither Nepal भन्ने एउटा अंग्रेजीमा पुस्तकै लेखे ।

वि.सं. २००७ सालको क्रान्ति सफल भएको लगत्तै पछि उनी काठमाडौं आएर कालिमाटीमा हृषिकेश शाहको घरमा बसेका थिए । यसले गर्दा काठमाडौंको राजनैतिक वृत्तमा उनलाई सबै शंकाको दृष्टिले हेर्थे । तर केही दिनपछि नै उनका क्रियाकलापहरूले गर्दा ती शंकाहरू निर्मूल हुँदै गए । रेग्मीजीले ने.रा.काँ. को अफिस काठमाडौंमा खोल्नुभयो जसमा हृषिकेश शाह पनि थिए । २००८ सालमा काँग्रेस-राणा संयुक्त सरकार भंग भएपछि इ.सं. १९५३ मा मातृकाप्रसादले आफ्नो नेतृत्वमा गठन भएको प्रजापार्टीको सरकारमा डा. डिल्लीरमण रेग्मीज्यूलाई आउन अनुरोध गरेका थिए तर उहाँले त्यसलाई अस्वीकार गरिदिनुभयो । पछि इ.सं. १९५४ मा मातृकाप्रसाद कोइरालाकै नेतृत्वमा गठन भएको राष्ट्रिय सरकार जसमा प्रजापरिषद्, जनकाँग्रेस र केही स्वतन्त्र व्यक्तिहरूले पनि भाग लिएका थिए त्यसमा ने.रा.काँ. को तर्फबाट डा. डिल्लीरमण रेग्मीजी पनि सहभागी हुनुभयो । तर त्यो सरकार एक वर्षमै भङ्ग भयो ।

नेपालका राजनैतिक पार्टीका नेताहरूको राजनैतिक अपरिपक्वताले गर्दा त्यसबाट फाइदा उठाएर राजा त्रिभुवन र राजा महेन्द्रले वि.सं. २००७ सालदेखि २०१४ सालसम्म गठन गरिएको कुनै पनि सरकारलाई न राम्ररी चल्न दिए नत २००७ साल फागुन ७ गते गरेको ऐतिहासिक घोषणाअनुसार जनताले निर्वाचन गरेको वैधानिक सभाको चुनाउ गराउने भन्ने वचनलाई नै पूरा गरे । मुलुकमा लोकतान्त्रिक सरकारको अभावमा अराजकता बढ्दै जाने र राजा पनि निरंकुश हुँदै जाने खतरा बढ्दै गएकाले छिट्टै चुनाउ गराउन राजामाथि राजनैतिक दबाब दिनका लागि नेपाली काँग्रेस, नेपाल प्रजापरिषद तथा नेपाली राष्ट्रिय काँग्रेसको इ.सं. १९५७ को अगस्ट महिनामा एउटा संयुक्त मोर्चा गठन गरियो जसको Action Committee मा तीनजना, वि.पि. कोइराला, भद्रकाली मिश्र तथा डा. डिल्लीरमण रेग्मी थिए । मोर्चाले दुई महिनाभित्र संविधान सभाको चुनाउ गर्ने मिति तोक्न राजामाथि दबाब दियो र त्यो भएन भने ८ दिसेम्बर १९५७ देखि राष्ट्रव्यापी भद्र अवज्ञा सुरु गर्ने घोषणा गऱ्यो । डिसेम्बर ८ देखि काठमाडौंमा सुरु भएको सिंहदरबार अगाडिको पहिलो दिनको जुलुसको नेतृत्व डा. डिल्लीरमण रेग्मीज्यूले गर्नुभएको थियो जसमा उहाँ गिरफ्तार हुनुभयो । त्यसैगरी दोस्रो दिन सिंहदरबार अगाडिको जुलुसको नेतृत्व वि.पि. ले गर्नुभएको थियो जसमा जुलुसमाथि चिसो पानीको फोहोराले हानेको थियो । तेस्रो दिन जुलुकको नेतृत्व गर्नुहुने त्रिपुरवरसिंह प्रधान र उहाँका साथीहरूलाई गिरफ्तार गरी ट्रकमा राखेर लाँदा थापाथलीनिर बागमती पूलमा ट्रक पल्टेर धेरैजना घाइते भए । रत्नपार्क अगाडि त्यसबेला रहेको न्यायालय अगाड़ि निस्केको जुलुस जसको नेतृत्व भद्रकाली मिश्र, महेन्द्रविक्रम शाह, श्रीमती मंगलादेवीहरूले गरिरहेका थिए, त्यसलाई तितरबितर पार्न प्रहरीले कैंयौं राउण्ड टियरग्याँस चलाएको थियो ।

भद्र अवज्ञाले उग्ररूप लेला भन्ने आशंकाले राजा महेन्द्रले वार्ता गर्न ने.काँ. का मातृकाप्रसाद कोइराला तथा प्रजापरिषद्का टंकप्रसाद आचार्यलाई दरबारमा बोलाए र वार्ता गरेको फलस्वरूप राजाले फागुन ७ गते २०१५ सालमा (फरबरी १९५९) संसदका लागि चुनाउ हुने घोषणा गरे । चुनाउ हुनुअघि

एउटा केयर-टेकर सर्वदलीय सरकार र सल्लाहकार सभा गठन गरिने पनि घोषणा गरियो। यस घोषणाअनुसार इ.सं. १९५८ को मई महिनामा सुवर्णशमशेरको अध्यक्षतामा एउटा सर्वदलीय सरकार गठन गरियो जसमा ने.रा.काँ. को तर्फबाट डा. डिल्लीरमण रेग्मी मन्त्री हुनुभयो। तर २०१५ सालको चुनाउमा डिल्लीरमणजी चुनाउ हार्नुभयो। त्यसैगरी देशका अरू ठूलठूला नेताहरू पनि जस्तै टंकप्रसाद आचार्य, डा. के.आइ.सिंह, सूर्यप्रसाद उपाध्याय, भद्रकाली मिश्र, कृष्णप्रसाद भट्टराई, वेदानन्द झा, पुष्पलाल श्रेष्ठ सबै हारे।

२०१५ सालको चुनाउपछि डिल्लीरमणजी क्रियाशील राजनीतिक नेताको रूपमा देखिनुभएन। एउटा प्रबुद्ध विद्वानको रूपमा उहाँले आफ्नो धेरैजसो समय खोजपूर्ण ऐतिहासिक पुस्तकहरू लेख्न, पुस्तकहरू संकलन गर्न र पढ्नमा बिताउन थाल्नुभयो र आफ्नो घरमै एउटा पुस्तकालय खोल्नुभयो।

इ.सं. १९४७ तिर ने.रा.काँ. मा फूट आइसकेपछि एकपटक रक्सौलको एउटा धर्मशालामा उहाँसित मेरो भेट भएको थियो। त्यसबेला उहाँका साथमा काठमाडौंका केही कार्यकर्ताहरू पनि थिए। कुराको सिलसिलामा उहाँले के भन्नुभएको थियो भने- पछि गएर भाषा इत्यादिको कुरा लिएर तराईको समस्या निकै जटिल हुनेछ। त्यो कुरो आज ६० वर्षपछि एकदम सत्य सावित हुँदैछ।

वि.सं. २०१८ सालको एउटा मलाई सम्झना हुन्छ। २०१८ सालको बुद्धिजिवी सम्मेलनमा मैले पञ्चायत व्यवस्थाबारे रेफरेन्डम वा प्लेविसाइट (Referendum or Plebiscite) दुईमध्ये कुनै एउटा गरेर निर्णय गरिनुपर्छ भन्ने माग राख्दा सम्मेलन कक्षभित्र (वर्तमान संसद भवन) पञ्चायतका पक्षधरहरूले ठूलो हंगामा मच्चाएर मलाई बोल्न निकै बाधा (Heckle) पुऱ्याएका थिए र अपशब्दहरू पनि प्रयोग गरेका थिए। त्यसको दुईदिन पछि चिकंमुगलमा काष्ठमण्डपनिर मलाई रेग्मीज्यूले देख्नुभएछ। उहाँ एउटा कारमा बसिरहनुभएको

थियो । इशारा गरेर मलाई बोलाउनुभयो र म उहाँको नजिक पुगें र पुगेपछि उहाँले बडो प्रेमले हात मिलाएर मलाई धन्यवाद र बधाई दिँदै भन्नुभयो- "रामहरिजी, तपाईंले पार्टीको इज्जत राखिदिनुभयो, बधाई छ ।" मैले उहाँलाई धन्यवाद दिँदै भनें-. "डाक्टरसाहेब, तपाईंहरू जस्ता ठूला नेताहरूले मैले बोलेका कुराहरू बुद्धिजिवी सम्मेलनमा बोलिदिनुभएको भए त्यसको अझ कत्रो ठूलो प्रभाव पर्ने थियो ।" यो सुनेर उहाँ अलि गम्भीर हुनुभयो ।

म काठमाडौं आएको बेला कहिलेकाँही उहाँसित भेट्न र पुस्तकालय हेर्न उहाँको लाजिम्पाटको घरमा जाने गर्थें र उहाँले पनि बडो स्नेहपूर्वक मलाई पुस्तकालयभित्र गाइड गरिदिनुहुन्थ्यो । त्यसबेला केही महिनाअघि मात्रै उहाँकी छोरीले त्यस पुस्तकालयलाई उपहारस्वरूप एउटा माइक्रोफिल्म क्यामरा प्रदान गरेकी रहिछन् त्यो पनि उहाँले देखाउनुभयो ।

- I'm afraid I'll throw away something valuable.
- Weeding means admitting to mistakes.

When considering weeding in your library, keep in mind that every library is different; every library has unique priorities and problems. Not every suggestion or guideline for weeding will fit your library, so feel free to adapt as necessary.

No-weeding-out policy creates serious problems for the library. It has to find space and personnel to accommodate its unlimited growth.

To make space for current materials, to make the collections more attractive, to facilitate the ease of use of the collections by patrons and staff, and to reduce the damage books caused by overcrowding and space limitations no library is large enough to keep everything. Most libraries face space restraints and can't keep everything, so it's important to keep the best things in the library. So discarded policy makes it easier for people to find what they want and librarians to manage the space problem.

We should not forget that quality information is more powerful than quantitative collections. A good information manager should use his skill to find information through a more recent books; encyclopedias; periodical articles and the web to fulfill user's need.

In Nepal there is no any deselecting policy to maintain library collection.

Nepal's Tribhuvan University Central Library had decided to weed some collections with approval of vice chancellor but there is not any specific policy or guidelines nor it is becoming in regular basis. Similarly Nepal National Library has not weeded any documents when once entered in to the library due to lack of government policy. For this purpose the leading librarians, library associations and institutions should take initiation for formation of a library development committee in national level which can give pressure, guidelines and suggestions to the government.

References:

1. Boon, Belinda. *The CREW Method: Expanded Guidelines for Collection Evaluation and Weeding for Small and Medium-Sized Public Libraries.* (Revised and updated.) Austin, TX: Texas State Library. 1995.
2. Evans, G. Edward. *Developing Library and Information Center Collections*, Second Edition. Libraries Unlimited, Inc. Littleton, Colo. 1987.
3. *Hennepin County Library Collection Maintenance Manual.* 1988
4. Katz, William A. *Introduction to Reference Work. Volume II. Reference Services and Reference Processes.* Seventh Edition. The McGraw-Hill Companies, Inc. New York. 1997.
5. Segal, Joseph P. *The Crew Manual: A Unified System of Weeding, Inventory, and Collection-Building for Small and Medium-Sized Public Libraries.* 1976.
6. *Weeding guidelines information management unit UNICEF New York Headquarter 2005.*
7. *http://library.ehc.edu/weeding.html*
8. *http://www.ilsa.lib.ia.us/weeding.htm*
9. *http://www.lib.az.us/cdt/weeding.htm*

वि.सं. २०४४ सालका वर्ष पुरुष : डा. डिल्लीरमण रेग्मी

नेपाली जनक्रान्तिको इतिहासलाई कोट्याउँदा, केलाउँदा र पर्गेल्दा नेपाली जनताका केही उल्लेख्य सत्पुत्रको नाउँ पनि अघि आउँछ। ढंग र सिलसिला मिलाउन नसक्ता सोमत र व्यवहार नमिल्दा मोही पार्ने र घिउ खानेले छुट्टाछुट्टै भएर, जात छुट्याएर बस्नुपर्छ। जीवन समर्पण गरेर तर जीवनमा तीन मुरी पछुताउ बोकेर बसेका प्रजाका केहीमध्ये एकजना प्रतिनिधि डा. डिल्लीरमण पनि हुन्। जुन ठाउँमा खुदै आफ्नू अंश थियो, दुःख थियो, रगत थियो र सबैभन्दा थियो साह्रै ठूलो खतरापूर्ण ज्यान जोखिम समर्पण त्यस डरलाग्दो समर्पणले ल्याएको परिवर्तन पछि पनि 'इतर' र 'भितर' का सौतेनी नजरले हेरिएका केही अभागी बहुदलवादी नेतामध्येका एकजना व्यक्ति डा. डिल्लीरमण रेग्मी पनि हुन्। राजालाई काँधमा बोकेर 'म फर्कन त पाउँला ?' भन्ने राजामा फर्काएरै छाड्ने विश्वास भरेर समर्पित प्रजातन्त्रका यी सेनानीहरूले आज भुस्याहा कुकुरको जति पनि मान्यता नपाउनु आश्चर्य हो आफ्नै देशमा सपथ खाएको त्यही माटोमा विदेशी सरह भई जीवनयापन गरिरहेको कष्टमय परिस्थितिका व्यग्र तर व्यस्त जीवन लिएका एक बौद्धिक, सफल तर राजनैतिक एकाकी जीवन बिताएर बसेका व्यक्ति डा. डिल्लीरमण रेग्मी हुन्। राणा धपाउने दौडमा समर्पित रहेर पनि बेढङ्गले गर्दा राणातन्त्रक अर्को संस्करण खडा गरी बसेका मध्ये यी पनि पर्दछन् राजा र प्रजाको बीचको सग्लो वातावरणलाई धमिल्याएर देखिएको षड्यन्त्रपूर्ण विदेशी चालबाजीका शिकार बनी सकेका नेपाली नेतामध्येका यी पनि एक हुन्। डा. डिल्लीरमण रेग्मीको जीवन व्यक्तित्व वृत्तान्तको सारसंक्षेप यस्तो छः-

वंशावलीअनुसार यिनका पुर्खा कन्नौजबाट पाल्ला आएर राजज्योतिषी भएर रहेका थिए। पछि यिनै ज्योतिषी वंशका मानिस लमजुङ आएर बसे। यिनका बाजे फौजदार (ठूलो जमीनदार) थिए। नौ पुस्तासम्म एक-एकजना मात्र छोराहरू भएको वंश हो यो। यिनका बाबुहरू चाहिँ दाजुभाइ थिए यिनका पिता रोहिणीरमण लमजुङबाट काठमाडौं आएर बस्न थाले। सुरुमा डिठ्ठा पछि का.मु. बडा हाकिमसम्म भएका पिता रोहिणी र माता मुक्तिदेवीका सुपुत्रका रूपमा सन् १९१३ डिसेम्बर १७ अथवा वि.सं. १९७० पुस ३ गतेका दिन काठमाडौं किलागलमा यिनको जन्म

भएको हो । ६ वर्षकै उमेरमा आमा र १७ वर्षको उमेरमा बाबुलाई गुमाएका यिनले बालककालको अधिकांश भाग चाहिँ मातृस्नेहमा भन्दा पितृस्नेहमा बिताए । यिनका पिताले पछि भीमसेनस्थानमा एउटा घर खरीद गरे र यिनीहरू त्यहीँ बस्तथे तर जेल परेका बखत कान्छा बाबुले बेचेर खाइदिए भन्ने कुरा यिनले सुनाएका थिए ।

शिक्षा

बालककालदेखिकै तीक्ष्ण बुद्धि भएका प्रतिभाशाली व्यक्ति यिनी हुन् । टोलमा पुराण सुनी घरमा आएर त्यसैगरी सुनाउन यिनी सक्थे रे । सुरुमा रानीपोखरी संस्कृत पाठशालामा भर्ना भई संस्कृत अध्ययन गरे । सन् १९२६ मा (वि.सं. १९८३) मा प्रथमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । सन् १९२७ देखि यिनले दरबार हाइस्कुलमा अंग्रेजी अध्ययन गर्न थाले । सन् १९३२ मा म्याट्रिक प्रथम श्रेणीमा उत्तीर्ण गरे । सन् १९३४ मा पटनामा अध्ययनार्थ गए । १९३६ मा बी.ए. र १९३८ मा पटनाबाटै अर्थशास्त्रमा एम.ए. उत्तीर्ण गरे । सन् १९४० मा मद्रास विश्वविद्यालयबाट एम.लिट्. गरे । यिनको पि.एच्.डि. थेसिस सन् १९५७ मा पेश भएको हो । सन् १९६७ मा तासकन्द विश्वविद्यालयबाट डि.लिट्. सम्पन्न गरेका हुन् । त्यहाँबाट डि.लिट्. गर्ने यिनी पहिलो नेपाली हुन् ।

विवाह

सन् १९३३ मा कल्याणी देवीसित यिनको विवाह सम्पन्न भयो । दोस्रो विवाह चाहिँ वि.सं. २००९ सालमा सम्पन्न भएको हो ॥ पहिली पत्नीबाट तीन छोरी र एक छोरा छन् । कवि मदन रेग्मी डा. रेग्मीकै छोरा हुन् ॥ सन् १९४२ को भारतमा भएको गिरफ्तारी पछि यिनलाई मुक्त गरिएन ॥ नेपाल र भारतमा मौजुद सत्ताविरुद्ध गतिविधि गरेको आरोपमा मुद्दा चलाइएको थियो ॥ त्यसबेला नेपालमा सुपुर्दगी गरी प्राणदण्ड दिने कुराको हल्ला थियो ॥ सन् १९४५ मा भारतमा पतिलाई भेट्न गएकी उनकी पत्नी कल्याणी रेग्मीले सुनिन् ॥ त्यस असत्य पीडाले सताएर हृदयघाति बन्द भई उनी परलोक भइन् ॥ यसपछि उनले मेटी पत्नीबाट छुट्टिनुपर्‍यो ॥

लेखन क्षेत्र

लेखन क्षेत्र डा. रेग्मीको महत्वपूर्ण हो ॥ राजनीतिमा गान्धीवादी, मार्क्सवादी र प्रजातन्त्रवादी सबै हुन् ॥ जहाँ गए पनि प्रजातन्त्रको बोल बोल्ने यिनी कम्युनिष्टबन्धक व्यक्तिकै नजिकका व्यक्ति हुन् ॥ तर मितका मूल व्यक्तित्व लेखकको हो ॥ राजनीति दिनचर्या हुन्छ भने साहित्य त बौद्धिक लेखन कार्यमूलक हुन्छ ॥ उनको मूल

योगदान लेखनमा छ तर मानिस बढी राजनीतिक हिसाबले हेर्दारहेछन् । लेखनमा पनि यिनी अर्थशास्त्रका विद्वान् हुन् तर इतिहास लेखक हुन् । यसरी यिनको व्यक्तित्व बाझाबाझ परेको छ । आज इतिहास तथा संस्कृतिका विद्वान्का हिसाबले सम्मानित हुने व्यक्तिको लेखन 'कविता हरायो' शीर्षकको समस्या पूर्तिबाट इ.सं. १९३२ (वि.सं. १९८९ तिर) सुरु भएको हो । यिनले करिब २५/३० कविता पनि लेखका छन् । शारदा, गोरखापत्र, नेबुला, भारती आदि सामयिक नेपाली पत्रपत्रिकामा यिनका यी कविता प्रकाशित भएका छन् । बि.ए. को अध्ययनकालसम्म यसरी कविता लेख्ने क्रम रह्यो ।

भारतमा बसी अध्ययन गर्न थालेपछि 'सरस्वती', 'विशाल भारत', 'माधुरी' आदि हिन्दी पत्रिकामा यिनका आर्थिक लेखहरू प्रकाशित भएका छन् । राजनैतिक लेख र कथाहरू पनि यिनले लेखेका छन्, करिब १५ कथा यिनका हिन्दी भाषामा छन् । तिनमध्ये 'बदला', 'भूमिदान' विशेष राम्रा कथा हुन् । 'नेपाली साहित्यको समालोचना' शीर्षकमा सन् १९५० सम्मको नेपाली साहित्यिक गतिविधिबारे यिनले लेखेका छन् । 'हस' लगायत बनारसका केही हिन्दी पत्रिकाले यिनका समालोचना पनि प्रकाशित गरेका छन् । 'नेपाली भाषा और साहित्य' भन्ने समालोचनात्मक रचना पनि प्रकाशित छ । रविन्द्रनाथको 'गीताञ्जली' लाई सुन्दर नेपाली भाषामा अनुवाद गरेका थिए तर त्यो करिब ६० पेजको कृति नेपाली भाषामा प्रकाशितै नभई हराएको कुरा यिनले बताएका छन् । यसर्थ यिनी बंगला भाषा पनि राम्ररी जान्दथे भन्ने देखिन्छ । शरदचन्द्रको 'गृहदाह' को पनि अनुवाद गरेथे, यिनी तत्काल नै जेल गएकाले छापिएन, त्यसै बेपत्ता भयो भन्ने जनाएथे ।

इतिहास लेखन

यिनले नेपालको प्राचीन, मध्यकालीन र आधुनिक इतिहासमाथि कलम चलाएका छन् यिनका यी पुस्तकहरू अंग्रेजीमा छन् । पहिलोपल्ट नेपालको इतिहासलाई अंग्रेजीमै लेखेर विदेशमा प्रचार गराउने नेपाली यिनै हुन् । यिनका प्राचीन, मध्यकालीन र आधुनिक नेपाली इतिहासबारे लेखिएका पुस्तक १२ जति छन् । भीमसेन थापादेखि माथवरसिंहसम्मको इतिहास, प्राचीन र मध्यकालीन नेपालका सामाजिक र आर्थिक स्थिति, नेपालको कला र वास्तुकलाबारे यिनी लेख्तै नै छन् । हाल राणाशासनसम्मको विस्तुत इतिहास लेख्तैछन् । त्यसपछिको पनि लेख्ने पक्षमा यिनले जनाएका छन् ।

अर्थशास्त्रका विद्वान् डा. रेग्मीलाई काशीप्रसाद जैसवाल, राहुल सांकृत्यायनको र राधाकुमुद मुकर्जीको संगतले गर्दा प्राचीन इतिहासतिर ल्यायो ।

सन् १९५० मा 'प्राचीन र वर्तमान नेपाल' भन्ने इतिहासको पुस्तक लेखेथे । बाहिर बसेर लेखेको र प्रमाणहरूले परिपूर्ण भएकै भए पनि त्यसले इतिहासको जग भने राख्यो । त्यसबेला २/४ बाहिरिया पुस्तकका भरमा लेखेको त्यस पुस्तकबारे पाठक प्रतिक्रिया भने राम्रो आएको थियो भनिन्छ । सन् १९४१ मै प्राचीनकालदेखिको नेपाली इतिहास लेख्न थालेका रेग्मीलाई भारतीय आन्दोलनका सम्बन्धमा भएको गिरफ्तारीले बाधा पुऱ्याएको थियो । यिनका १ दर्जन जति इतिहास सम्बन्धी पुस्तक प्रकाशित छन् । हुनत कतिपय त्रुटिपूर्ण कुराहरू पनि यिनका लेखनमा देखिएका छन् तर पहिलोपल्ट सकेसम्म मिहिनतसँग इतिहास लेख्ने यी धैर्यवान् मानिसलाई कमजोर भन्न भने सकिन्न । शिलालेख, मूर्ति आदिको अध्ययन गरी फोटाहरू लिएर मिहिनतसाथ लेखेका यिनका इतिहास साह्रै महत्वपूर्ण समयका कृति हुन् । 'मध्यकालीन नेपाल' १०/१२ वर्षमा तयार भएको चार भाग र पच्चीस सय पेजको छ । इ.सं. १९६४/६५ मा मात्र प्रकाशित हुन सक्यो ।

डा. डिल्लीरमण रेग्मीज्यूले आफ्नो निजी पुस्तकालयलाई- 'डा. डिल्लीरमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय' स्थापना गरी भारतको नेहरू म्युजियमकै प्रकृतिको बनाई श्री ५ को सरकारलाई हस्तान्तरण गर्नुभएको छ । करिब ५०,००० पुस्तक, पत्रपत्रिका भएको यस पुस्तकालय श्री रेग्मीजीको तीन रोपनी जग्गा भएको निजी वासस्थान नै हो र यसैमा एक सभागृह पनि नवनिर्माण हुँदैछ । सभागृह आफ्ना आमाबुबा- स्व. रोहिणीरमण रेग्मी र मुक्तिदेवी रेग्मी सभागृहको नाममा राख्नुभएको छ । उक्त तीन रोपनी जग्गा, निवासस्थान, पुस्तकहरू, सभागृह, दुईवटा मोटर गाडी, कम्प्युटर तथा अन्य सामग्रीहरू गरी करिब डेढ करोडदेखि दुई करोड अनुमानित रकम श्री ५ को सरकालाई हस्तान्तरण गरिसक्नुभएको छ । उक्त पुस्तकालयको स्वामित्व श्री ५ को सरकारमा नै रहने र उहाँ बाँचुन्जेल र नछाडुन्जेलसम्म 'ट्रष्ट'को रूपमा मात्र रहने गरी श्री ५ को सरकारसँग सम्झौता भएको जानकारी प्राप्त भएको छ । उक्त पुस्तकालयलाई उहाँले लेख्नुभएको १२ वटा पुस्तकको आम्दानी पनि चढाउनुभएको छ । यो पुस्तकालय अनुसन्धानकर्ताहरूको लागि बहुमूल्य सामग्रीहरूले भरिपूर्ण छ । श्री ५ को सरकारले राम्ररी संरक्षण गरिदिएमा यो नेपालीहरूको ठूलो प्रेरणास्रोत र सम्पत्ति हुने निश्चित छ । डा.

रेग्मीको यस प्रकारको उदारदानको लागि उहाँप्रति सम्पूर्ण नेपाली ऋणी हुनु स्वाभाविक छ ।

डा. डिल्लीरमण रेग्मीद्वारा लिखित पुस्तकहरूको नामावली निम्नप्रकार छन् :-

१. Nepalese Democratic Struggle (1947)
२. Nepal an Introduction (1947)
३. Indo-Nepalese Relation-Political, Economic and Cultural (1948)
४. A Century of Family Autocracy in Nepal (1949)
५. Whither Nepal (1951)
६. Ancient and Medieval Nepal (1952)
७. Ancient Nepal (1958)
८. Medieval Nepal
   (क) Early Medieval
   (ख) Late Medieval
   (ग) Source Material
९. Modern Nepal
   (क) Inscription of Ancient Nepal-Text
   (ख) English Translation
   (ग) Background History and Explanatory Notes

प्रकाशोन्मुख पुस्तकहरू :

१. From Nepal War to the Rise of Jangabahadur (1814-1846)
२. Art Architecture of Nepal

राजनीतितर्फ

यिनी मूलभूत रूपमा इतिहासका विद्वान् भएर पनि नेपाली प्रजातान्त्रिक आन्दोलनका सिलसिलामा सुरुदेखि नै संलग्न रहे । ज्यादै स्वाभिमानी, निडर र लगनशील व्यक्तित्व हुन् । यिनी म्याट्रिक उत्तीर्ण हुनुभन्दा करिब २ वर्षअघि काठमाडौंबाट रक्सौलसम्म जाँदा काठमाडौं लगायत नेपाल र रक्सौलसम्ममा विकास सम्बन्धी जे जति भिन्नता पाए त्यसबाट यिनका मनमा विद्रोहको आगो दन्केर आउन थाल्यो । यिनी खासगरी १९९० वि.सं. देखि राजनीतिमा संलग्न रहे । त्यसबेला भुइँचालोले

क्षतिग्रस्त समाजमा एक 'स्वयम्सेवक संगठन' गठन गरी सेवा पुऱ्याउन यिनी पनि प्रवृत्ति थिए । किशोर कालदेखि नै चर्चित यिनी सुरुदेखिकै एक प्रकारका दृढ निश्चयी हुन् । सन् १९३६ को लखनऊ सम्मेलनमा यिनले पनि भाग लिएथे जसबाट राजनीतितिर अझ प्रेरित भए ।

देश बाहिरका गान्धी, सुभाषचन्द्र, नेहरू, डा. राजेन्द्र प्रसाद, मोहमद किदवाई, राममनोहर लोहिया, जयप्रकाश नारायण आदि भारतका विशिष्ट नेताहरूको सम्पर्कमा यिनी आए । त्यसपछि भारतमा ब्रिटिश उपनिवेशवादको विरोध र साथसाथै नेपालमा राणातन्त्रको विरोधको सुरुआत भयो र यिनी पनि सक्रिय रहे । प्रवासमा रहेका नेपालीहरूलाई एकतान्त्रिक राणा जहानियाँ शासनका विरुद्ध सचेत गराउने प्रयासमा यिनीहरू सबै लागे । यिनी भारतीय राष्ट्रिय काँग्रेसको र अखिल भारत विद्यार्थी फेडरेसनको कार्य समितिको सदस्य पनि भएका थिए । नेपालका चार शहीदलाई फाँसी दिने घोषणा भएपछि यिनले गान्धीलाई भेटी उनीहरूलाई नमार्न अनुरोध गरी नेपाल सरकारलाई तार पठाउने व्यवस्था मिलाएका थिए, सो कुराको सुनुवाई भएन र आखिर ज्यान सजाय दिइयो नै । डा. रेग्मी लगायत भएर प्रवासमै 'नेपाली राष्ट्रिय काँग्रेस' को गठन भयो । पछि नेपाली काँग्रेसले गरेको सशस्त्र आन्दोलनमा भने पहिले यिनी सरीक भएनन् पछि मात्र भए । पहिले गान्धीवादी आन्दोलन गर्ने हिसाबले सत्याग्रहका लागि सन् १९५१ मा नेपाल फर्केका थिए ।

१९४० भित्र नै यिनीहरूले एक राणा विरोधी संगठनको व्यवस्था गरेका थिए । पछि फेरि दार्जिलिङ, बनारस आदि ठाउँमा पुगी राणाविरुद्ध संगठनात्मक कार्यको सूत्रपात गरेका थिए । सन् १९४६ मा जेलबाट छुटेपछि प्रचारका सिलसिलामा 'नेपाल' भन्ने अंग्रेजी पुस्तक लेखेका थिए । त्यस्तै 'नेपाल प्रजातान्त्रिक संघर्षको इतिहास' भन्ने इतिहासको पुस्तक अंग्रेजीमा लेखेका थिए । त्यसपछि प्रजातान्त्रिक आन्दोलनको आधार बन्दै गएको कुरा यिनी बताउँछन् । राणाको विरुद्ध विस्तृत रूपमा लेखिएको त्यो पहिलो सिंगो कृति हो । त्यस कृतिबाट बारम्बार अखवारहरूमा उधृत गर्ने चलन त्यसबेला थियो । देवशमशेरका पालादेखिका कुरा त्यसमा छन् । त्यस्तै राजनैतिक उद्देश्यको इतिहास लेखाइमा उनको 'Century of Family Autocracy' -एक सय वर्षको पारिवारिक एकाधिपत्य) भन्ने पनि छ । यी कृतिहरूले नेपाली क्रान्तिका सिलसिलामा महत्वपूर्ण कामहरू गरेका थिए ।

राणाहरूको विरुद्ध पहिलोपटक सार्वजनिक रूपमा प्रस्ताव पारित भएको भारतको गान्धी मैदानमा हो । त्यसबेलाका भारतीय कम्युनिष्ट पार्टीका नेताहरू फरुखी, रामावतार शास्त्री, जेड.ए. अहमद आदिले खूब जोडदार रूपले विरोध गरेका थिए । यिनी एकपटक दिल्ली गएका बखत नेहरूलाई भेटे भन्ने कुरालाई लिएर मोहनशमशेरले गुनासो गरेका थिए रे । वास्तवमा भारतीय आन्दोलन सफल भएपछि नेहरू स्वयम् पनि भित्रभित्रै मोहनशमशेरलाई जनअधिकार फिर्ता गराउनेतिर दबाब दिइरहेका थिए भन्ने भनाइ यिनको छ । तर २००७ को आन्दोलनमा भने नेहरूले तटस्थ बस्न चाहेका हुन्, नेपाली नेताको विशेष जोड लागेपछि हस्तक्षेप गरेका रहेछन् । १९६५ मा नेपालभित्र बसेर नै पनि नेपालमा बेलायतको जस्तो प्रजातन्त्र चाहिन्छ भनी पत्रपत्रिकामा अन्तरवार्ता प्रकाशित गराएका थिए ।

२०३६ को जनमत संग्रहका बखत त यिनले खुलस्त रूपमा बहुदलको पक्ष लिएथे । २०४४ पौष १ गते प्रतिगामी कदमको विरोध र आत्मशुद्धि अनि प्रजातन्त्रको पुनःस्थापनाका लागि मौनव्रत र निराहार बसेका थिए । यसरी एक निडर, निष्पक्ष र प्रष्ट भई यिनले राजनैतिक क्रियाकलापमा भाग लिएका थिए । २०१३ सालको सत्याग्रहमा 'लिग अफ डेमोक्रेसी' सञ्चालन गर्दा, पावर हत्याउने 'युनाइटेड फ्रन्ट' सञ्चालन गर्दा यिनीहरू वि.पि., टंकप्रसाद समेत एक भएका थिए । रेग्मी भन्छन्- 'पञ्चायतको जस्तो डाहाडे प्रवृत्ति हामीले नै सुरु गरेका हौं ।'

कारागारबास

'भारत छोडो' आन्दोलनका सहभागी भएर ब्रिटिश भारतको विरोध सुरु गरेपछि १९४१ ई. मा पटनामा गिरफ्तार गरी 'हजारीवाग' जेलमा राखियो । आठ महिना नजरबन्द राखेपछि छाडियो । १९४२ मा फेरि गिरफ्तार भएका यिनी पछि भारतीय राष्ट्रिय काँग्रेसले सत्ता सम्हालेपछि १९४६ मा जेल मुक्त भए । यसै गरी बेला बखतमा नेपाल र भारतका कारागारमा यिनी निकै बसेका हुन् । सन् ४५/४६ को जेल यात्राको बखतमा जेलकै कारण पत्नी वियोग खप्नुपर्‍यो । २०१७ सालको काण्डपछि यिनलाई करिब एक महिना जति भीमहलमा नजरबन्द गरियो ।

मन्त्रीत्वकाल

सन् १९५४ र १९५७ मा तेह्र-तेह्र महिनाका हिसाबले दुईपटक परराष्ट्रमन्त्री, शिक्षामन्त्री, स्वास्थ्यमन्त्री, गृहमन्त्री समेत भएका थिए । यिनले त्यसबेला गोरखापत्रमा सुधार ल्याई सरकारी मुखपत्र होइन स्वतन्त्र पत्रिका बनाउनेतिर जोड गरेथे, तर

त्यो कार्य पूरा हुन सकेन । नेपालको राजनीतिमा विकेन्द्रीकरणको सिद्धान्तको परिकल्पना त्यसैबेला भएको हो । यिनको परराष्ट्र मन्त्रीकालमा नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गऱ्यो । नेपाल र चीनका बीचको राजनैतिक भूमिकामा सामान्यीकरण गर्ने काम यिनका पालामा भयो । यस्ता केही महत्वपूर्ण उपलब्धि यिनका समयमा भएका छन् ।

भ्रमण

स्वदेशका विभिन्न जिल्ला मात्र होइन लिबिया, इराक, रुस, चीन, अमेरिका, कालो अफ्रिका बाहेकका अफ्रिकाका देशहरूको भ्रमण गरेका छन् । यिनी रुस जाउन् वा चीन जाउन् तर प्रजातन्त्रकै कुरा गर्थे भनिन्छ ।

यिनका जीवनीका विशेषता

यिनी गान्धीवादी, अहिंसावादी, स्पष्टवक्ता, निडर, स्वाभिमानी छन् । कसैकसैले यिनलाई घमण्डी पनि भनेका छन् तर संगत गर्दा त्यस्तो पाइँदैन । राजनीतिमा चाहिँ न गतिलो संगठनात्मक प्रभावकारिता देखियो न त दह्रो कुटनैतिकता । यस अर्थमा यिनी गान्धीवादी एक भक्त मात्र हुन् भने फरक पर्दैन । वास्तवमा अध्ययन, अनुसन्धानमा ज्यादा निरन्तरता भएका यिनी भएको कुरा प्रष्ट राख्छन् । 'राजाको आज्ञाभन्दा प्रजातन्त्रको आचरण अनुसार काम गरौँ' भन्दछन् । 'प्रजातन्त्रमा राजा, मन्त्री र कर्मचारीको व्यवहारबारे ब्रिटिश इतिहासले सिकाएको छ, त्यसको आधारमा काम हुनुपर्छ । आफ्नू अधिकार बाहेक अरू काम हुनुहुँदैन ।' 'संवैधानिक राजामा ज्यादा उत्तरदायित्व हुन्छ', 'राजासँग झगडा गर्ने नीति नेहरूलाई मन परेको थिएन', 'क्रान्तिका बेला काम गर्ने मुख्य व्यक्ति वि.पि. हुन् तर उनलाई त्रिभुवनले मन पराएका थिएनन्', वि.पि. बारे चीनको दृष्टिकोण राम्रो थियो । '२०१५ सालमा सुवर्णशमशेरलाई प्र.म. बनाउने उद्देश्य राजाको थियो', 'सत्र साल आउनामा मुख्य कारण नेपाली काँग्रेस नै थियो', 'प्रजाले नबुझ्नु राजाले डराउनु दुवै कुराको त्रुटि थियो सत्र साल', 'त्रिभुवन पछि प्रजातन्त्र के हुन्छ हुन्छ भन्थे', 'सात सालपछि पनि मोहनशमशेरको विरोध गर्नु वि.पि.को गल्ती थियो', 'राजा असीमित भए हामी सिद्धान्तहीन भयौं यसैकारण सत्र साल आयो' जस्ता कुरा यिनले स्पष्ट उल्लेख गरेका छन् ।

पूजाआजा, कर्मकाण्डमा विश्वास नगर्ने, परलोक नमान्ने यिनी 'मानव सेवा, कर्तव्यको घातक तत्व धर्म हो' भन्ने धारणा व्यक्त गर्दछन् । सन् १९४३ मा लाला हरदयालको 'हिन्ट फर सेल्फ कल्चर' पढेपछि ईश्वर सम्बन्धी धारणा र ज्योतिष

सम्बन्धी धारणालाई नमान्ने यिनी इमान्दारी र सत्यलाई मान्दछन् र खराबीप्रति मात्र सतर्क रहन्छन् । 'थेरो, अब्राहम लिंकन, रुसोका विचारबाट म प्रभावित छु' भन्दै आफूलाई गान्धीवादी भन्ने रेग्मी 'वि.पि. र म साथै एक ठाउँमा रहेर काम गर्न सकेको भए शायद आज देशको यो अवस्था हुने थिएन', 'राणाहरूको नराम्रो आनीबानी हामी प्रजातन्त्रवादीले लियौं र हाम्रा नराम्रा कुरा माथि माथि सरे', 'हामी सबै तलदेखि माथिसम्म अपर्चुनिष्ट बन्न थाल्यौं' यसैले '२००७ सालपूर्वको इतिहासले गति लिन सकेन' भन्ने रेग्मी परिपूर्ण स्थितिमा सात साल आएको मान्दैनन् ।

यसरी चारैतिरबाट बारम्बार प्रश्न गर्दै, विविध कोणबाट रेग्मीलाई देख्यौं । २०१७ साल ल्याउन काण्ड रच्ने रचाउने कुरा समेत यथार्थ रूपमा थाहा भयो । डा. के.आइ. सिंहले सत्र साल कार्तिकमै आशे मन्त्रीमण्डल गठन गरिसकेका रहेछन् । डा. रेग्मीलाई कुराको सिलसिलामा ठीक बाटोमा ल्याउन निकै मुस्किलै पर्छ किनभने बत्तिएर लामा लामा अनुभवका कहावत यिनका सामु आउँछन् । तैपनि धेरै कुरा गरेपछि यिनी ठाउँमा आएर यथार्थ कुरा गर्छन् । स्वयम् प्रजातन्त्रवादी तर साम्यवादीका निडर रहेका यिनी परिस्थितिले बनाएका राजनीतिज्ञ हुन् । सही मानेमा यिनको चरित्र राजनीतिज्ञको होइन विशुद्ध अनुसन्धाताको छ ।

साभार : *अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं. २०४४, वर्ष ४, अंक ३१, पृष्ठ ३६५-३७०*

जति गुणगान गाए पनि थोरै हुने व्यक्तित्व

✍ केशव खनाल

कुरैकुरा

जन्ममिति, जन्मस्थान र नाम बताइदिनुहोस् न ?

मेरो नाम डा. डिल्लीरमण रेग्मी हो। म वि.सं. १९७० पौष ३ गते बुधबार काठमाडौंको किलागल टोलमा पौष कृष्ण चौथीको दिन जन्मिएको हुँ। मेरा पिताको नाम रोहिणीरमण र माताको नाम मुक्तिदेवी हो।

तपाईंका दाजुभाइको नाम पनि थाहा पाउँ न ?

म मेरा बाबु-आमाको एक्लो छोरा हुँ।

तपाईंहरूका पुस्ताका बसाइ कहाँ कहाँ हुँदै आएको जानकारी राख्नुभएको छ ?

हामीहरू सबैको तिमीहरूको पनि) पुरानो थलो रै'छ थलंरा, जो हाल डोटीमा पर्छ। धेरै ब्राह्मण त्यतैबाट आएका हुन्। अगाडि आउने पूर्वीया भए, पछाडि आउने कुमाइ भए। फरक केही पनि छैन। हाम्रा रेग्मीहरूले दान नलिने, पुरेत्याइँ नगर्ने काम गरे। हाम्रो वंशका रेग्मीहरू कता कताबाट पाल्पा आए, पाल्पाबाट तनहुँ, तनहुँबाट लमजुङ आए। लमजुङबाट मेरो बाजे काठमाडौं आउनुभएछ।

रेग्मी थरचाहिँ कसरी रहेछ त ?

त्यही डोटी अन्तर्गत पर्ने थलंरा भन्ने ठाउँमा रेगव भन्ने गाउँ रहेछ, रेगवबाट आएको हुनाले रेग्मी भएको पढ्न, सुन्न पाइन्छ।

तपाईंका बाजे के गर्नुहुन्थ्यो ?

मेरो बाजे नारायणदत्त हालका पाँच छ जिल्लाको एमकुष्ट रहँदा त्यसको फौजदार हुनुहुन्थ्यो। मेरा बाबु रोहिणी बिचारी हुँदै वडाहाकिमसम्म हुनुभयो।

तपाईंका बुबा-आमाको निधन भइसकेको होला, होइन ?

मेरी माता म पाँच वर्षकै हुँदा स्वर्गे हुनुभएको थियो भने पिताजीको म अठार वर्षको हुँदा मृत्यु भयो।

विवाह कति सालमा, कोसँग गर्नुभयो ?

म अठार वर्षको हुँदा मेरो विवाह १२ वर्षीया कल्याणीसँग भएको थियो । उनीसँग मेरो सहयात्रा भने लामो समय हुन पाएन । त्यस घटनाले मलाई निकै पीडासमेत भयो ।

लामो समय सहयात्रा हुन पाएन भन्नुभयो, के कारणले ?

सन् १९४१ को फेब्रुअरीमा मलाई दोस्रो पटक भारतमा गिरफ्तार गरी जेल हालियो । ममाथि अनेक गम्भीर आरोप लगाइयो । प्राणदण्ड हुनेसम्मका अभियोगमा मुद्दा चलाइयो । भारतबाट सुपुर्दगी गरेर नेपाल पठाउने पनि चर्चा चल्यो । यसैबीचमा मलाई जेलमा भेट्न गएकी श्रीमती मलाई देखेर मुर्छित भइन्, अस्पतालमा उपचार गर्दागर्दै हृदयगति बन्द भई उनको निधन भयो ।

छोराछोरी त जन्मिसक्नु भा'थ्यो होला, होइन ?

तीनवटी छोरी, एउटा छोरा जन्मिसकेका थिए । मेरो छोराको नाम मदन रेग्मी हो । एउटी छोरी शान्ता अमेरिकामा बस्छे । अर्की माइली छोरी इन्दु तिवारी पहिले एफएओमा काम गर्थिन् । अर्की छोरी सोफी ढुंगाना उपसचिव भइन् ।

पत्नीको देहान्त भएपछि तपाईंलाई बाहिर निस्कन दिइयो कि दिइएन ?

मलाई हत्कडीसहित बन्दुकधारीहरूको साथमा ठूलो आतंककारी लगे जसरी लगियो । त्यस बेला म पनि विरामी थिएँ ।

यहाँको राजनीति गर्नेमा तपाईंले देखेको सबैभन्दा नराम्रो पक्ष के हो ?

मुखले एउटा कुरा, मनमा एउटा कुरा र व्यवहारमा एउटा कुरा देखिन्छ, जो ज्यादै नराम्रो पक्ष हो ।

तपाईंलाई त यो मुलुकका सबै नेताहरूले भेट्ने, सल्लाह लिने गर्नुहुन्छ होला नि ?

पुरानादेखि नयाँसम्म सबै नेताहरूले भेट्नुहुन्छ, सल्लाह लिनुहुन्छ, मनमा लागेका कुरा भन्नुहुन्छ । तर, कृष्णप्रसाद भट्टराई भने प्रधानमन्त्री भएपछि एकपटक पनि आउनुभएको छैन । मेरो जन्मोत्सवमा एउटा शुभकाममना पनि पठाउन सक्नुभएन । उहाँमा ठूलो परिवर्तन आएको देख्दैछु ।

तपाईंले ज्यादै राम्रा मान्ने नेताहरू को-को हुनुहुन्छ ?

यो वर्गीकरण गर्दा कसैको चित्त त नदुखोस् तर म मनमोहनबाट ज्यादै प्रभावित छु । त्यसपछि पुष्पलाल । मनमोहन र पुष्पलालले आफ्नो अडान छाड्नुभएन ।

वि.पि. पनि राम्रो व्यक्ति हुनुहुन्थ्यो । यद्यपि उहाँलाई केही व्यक्तिले विगार्ने प्रयास पनि गरे ।

नेताहरू सबैले आफू नै सबैभन्दा जान्ने सुन्ने धारणा पालेको जस्तो तपाईंलाई लाग्छ कि लाग्दैन ?

ओ हो ! त्यसको त कुरै नगर्नुस् । म (हामी) भन्दा जान्ने अर्को छ भन्ने कुरा स्वीकार्न त कोही तयार छैन । यहाँ सिक्ने बुझ्ने कोही छैन, सबै सिकाउने छन् । यही त बडा अफसोच छ ।

तपाईलाई पञ्चायतकालभर सरकारमा जान पटक-पटक आग्रह भए होला नि ?

नहुने त कुरै भएन । ०७ सालदेखि १५ सालको बीचमा एकपटक प्रधानमन्त्री खान कर गर्दा खाइनँ । यस्ता पद त धेरै पटक खान आग्रह गरियो तर खाइनँ । कीर्तिनिधि विष्टले एकपटक राजासँग के भनेछन् भने सरकार रेग्मीज्यूलाई अरू सबै भनिबक्सेला तर पञ्चायतको सरकारमा आउन नभनीबक्सेला, किनकि उहाँसँग प्रजातन्त्र, मानवअधिकार एवम् स्वतन्त्रताविना कुनै कुरामा पनि सम्झौता हुँदैन । मलाई यी कुरा राजा आफैंले भन्या । राजाले भन्नुहुन्थ्यो, 'तपाईजस्तो व्यक्तिलाई प्रधानमन्त्री बनाउन पाइएन' भनेर । यो कुरा तीनवटै राजाको मुखबाट सुनें ।

तपाईले पहिलो पटक राजालाई भेट्दा भे भन्नुभएथ्यो, सम्झना छ ?

मैले राजालाई भने- 'सरकार यो देशको सेवक । हजुर ! कुटीमा पनि बस्न सक्नुपर्छ । जनताको क्रन्दन, रोदन, दुःख, वेदना सुन्न सक्नुपर्छ । आफ्ना जनताले गाली गर्छन् भने त्यो पनि सहन सक्नुपर्छ ।' वर्तमान राजाले गद्दी सम्हालेको केही समयभित्रको कुरा हो यो । मैले राजालाई भेटेकै दिन तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टसँग राजाले भनिबक्सेछ, "आई मेट अ वण्डरफुल म्यान । यस्तो व्यक्ति पो व्यक्ति हो । "

तपाईलाई अहिले सरकार चलाउन भनियो भने तयार हुनुहुन्छ ?

सरकार चलाउने जिम्मा आउने आफ्नै कानूनी मान्यता छन् । त्यो काम कसैले दिन्छु भन्दैमा दिन सकिन्न । जहाँसम्म मेरो कुरा छ- म पदको भोको छैन । मलाई राष्ट्र र जनताको चिन्ता छ । राष्ट्र र जनताको हित हुने काम गर्नका लागि त प्राण रहँदासम्म क्रियाशील रहन्छु । कुनै पदमा नगए पनि काम गर्न सक्छु, सकिन्छ । सरकार चलाउन उमेरको कुरा गर्ने हो भने मलाई लाग्छ पचहत्तर वर्ष नाघेपछि शासन चलाउन व्यक्ति योग्य हुँदैन ।

बहुदल आएपछि बनेको अन्तरिम सरकारमा बसिदिन आग्रह भएन ?

पहिले जनआन्दोलन नै मेरो नेतृत्वमा सञ्चालन गर्ने भनिएको थियो, पछि के-के भयो, त्यो भएन । बहुदल आएपछि अन्तरिम सरकार मेरै नेतृत्वमा बनाउने भनेर दरबारबाट लोकेन्द्रबहादुर चन्दले, मनमोहनले कम्युनिष्टहरूको तर्फबाट र नेपाली काँग्रेसका तर्फबाट अच्युतराज रेग्मीले प्रस्ताव राख्नुभएको थियो । तर मैले यो काम पूरा गर्न सक्दिनँ भनें ।

तपाईले दोस्रो विवाह गर्नुभएन ?

गरें । ०११/०१२ सालतिर नुतनदेवीसँग गरें । लभ म्यारिज जस्तै हो । फेरि बच्चा जन्मेका छैनन् । राजनीतिमा लागेको मान्छेले तरुनी स्वास्नी ल्याउन भएन परिकल्पनासँग नै विवाह गरेको हुँ ।

तपाईं र श्रीमतीसँगको सम्बन्ध कस्तो रहन्छ ?

लोग्ने स्वास्नीको सम्बन्ध जस्तो रहनुपर्छ त्यस्तै छ । मलाई लाग्छ, राजनीति गर्ने मान्छेले स्वास्नी, छोराछोरी, ज्वाइँ, जेठान भनेर हुँदैन । जो श्रीमतीको इशारामा नाच्छ, त्यसले देश बिगार्छ । हाम्रा नेताहरू पापरवारिक घेरा नाघ्न नसक्दा पनि बिग्राछन् । म कसैको कुरा सुन्दिनँ । आफ्नो बुद्धि-विवेकले स्वतन्त्र ढंगले काम गर्छु ।

तपाईंको स्वास्थ्यस्थिति कस्तो छ ?

सतासी वर्षको बृद्ध अवस्थामा पनि हिँडडुल गर्दैछु । चेतना राम्रो छ । डाइबिटिज, प्रेसर छ र पनि स्वस्थै छु । आना रुच्छ ।

रक्सी, चुरोट, सूर्ती खानुहुन्छ कि हुन्न ?

रक्सी, चुरोट, आजसम्म जीवनमा मुखमै पऱ्या छैन ।

झुठ बोल्नु भा'छ कि छैन ?

आजसम्म झूठ बोल्या छैन । कोही व्यक्तिहरू झूठो नबोले पनि हुने ठाउँमा पनि झूठो बोल्छन् तर म त्यसो पनि गर्दिनँ । जस्तो मनमा छ त्यही कुरा मुखले पनि बोल्छु । जे बोल्छु त्यो व्यवहारमा पनि उतार्छु । म कसैलाई धोका दिने पक्षमा पनि छैन ।

रुचीका कुरा के-के छन् त ?

मेरो रुची पढ्ने हो । विविध विषयमा अध्ययन गर्छु । तर जति अध्ययन गरे पनि, जाने पनि जान्दछु भनेर घमण्ड गर्दिनँ ।

तपाईंको सतासीऔं जन्मोत्सव यसै हप्ता मनाइयो । अझै कतिवटा मनाउन पाइएला भन्ने लाग्छ ?

ठेगान छैन । अझै ५-६ वर्ष त बाँच्छु कि जस्तो लाग्छ । जतिसम्म बाँचिन्छ सक्रिय रूपमा नै बाँच्न पाऊँ, रोगी भएर विस्तरा नपरुँ भन्ने मेरो चाहना छ ।

तपाईं आफ्नो मृत्युपछि कसरी सम्झियोस् भन्ने चाहनुहुन्छ ?

मलाई केही चाहना छैन । नेपाल माताको सदा भलो चाहने, सदा सेव गर्ने राष्ट्र सेवकको रूपमा बाँचिरहुँ म नेपालको इतिहासमा ।

अपरेशन

स्वतन्त्रता सेनानी, इतिहासकार, अर्थविद् वरिष्ठ राजनीतिज्ञ एवम् पुरातत्वविद डा. डिल्लीरमण रेग्मी नेपालको इतिहासमा अत्यन्तै सम्मान र उच्च आस्थाकासाथ हेरिने व्यक्तित्व हुनुहुन्छ । विगत छ दशकदेखि नेपालको राजनीति र बौद्धिक पुनर्जागरणमा यथेष्ट योगदान गर्नुहुने डा. रेग्मीलाई राजनीतिज्ञको रूपमा मात्र होइन, मूर्धन्य विद्वानको रूपमा पनि विश्वले चिनेको छ । उहाँका कृतिहरूले नेपाललाई विश्वमा चिनाएको छ आधारभूत दर्शनको कुरा गर्दा महात्मा गान्धीले झैं राजनीतिक परिवर्तन र सुधारका लागि अहिंसात्मक आन्दोलन र संघर्षमा डा. रेग्मी विश्वास गर्नुहुन्छ । उहाँ साधनलाई भन्दा साध्यलाई जोड दिनुहुन्छ । उहाँको आस्था राष्ट्रियता, बहुदलीय प्रजातन्त्र, खुला तथा बहुलवादी समाज रहेको छ । उहाँ खुला दलबन्दीरहित प्रशासनयन्त्र चाहनुहुन्छ । राजनीतिज्ञ रेग्मी राजनीतिलाई धर्मक्षेत्र र मातृभूमिलाई कर्मक्षेत्र चाहनुहुन्छ । उहाँ विगतमा प्रधानमन्त्री र मन्त्रीसमेत बन्न आग्रह गर्दा पनि बन्नुभएन भने अमेरिका र बेलायतका ठूला-ठूला विश्वविद्यालयले विभागीय प्रमुखको पदमा आमन्त्रण गर्दा पनि तानिनुभएन । उहाँका जीवनका दुईवटा पक्ष उत्तिकै महत्वका छन् । एउटा, प्रकाण्ड विद्वत्व र अर्को प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने संघर्षमय जीवन । डा. रेग्मीको विद्वता र राजनीतिक संघर्ष बलियो धरातलमा खडा भएको छ । त्यसैले नै जीवनभर उहाँको व्यक्तित्वमाथि जीवनमा कहिल्यै दाग लागेन । आजको अंकमा हामीले यिनै भीषण व्यक्तित्वलाई उभ्याएर आफ्नो स्तम्भ पाठकसामू पस्केका छौं ।

जन्मोत्सव :

वरिष्ठ राजनीतिज्ञ डा. डिल्लीरमण रेग्मीको वर्षेनी जन्मोत्सव विशेष समारोहका बीच मनाइन्छ । राजपरिवारबाहेक यसरी जन्मोत्सव मनाएको अरू कसैको सुनिन्न । उहाँको जन्मोत्सवको विशेष अर्थ र महत्व पनि छ । पहिले पञ्चायतकालमा पञ्चायतविरोधी अभिव्यक्ति राख्ने मञ्चको रूपमा त्यो समारोहलाई प्रयोग गर्ने मनसायका साथ सुरु गरिएको हो । उहाँ आफ्नो जन्मोत्सवको सम्बन्धमा भन्नुहुन्छ- "यसरी जन्मोत्सव मनाउन थालेको बीस वर्ष भए होला । मेरो जन्मोत्सवको कार्यक्रमलाई सबैले महत्व दिन्छन् । यस वर्ष भारत र चीनका राष्ट्रपतिले पनि शुभकामना पठाउनुभयो । देश-विदेशका अन्य विभिन्न उच्च व्यक्तिले पनि शुभकामना पठाउनुहुन्छ । पहिले बाध्यताले मनाउन थालियो, अहिले नमनाउँ भने पनि सुख छैन । मनाउनुपर्ने बाध्यता भइसक्यो । आफ्नो प्रचारका लागि भनेर कसैले भन्छ भने त्यो निष्कर्ष गलत हुन्छ । मलाई आफ्नो प्रचार गर्ने पटक्कै सौख छैन ।"

सबै सम्पत्ति सरकारलाई

वरिष्ठ राजनीतिज्ञ डा. डिल्लीरमण रेग्मी निस्वार्थ पुरुष हो भन्ने कुरा उहाँले आफ्नो नामको सम्पूर्ण सम्पत्ति सरकारलाई प्रदान गरेबाट पनि प्रष्ट हुन्छ । उहाँले आफ्नो नाममा रहेको विशाल पुस्तकालय, घर र सम्पूर्ण चलअचल सम्पत्ति श्री ५ को सरकारलाई प्रदान गर्नुभएको छ । त्यो सम्पत्तिको हालको मूल्यांकन २० करोडभन्दा बढी हुन्छ । उहाँले त्यो सम्पत्ति अन्तरिम सरकारका समयमा प्रदान गर्नुभएको थियो । नेपाल विश्व शान्ति समिति, नेपाल अफ्रो एशियाली जनएकता समितिको अध्यक्ष भईसक्नुभएका डा. रेग्मी हाल अन्तर्राष्ट्रिय शान्ति केन्द्र र गौतम बुद्ध प्रतिष्ठानका संस्थापक अध्यक्ष हुनुहुन्छ । डा. रेग्मीलाई हाल आफूले सरकारलाई प्रदान गरेको सम्पत्ति व्यवस्थित रूपमा सञ्चालन गर्ने कुराको चिन्ता छ । तर पछि के गरी सञ्चालन हुने हो भन्ने उहाँलाई चिन्ता लागिरहेको छ । सरकारले समयमै योजना बनाए हुन्थ्यो भन्ने उहाँको माग छ ।

शिक्षा उपाधि

सन् १९२६ मा रानीपोखरी संस्कृत पाठशालाबाट प्रथमा पास गरी सन् १९२० देखि दरबार हाइस्कूल, जो भारतको पटना विश्वविद्यालयसँग आबद्ध थियो, सोही विद्यालयबाट अन्तिम चरणको पढाइ समाप्त गरी वरिष्ठ राजनीतिज्ञ रेग्मीले सन् १९३२ मा मेट्रीक प्रथम श्रेणीमा उत्तीर्ण गर्नुभयो । नेपालबाटै आइएसम्मको अध्ययन

समाप्त गरी सन् १९३६ मा पटना विश्वविद्यालय भारतबाट अर्थशास्त्रमा अनर्ससहित बी.ए. पास गरी सन् १९३८ मा अर्थशास्त्रमै एम.ए. पास गर्नुभयो । पढाइमा सँधैं राम्रो अङ्क ल्याउदै अगाडि बढ्नुभएका रेग्मीले सन् १९४० मा मद्रास विश्वविद्यालयबाट एम.लिट्. डिग्री हासिल गर्नुभयो । यसरी सोधग्रन्थमा डिग्री प्राप्त गर्ने उहाँ पहिलो नेपाली हुनुहुन्छ । उहाँको अनुसन्धानको विषय थियो- 'भारतमा मादक पदार्थ नियन्त्रण र यसको आर्थिक पक्ष ।' उहाँले पटना विश्वविद्यालयबाटै सन् १९६१ मा 'विहार प्रान्तको औद्योगिक विकास' विषयमा अनुसन्धान गरी पि.एच्.डि. उपाधी पनि प्राप्त गर्नुभयो । त्यो सर्वोच्च डिग्री पाउने नेपालीमा उहाँ पहिलो हुनुभयो । उहाँलाई पूर्व सोभियत संघले डक्टर अफ साइन्सको मानार्थ उपाधि प्रदान गरेको छ ।

लेखक-कृति

निरन्तर अध्ययन, लेखन र अनुसन्धानमा लाग्नुभएका प्रखर बौद्धिक साधक डिल्लीरमण रेग्मीको पन्ध्रभन्दा बढी पुस्तक प्रकाशित छन् । उहाँका कतिपय पुस्तक अन्तर्राष्ट्रिय स्तरमा पनि ज्यादै प्रभावकारी सिद्ध भएका छन् । उहाँले नेपालको प्राचीन, मध्यकालीन र आधुनिक इतिहासका अनेकौं ग्रन्थहरू अंग्रेजीमा लेख्नुभएको छ । उहाँका अन्य प्रकाशनहरूमा 'एकतन्त्रीय शासनको एक शताब्दी', 'नेपाली प्रजातान्त्रिक संघर्ष', युगौंदेखि रहेको नेपाल-भारत सम्बन्ध' लगायत महत्वपूर्ण कृति छन् । रेग्मीले अर्थशास्त्रका कतिपय विषयमा मात्र होइन वाङ्मयका अन्य विविध विषयमा समेत प्रशस्तै निबन्धहरू लेख्नुभएको छ । सामाजिक शास्त्र, पुरातत्व, राजनीतिशास्त्र तथा मानवशास्त्रका विषयमा पनि उहाँमा उच्च अध्ययन एवम् ज्ञानको भण्डार छ । यी विषयहरूलाई पनि उहाँको लेखनीले समेटेको छ । उहाँ नेपालको कला, संस्कृतिको विषयमा लेख्ने मनस्थितिमा हुनुहुन्छ ।

प्रजातन्त्रमा के हुनुपर्छ ?

भारतबाट अंग्रेजलाई नदेखी नेपालबाट राणा शासन हटाउन सकिन्न भन्ने निष्कर्षमा पुग्नुभएका वरिष्ठ राजनीतिज्ञ एवम् प्रजातान्त्रिक योद्धा डिल्लीरमण रेग्मीले पाँच वर्षभन्दा बढी भारतमा कठोर जेल जीवन बिताउनुभयो । भारतमा उहाँले अंग्रेज विरोधी आन्दोलनमा निभाउनुभएको सशक्त एवम् प्रभावशाली भूमिकाको आज पनि निकै सम्मान र महत्वका साथ हेरिन्छ । नेपालमा २००७ सालको परिवर्तनपछि डिल्लीरमण रेग्मी पटक-पटक मन्त्री पनि बन्नुभयो । मन्त्री भए पनि, प्रजातान्त्रिक वातावरण आए पनि उहाँलाई सन्तुष्टि भने मिलेन । ०४६ सालमा पुनः प्रजातन्त्र आयो । त्यसपछि प्रजातन्त्रले करीब एक दशक अवधि पार गऱ्यो, प्रजातान्त्रिक

वातावरणमा राज्यका सम्पूर्ण 'मेसिनरी'मा राजनीतिकरण गरिएबाट उहाँ निकै चिन्तित हुनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'अहिले देशका सबै संयन्त्र विभाजित छन्। सरकार, राज्यका सबै निकाय एवम् पदाधिकारी स्थापित नियम कानून एवम् मूल्य मान्यताको अधिनमा हुनुपर्छ। अनुहारका आधारमा होइन उसको क्षमता, योग्यता, कानून एवम् मूल्य मान्यताप्रतिको समर्पणका आधारमा जिम्मेवारी दिइनुपर्छ। मैले २००७ सालदेखि नै राजनीतिक मान्छेलाई सरकारी अंगमा नियुक्ति नगरौं भनेको थिएँ। राज्यका संयन्त्र विभाजित नपारौं, एकढिक्का पारेर अगाडि बढाऔं। 'ननपोलिटिक्स' योग्य मान्छेलाई जिम्मेवारी एवम् अवसर दिने परम्परा विकास गर्ने हो भने अयोग्य र असक्षम व्यक्तिले मौका पाउँदैन। सिद्धान्तको, नियमको शासन हुनुपर्‍यो। सरकारी सञ्चार माध्यममा पूरै राजनीतिकरण गरिन्छ। सरकारमा जो गए पनि राज्यका सम्पूर्ण संयन्त्रमा सम्पूर्ण नेपालीको उत्तिकै हक र लगानी छ। सबै ठाउँको राजनीतिकरणले भ्रष्टाचार र अनियमितता बढेको हो। अहिले ज्यादा राजनीतिकरण गर्ने भन्दा भोलि त्यही कुराले आफूलाई खान्छ भन्ने कुरा नेताहरूले बुझ्दैनन्।

अहिले र पहिलेको चुनाव

२०१५ सालमा पहिलो संसदीय आमनिर्वाचन हुँदा वरिष्ठ राजनीतिज्ञ डिल्लीरमण रेग्मी गृहमन्त्री हुनुहुन्थ्यो। त्यसबेला उहाँलाई चुनाव लड्ने पटक्कै इच्छा थिएन तर पनि चुनाव नलडी सुख्खै थिएन। सबैको आग्रहको सम्मान गर्दै डिल्लीरमण रेग्मीले उम्मेद्वारी दर्ता गर्नु त भयो तर प्रचार प्रसारमा भने लाग्नुभएन। त्यस घटनाका सम्बन्धमा उहाँ भन्नुहुन्छ- 'म चुनाव लडेँ पनि लडिनँ पनि। चुनाव लड्ने इच्छा नै थिएन, त्यसैले उम्मेद्वारी दिए पनि प्रचार गरिनँ। परिणामः चुनाव हारियो। सबैले स्वाभाविक ठाने। त्यसबेला सरकारको तर्फबाट कहीँ कतै धाँधली भएन। सरकारको निष्पक्ष भूमिकाका निम्ति म निकै सचेत रहेँ।' राजनीतिज्ञ रेग्मी अहिले प्रजातन्त्र पुनःस्थापनापछि भएको चुनावमा भने सरकारको भूमिका स्वतन्त्र नरहेको सुनेको बताउँदै चिन्ता व्यक्ति गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ- 'अहिलेको चुनावमा चुनाव राम्रोसँग भएका छैनन् भन्ने सुन्छु। जसले जहाँ सके त्यहाँ धाँधली गरे भनिन्छ। कुनै एक पार्टीलाई मात्र दोष दिनु बेकार छ। नेपालमा शुद्ध चुनाव, शुद्ध प्रजातन्त्र आउन अझै बाँकी छ। आउन त आउनै पर्छ। म सुन्दछु- 'सरकारका अंगसमेत अनुचित काममा प्रयोग भएन भन्ने।'

माओवादी समस्या

वरिष्ठ राजनीतिज्ञ डिल्लीरमण रेग्मी माओवादी समस्यालाई राजनीतिक एङ्गलवाटै हेर्नुहुन्छ। उहाँलाई यो समस्या राजनीतिक वार्ताको माध्यमबाट समाधान गर्न सकिने विश्वास पनि छ। उहाँ आफ्नो धारणा राख्दै भन्नुहुन्छ- 'म हिंसाको सदैव विरोधी छु। तर के भने मान्छे हिंसा किन गर्छ भन्ने कुरा गहिराइमा पुगेर बुझ्नुपर्छ। त्यो कुरा बुझेपछि सरकारले त्यति ध्यान दिएको छैन कि जस्तो लाग्छ। बन्दुक र तरवारले दबाउँछु भन्दा समस्या जटिल बन्दै गएको छ। त्यो धारणा लिनुभएन। किन मान्छे बन्दुक समाउँछ ? त्यता पनि हेर्नुपर्‍यो। यसको राजनीतिक समाधान नै हुनुपर्छ। माओवादीका नेताहरूलाई भेट्नुपर्दछ। संसारमा कस्ता-कस्ता आतंककारीसँग पनि वार्ता भएका छन्। समाधान भएका छन्। सरकारमा भएका व्यक्तिले यस कामको नेतृत्व लिनु भन्छन् भने म त तयार छु। यहाँ सबै जान्ने छन्।'

प्रजातन्त्रमाथि खतरा छैन

वरिष्ठ राजनीतिज्ञ डिल्लीरमण रेग्मी प्रजातन्त्रभित्र देखिएका अनेकौं नराम्रा पक्षबाट चिन्तित हुनुहुन्छ तर निराश कत्ति पनि हुनुहुन्न। नराम्रा कुराहरू क्रमशः हट्दै जाने उहाँको विश्वास छ। प्रजातन्त्रमाथि खतरा छ कि भनेर प्रश्न राख्दा उहाँले भन्नुभयो- 'नो' कतैबाट छैन। म आफू सत्तरी वर्ष पुगिसकेँ तर पनि केही गर्छु भन्ने विश्वास पनि छ। गणेशमानले भन्नुभएको थियो- 'प्रजातन्त्रमाथि खतरा आइसक्थ्यो, हामी पनि चिप्लिसक्थ्यौं। तर एउटा व्यक्ति जो चट्टान जस्तो भएर उभिइरहेको छ त्यो हो डिल्लीरमण।' मान्छेहरूले अहिले पनि प्रजातन्त्रमाथि खतरा छ भनेर हल्ला गर्छन् नि भनेर प्रश्न राख्दा वरिष्ठ राजनीतिज्ञ रेग्मीले भन्नुभयो- 'यो सब बेकारको कुरा हो। यहाँ कतिपय नराम्रा कुरा देखिएका भए पनि प्रजातन्त्रले जरा गाडिसक्यो, यो उखेल्ने कसैका बाउको तागत छैन। मलाई लाग्छ- प्रजातन्त्र उखेल्ने दुस्साहस बाकेको यहाँ कोही जन्मेको पनि छैन।'

जेल जीवन

वि.सं. १९९० सालको भूकम्पको बेला स्वयम्सेवक संगठन बनाएर सेवा गर्ने रेग्मीको राजनीतिक क्रियाकलाप साथीहरूकासाथ उद्धार कार्यमा लाग्दादेखि नै सुरु भयो। सन् १९३४ देखि उहाँ गुप्तरूपमा प्रजातन्त्रका लागि संगठन बनाउनेतिर लाग्नुभयो। उहाँकै पहलमा नेपाली राष्ट्रिय काँग्रेसको स्थापना भयो। त्यसको

विधिवत् उद्घाटन भने सन् १९४७ जनवरीमा भएको थियो । उहाँ देशबाहिर भारतमा महात्मा गान्धी, जवाहरलाल नेहरू, सुवासचन्द्र बोस, डा. राजेन्द्रप्रसाद, रफी अहमद, किदवाइजस्ता विशिष्ट भारतीय नेताहरूको सम्पर्कमा पुगी ब्रिटिश औपनिवेशवादको विरोध र प्रवासमा नेपालीहरूलाई एकतन्त्रीय जहाँनियाँ राणा शासनविरुद्ध जागरुक बनाउने प्रयासमा संलग्न हुनुभयो । राजनीतिक गतिविधिमा सक्रिय हुँदै गएपछि अंग्रेज समर्थकले उहाँलाई सन् १९४१ फेब्रुअरीमा गिरफ्तार गरी पाँचवर्ष जेलमा थुन्यो । उहाँलाई बनारसमा दुईवर्ष राखिएपछि लखनऊ सेन्ट्रल जेलमा सारियो । उहाँलाई रातभर जागा राखेर पुछताछ गरियो । प्राणदण्ड हुनेसम्म अभियोगका मुद्दा चलाइयो । सन् १९४६ को मार्च महिनामा जेलबाट मुक्त गरियो । जेल जीवनका क्रममा उहाँ निकै विरामी पनि पर्नुभयो । फोक्सो र आन्द्राको क्षयरोगको आशंका गरियो । सन् १९५१ मा उहाँ दशवर्षको निर्वासनपछि स्वदेश फर्कनुभयो । सन् १९५४ मा नेपालमा परराष्ट्र मामलासम्बन्धी मन्त्री हुँदा उहाँले विभिन्न महत्वपूर्ण काम पनि गर्नुभएको थियो । उहाँकै अध्यक्षतामा प्रशासन सुधार आयोग बन्यो । उहाँको स्पष्ट मान्यता के थियो भने पार्टी राजनीतिसँग प्रशासनिक व्यवस्था अलग हुनुपर्छ । उहाँको धारणा के पनि रह्यो भने प्रजातन्त्रका व्यक्तिले होइन संस्था र नियमले चल्नुपर्छ ।

उहाँले सरकारी साधनको प्रयोग निजी काममा कहिल्यै गर्नुभएन । उहाँ पछि गृहमन्त्री बन्नुभयो । दुवैपटक उहाँले निजी सचिवालय पनि राख्नुभएन । गृहमन्त्री भएको बेला गुप्तचरवापत प्राप्त हुने रकम पनि लिनुभएन । त्यसो त भारतीय स्वतन्त्रता सेनानी भनेर पाउने मासिक बाह्रसय पनि उहाँले लिन अस्वीकार गर्नुभएको थियो । विपक्षका मतको मदर गर्नुपर्छ भन्ने उहाँको सिद्धान्त थियो । सन् १९५७ मा आम निर्वाचनको मिति तोक्न संयुक्त मोर्चाबाट भएको सत्याग्रहमा उहाँ अग्रिम पंक्तिमा रहेर भाग लिनुभएको थियो । पञ्चायतकालमा उहाँले कहिल्यै त्यो व्यवस्थाको समर्थन गर्नुभएन । सँधैं विरोध गर्नुभयो । वि.सं. २०४६ को जनआन्दोलनलाई घरमै नजरबन्दमा रही सशक्त प्रेरणा प्रदान गरी आन्दोलनलाई बल पुऱ्याउनुभएको थियो ।

साभार : *छलफल साप्ताहिक, २०५६ माघ २३ गते*

PHOTO NEWS



आफ्नी जेठी श्रीमती कल्याणी रेग्मी र साथमा जेठी छोरी सुश्री शान्ती मैयाँ (हाल श्रीमती शान्ती जोशी, अमेरिकामा) का साथ उभिनुभएको युवावस्थाको डा. डिल्लीरमण रेग्मीको अत्यन्त दुर्लभ चित्र ।

डा. डिल्लीरमण रेग्मीमा साथीभाइहरूलाई आकर्षण गर्ने शक्ति थियो ।

डा. डिल्लीरमण रेग्मी अरूको कुरालाई ध्यान दिएर सुन्नुहुन्थ्यो ।

डा. रेग्मी परिवार एवम् आफन्तहरूका बीचमा पनि केन्द्रविन्दुको रूपमा हुनुहुन्थ्यो ।



डा. रेग्मी आफ्नी कान्छी श्रीमती नुतन रेग्मीका साथमा प्रफुल्ल मुद्रामा ।

डा. डिल्लीरमण रेग्मी बुद्धिजीवीहरूलाई बोलाएर आफ्नो कुरा गम्भीरतापूर्वक राख्नुहुन्थ्यो ।

"शान्ति-वाटिका" (हाल राखिएको नाम) मा निर्मित वौद्ध स्तुपको उद्घाटन गर्दै डा. रेग्मी।
यसै स्तूपमा डा. रेग्मीको स्वर्गारोहण पछि उहाँको "अस्तु" प्रत्यारोपण गरिएको छ।
उहाँ यहीं हुनुहुन्छ भन्ने अनुभूति हाल यसले हामीलाई दिन्छ।

डा. रेग्मी आफ्ले छोरी वनाएकी प्यारी नातिनी "पिन्टु" अर्थात् सुश्री अवन्तिका रेग्मीका साथ।

डा. डिल्लीरमण रेग्मी आफ्ना प्रशंसकहरूका साथ ।



तस्वीर: बलराम भट्टराई

प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री के.पि. शर्मा ओली दुई महत्वपूर्ण किताबहरूको विमोचन पछि आफ्नो मन्तव्य व्यक्त गर्दै *(August 18, 2006)* ।

तस्वीर: बलम भण्डारी

Conflict & Development र "जापानमा ६ वर्ष" नामक पुस्तक विमोचन समारोहमा जापानकी सुषमा ओमाताद्वारा बजाइएको सितार वादनको मंगल धुन सुन्दै दाहिनेवाट मा. उपप्रधान तथा परराष्ट्र मन्त्री के.पि. शर्मा ओली, जापानी र ाजदूत चुतोमु हिराओका र प्रतिष्ठानका अध्यक्ष डा. विष्णुहरि नेपाल एवम् अतिथिहरू, *(August 18, 2006)* ।

तस्वीर: बलम भण्डारी

वालवालिका, महिला एवम् समाजकल्याण राज्यमन्त्री मा. उर्मिला अर्याल, प्रा.डा. भिक्टर काजाञ्जियानको कार्यपत्र माथि प्रमुख अतिथिको आसनवाट टिप्पणी गर्दै, *(November 1, 2006)* ।

तस्वीर: अनन्त भट्टराई

Wellsley College, Boston, USA को Religion & Justice Faculty का डीन एवम् Peace & Conflicts Study Department का निर्देशक प्रा.डा. भिक्टर कानाञ्जियान Religion, Democracy & Peace नामक आफ्नो "Talk" प्रस्तुत गर्दै ।

तस्वीर: लिन्च थेङ

डा. डिल्लीरमण रेग्मीका किताबहरू Medieval Nepal (Four Volumes) र Modern Nepal (Two Volumes) पुनः प्रकाशनार्थ तयार पारिएको समझदारी पत्रलाई अन्तिम रूप दिंदै प्रतिष्ठानका अध्यक्ष डा. विष्णुहरि नेपाल र भारतको नयाँ दिल्ली स्थित रूपा एण्ड कं. का श्री आर.के. मेहरा प्रतिष्ठानकै कार्यकक्षमा, *19 November 2006* ।

तस्वीर: जितेन्द्र थेङ

प्रत्येक १००० प्रतिको रु. ८,००,०००/- रोयल्टी स्वरूप डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानले प्राप्त गर्ने र "प्रतिष्ठान" र "रूपा एण्ड कं." को सह-प्रकाशनका रूपमा उक्त किताबहरू चार भोल्युममा निकाल्ने गरी १९ नोभेम्बर २००६ का दिन आगामी तीन वर्षका लागि भनी सही भएका समझदारी पत्रहरू आदानप्रदान गर्दै डा. नेपाल र श्री मेहरा ।

तस्वीर: बलम भट्टराई

9 December 2006 मा जापानका विभिन्न विश्वविद्यालयबाट आएका दश सदस्यीय प्राध्यापकहरूको डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानमा भएको भ्रमण ।

G.NO. 11341

शब्दचित्रमा डा. डिल्लीरमण रेग्मी

नाम : डा. डिल्लीरमण रेग्मी

जन्म : सन् १९१३ डिसेम्बर १७ (वि.सं.१९७० पौष ३ गते बुधबार)

मृत्यु : सन् २००१ अगस्त ३० (वि.सं. २०५८ भाद्र १४ गते बृहस्पतिबार)

पिता : रोहणीरमण रेग्मी **माता** : मुक्तिदेवी रेग्मी

विवाह : पहिलो विवाह सन् १९३३ मा कल्याणी पाण्डेसँग र दोस्रो विवाह सन् १९५३ मा नूतन कुमारी पाण्डेसँग

सन्तान : श्रीमती कल्याणी रेग्मीको सुगर्भबाट ३ छोरी र १ छोरा

शिक्षा : सन् १९२६ मा रानीपोखरी सँस्कृत पाठशालाबाट प्रथमा

सन् १९३२ मा पटना विश्वविद्यालयसँग आबद्ध दरबार हाइस्कुलबाट मेट्रिक

सन् १९३६ मा पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा अनर्स सहित बी.ए.

सन् १९३८ मा अर्थशास्त्रमै एम.ए. र सन् १९४० मा मद्रास विश्वविद्यालयबाट एम.लिट्.

सन् १९६१ मा पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा पी.एच.डी. र सन् १९६५ मा डी.लिट्.

समाजसेवा तथा राजनीति : वि.सं. १९९० सालको भूकम्पमा एक स्वयंसेवक संगठन बनाई पीडित व्यक्तिहरूको उद्धार गर्ने कार्यको शुभारम्भबाट डा. रेग्मी समाजसेवामा प्रवेश । त्यसपछि भारतमा ब्रिटिश उपनिवेशको अन्त्यका लागि महात्मा गान्धीको नेतृत्वमा सुरु भएको आन्दोलनको प्रभावस्वरुप नेपालमा पनि राणा शासनको अन्त्य हुनुपर्छ र लोकतन्त्रको स्थापना हुनुपर्छ भनेर शान्ति आन्दोलन गर्ने सोच सहित राजनैतिक जीवनको आरम्भ । भारतको स्वतन्त्रता आन्दोलनमा पनि सरिक भई सन् १९४१ मा भारतमा पक्राउ परी ५ वर्षसम्म बनारस र लखनऊको जेलमा बन्दी जीवन बिताउन बाध्य । वि.सं. २००३ सालमा भारतमा नै नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गरी वि.सं. २००४ सालमा बनारसमा भएको अधिवेशनबाट सो को सभापतिमा निर्वाचित भई राणा शासनको अन्त्यका लागि संघर्षरत । वि.सं. २०१४ सालमा नेपाली कांग्रेस र नेपाल प्रजा परिषद्सँग मिलेर संयुक्त मोर्चा खडा गरी आम चुनावको माग राख्दै सत्याग्रहमा अग्रस्थानमा रही आवश्यक कार्यको सम्पादन । वि.सं. २०४४ सालमा घरमा नै नजरबन्द भई लोकतन्त्र पुनर्स्थापनाका लागि अनशन बसी जनआन्दोलनको समर्थन र लोकतन्त्रको प्राप्ति पश्चात् देशको बिग्रँदो परिस्थिति र पार्टीहरूको गैरजिम्मेवारपूर्ण रवैयाको विरोध गर्दै रहनु तथा जीवनको अन्तिम घडीसम्म माओवादी समस्याको शान्तिपूर्ण निकासका लागि आफू मध्यस्थ भई सरकार-माओवादी बीच वार्ता गराउने इच्छा व्यक्त गर्दै रहनु ।

ट्रष्टको स्थापना : वि.सं. २०३७ मा डा. डिल्लीरमण रेग्मी सदनलाई डा. डिल्लीरमण रेग्मी कल्याणी रेग्मी पुस्तकालय, संग्रहालय तथा अनुसन्धान केन्द्रको नाम दिएर श्री ५ वीरेन्द्रको बाहुलीबाट सो को उद्घाटन गराई सन् १९८१ मा रु. १० करोड मूल्याङ्कन भएको सो परिसर सामान सहित श्री ५ को सरकार (तत्कालीन) शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्ने वचन दिएर दानी व्यक्तित्वका रुपमा सुपरिचित । वि.सं. २०५३ सालमा आफ्नै अध्यक्षतामा डा. डिल्लीरमण रेग्मी ट्रष्टको स्थापना र सञ्चालन ।

लेखक तथा इतिहासकारका रुपमा : अंग्रेजी भाषामा नेपालको इतिहास लेख्ने पहिलो नेपाली इतिहासकारका रुपमा सर्वपरिचित । राणा शासनको विरोधमा चलेको आन्दोलनलाई सहयोग पुग्ने खालको A Century of Family Autocracy in Nepal नामक पुस्तक तथा नेपाल भारत सम्बन्ध, मानवशास्त्र, सामाजिक शास्त्र आदि विषयमा थुप्रै पुस्तक तथा लेख रचनाहरू प्रकाशित गरी नेपाललाई विश्वसामु चिनाउन प्रयत्नशील ।

आचरण, विचार र रुचि : सेवा नै धर्म हो र धर्म नै सेवा हो भन्ने सिद्धान्तनिष्ठ प्रगतिशील तथा बुद्ध, गान्धीका अनुयायी शान्तिकामी विद्वान् देशभक्त व्यक्तित्व ।